# लीलाराम न्यौपाने

## जीवनी र व्यक्तित्व

**लेखन तथा सम्पादन**

विष्णुप्रसाद न्यौपाने

**प्रकाशक**

लीलाराम कुन्तिदेवि न्यौपाने प्रतिष्ठान

धुपिमार्ग-३७ त्रिपुरेश्वर काठमाडौं, नेपाल

कृति : **लीलाराम न्यौपाने** (जीवनी र व्यक्तित्व)

लेखन तथा सम्पादन : विष्णुप्रसाद न्यौपाने

संस्करण : प्रथम वि.सं. २०६६ चैत्र

परिमाण : १००० प्रति

भाषा सम्पादन : प्रा. डा. मोतीलाल पराजुली

© सर्वाधिकार : प्रकाशकमा

डिजाइन : क्वील डिजाइन, ललितपुर, फोन : ०१-५५४११६१

मुद्रक : युनाइटेड ग्राफिक प्रिन्टर्स (प्रा) लि. पुतलीसडक, काठमाडौं

**Lila Ram Neupane**

**(Biography and Personality)**

**Written and Edited by** Bishnu Prasad Neupane

First Print : 1000 copies, April - 2010

© Publisher

**Lilaram Kunti Devi Neupane Foundation**

Dupimarga - 37, Tripureswor, Kathmandu, Nepal.

ISBN : 978-9937-2-2294-5

फो नं. ०६५-५२९४१७

प्र. जि. अ. द. नं. १९३/०५१/५२

**श्रीहरिहर-संन्यास-आश्रम**

देवघाटधाम, तनहुँ, नेपाल

प. सं. :

च. नं. :



# शुभाशीर्वाद

सहस्रचन्द्रदर्शनोन्मुख-८२-वर्षीय-मातृ-पितृ-गुरु-ऋषि-देव-देशभक्त-तथा कर्तव्यनिष्ठ श्री लीलाराम न्यौपानेज्यूको "जीवनी र व्यक्तित्व" नामक पुस्तक श्री विष्णुप्रसाद न्यौपानेको लेखन एवम् सम्पादनमा प्रकाशन हुँदै गरेको सुखद समाचारबाट म खुसी भएको छु। धर्मशास्त्रसम्मत विधि-व्यवहारसम्पादनपूर्वक धनार्जन गरी पारिवारिक तथा सामाजिक दायित्व परिपूर्तिका साथै मोक्षलाभ गर्नु वैदिक सनातनधर्मानुयायीहरूको परम कर्तव्य हो । आफ्ना पिता-पुर्खाहरूको संस्कारमा बसी कुलधर्म तथा राष्ट्रधर्मको संरक्षण सम्बर्द्धनार्थ मठ-मन्दिर, गोशाला, औषधालय, अनाथालय, पुस्तकालय, संस्कृत गुरुकुलम्, पाटी-पौवा, बाटा-घाटा, पुल-पुलेसा आदि निर्माण गरेर पितृऋण, ऋषिऋण र देवऋणबाट मुक्त हुनु संस्कारवान् सन्ततिको मुख्य विशेषता हो। सद्गृहस्थी तथा कुशल अभिभावकका रूपमा सुपरिचित न्यौपानेज्यूबाट उक्त शास्त्रसिद्धान्तलाई यथासम्भव परिपालन भएको मेरो अनुभूति रहेको छ । उदाहरणार्थ श्री हरिहर सन्यास आश्रम, देवघाटधाममा गोशाला निर्माण गर्ने सौभाग्य उहाँले प्राप्त गर्नुभएको छ । आफ्ना आदर्श अभिभावकको सत्सङ्कल्प परिपूरकका रूपमा रहनुभएका न्यौपानेज्यूका पारिवारिक तथा कौटुम्बिक सबै सदस्यहरूले उहाँद्वारा स्थापित सेवा-सहयोगसम्बन्धी आदर्श परम्पराको समसामयिक रूपमा विकास-विस्तार गरी आफ्नो कुलवैभवलाई निरन्तरता दिनुहुनेछ भन्ने कुरामा म विश्वस्त छु ।

लामो समयदेखि श्री हरिहर सन्यास आश्रमको सभासद्का रूपमा आबद्ध भई विशेष आध्यात्मिक साधना-पद्धतिलाई अङ्गीकार गर्नुहुने न्यौपानेज्यूको सुस्वास्थ्य, दीर्घायुष्य र आत्मिक समुन्नतिका निम्ति श्री हरिहर भगवान्को अनुकम्पा प्राप्त होस्, "न्यौपाने जीवनी र व्यक्तित्व" नामक कृतिले नेपाली जीवनी साहित्यविधामा विशिष्टतासहित लोकप्रियता हाँसिल गरोस् भन्ने शुभकामनाका साथ यस पुनीत कार्यमा संलग्न सबै सदस्यहरूको भौतिक-आध्यात्मिक प्रगतिका लागि शुभाशीर्वाद प्रदान गर्दछु ।

स्वामी ज्ञानानन्द सरस्वती

**स्वामी ज्ञानानन्द सरस्वती**


(श्री मुक्तिनाथ मन्दिर)

जय श्री मुक्तिनाथ !


(श्री मुक्तिनाथबाबा)

संस्थापक, संरक्षक: अनन्तश्रीविभूषित मुक्तिनाथ पीठाधीश्वर अखण्डज्योतिबाबा स्वामी कमलनयनाचार्य श्रीजी महाराज (श्री मुक्तिनाथबाबा)

# अखण्डज्योतिबाबा स्वामीश्रीजी च्यारिटेवल ट्रष्ट
# AKHANDA JYOTI BABA SWAMI SHREE JEE CHARITABLE TRUST

मिति २०६६/१२/०८ गते

च.नं. ...............

## "शुभमङ्गलानुशासनम्"

समाजसेवी श्री लीलाराम न्यौपानेज्यूको जीवन र जीवन प्रवाहलाई समेटेर प्रकाशोन्मुख रहेको **"जीवनी र व्यक्तित्व"** नामक लघु पुस्तकको पाण्डुलिपिलाई स्वल्प स्वाध्याय गरें, एतद् अवलोकनबाट मेरा मानस पटलमा रहेका कर्मठ तर जिद्धि स्वभावका **श्री लीलाराम न्यौपाने**ज्यूको जन्म, वाल्यकाल र जीवनीमा भोग्नु परेका कठिनाई आदिलाई समष्टिगत रुपमा हेर्ने हो भने न्यौपानेज्यूको जीवन पद्धतिबाट समाजमा किं कर्तव्य विमुढ भएर बाँचेकाहरुलाई नयाँ उत्साही र स्वावलम्वी बन्न प्रेरित गर्दछ । तपस्वी परिवारमा जन्म लिएका साहसी दानी श्रीलीलारामलाई सफलताको शिखरमा पुऱ्याउने सरल स्वभावकी सहधर्मचरी श्रीमती कुन्तीदेवी न्यौपानेलाई पनि भुल्न सकिन्न । शुन्य जीवनबाट सफल जीवनको यात्रा गर्नु भएका आफ्ना माता-पिताबाट पारिवारिक जनहरुले शिक्षा र प्रेरणा लिन सकून, मैले सबै सन्ततीहरुलाई न चिने पनि पुत्र द्वय श्री दुर्गा न्यौपाने र श्री विष्णु न्यौपानेलाई चिन्दछु । सबै परिवार पितृ भक्त हुन् र पितृ पथगामी बन्न सकून् । २०५३ सालमा म श्री लीलाराम न्यौपानेज्यूको निवास भैरहवामा रात्री निवास गरेको छु । रात्रीमा मैले देखेका स्वपना र पछिका घटनाक्रमहरु आश्चर्य जनक रुपमा सिद्ध हुँदै गएका छन् । समयको कमीले ती कुराहरू अहिले व्यक्त गर्न सक्दिन । अत्यन्त रुग्णावस्थामा रहेर पनि आत्म विश्वासकै कारण जीवन धान्नु भएका सामाजिक, धार्मिक व्यक्तित्व श्री लीलाराम न्यौपाने ज्यू , तपाईले गर्नु भएका समाज सेवाका कार्यका साथै हाम्रा सत्सङ्कल्पमा त्रिवेणी, श्रीमुक्तिनाथधाम र भैरहवामा सम्पादित महायज्ञमा गर्नु भएको विभिन्न सहयोगको लागि धन्यवाद प्रकट गर्दै यहाँ र यहाँको परिवारको आयु-आरोग्यता, सुख समृद्धि को कामना सहित भगवद् सेवा र राष्ट्रसेवाका परमार्थिक सेवा कार्य अझै बढ्दै जाउन । न्यौपाने कूल परंपराका पूर्वज पितृहरुको अशीर्वाद यस परिवारलाई सदैव रहोस् भगवान् श्रीमुक्तिनाथका सन्निधिबाट यहि नै हाम्रो शुभ-मङ्गलानुशासनम् ।

भवतु सदा-सर्वदा विश्व मंगलम् ।

मुक्तिनाथ पीठाधीश्वर स्वामी कमलनयनाचार्य
(श्री मुक्तिनाथबाबा)

**Central Office:**- Chhaling, Bhaktapur
**Contact Office:** Shreemuktinath Baba Sewa-Shram, Galfutar, Kathmandu
Ph./Fax-01-4375074, Email-muktinathbaba@yahoo.com
केन्द्रीय कार्यालय, छालिङ भक्तपुर । मुख्य सम्पर्क कार्यालय:- श्री मुक्तिनाथबाबा सेवाश्रम, गल्फुटार, काठमाडौं ।

# शुभकामना



धर्मगुरु व्यासाचार्य किशोर गौतम
संरक्षक विश्व मैत्री एवम् शान्ति अभियान

यशसावर्धते सोऽपि कीर्ति-मण्डित भूतले

लीलाराम न्यौपानेको जीवनी र व्यक्तित्व नामक पुस्तक प्रकाशन हुन लागेको कुरा सुन्न पाउँदा अत्यन्त खुसी लागेको छ ।

आदरणीय लीलाराम न्यौपानेज्यू सामाजिक, शैक्षिक र धार्मिक क्षेत्रमा विशिष्ठ योगदान पुऱ्याउने त्रिवेणी सँगमका रूपमा उहाँलाई म अत्यन्त आदरपूर्वक सम्मान गर्दछु ।

रूपन्देही जिल्लाका गाउँदेखि नगरसम्म उहाँले ठूलो मेहनत र लगानी गरी हामी सबैलाई ठूलो प्रेरणा प्रदान गरिराख्नु भएको छ । "उदार चरितानां तु वसुधैव कुटुम्वकम्" सरल, उदारमना, गम्भीर स्वभाव, धैर्यपूर्वक आफूले थालनी गरेका रचनात्मक कामलाई सम्पन्न गर्ने क्षमता उहाँमा मैले पाएको छु । जगदगुरु श्री शंकराचार्यजीहरूदेखि सन्त महात्मा विद्वान् सबैले रूपन्देहीको साथमा लीलाराम न्यौपानेलाई पनि राम्रो आदरपूर्वक सम्मान गर्नु हुन्छ। नेपालको विभिन्न स्थान र जिल्लाहरूमा मात्र नभई म्यान्मार र थाइलैण्डमा समेत रहेका नेपालीहरूमा उहाँप्रति राम्रो आस्था रहेको मैले प्रत्यक्ष अनुभव गरेको छु ।

अहोरात्र खटिरहने सामाजिक क्षेत्रमा केही राम्रा काम गरौं भनी "परोपकाराय सतां विभूतयः" लाई उहाँले जीवनमा गरेर देखाउनु भएको छ । वचनात्मक भन्दा सामाजिक क्षेत्रमा रचनात्मक कार्य गरेर "कीर्तियस्य स जीवति" लाई मूर्त रूप उहाँले दिनु भएको छ । हृदयमा इमान्दारी, मस्तिकमा

समझदारी, काँधमा जिम्मेवारी यी तीन कुरालाई उहाँले सहज रूपमा निर्वाह गर्नु भएको छ। उहाँले निर्माण गराउनु भएका विद्यालय, क्याम्पस, वेद विद्याश्रम, बाटा, पाटीपौवा, मठमन्दिर, देवालय, गौशाला, धर्मशाला, पुस्तकालय, अक्षयकोष स्थापना, सभा, सम्मेलन आदि ज्वलन्त उदाहरण र प्रमाण हुन्। उहाँले "अतिथि देवो भवः" को पूर्ण रूपमा पालना र निर्वाह गरेको मैले पाएँ। मलाई उहाँसँग भेट हुँदा विष्णु सहाजु नामको "अमानी, मानदो, मान्यः" सम्झना हुन्छ। अब उहाँ वास्तवमा मान्य हुनुहुन्छ।

मैले उहाँबाट धेरै कुरा जान्ने सिक्ने मौका पाएको हुँदा म आदरमीय श्री लीलाराम न्यौपानेज्यू प्रति अत्यन्त प्रभावित छु। समाजको मार्गदर्शक "सेवा हि परमोधर्मः लाई चरितार्थ गर्नु हुने श्री लीलाराम ज्यूको सुस्वास्थ्य एवम् दीघार्युको कामना गर्दछु।

**"धर्म कीर्ति यशास्थिरेम्"**

**२०६६ चैत्र १ गते १ रोज**
**स्थान - व्यास निवास गौरीघाट**
**काठमाडौं**

ना. बालकृष्ण खाण
*सिंचाइ मन्त्री*

नेपाल सरकार

निजी सचिवालय
सिंहदरवार, काठमाण्डौं ।

पत्र संख्याः
चलानी नं.:



## शुभकामना ।

लिलाराम न्यौपानेजीको जीवनी र व्यक्तित्व नामक कृति प्रकाशन गर्न लाग्नुभएको खबरले ज्यादै खुशी लागेको छ ।

श्री लिलाराम न्यौपानेजीलाई नजीकबाट हेर्दा उँहा कर्मयोगी, निष्ठावान् एवम् सहज र सरल व्यक्तित्वको रुपमा चिनिनु हुन्छ । लिलारामजीले आफ्नो क्षमता र प्रतिभालाई सामाजिक, शैक्षिक विकासमा सदुपयोग गर्नु भएको पाउदा उहाप्रति सम्मान गर्दछु ।

समाजसेवाको अभियानमा लामो समयसम्म निरन्तर क्रियाशील व्यक्तित्व अहिले शारिरीक रुपमा अस्वस्थ भई उपचारको क्रममा रहनुभएको समाचारले हामीलाई दुखि तुल्याएको छ । उँहाको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

सामाजिक व्यक्तिको व्यक्तित्व र जीवनी कृति प्रकाशन जस्तो गहन कार्यमा लाग्नुभएका मेरा मित्र विष्णु न्यौपानेज्यूप्रति आभार व्यक्त गर्दै यस्ता कृतिले सामाजिक, राजनितिक र धार्मिक क्षेत्रमा लागेका व्यक्तिहरुको मनोवल वृद्धि गरी देश विकास र सामाजिक परिवर्तनमा प्रेरणाको स्रोत बन्ने विश्वासका साथ कृतिको प्रकाशनको शुभकामना व्यक्त गर्दछु ।

जय नेपाल ।

बालकृष्ण खाण
मन्त्री

फोन नं. कार्यालय : ९७७-१-४२११५२२
निवास : ९७७-१-५५२६१३५

नेपाल सरकार


**दीपक बोहरा**

मन्त्री

वन तथा भू-संरक्षण मन्त्रालय

☎ का. ४२११६६०, ४२११८८२

नि. ४४३६९६३, ४४३६९९४

फ्याक्स. ९७७-०१ ४२११७८४

सिंहदरबार, काठमाडौं

नेपाल


प.सं.:-

च.नं.:-

२०६६/१२/१८



विषय: शुभकामना ।

**श्री लीलाराम न्यौपानेको जीवन र व्यक्तित्व** नामक कृति प्रकाशित हुन लागेको थाहा पाउदा मलाई अत्यन्तै खुसी लागेको छ । जीवनको लामो यात्रामा शिक्षा, आध्यात्मिक धार्मिक र सामाजिक क्षेत्रमा उहांले पुर्‍याउनु भएको योगदान अविश्मरणीय रहेको छ । यस क्षेत्रको विकासको लागि उहांले आर्थिक सहयोग समेत गरी समाजमा एउटा उदाहरणीय व्यक्तित्व बन्न सफल हुनु भएको छ ।

यस्ता प्रकाशनले सामजिक लगायत विविध क्षेत्रमा क्रियाशील व्यक्तित्वको रुपमा उहांलाई पहिचान गरी योगदानको कदर गरिएको मैले ठानेको छु । यसले समाजका विभिन्न क्षेत्रको विकासको लागि थप योगदान पुर्‍याउन सहयोग मिल्ने मैले विश्वास लिएको छु ।

अन्त्यमा सामाजिक क्षेत्रमा क्रियाशील व्यक्तित्वको बारेमा सर्वसाधारणलाई जानाकारी दिने उदेश्यले प्रस्तुत कृतिको लेखन तथा प्रकाशन गर्ने व्यक्ति र संस्था पनि धन्यबादका पात्र हुनु हुन्छ । लीलारामको जीवनी थाहा पाए पछि सबैको लागि प्रेरणाको श्रोत बन्न सकोस भन्दै हार्दिक शुभकामना दिन चाहन्छु ।


(दीपक बोहरा)

मन्त्री

मा. सर्वेन्द्रनाथ शुक्ल
मन्त्री
शिक्षा

नेपाल सरकार

निजी सचिवालय
केशरमहल, काठमाडौं ।
फोन नं. ४४११४९९ / ४४१४६९०
फ्याक्स् नं. ४४३५१४०



## शुभकामना

**"लिलाराम न्यौपाने जीवनी र व्यक्तित्व "** नामक कृति प्रकाशन गर्न लाग्नु भएको सुन्न पाउँदा अत्यन्त खुशी लागेको छ ।

श्री लिलाराम न्यौपाने कर्मठ, निष्ठावान, सरल र सरस स्वभावका असल व्यक्तिका रुपमा परिचित नाम हो । उहाँले आफ्नो प्रतिभा र क्षमता लाई सामाजिक र शैक्षिक विकासमा सदुपयोग गर्नुभएको कार्य प्रति सम्मान गर्नै पर्दछ । समाज सेवाको क्षेत्रमा लामो समय खर्चनु भएका यी व्यक्तित्व हाल शारीरिक रुपमा अस्वस्थ भई उपचारका कममा रहेको अवस्थाले मलाई दुखित बनाएको छ । म उहाँको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

उहाँको सम्पुर्ण सराहनिय कार्य र व्यक्तित्वलाई प्रकाशमा ल्याई हामी सबैलाई सत्कर्ममा लाग्न प्रेरणा दिने कृति प्रकाशन गर्न लाग्नु भएका लेखक तथा सम्पादक विष्णुप्रसाद न्यौपाने ज्यू प्रति आभार व्यक्त गर्दै सफलताका लागि हार्दिक शुभकामना दिन चाहन्छु ।

सर्वेन्द्रनाथ शुक्ल
शिक्षा मन्त्री

# राम्रा केवल राम्रामात्र काम गर्न चाहने व्यक्तिव लीलाराम बा
# २०६६।१२।१६



बि.स.१९८५ साल चैत्र २९ गते बुवा बिश्वराम र आमा गायत्रीदेवीका कान्छा सुपुत्रको रुपमा यस धर्तिमा पाइला टेक्नु भएका लीलाराम न्यौपाने ९ महिनामा बुवा र १० बर्षमा आमाको न्यानो मायाबाट बञ्चित हुनु पर्‍यो । बुवा आमाको स्नेह र अभिभावकत्वबाट दैवले बञ्चित गाराएता पनि समयले कर्तव्यनिष्ठ, सहनशिल, लगनशिल, समाजसेवी एवं सफल उद्योगपति/व्यसायीको रुपमा लीलाराम न्यौपानेलाई स्थापित गरेको छ ।

अभिभावक विहिन वाल्यकाल एवं यूवा अवस्थाका कठिन संघर्षहरुसँग पौठेजोरी खेल्दै खारीदै यहाँसम्म आइपुग्दा एउटा सक्षम, सफल र साच्चै भन्ने हो भने असल मान्छेको रुपमा आफूलाई स्थापित गर्न लीलाराम न्यौपाने सफल हुनु भएको छ ।

आफ्नै पौरखले संघर्ष गर्दै सफलताका एक-एक खुड्किलो उक्लदै प्रसिद्ध उद्योगपतिको स्थानमा पुगिसक्दा पनि विनम्र, मृदुभाषि, जुझारु र कर्तव्यपरायण व्यक्तिका रुपमा उहाँलाई सधै हाम्रो माझमा पायौं । अस्पतालका सफाई कर्मचारी पूर्णसिंहको सेवा भावबाट प्रेरित लीलाराम न्यौपाने कठिन परिश्रमबाट आर्जन गरेको पुजी सामाजिक एवं धार्मिक आदि क्षेत्रमा खर्च गर्न कहिल्यै कञ्जुस्याई गर्नु भएन । दिल खोलेर सहयोग गर्ने बानीले नै समाजमा दानविर लीलाराम भनेर पनि चिनिनु हुन्छ ।

यद्यपी लीलाराम न्यौपानेज्यूसँगको प्रत्यक्ष चिनजान र सानिध्यको हिसावले समयावधी छोटो छ । यस अर्थमा म गरिब छु । संविधानसभाको सदस्य भई सकेपछि न्यौपाने बन्धु समाजको कार्यक्रमबाट वहाँसँग मेरो परिचय भएको हो तर छोटो समयको सानिध्य पनि मेरो लागि निकै ठूलो शक्तिको श्रोत भएको छ । जव-जव उहाँसंग मेरो भेट भयो वा उहाँको बिषयमा अरुबाट पनि जान्ने र पठ्ने मौका पाएँ तव न्यौपाने वन्धु समाज मात्र हैन सिंगो समाज कै मार्ग दर्शकको रुपमा उहाँलाई मैले पाएको छु। उहाँमा भएको दृढ इच्छाशक्ति कामको निरन्तरता परोपकार र समाजसेवा यी चारबटा बिशेषता मेरो लागि पनि मार्ग चित्र भएको छ ।

जन्म र मृत्यू सास्वत सत्य हो । मृत्यूको सत्यतालाई बुझेर बाचुञ्जेल राम्रा केवल राम्रा मात्र काम गर्न चाहने ब्यक्तिको रुपमा मैले लीलाराम न्यौपानेलाई चिनेको छु जसलाई हामि न्यौपाने बन्धुहरु सबैले बुवा मानेर सम्बोधन गर्न मात्र हैन न्यौपाने कुलकै दिपक र अभिभावक सम्झन्छौं । त्यो दिपक सदा बलिरहोस् समाजलाई प्रकाश दिइरहोस भन्दै उहाँको सुस्वास्थ्यको र दिर्घ जीवनको शुभकामना व्यक्त गर्दछु ।

अन्तमा यस्ता व्यक्तिको जीवनको हरेक पानालाई लिपिबद्ध गरेर समाजमा पस्किन लाग्नु भएका र त्यो सुकर्ममा मलाई पनि सहभागि गराउनु भएकोमा बन्धु बिष्णु न्यौपानेज्यूलाई म दिलदेखि हार्दिक धन्यवाद र आभार प्रकट गर्दछु साथै यस शुभ कार्यको सफलताको शुभकामना पनि दिन चहान्छु ।

**धन्यवाद ।** **जयनेपाल**

फोन : ९७७-१-६६३१७३५ (निवास)
मोबाईल : ९७४१११५४१६, ९८४१५४२१०१

Ph : 977-1-6631735 (Res)
Mobile : 9741115416, 9841542101

शारदादेवी कुमाल
संविधानसभा सदस्य
चितवन
ने.क.पा. (एमाले)

Sharada Devi Kumal
Constituent Assembly Member
Chitwan
CPN (UML)

मिति २०६६।१२।१७

## शुभकामना ! शुभकामना !



धार्मिक, सामाजिक एवं शैक्षिक सेवा र जागरणका क्षेत्रमा अत्यन्त सक्रिय सेवा तथा दान प्रदानको भावनाले ओतप्रोत महादानी चिरपरिचित व्यक्तित्व लिलाराम न्यौापानेको जीवनी र व्यक्तित्व नामक कृतित्व प्रकाशन हुन लागेकोमा अत्यन्त हर्ष महसुस भएको छ ।

समाजिक संस्था रेडक्रसदेखि विभिन्न मन्दिर, विद्यलाय, क्याम्पस, बृद्धाश्रम आदिको निर्माण सञ्चालन एवं सम्बर्धनमा श्री लीलाराम न्यौपानेले पुऱ्याउनु भएको अहम योगदानबाट प्रभावित भएर बिष्णु न्यौपानेले अथक परिश्रम गरी उहाँको जीवनी र व्यक्तित्व तयार गरी प्रकाशन गर्न लाग्नु भएकोमा हार्दिक बधाइ एवं धन्यवाद दिन चहान्छु । लेखकले उल्लेख गरेको विवरण अनुसार लीलारम न्यौपानेज्यूले विभिन्न विद्यालय, क्याम्पस, बृद्धाश्रम आदिको निर्माण संचालन  र प्रवर्धनका लागि करोड भन्दा पनि पढी रुपैयाँ दान प्रदान गर्नु भएको देखिन्छ। यो दानराशीले उहाँ एउटा खुल्ला हृदयका समाजसेवी एवं दाता हुनुहुन्छ भन्ने प्रमाणित हुन्छ। उहाँका यस्ता प्रेरणादायी दान एवं सेवाका कार्यलाई सविस्तार वर्णन गरी जीवनी प्रकाशन हुनु राम्रो कार्य हो। यस प्रकार समाजमा सेवा एवं दान प्रदान गर्ने उत्सुकता र प्रेरणा जगाउने काममा  मद्दत पुग्नुका साथै समाजसेवी दानी ब्यक्तित्वको सर्वत्र सम्मान हुन्छ र उनीहरु पूजनीय हुन्छन भन्ने तथ्यलाई पनि उजागर हुने छ। यस्तो महादानी व्यक्तित्व प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु र महान कार्यमा सफता प्राप्त गर्नु भएकोमा शुभकामना दिन चाहन्छु।

अन्तमा यस्ता महान समाजसेवीको जीवनीमा दुइ-चार शब्द व्यक्त गर्ने अवसर दिनु भएकोमा लेखक श्री बिष्णु न्यौपानेजी प्रति कृतज्ञता ब्यक्त गर्दछु।

**शारदादेवी कुमाल (न्यौपाने)**

फोन : ०९७७-१-४२७५५०९
मोबाईल : ९८४१९७६१३२

Phone : 0977-1-4275509
Mobile : 9841976132

जि.प्र.का.द.नं.-७३८/०५९/०६०

# न्यौपाने वंश समाज नेपाल

केन्द्रिय कार्यालय, बुटवल, रुपन्देही



पत्र संख्याः
चलानी नं.ः

## मङ्गलमय शुभकामना

विभिन्न थर गोत्र वा पर्व भएका मानवहरू भएको समाजमा उद्देश्य त शान्ति, मित्रता र अमैनचैन भन्ने सबैको एउटै रहन्छ। तथापि विभेदहरू पनि त्यत्तिकै रूपमा विद्यमान भएकै कारण अप्रिय घटनाहरूले एकता र भाइचारामा आघात पुऱ्याएको छ। त्यसकारण आफ्नो थर गोत्रबाट प्रादुर्भाव गरी आम मानव समुदायमा समियता जोड्दै, जानी वा नजानी भए गरेका विकृतिहरू तोड्दै सभ्यसमाज स्थापना गर्ने उद्देश्यबाट स्थापित हाम्रो वंशसमाजका संरक्षक श्रीमान् लीलाराम न्यौपाने ज्यूको जीवन यात्राको करिब नौदशक भित्रमा समाज परिवर्तन गराई वैज्ञानिक शिक्षित वर्गहरूबाट मात्र देशको अवस्था बुझी आवश्यकता परिपूर्ति गर्न सक्छन् भनी आफ्नो क्षमता भन्दा पनि माथि उठी तन, मन, धनले राष्ट्रभित्र पुऱ्याउनु भएको योगदान, रामरज्य प्रणालीमा देखापरेका पारिवारिक एकता र सहिष्णुतालाई आफ्नै परिवारमा रूपान्तरित गराएर अनुकरणीय बनाइएको जीवन यात्रा समेटी तयार पारिएको स्मारिकारूपी यो दर्पण साच्चिकै आधुनिक जन्म पत्रिका रहेछ। यसको अध्ययन गर्दा यसलाई सबैवर्गका मानिसबीच अध्ययनको रूपमा पुऱ्याइ त्याग, तपस्या र दान, कर्म नै हो समाजको मान भन्ने बुझ्न बुझाउन सहयोग पुग्ने हुँदा यसलाई देशको कुना-कन्दरासम्म कलकलाउँदो बिरूवाको रूपमा पुऱ्याउन पाठक वर्गहरूमा हर्दिक अनुरोध गर्दछु। साथै वृद्ध पिता एवम् वंशका संरक्षकज्यूको दीर्घायु र सदीक्षा पूरा गराउन सम्मानित सम्पूर्ण दैविक शक्तिहरू सहयोगी बनून् भनी आफ्नो तथा न्यौपाने वंश समाजको तर्फदेखि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु।

**खगुपति न्यौपाने**
**केन्द्रीय अध्यक्ष**

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY

Siddharthanagar, Rupandehi, Nepal
सिद्धार्थनगर, रुपन्देही, नेपाल
फोन नं. :०७१-५२०२०५
फोन/फ्याक्स :०७१-५२२९३१

# भैरहवा बहुमुखी क्याम्पस
# BHAIRAHAWA MULTIPLE CAMPUS

मिति : २०६६/१२/६

## हार्दिक शुभकामना

यस क्याम्पसका शुभचिन्तक तथा प्रसिद्ध समाजसेवी श्री लीलाराम न्यौपानेको शैक्षिक, धार्मिक, सामाजिक र औद्योगिक क्षेत्रको समुत्थानमा उल्लेखनीय योगदान रहिआएको छ । स्वयम् अग्रसर र क्रियाशील भएर वहाँले विभिन्न क्षेत्रमा पुऱ्याउनुभएको योगदानबाट सर्वसाधारण नागरिकहरू समेत प्रत्यक्ष लाभान्वित भएका छन् । यस्ता कर्मठ, दानशील व्यक्तित्व श्री लीलाराम न्यौपानेको जीवनी र व्यक्तित्व समेटेर पुस्तक प्रकाशन भएबाट समाजसेवामा संलग्न तमाम व्यक्तिहरूलाई थप प्रेरणा र प्रोत्साहन प्राप्त हुने विश्वास लिएको छु । अतः वृद्धावस्थामा अनेक रोगसँग जुधिरहनुभएको श्री लीलाराम न्यौपानेको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै **लीलाराम न्यौपाने : जीवनी र व्यक्तित्व** नामक प्रस्तुत कृतिको पूर्ण सफलताको कामना गर्दछु ।

२०६६।१२।६

(कपिलदेव लामिछाने)
क्याम्पस प्रमुख
**क्याम्पस प्रमुख**

**दुर्गानगर विकास समाज**
**Durganagar Development Society**
**मन्दिर तथा सामुदायिक भवन निर्माण मूल समिति**

# शुभकामना

समाजमा असङ्ख्य मानिसहरू जन्मन्छन्, आफ्नो परिवारको हितका निमित्त मात्र काम गर्दछन् । आफ्नो परिवार र समाजको हित र कल्याणलाई समान महत्त्व दिने व्यक्तिको सङ्ख्या कम नै पाइन्छ । श्री लीलाराम न्यौपाने र उहाँको परिवार यसै वर्गमा पर्दछ । समाजको उन्नति होस् भन्ने भावना राखी मन, वचन र कर्मले सहयोग गर्ने व्यक्तिमा समाजसेवी श्री लीलाराम न्यौपानेज्यू र उहाँको परिवारलाई उदाहरणका रूपमा लिन सकिन्छ । नेपालको दुर्गम गाउँमा जन्मेर वर्मा, भारत र नेपालको भैरहवालाई जीवनको कार्यक्षेत्र बनाउनुभएका श्री लीलाराम न्यौपानेज्यूले नेपालका विभिन्न ठाउँमा रहेका संघसंस्थालाई आफ्नो समाजसेवाको क्षेत्र बनाउनुभएको छ । काठमाडौं जिल्ला, स्युचाटार गा.वि.स. -१, दुर्गानगरमा पनि सामुदायिक भवन र दुर्गामन्दिरको निर्माणका लागि रू. १,२१,०००/- (एक लाख एक्काइस हजार) नगद प्रदान गरी हामीलाई उत्साहित बनाउनुभएको छ । हाल उहाँ अस्वस्थ हुनुहुन्छ । हामी दुर्गानिगर निवासी सबै व्यक्तिहरू उदारमना समाजसेवी श्री लीलाराम न्यौपानेज्यूको सुस्वास्थ्य र दीर्घजीवनको कामना गर्दछौं ।

आफ्ना बुबाको संस्कार प्राप्त गर्नु भएका श्री लीलाराम न्यौपानेज्यूका माहिला सुपुत्र श्री दुर्गा न्यौपानेज्यूले दुर्गानगरको विकासका निम्ति प्रदान गर्नु भएको रू. ५०,००,०००/- (पचास लाख) बराबरका जमिन र रू. १,११,१११/- (एक लाख एघार हजार एक सय एघार) रुपैयाँ तथा ज्येष्ठ सुपुत्र श्री हरि न्यौपानेले प्रदान गर्नु भएको रू. २१,०००/- (एक्काइस हजार) जगद सहयोग पनि उदाहरणीय रहेका छन् । उहाँहरू सबैलाई यस समाजका तर्फबाट हार्दिक कृतज्ञता प्रकट गर्दछौं र जीवनका हरेक क्षणहरूमा सफलता प्राप्त होस् भन्ने शुभकामना व्यक्त गर्दछौं ।

**दुर्गानगर विकास समाज**
**परिवार**
**२०६६/१२/१७**

# लेखकीय

श्रद्धेय लीलाराम न्यौपाने बुबासँग वि.सं. २०५७ सालतिर सामान्य चिनजान भए तापनि वि.सं. २०५९ सालमा न्यौपाने वंश समाज नेपाल, बुटवलको गठन प्रकियादेखि उहाँसँग नजिक भई काम गर्ने मौका पाएको थिएँ। उहाँकै संरक्षकत्वमा न्यौपाने वंश समाजले आफ्नो गतिविधीहरूलाई अगाडि बढाउदै ल्याएको छ। उहाँसँग नजिक भई काम गर्दा उहाँको संघर्षमय जीवनका कथाहरू वेलावेलामा सुन्न पाएको थिए। उहाँले सामाजिक क्षेत्रमा गरेका योगदान र उहाँको व्यक्तित्वको बारेमा जानकारी पाउदा यसरी समाजसेवामा समर्पित व्यक्तित्वको जीवनी पनि लेखिनुपर्छ भन्ने मेरो मन भित्र एउटा इच्छाशक्ति जागृत भइरहेको थियो।

मानिस जन्मन्छ, हुर्कन्छ, पारिवारिक र सामाजिक परिवेशमा जेजस्तो संस्कार प्राप्त गर्दछ, सोही अनुसारको जीवन मार्ग बनाउँछ। हाम्रो समाजमा यस्ता मानिसहरू पनि भेटिन्छन् जसले आफ्नो जीवनको कमाई आफ्नो परिवार मात्र नभएर समाज विकासका लागि प्रयोग गर्दछन्। समाजसेवामा धन लगानी गर्न पाएर समाजसेवामा नै समर्पित हुन पाए रमाउँछन् र आत्मसन्तुष्टि लिन्छन्। यसैले राष्ट्र तथा समाजले सम्झनुपर्ने एक प्रेरक व्यक्तित्व हुनुहुन्छ श्रद्धेय लीलाराम न्यौपाने। उहाँको उदार भावना, त्याग, समाजसेवा र दानवीर व्यक्तित्व हाम्रो समाजका निम्ति प्रेरणाका स्रोत बन्न सक्दछ।

श्रद्धेय लीलाराम न्यौपानेज्यूको जीवनी र समाजका निम्ति उहाँले गरेको त्याग र समर्पणभावलाई मैले नजिकबाट हेरेको छु। उहाँको जीवनीलाई हेर्दा कुनै उपन्यासकारले लेखेको काल्पनिक पात्र- जो अनाथ अवस्थाबाट राष्ट्रिय व्यक्तित्व बन्न पुग्छ- जस्तै देखिन्छ। तर उहाँको जीवनका सङ्घर्षमय क्षणहरू, उहाँले गर्नुभएका कार्यहरू तथा राष्ट्र र समाजका निम्ति दिएका देनहरू यथार्थ हुन् र यी अनुभवहरू नेपाली समाजका निम्ति प्रेरक हुन सक्छन्। यही विचार लिएर समाजसेवी एवम् दानवीर श्रद्धेय लीलाराम न्यौपानेज्यूको जीवनका विभिन्न

पाटाहरूको अध्ययन गर्दै गएँ, तथ्यहरू सङ्कलन गर्दै गएँ, उहाँसँग निकट रहेका व्यक्तिहरूबाट अनुभव र विचारहरू लिएँ, ती सबै सामग्रीहरूको पोको पार्दा प्रस्तुत कृति तयार भयो । यहाँ मैले धेरै बोल्नु छैन, उहाँका बारेमा धेरै व्यक्तिहरूले व्यक्त गरेका विचारहरू यसै पुस्तकभित्र रहेका छन् । मलाई यस कुरामा सन्तोष लागेको छ कि एकजना समाजसेवी तथा दानवीरको योगदान पुस्तकको आकारमा समाजसामु प्रस्तुत गर्दैछु। नेपाली समाजका प्रेरक व्यक्तित्व श्रद्धेय लीलाराम न्यौपानेज्यूको जीवनीबाट नेपाली समाजले धेरै प्रेरणाप्रद खुराँकहरू प्राप्त गर्नेछ। साथै यस पुस्तिकाको अध्ययन पश्चात समाज विकासका लागि हामीले पनि केही गर्नुपर्छ भन्ने भाव सबैमा जागृत हुनसक्नेछ भन्ने आशा राखेको छु ।

लुम्बिनी अञ्चलको गुल्मी जिल्लाको हुँगा-८ झेर्दीथुम्का गाउँमा जन्मेर शिशु अवस्थामा नै वर्मा पुऱ्याइनु भएका श्रद्धेय लीलाराम न्यौपानेले वर्मा (म्यान्मार), भारत (आसाम) र नेपालको भैरहवा क्षेत्रलाई आफ्नो जीवनको कर्मथलो बनाउनुभयो । श्रम र बुद्धि लगानी गरी प्रशस्त धन आर्जन गर्नु भयो र धेरै धन समाजका विभिन्न क्षेत्रको विकासका निम्ति लगानी गर्नुभयो । महाविद्यालय (क्याम्पस) को स्थापना, माध्यमिक तथा प्राथमिक विद्यालयहरूको स्थापना र विकास, गुरुकुल विद्यापीठहरूको स्थापना, मठमन्दिर तथा धार्मिक संस्थाहरूको स्थापना, छात्रवृत्ति कोषको स्थापना तथा बालमन्दिर एवम् अन्य विभिन्न सामाजिक कार्यमा धेरै धन समर्पण गरी समाजसेवी तथा दानवीरका रूपमा स्थापित हुनुभएको छ। नेपालका राष्ट्रियस्तरका १७ ओटा उद्योग व्यवसायहरू स्थापना गरी हजारौं व्यक्तिलाई रोजगारी दिनुभएको छ तथा राष्ट्रको उत्पादनमा सहयोग पुऱ्याउनुभएको छ। उहाँको समाजसेवा र दानशीलता नेपालका विभिन्न क्षेत्रमा फैलिएको छ तर पनि उहाँका बारेमा जानकारी प्राप्त गर्ने सिङ्गो सूचना छैन । त्यसैले यस पुस्तकमा उहाँको जीवनी, कार्यक्षेत्रमा गरेका कार्यहरूको विवरण, संघसंस्थाहरूले दिएका अभिनन्दन पत्रहरू र उहाँसँग नजिक रहेका

सहयोगीहरूका प्रेरक विचारहरू तथा सिङ्गो जीवनको इतिवृत्तलाई यस पुस्तकमा समेट्ने प्रयास गरेको छु । आफ्नो जीवनी लेख्ने अनुमति र आफ्ना जीवनका महत्त्वपूर्ण घटनाहरूको जानकारी दिएर उहाँले मलाई उत्साहित तुल्याउनुभएको छ । यस कार्यप्रति म आभारी छु ।

प्रस्तुत पुस्तक तयार पार्दा मैले धेरै महानुभावहरूको सहयोग लिएको छु, प्रत्यक्ष रूपमा सहयोग गर्ने सबै महानुभावहरू प्रति शब्दश्रद्धा चढाउनु आफ्नो कर्तव्य ठान्दछु । यस क्रममा आफ्नो जीवनका महत्त्वपूर्ण घटना र अनुभवहरू सुनाएर यस पवित्र कार्यमा सहयोग गर्नुहुने श्रद्धेय बुबा लीलाराम न्यौपानेज्यू प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । बुबालाई नजिकबाट सहयोग गर्नुभएकी र जीवनीका अन्तरङ्ग पक्षहरूलाई प्रस्तुत गरी तथ्य प्रकाशन गर्न सहयोग गर्नुहुने श्रद्धेय आमा कुन्तीदेवी न्यौपाने प्रति पनि श्रद्धा प्रकट गर्दछु । बुबाका हरेक क्रियाकलापमा सहयोगी भई समाजसेवामा समर्पित तथा प्रस्तुत कार्यमा दिलैदेखि सहयोग गर्नुहुने आदरणीय दाजुहरू श्री भूपति न्यौपाने, श्री हरि न्यौपाने, श्री दुर्गाप्रसाद न्यौपाने, श्री विष्णु न्यौपाने, श्री शशि न्यौपाने तथा परिवारका अन्य सदस्यप्रति पनि आभार प्रकट गर्दछु ।

यस पुस्तिकामा आफ्ना गहन विचारसहित शुभकामना राखिदिनुहुने श्री १००८ स्वामीज्ञानानन्द सरस्वतीज्यू, मुक्तिनाथ पीठाधीश्वर स्वामी कमलनयनाचार्यज्यू धर्मगुरु व्यासाचार्य श्री किशोर गौतमज्यू, माननीय मन्त्री बालकृष्ण खाँणज्यू, माननीय मन्त्री दीपक बोहराज्यू, माननीय मन्त्री सर्वेन्द्रनाथ शुक्लज्यू, संविधान सभा सदस्य इश्वरी न्यौपानेज्यू, संविधान सभा सदस्य शारदादेवी न्यौपानेज्यू, बुबा लीलाराम न्यौपानेलाई साथ दिने सहयोगीहरू जजसले आफ्ना अनमोल विचारलाई लिखित रूपमा प्रस्तुत गर्नु भएको छ, र बुबाका आन्तरिक तथ्यहरू प्रकट गर्न सहयोग पुऱ्याउनु भएको छ, उहाँहरू सबै महानुभावहरू प्रति पनि धन्यवाद सहित आभार प्रकट गर्दछु । विभिन्न संघसंस्थाहरूले आफ्ना दाताप्रति

गरेको सद्भाव र ऐतिहासिक अभिलेखहरू दिएर मलाई सहयोग गरेका छन्, ती सबै संस्थाप्रति धन्यवाद ज्ञापन गर्दछु । प्रस्तुत जीवनी लेख्न प्रेरणा र उत्साह प्रदान गर्नुहुने डा. घनश्याम न्यौपाने "परिश्रमी" र प्रा. बालकृष्ण भट्टराईज्यू तथा पाण्डुलिपि हेरी सहयोग गर्नुहुने आदरणीय गुरु प्रा.डा. मोतीलाल पराजुलीज्यूप्रति पनि धन्यवाद ज्ञापन गर्दछु । जीवनीका हरेक पक्षको लेखन तथा तथ्यहरू संकलन गर्ने कममा सर्वप्रथम घरबाट, उत्साह, हौसला र सहयोगी व्यवहारले उत्सुक्ता जगाउने मेरी धर्मपत्नी लक्ष्मी न्यौपाने र स्कूले् विद्यार्थी, वालमस्तिक छोरा विशाल न्यौपानेको भूमिका पनि बिर्सिनसक्नु छ । कम्प्युटर टाइप र पुस्तक डिजाइन गरिदिने क्वील डिजाइनरका प्रो. प्रेम महर्जन तथा मुद्रण गर्ने युनाइटेड ग्राफीक्स् प्रिन्टर्स (प्रा) लि. लाई पनि धन्यवाद ज्ञापन गर्दछु ।

अन्तमा, प्रस्तुत पुस्तक मेरो पहिलो प्रयास भएकाले यसमा धेरै त्रुटि हुन सक्छन्, यसका निम्ति श्रद्धेय पाठकहरूप्रति क्षमा माग्दै अर्को प्रयासका निम्ति सुझाव र सल्लाह दिनुहुन अनुरोध गर्दछु । साथै श्रद्धेय बुबा लीलाराम न्यौपानेको ८२ औँ वर्ष प्रवेशका अवसरमा सुस्वास्थ्य र दीर्घायुको कामना गर्दै समस्त पाठक वर्गमा २०६७ सालको हार्दिक मङ्गलमय शुभकामना टक्र्याउँछु ।

**धन्यवाद ।**

**विष्णुप्रसाद न्यौपाने**

मिति : ०६६/चैत्र २२ गते

स्युचाटार-२ आगमन टोल,

कलंकी, काठमाडौँ

ईमेल : bneupane10@gmail.com

# विषयसूची

पृष्ठ

**खण्ड - एक : पारिवारिक पृष्ठभूमी**

**१. पुख्यौली र परिवार** २

१.१. वाल्यकाल तथा शिक्षारम्भ ३

**२. जागीर तथा व्यवसायको सुरूआत** ६

**३. वर्माको अविस्मरणीय क्षणहरु**

३.१. फुटवल खेल ७

३.२. दोस्रो विश्वयुद्ध ७

३.३. २०१८ सालको यात्रा ९

**४. वर्मा छाडनुको मुख्य कारण** ९

**५. मेघालय (भारत) को वसाइँ** १०

**६. भैरहवाको वसाइँ** १०

**७. विवाह र सन्तान** ११

**८. सामाजिक कार्यमा रूचि** १२

**९. तीर्थाटन** १४

**१०. विदेश भ्रमण** १५

**११.पारिवारिक संलग्नतामा संचालित उद्योग व्यवसायहरु** १७

**१२. पुरस्कार तथा सम्मान** १८

**१३. स्वास्थ्य** १८

**चित्रावलि**

**खण्ड - दुई**

**१. व्यक्तित्व**

१.१. आन्तरिक व्यक्तित्व ३६

१.२. वाह्य व्यक्तित्व ३६

१.३. लीलाराम न्यौपानेको विभिन्न सामाजिक संघ संस्थासंग आवद्धता ३६

**२. दाता व्यक्तित्व** **३७**

क. शैक्षिक क्षेत्रमा सहयोग ३८

ख. आध्यात्मिक तथा धार्मिक क्षेत्रमा सहयोग ४०

ग. सामाजिक कार्यमा सहयोग ४३

**चित्रावलि**

**खण्ड - तीन : लीलाराम न्यौपानेका वारेमा विभिन्न व्यत्ति र संस्थाहरूको धारणा**

| | | |
|---|---|---|
| **रामलीला लीलाराम** | - बूँद राना | ६२ |
| **श्री दुर्गा मन्दिर सञ्चालक समिति** | - दामोदर गौतम | ६३ |
| **श्री रुपन्देही लीलाराम मा. वि** | - गणेशप्रसाद भट्टराई | ६४ |
| **मिलनसार व्यक्तित्व** | - ओमकार गौचन | ६६ |
| **शिक्षाप्रेमी लीलाराम** | - आनन्दप्रसाद गुप्ता | ६६ |
| **परोपकारी व्यक्तित्व** | - डा. ऋषिकुमार काफ्ले | ६७ |
| **वंश पुरूष लीलाराम** | - देवीप्रसाद न्यौपाने | ६७ |
| **असल स्वभावको व्यक्ति** | - ऋषिराम न्यौपाने | ६८ |
| **उद्यमशील व्यक्ति** | - गोकर्णप्रसाद दुवाडी | ६८ |
| **अनुकरणीय व्यक्तित्व** | - जर्नादन न्यौपाने | ६९ |
| **न्यौपाने समाजका मार्ग दर्शक** | - जगनान्थ न्यौपाने | ६९ |
| **आँटिलो व्यक्तित्व** | - रेशमलाल पाण्डेय | ७० |
| **सफल व्यवसायी ....** | - राधेश्याम हलुवाइ | ७० |
| **लीलाराम न्यौपाने एक आदर्श पुरूष** | - ओमलाल न्यौपाने | ७१ |
| **कुबेरको सङ्गत** | - कपिल लामिछाने | ७२ |
| **व्यवसायीको प्रेरणाका स्रोत लीलाराम** | - कृष्णप्रसाद शर्मा | ७५ |
| **सामाजिक विकासका प्रेरक ....** | - डा. गितु गिरी | ७६ |
| **दानवीर लीलारामका बारेमा थोरै शब्द** | - डा. घनश्याम न्यौपाने “परिश्रमी” | ८० |
| **प्रेरणाका स्रोत लीलाराम** | - चन्द्र खतिवडा | ८२ |

| | | |
|---|---|---|
| **परिवारका संरक्षक दाजु लीलाराम** | - चिन्तामनि न्यौपाने | ८४ |
| **धार्मिक व्यक्तितव** | - टीकादत्त खरेल | ८५ |
| **रुपन्देही क्याम्पस र श्री लीलाराम न्यौपाने** | - डिल्लीराज भट्टराई | ८६ |
| **आत्मीय मित्र लीलारामजी** | - थानेश्वर घिमिरे | ८८ |
| **न्यौपाने वंशका संरक्षक लीलाराम** | - दीपक क्षत्री न्यौपाने | ८९ |
| **प्रेरणाका स्रोत** | - निधानचन्द्र श्रेष्ठ | ९० |
| **मैले चिनेका लीलाराम दाइ** | - दिलीप भट्टराई | ९१ |
| **मेरो अनुभवमा दानवीर लीलाराम न्यौपाने** | - डी.आर.शर्मा | ९७ |
| **उदाहरणीय व्यक्तित्व श्री लीलाराम न्यौपाने** | - धर्मदत भुसाल | १०० |
| **उर्जावान् व्यक्तित्व** | - नारायण अग्रवाल | १०२ |
| **लीलाराम न्यौपाने : एक सफल व्यक्तित्व** | - पुण्यप्रसाद न्यौपाने | १०३ |
| **शिक्षा, संस्कृति र सभ्यताका श्रमशील साधक ....** | - बालकृष्ण भट्टराई | १०५ |
| **न्यौपानेका एक तारा श्री लीलाराम न्यौपाने** | - माधव न्यौपाने | ११० |
| **मैले जानेका लीलाराम न्यौपाने** | - मणिराम भट्टराई | ११२ |
| **समाजका मार्गदर्शक लीलाराम** | - रामकृष्ण ताम्राकार | ११५ |
| **विनामलजलको फूल वास्तविक मानव** | - डा. रामप्रसाद वस्याल | ११७ |
| **प्रेरणाका स्रोत श्री लीलाराम न्यौपाने** | - राजेन्द्रप्रसाद पन्थी | ११९ |
| **भानु मा. वि. को इतिहासमा लीलारामजी** | - बलराम शर्मा | १२५ |
| **प्रेरक व्यक्तित्व : लीलाराम न्यौपाने** | - वामनप्रसाद न्यौपाने | १२८ |
| **हाम्रो परिवारका प्रमुख संरक्षक ....** | - विजय खरेल | १३० |
| **समाजसेवी लीलाराम** | - सागरप्रताप राणा | १३३ |
| **उद्योगपति श्री लीलाराम न्यौपाने** | - सुधा न्यौपाने | १३५ |
| **समाजसेवी श्री लीलाराम न्यौपाने** | - स्थानेश्वर देवकोटा | १३६ |
| **प्रेरणादायी व्यक्तित्व** | - हरिप्रसाद अधिकारी | १४० |
| **An Article of Lila Ram's Grand Childrens** | | १४१ |
| **चित्रावलि** | | १४४ |
| **परिशिष्ट - समाजका विभिन्न क्षेत्रबाट प्राप्त मानसम्मान तथा अभिनन्दनपत्रहरू** | | **१४७** |

## खण्ड - एक

# पारिवारिक पृष्ठभूमि

# १. पुख्यौंली र परिवार

नेपाल राष्ट्रको पश्चिमाञ्चलमा अवस्थित लुम्बिनी अञ्चलको मनोरम पहाडी जिल्लामध्ये गुल्मी जिल्ला प्राचीन कालदेखि नै कलाकौशल, शिक्षा, मन्दिर, पाटीपौवालगायतका ऐतिहासिक एवम् पुरातात्त्विक क्षेत्रमा यहाँका गाउँ वस्तीहरूको छुट्टै पहिचान बन्न सकेको छ। गुल्मी जिल्लाका ७९ वटा गाउँ विकास समितिमध्ये हुँगा गा.वि.स वडा न. ८ ठूलोपोखरा गाउँको झेर्दी थुम्का न्यौपानेहरूले प्रसिद्धि कमाएको ठाउँ हो । लीलाराम न्यौपानेका जिजुबाजे लक्ष्मीपति न्यौपानेले आफू वृद्ध अवस्था भएपछि आफ्नो घर गृहस्थी छोरा देवपतिलाई जिम्मालगाई आफू वानप्रस्थान (वनमा वसी तपस्या गर्ने, घर छाडिडिने माया मोह, लोभ क्रोध त्याग गर्ने) गरी नजिकैको गुफामा आफ्नो जीवन त्याग गर्नु भएको थियो ।

देवपति न्यौपानेले खेती किसानी गृहस्थी समाल्दै आउनुभएको थियो भने उहाँका ५ भाइ छोरा र दुई छोरीहरू थिए। तीमध्ये जेठा छोरा लालुप्रसाद, बुहारी तुल्सीदेवी र माहिला विश्वराम र बुहारी गांयत्री देवी हुन् भने साहिंला छोरा शिवनारायण ११ वर्षको उमेरमै कर्म नचली परदेश गएकोमा हालसम्म कुनै जानकारी भएन भने काहिँला छोरा इन्द्रलाल, बुहारी भागीरथी थिए भने कान्छा छोरा खडानन्दको सानैमा (विवाह नहुँदै) घाँस काट्न जाँदा भीरबाट लडेर मृत्यु भएको थियो । छोरीहरू मध्ये जेठी खगीसरा पन्त दिगाममा र कान्छी छोरीको हुँगा गाउँका भण्डारीसँग विवाह भएको थियो ।

देवपतिले पनि उमेर ढल्कदै गएपछि आफ्नो घरगृहस्थी कारोबार छोराहरूलाई जिम्मा लगाई बाँकी जीवन बुबा लक्ष्मीपतिले तपस्या गरेको स्थानमा गई तपश्सी जीवन बिताउनु भएको थियो । यही कारणले गर्दा पनि लीलाराम न्यौपानेलाई पनि तपसीका सन्तान भनी गाउँघरमा भन्ने गरिन्छ ।

लीलारामका ठूलो बुबा लालुप्रसादका दुई भाइ छोरा मनिराम र पेमलाल थिए भने लीलारामका बुबा विश्वरामको १४/१५ वर्षको कलिलो उमेरमै विवाह भएपछि आफ्नो परिवारको आर्थिक अवस्था सुधार्न कमाइ गर्न जाने उद्देश्यले गाउँघरका साथीभाईसँग वर्मा (म्यान्मार) पुग्नुभयो । वर्माको उत्तरी भाग शान प्रान्तको पोष्ट **'नाम्दु सेखौ'** वस्तीमा पशुपालन र खेतीपातीको कार्य गरी केही आय आर्जन भएपछि नेपाल आउने जाने क्रम चलिरहेको थियो । त्यतिखेर वर्माको भूमि अति

उर्वर भएको कारणले अन्न भण्डार नै थियो तर बजारको राम्रो व्यवस्था थिएन । तर पनि पशुपालन र खेतीपातीबाट खानबस्न सुविधा भएको कारणले नेपालीहरूको वर्मा जाने क्रम बढेको थियो । विश्वराम न्यौपाने ३ वर्ष जति नेपाल नफर्केपछि गाउँघरका दाजुभाइसँग गायत्रीदेवी वर्मा जानुभयो । केही वर्षपछि गायत्रीदेवीको कोखबाट प्रथम र द्वितीय गर्भमा क्रमशः कन्याहरूको जन्म हुन गएको थियो । तर ती कन्याहरूको जन्म भएको केही दिनमै मृत्यु हुन गएको कारणले पनि विश्वराम र गायत्रीदेवीलाई ठूलो चिन्ताले सताएको थियो। त्यसपछि उहाँहरूले ज्योतिषीको सल्लाह अनुसार पुत्र प्राप्तिको लागि पूर्णिमाको कठिन व्रत सुरु गरी हरेक महिना घरमा सत्यनारायणको कथा लगाउनु भएको थियो । त्यसको १ वर्ष पछि जेठाछोरा नन्दरामको वि.सं. १९८१ मा जन्म हुँदा परिवारमा खुसीयाली छाएको थियो । त्यसको दुईवर्ष पछि माहिलो छोरा दण्डपाणिको जन्म भएको थियो । विश्वराम र गायत्रीदेवी दुई छोराहरूलाई लिएर नेपाल आउनु भएको थियो । उहाँहरूको नेपालमा लामो अवधि बस्ने इच्छा थियो तर त्यतिबेलाको वर्माको कानुन अनुसार १ वर्षभित्र वर्मा फर्किसक्नुपर्दथ्यो । वर्माको खेतीपाती र पशुपालनको काम अरू मानिसलाई केही दिनको लागि जिम्मा लगाएको कारणले गर्दा विश्वरामले श्रीमती र बालबच्चालाई नेपाल छाडी आफू केही महिनामै वर्मा फर्कनु भएको थियो । विश्वराम एक्लै वर्मा फर्केको एक महिना पछि अर्थात् वि.सं. १९८५ साल चैत्र २९ गते बिहिबार द्वितीया तिथिका दिन कान्छा सुपत्रको रूपमा गुल्मी, हुँगा-८ झेर्दीथुम्कामा लीलाराम न्यौपानेको जन्म भएको हो ।

## १.१. बाल्यकाल तथा शिक्षारम्भ

राणाकालीन समयमा नेपालमा सर्वसाधारण नेपालीहरूलाई शिक्षा पाउने अवसर सर्वसुलभ थिएन । तर वर्मामा शिक्षाको राम्रो व्यवस्था थियो । त्यसैले गायत्रीदेवी लीलाराम जन्मेको ५ महिनामै ससाना बालबच्चाहरूसहित जेठाजू लालुप्रसादसँग वर्मा फर्कनु भयो । वर्मा फर्केको केही महिना अर्थात् लीलाराम नौ महिनाको हुँदा बुबा विश्वराम न्यौपानेको देहावसान हुनपुग्यो । विदेशको बसाइँ त्यसमा पनि ३ जना काखमा बालकहरू, त्यतिखेरको रूढिवादी समाज माता गायत्रीदेवीलाई कति ठूलो वज्रपात पर्न गयो होला । तर पनि गायत्रीदेवी कत्ति पनि बिचलित नभई कारोबार समालेर नाबालक छोराहरूको हेरबिचार तथा पालनपोषण गर्नुभएको थियो । लीलारामका ठूलाबा लालुप्रसादले बालकहरूको अभिभावकत्व प्रदान गर्दै आउनु

भएकोमा उहाँ पनि करिब २ वर्ष पछि परलोक जानु पर्‍यो । श्रीमान् र जेठाजूको निधनले गायत्रीदेवीको परिवारमा ठूलो सङ्कट छायो । खेतीपाती पशुपालन र बालबच्चाहरूको पालनपोषण गर्न पनि धौ धौ परेको थियो । तर पनि गायत्रीदेवीले बडो कठिनाइका साथ जङ्गली कन्दमूल खाएर भए पनि साहसपूर्वक बच्चाहरूको पालनपोषण गर्दै नजिकैको विद्यालयमा बच्चाहरूलाई भर्ना गरी पढाउनु भएको थियो । बाल्यकालको सम्झना लीलाराम यसरी सुनाउनु हुन्छ । "हामी तीन भाइ सँगै खेल्ने, झगडा गर्ने गर्दथ्यौँ । म छ वर्षको हुँदा एक दिन ठूलादाइले खाल्टो भित्र माटो खनिरहनु भएको थियो । मैले माथिबाट निहुरिएर हेर्दा कुटोले लागेर मेरो टाउकोबाट रगत बगेको थियो । त्यसबेला दाइहरूले टाउकोमा धुलो माटो राखेर रगत बन्द गराएको क्षण बिर्सन सकेको छैन ।"

त्यस स्कूलमा वर्मिज, अङग्रेजी र हिन्दीको पढाइ हुन्थ्यो । धेरै नेपालीहरूले वंगाली शिक्षकहरूसँग अङ्ग्रेजी, हिन्दी पढ्ने गरेका थिए । लीलाराम न्यौपाने पढाइमा निक्कै तेजिला हुनुहुन्थ्यो । एकपल्ट पढेपछि त्यसलाई सम्झी हाल्ने बानी थियो । त्यसैले वंगाली शिक्षकले अरूको अगाडि लीलारामको तारिफ पनि गरिदिन्थे ।

लीलारामका माहिला दाइ दण्डपाणिको ८ वर्षको उमेरमा जन्डीसको रोगबाट मृत्यु हुन गएको थियो । यसरी हुर्किएको छोराको उचित उपचार हुन नपाई गुमाउनु पर्दा माता गायत्रीदेवीलाई ठूलो शोक पर्न गयो । उहाँले धेरै चिन्ता लिन थाल्नु भएको थियो । त्यसबेला छिमेकी गोपीराम थापा दाइले उहाँको परिवारलाई ठूलो सहयोग पुर्‍याउनु भएको थियो । माहिला छोराको मृत्यु पछि आफू बसेको घर छाडेर गायत्री देवीले नयाँ ठाउँमा बसाइँ सार्नुभएको थियो । उक्त ठाउँमा बसेर गाइभैंसी पाल्दा त्यहाँको चलन अनुसार वस्तुभाउलाई राम्रो घाँस तथा चरनको लागि मंसीर महिनामा जंगलमा लगी राख्ने र चैत्र महिनापछि घरमा ल्याएर पाल्ने गरिन्थ्यो । लीलारामका दाजुभाइहरूले पुष माघको जाडोमा पनि बिहान चार बजे उठेर १३/१४ किलो दुध बाल्टीनमा बोकी खाली खुट्टा बजारसम्म पुर्‍याउनु पर्दथ्यो । यसरी नन्दराम र लीलार ामले पढाइका साथ साथै घरको काम काजमा पनि आमालाई सघाउने गर्नुहुन्थ्यो । लीलाराम न्यौपाने १० वर्षको उमेर हुँदा माता गायत्रीदेवीको डब्बल निमोनिया रोगको कारणबाट निधन हुन पुग्यो ।

यसरी सानै उमेरमा आमाबुबा गुमाउनुको पीडा लीलाराम न्यौपानेमाथि पर्न गयो । त्यसपछि त दुई भाइको लावारिस जीवनको सुरुआत भयो भन्दा पनि हुन्छ । माता गायत्रीदेवीको देहावसानको दु:खद समाचार चिठ्ठी मार्फत् थाहा पाएर नेपालबाट लालुप्रसादका जेठा छोरा मनिराम वर्मा पुगे । यसरी आफन्तविहीन भएका बालकहरू दाजु मनिरामको आगमनबाट हर्षित हुन पुगे । नाबालकहरूले अभिभावक पाएकोमा टोल छिमेकीहरूसमेत खुसी भए । माता गायत्रीदेवीले सम्हाल्नु भएका सबै कारोवार लेनदेन तथा घरको हेरबीचारसमेत मनिरामको जिम्मा भयो । अचानक मनिरामले पनि स-साना भाइहरूलाई धोका दिएर नेपाल फर्के । त्यस घटनाले लीलारामलाई ठूलो पीडाबोध भयो । त्यसबेला सम्म कक्षा ७ सम्म पढेकोमा पढाइलाई बीचैमा छाडन वाध्य हुनुपऱ्यो । अरूको ऋण र आफन्त विहीन अवस्थाले गर्दा लीलारामले अर्काको घरमा नोकरी गरेर अर्काको लात सहेर प्राण धान्नु पर्ने अवस्था आइपऱ्यो । यसै क्रममा लीलारामको व्रतबन्ध १३ वर्षको उमेरमा सामान्य किसिमबाट छिमेकीको घरमा गुरु पं. देवीप्रसाद आचार्य द्वारा गायत्रीमन्त्र सुनाई सम्पन्न भएको थियो ।

अझ दु:खको कुरा त लीलारामका दाजु नन्दराम सानैदेखिका रोगी भएका कारणले कठिन परिश्रम गर्न सक्दैन थिए । तर लीलाराम सानै उमेरदेखि नै अली हठी स्वभावको, बलवान्, नीडर, फुर्तिलो तथा महत्त्वाकाङ्क्षी, धर्मभीरु भएको कारणले गर्दा पनि उहाँको परिश्रमबाट लाभ उठाउन जसले पनि चाख गर्दथ्यो ।

यसरी लीलारामले बाहिरतिर मेहनत परिश्रम गर्ने र दाजु नन्दरामले घरको हेरचाह गर्नुहुन्थ्यो । बाल्यकालकै जीवनमा लीलारामका दाजुभाइले वनका गिठ्ठा भ्याकुर, मकै र कोदोको ढिंडो, रोटी खाएर प्राण धान्नु परेको थियो भने कहिलेकाँही लीलारामले खोलाका माछा मारी पोलेर खाँदा दाजुभाइले ठूलो गर्व गर्नुहुन्थ्यो । सानै उमेरमा जीवनसँग सङ्घर्ष गर्न सिकेका लीलारामको मनमा एउटा साहसी शूरोपना, स्वावलम्वीपन, मैले केही गर्न सक्छु भन्ने आत्मविश्वास प्रगाढ थियो ।

## २. जागीर तथा व्यवसायको सुरुवात

लीलारामको बाल्यकाल दोस्रो विश्वयुद्धमै बितेकोले युद्ध सकिएपछि जीवीकोपार्जनको लागि तेह्र वर्षकै उमेरदेखि उहाँले नोकरी सुरु गरी व्यवसाय थालेको कथा यसरी बताउनु हुन्छ । "सुरुमा एकजना शिख पन्जावीको ट्रकमा खलासीको काम गर्थे । मेरो इमान्दारिता र सक्रियता देखेर आफ्नो पसलमा बोलाए । केही समय पसलमा काम गरेर आफ्नो घर नाम्टु फर्के । हामी बसेको ठाउँबाट करिब ७० कि.मी. टाढा लाश्यो भन्ने सहरमा ब्रिटिस वटालियनको हेडक्वाटर थियो । उक्त ठाउँमा जनतालाई चामलको निःशुल्क गोदाम खोलिदिएको थियो । त्यो हल्ला सुनेर म हाल सिलाङ निवासी थानीश्वर पाण्डेका बुबा रुकमागत पाण्डेसँग लाश्यो सहर पैदलै पुगेको थिएँ । उक्त ठाउँमा मानिसले बोक्न सक्नेजति चामल निःशुल्क लैजान पाइने थियो । म कलिलो उमेरको भएकोले ११/२ टीन (२५ किलो) र रुकमागतले ४ टिन (६५ किलो) चामल थापेर नाम्लाको भारी बोकी २ दिनमा घर पुगें । नाम्टुमा एउटा सानो होटल खरिद गरेको थिएँ । होटलमा घाटा भई सबै पुँजी सकियो । त्यसपछि ठूलो सुना माइनमा रेल्वे विभागमा नोकरी गर्न सुरु गरेँ । केही समय पछि रेल विभागको अस्पतालको वार्डव्याय पदमा सरुवा गरिदियो । ब्रिटिस अस्पताल भए तापनि अव्यवस्थित तर सफा सुग्घर थियो । मेरो ड्युटी प्रायजसो रातिमा पर्दथ्यो । मेरो कर्मचारी नम्बर ८१५५ थियो भने मासिक तलब १०५/- थियो । अस्पतालबाट चार दिनको बिदा लिइ लाश्यो सहरमा पुगेर एउटा कोठा मासिक ५० रूपैंया भाडामा लिन तय गरी नाम्टु फर्कें । अस्पतालको नोकरी राजीनामा दिएर पुन लास्योमा गई केही समय नोकरी गरी सन् १९५३ बाट लाश्योमा दुध, घ्यू र मक्खनको कारोबार सुरु गरेँ ।"

लाश्यो सहर युद्धबाट जताजतै विनाश भएको थियो । विभिन्न प्रकारका रोगहरू फैलिएका थिए । सहरका घरहरू वम बिस्फोटबाट खण्डहर भएका थिए । त्यतिखेरको सैनिक कमाण्ड अमेरिकाको हातमा थियो भने प्रशासनिक व्यवस्था ब्रिटिस सैनिकहरूको जिम्मामा थियो । युद्धले क्षतविक्षत भएको सहर सफा गर्ने, सडकहरू पुनः निर्माण गर्ने आवश्यक सामानहरू ओसार पसार गर्ने काम वर्मा अधिराज्यभरि एकैपटक अभियानको रूपमा थालिएको थियो । लीलाराम न्यौपानेको व्यापार राम्रोसँग चलेकोले आम्दानी पनि राम्रै थियो ।

# ३. वर्माका अविस्मरणीय क्षणहरू

## ३.१. फुटवल खेल

वर्मामा त्यहाँका स्थानीय व्यक्तिहरूले नेपाली र भारतीयहरूलाई अलि फरक दृष्टिकोणले हेर्ने गरेका थिए, त्यसको असर स्कूलमा पढ्ने बच्चाहरूमा पनि पर्दथ्यो । वर्मेली साथीहरूले लीलाराम न्यौपानेहरूलाई तिमीहरू त गाईभैंसी हेर्ने जात हामीसित खेलकूदमा प्रतिस्पर्धा गर्न सक्दैनौ भनी बारम्बार हेप्ने गरेका थिए । हरेक कुरामा सधैं अगाडि बढ्ने स्वभावका लीलारामले त्यस कुरालाई निक्कै इखको रूपमा लिन पुग्नुभयो । नेपाली र वर्मेली युवा बीच फुटबल प्रतियोगिता गर्ने निधो गरेपछि लीलारामले २५० माइल टाढाको नेपाली समाजको गाउँबाट २ जना फुटवल खेलाडी लिएर आउनुभयो । ती खेलाडीहरूसँग वर्षाको पानीमा पनि आफ्नो टीमको प्रशिक्षण तैयारी गर्नु भएको थियो । नेपाली र वर्मिज पक्षबीचको फुटबल खेलमा नेपाली टोलीले ११ गोलको भारी अन्तरले विजय हासिल गरेको थियो । यस घटनाले त्यतिबेला नेपालीको इज्जत प्रतिष्ठा बढाएको कुरा लीलाराम न्यौपानेले कहिल्यै बिर्सन नसकिने क्षण भनी स्मरण सुनाउनु हुन्छ ।

## ३.२. दोस्रो विश्वयुद्ध (१९४२ -१९४५)

लीलाराम न्यौपानेको जीवन जटिल एवम् सङ्घर्षमय हुनुको प्रमुख कारणमध्ये एक दोस्रो विश्वयुद्धको सुरुआत पनि थियो । जापानले विश्व विजय गर्ने क्रममा वर्मामा आफ्नो उपनिवेश चलाएको थियो । उहाँको त्यसबेलाको घटनाको सम्झना अनुसार- जापानी सैनिकहरूले रिस उठेको मान्छेलाई उसकै घरबाट कोदालो बोकाई उसैलाई खाल्टो खन्न लगाउने त्यसपछि खाल्टोमा घोप्टो परेर बस्न लगाई माथिबाट माटो हालेर जिउँदै मार्ने गर्थे । वर्मामा जापानी शासन चलेको थियो भने अर्कोतर्फ व्रिटिसले पनि आफ्नो विश्वविजय यात्रालाई वढाउँदै लैजाने क्रममा चाइना र अमेरिकाको सहायतामा जापानी सैनिकलाई पराजय गर्न स्थल तथा हवाई आक्रमण तीव्र पारेको थियो । युद्धको समयमा गाईहरू चरेको सैनिकहरूले देख्नै नहुने राम्रो गाई देखेमा काटेर लगी हाल्थे । व्रिटिस फौजमा गौर्खा सैन्य भएको कारणले नेपालीहरूलाई वर्मामा जापानी सैनिकहरूले धपाउन सुरु गरिसकेका थिए । त्यस्तो कठिन अवस्थामा हामीहरू लगायत केही नेपालीहरूले टुप्पी देखाएर हामी गान्धीवादी हौं भनी आफ्नो प्राण जोगाउन सफल भएका थियौं ।

चीन, अमेरिका र ब्रिटिसका जासुसहरू स्थलमार्गबाट सलहझैं वर्माभरि फिँजिएका थिए । जापानी सैनिकहरूले जासुसहरूमाथि कडा निगरानी राखेकोले जासुसीको शङ्का लागेकोमा पक्राउ गर्ने तथा गोली हान्ने कम तीव्र पारेको थियो । जसको कारणबाट त्यतिखेरको जनजीवन त्राहीत्राही भएको थियो । मानिसको मृत्यु त कीरा फट्याङ्ग्रा सरहभएको थियो । ५०/५० वा १००/१०० वमवर्षक बिमानहरूले घामको ज्योतिलाई नै छेक्ने गरी एकै साथ उड्ने गर्दथे । कुन पक्षको विमान हो भनेर छुट्टाउनै गाह्रो थियो । विमान आएको सङकेत पाउनासाथ सबैजना वंकर (घर नजिककै खनिएका खाल्टोहरू) मा लुकेर ज्यान जोगाउनु परेको पीडा लीलारामले कहिल्यै भुल्न सक्नु भएको छैन ।

युवाहरूलाई जापानी सैनिकले अनिवार्य रूपमा सैनिक सेवामा लिन थालेकोले लुकीलुकी हिँडनुपर्ने अवस्था थियो । जापानी सैनिकको बन्दोबस्तीका सरसामानको भारी स्थानीय व्यक्तिले बोकिदिनु पर्दथ्यो । भारी बोकेवापत फर्कने बेलामा सैनिकले प्रतिव्यक्ति १ मग नुन दिन्थे । त्यतिखेर नुनको धेरै अभाव थियो बजारमा १ मख नुनलाई ४०० वर्मेली रुपैंयाँसम्म परेको थियो ।

त्यस्तै युद्धको बारेमा लीलाराम न्यौपानेले सम्झनाहरू यसरी सुनाउनु हुन्छ । "हामी बसेको प्रान्तमा सुनखानी भएको कारणले गर्दा पनि युद्धको ज्यादा प्रभाव थियो । सहरबजार सुनसान थिए । कतै आगोको धुँवा देखिएमा वम वर्षक विमानले वम खसाली दिन्थे । त्यस्तो अवस्थामा मानिसलाई आफ्नो प्राण बचाउने बाहेक अर्को कुनै सोचाई नै थिएन । खेती किसानीको काम बन्द भयो, पशुहरू सबै छाडा भए, व्यापार व्यवसाय रोकिएको थियो, त्यसैले आवागमन पनि पूर्ण रूपमा बन्द भएको थियो । त्यस्तो जटिल अवस्थामा धेरै मानिसहरू अनकन्टार जङ्गलभित्र बाघभालुको समेत डर नमानी बसेका थिए । हामी पनि गाउँलेका साथ करिब १ वर्ष जङ्गली कन्दमूल र खोलाका माछा खाएर जङ्गलमै बसी प्राण बचाएका थियौं । एक दिन जङ्गलबाट सानोबुबा पर्नेको घरतर्फ जाँदा बाटोमा मारिएका लासहरू प्रशस्त देखिए । कतिपय ठाउँमा लासहरू माथिबाट हिँडनु पर्ने थियो भने एक ठाउँमा त वरपर खाँवा गाडेर त्यसमा लामो बाँस बाँधी त्यस बाँसमा बाइस जनालाई बाँधेर गोली हानी हत्या गरेको आलो रगत बाटोमा भलभल बगिरहेको थियो, यस्तो दृश्य देख्दा अरू भए त्यहीँ मूर्छा परिसक्थे होला तर मलाई डर लागे तापनि मुटु दरो पारेर हिँडे । फर्कदा जङ्गलको अर्कै बाटो आएको थिएँ । त्यहाँ मारिनेहरू धेरै नेपाली नै थिए । त्यतिखेर जङ्गलमा ढुङ्गाको सिरानी लगाई काठको फल्याकमा सुतियो । त्यस्तो समयमा धनवान् सम्पन्न

व्यक्तिहरूको पनि हाम्रो जस्तै अवस्था थियो । व्रिटिसले अमेरिकन हतियार र चाइनिज स्थलसैनिकको सहायताले वर्मामा जापानी सैनिकलाई हराउन सकेको थियो । जापानी सैनिकको पराजय पछि व्रिटिसले वर्मामा पुनः शासन चलाएको थियो । अमेरिकी र चाइनिज सैनिक फिर्ता भए तर युद्धमा हजारौ हजार निर्दोष मानिसहरू मारिएका थिए ।"

### ३.३. २०१८ सालको यात्रा

लाश्यो सहरमा संचालन गरेको कारोवारबाट राम्रो आम्दानी भएको थियो । आफ्नै जन्मभूमिको मायाको कारण वि.सं. २०१८ सालको आषाढ महिनामा वर्माबाट रिइन्ट्री भिसामा लीलाराम नेपाल आउनु भएको थियो । उहाँ २२ दिन जति पहाडको घरमा बसी श्रावण महिना लागेपछि वर्षात्का नदीनाला तर्दै भैरहवा आउनु भएको थियो । उहाँको भैरहवाबाट काठमाडौँ जाने योजना वर्षात्को पानीले एयर पोट जलमग्न हुँदा बसबाट गोरखपुरतर्फ लाग्नुभयो । त्यहाँबाट रेलमा चढी पटना पुग्नुभयो । पटनाबाट हवाइजहाजमा काठमाडौँ गएर होटल हिमालयनमा २० दिन जति बस्नु भएको थियो । त्यसबेलाको यात्रामा उहाँको साथी कोही थिएन । एक्लै यात्रा गर्नु भएको थियो । काठमाडौँबाट कलकत्ता हुँदै गोहाटीसमेत हवाइजहाजमा जानु भयो । त्यहाँबाट सिलाङमा वर्माबाट आएर बसेका नेपाली दाजुभाईसँग भेटघाट गरी भारतको ठूलो पेट्रोल कम्पनी डिगवाई पुग्नुभयो । त्यस कम्पनीमा वर्माबाट धोकादिई फर्केका दाजु मनिरामले काम गर्नु हुन्थ्यो । उहाँसँगको भेटघाट पछि रेलको बाटो हुँदै इन्डियाको बिशाल कोइला खानी लिडो पुग्नु भयो । त्यस ठाउँबाट वर्माको सिमाना पुग्न जम्मा १६ माइलको दुरी थियो तर सैनिकहरू बाहेक अरूलाई जान रोक लगाइएको थियो । त्यसपछि उहाँ गोहाटी हुँदै कलकत्ता फर्कनु भयो । त्यहाँबाट पसलको लागि सामानहरू खरिद गरी वर्माको रंगुन फर्कनुभएको थियो । यस यात्राको क्रममा उहाँले भैरहवामा घडेरी किन्नसमेत भ्याउनु भएको थियो भने नेपाल र भारतको बजारको अध्ययनसमेत गर्नु भएकोले उक्त यात्रा फलदायी रहेको बताउनु हुन्छ ।

## ४. वर्मा छाडनुको मुख्य कारण

आफ्नो मातृभूमि सबैलाई प्यारो लाग्छ । त्यसैले पनि प्रवासमा कमाएको धन सबैले आफ्नै देशमा ल्याउने गर्दछन् । यही कारणले पनि लीलारामले २०१८ सालदेखि नै मातृभूमिप्रति बढी चासो राख्न थालिसक्नु भएको थियो । अर्को तर्फ वर्माको राजनैतिक

तथा आर्थिक स्थिति बिग्रन थालेको थियो । वि.सं. २०२० सालमा जनरल नेविनले सत्ता कब्जा गरेपछि तत्कालीन मुद्रा नचल्ने (रद्ध) भयो । एक, दुई, पाँच, दश र बीसदेखि माथिका सबै नोटको राष्ट्रियकरण गरियो । त्यसबेला उहाँसँग चल्ने नोट केबल १७५/- मात्र थियो भने रु. चौध लाखका ठूला नोटहरू सरकारलाई बुझाउनु पऱ्यो । नेविनको नीति अनुसार वर्मेली जनताको चलअचल सम्पत्तिको लगत राखी पिदुपाई (राष्ट्रियकरण) गरियो । राष्ट्रियकरण गर्दा ४० प्रतिशत पाउने भनिए तापनि व्यरहारमा त्यो नीति लागु भएन । विदेशी नागरिकहरूप्रति सरकारले कडा निगरानी राख्न थाल्यो । धेरै नेपालीहरू खालिहात नेपाल फर्कन बाध्य भएका थिए । त्यसैले लीलाराम न्यौपाने पनि स-परिवार वि.सं. २०२२ सालमा कलकत्ताको बाटो हुँदै मेघालयमा बसाइँ सर्न पुग्नुभयो ।

## ५. मेघालय (भारत) को बसाइँ

लीलाराम न्यौपानेले मेघालयमा बसी व्यापारव्यवसाय सुरु गर्नुभयो । त्यतिबेला इन्डिया र चाइनाको लडाइँ चलेको थियो । सिलाङ्मा खाद्यान्न अभाव थियो । लडाईंले गर्दा रातारात खाद्यान्न ओसारपसार गराउनु पर्दथ्यो । त्यसैले मूल्यमा पनि निक्कै उतार चढाव भइरहेको थियो । सिलाङ बसाइँकै क्रममा लीलारामका दाजु नन्दरामको निधन हुन गयो । दाजुको निधनबाट सबै बालबच्चाहरूको हेरबिचार तथा पढाइको व्यवस्थासमेत लीलारामको काँधमा परेको थियो । त्यतिखेर सिलाङको सामाजिक स्थिति पनि त्यति राम्रो थिएन । नेपालीहरूलाई दाजु भनी हेय दृष्टिले हेरिने गरिन्थ्यो । शान्तिसुरक्षाको अवस्था पनि राम्रो थिएन भने गाई काटने सामान्य प्रचलन रहेकोले पनि लीलाराम न्यौपानेलाई त्यहाँको सामाजिक तथा सांस्कृतिक परिवेश पटक्कै मन परेको थिएन । त्यसैले सिलाङमा डेरामा जम्मा ३ वर्ष जति बिताएपछि नेपालको भैरहवामा बसाइँ सार्नु भएको हो ।

## ६. भैरहवाको बसाइँ

वि.सं. २०१८ सालतिर वर्माबाट नेपाल आएर केही जग्गा किन्नु भएको थियो । सिलाङ बसाइँको क्रममा भैरहवामा ६ विगाह जग्गा २/३ वटा घडेरीहरू समेत जोडी सक्नु भएको थियो । वर्माबाट नेपालीहरू नेपाल फर्कने क्रम बढेकोले पनि वर्माबाट आएका साथीहरू मिलेर भैरहवामा घडेरी किनी घर बनाउनु भयो । हाल उक्त ठाउँ वर्मेलीटोल भनेर अझै प्रख्यात छ । सिलाङमा कारोवार गर्दादेखि नै लीलाराम न्यौपानेले

भैरहवामा पनि पसल खोल्नुभएको थियो । उक्त पसलमा विश्वासिलो मान्छे राखेर चलाउनु भएको थियो । सुरुमा काठमाडौं स्टोर्स नामको साझेदारीमा खोलिएको कपडा पसल थियो । २०२५ साल भाद्र महिनादेखि सबै परिवार बालबच्चासहित भैरहवामा नै बस्न थालेपछि पसलको कारोबार पनि बढाउनु भएको थियो । उहाँले खासगरी चाइनिज समानहरूको होलसेल व्यापारमा बढी जोड दिनु भयो । पछि साथीभाई मिलेर अनुपमा स्टोर्स नामको ठूलो होलसेल पसलसमेत सञ्चालन गर्नु भएको थियो । त्यतिबेला उक्त पसल नेशनल ट्रेड्गिङ लिमिटेडबाट लुम्बिनी अञ्चलको डिलर भएको थियो । पछि उक्त पसल एक्लैले समेत सञ्चालन गर्नु भएको थियो । लीलाराम न्यौपाने व्यापार व्यवसायमा अली खरो नै देखिनु हुन्थ्यो । कारोवारमा आफै हिसाबकिताब राख्ने, नयाँ नयाँ कारोवारमा हात हाल्ने, कारोवारको नाफा नोक्सान केलाउने, फजुल खर्च नगर्ने, अल्छी नबन्ने, सधैँ फुर्तिलो देखिने र समयसापेक्ष कारोवार गर्न सक्ने उहाँका विशेषता नै थिए । कारोवारको सिलसिलामा भैरहवामा सिद्धार्थ राजमार्गको निर्माणको सुरुआत हुन लागेको अवस्थामा वर्माबाट आएका साथीभाइहरू मिलेर लुम्बिनी बस सेवा (प्रा.) लि. मा समेत सेयरको हिस्सा किनेर कारोवार सञ्चालन गर्नु भएको थियो । त्यतिखेर बस भैरहवाबाट बुटवलसम्म जाने आउने गर्दथ्यो । बस भाडा पनि दुई रुपैंया मात्र थियो । लुम्बिनी बस केही वर्ष राम्रो चल्यो, पछि बसको वर्कसप समेत आफैले खरिद गर्नु भएको थियो । यसरी लीलाराम न्यौपानेले केही न केही उद्यम गरिरहनु भएको थियो । घरमा पनि साँझ बिहान करेसाबारीमा आफै फूलहरू र तरकारी लगाउन गोडमेल गर्न पनि सौखिन हुनुहुन्थ्यो । घरायसी काम धन्धा बालबच्चाको स्याहारसुसारको काम कुन्तीदेवी न्यौपानेले रातदिन आफै खटिएर गर्नुहुन्थ्यो । लीलाराम न्यौपाने भैरहवा जस्तो ठाउँमा सबैसँग मृदृभाषी मिलनसार भई रातदिन कारोवारमा संलग्न भए तापनि छोराछोरीहरूको पढाइमा समेत ध्यान दिन भ्याउनु हुन्थ्यो ।

## ७. विवाह र सन्तान

वर्मा निवासी कानुन व्यवसायी तथा आयुर्वेद चिकित्सक श्रीमान् धनञ्जय खरेल र श्रीमती सुनकला खरेलका छोराहरू कमलाकान्त, हरिकान्त, निमकान्त, चन्द्रकान्त र छोरीहरू कुन्तीदेवी, कान्तिदेवी, तुल्सीदेवी हुनुहुन्छ । जेष्ठ सन्तानको रूपमा कुन्तीदेवीको जन्म वि.सं. १९९७ साल श्रावण ७ गते मंगलबार त्रयोदशी तिथिका दिन वर्मामा भएको हो । लीलाराम न्यौपानेको विवाह २९ वर्षको उमेरमा वि.सं. २०१४ साल फागुन ९ गते कुन्तीदेवीसँग वर्मामा भएको हो । विवाहमा आफ्ना साथीभाइहरूलाई निमन्त्रणा गरेर

बोलाइएको थियो । त्यतिबेला विवाहमा अहिले जस्तो भोज भतेर गर्ने चलन थिएन । सबैलाई चिया तथा जलपान गराउनु पर्दथियो । दुलाहा पक्षकाले पटीमा आउनेहरूलाई गुलावको एउटा फुल र कागजको आकर्षक हातेपंखा दिनु पर्दथ्यो । लीलाराम न्यौपाने र श्रीमती कुन्तीदेवी न्यौपाने ६ सन्तानबाट भरिपूर्ण हुनुहुन्छ जसमा जेठा छोरा हरि न्यौपानेको जन्म वि.सं. २०१६ साल भाद्र ३१ गते, माहिला छोरा दुर्गा न्यौपानेको जन्म २०१७ साल श्रावण २६ गते, छोरी सावित्री २०१९ साल असोज १० र साहिँला छोरा विष्णुप्रसाद न्यौपानेको जन्म २०२१ साल श्रावण २४ गते वर्मामा भएको हो भने कान्छा सुपुत्र शशि (टीकाराम) को जन्म २०२३ साल कार्तिक २३ गते सिलाङ (भारत) र कान्छी छोरी शोभाको जन्म २०२५ साल फागुण १८ गते भैरहवामा भएको हो ।

लीलारामका दाजु नन्दरामको विवाह वर्मामा वि.सं. २०१३ साल माघ २० गते विष्णुमायासँग भएको थियो भने नन्दराम र विष्णुमायाबाट २ छोरा १ छोरीको जन्म भए तापनि कान्छो छोराको भैरहवामा १८ वर्षको उमेरमा मेन्निजाइटिस रोगबाट निधन हुन पुग्यो । जेठा छोरा भूपति न्यौपाने हाल काठमाडौंमा र छोरी राधिका पोखरामा बसोवास गरेका छन् ।

## ८. सामाजिक कार्यमा रूचि

लीलाराम न्यौपाने सानैमा निडर, परिश्रमी, स्वावलम्बी स्वभावका हुनुहुन्थ्यो । मेहनत गरेमा जुनसुकै कुरा पनि प्राप्त गर्न सकिन्छ भन्ने आत्मविश्वास बोकेको हुँदा उहाँले कसैलाई दया भावले दान दिनु हुन्थेन । लीलाराम २३ वर्षकै हुँदा वर्मामा हिन्दू समाजबाट नेपाली र भारतीयहरू मिलेर बनाइएको शिख मन्दिर (गुरुद्वार) मा पाकघर बनाउन चन्दा उठाउने भनी समाजका सदस्यहरूको सल्लाह बमोजिम डा.दिलीप सिंह मन्दिरको अध्यक्ष र लीलाराम न्यौपाने सदस्यसहितको टोली चन्दा रकम उठाउने भनी अस्पाताल पुग्नुभयो । अध्यक्ष डा.दिलीप सिंहले पूर्ण सिंह (सफाई कर्मचारी) नाम गरेको सेतै फुलेको, अग्लो, गोरो व्यक्तिलाई बोलाएर भन्नुभयो हामी तपाईंसँग गुरुद्वारमा पाकघर बनाउन चन्दा माग्न आएको भनी सबै कुरा गर्नुभयो । पूर्णसिंहको एउटा हातमा बालटीन र अर्को हातमा झाडु थियो । चन्दा माग्न आएको कुरा बुझेपछि पूर्ण सिंहले बडो उदारताका साथ भने-चन्दा दिन्छु मेरो नाम लेख्नुस्, मैले अघिल्लो महिनाको तलब हिन्दू मन्दिर निमार्णको लागि दिइसकेको छु, यस महिनाको तलब अर्कै संस्थालाई दिने भनेर लेखाइसकेकोले अब आउने महिनाको तलब लिफा नखोली तपाईहरूलाई दिन्छु । पूर्णसिंहको

यस्तो कुरा सुनेर लीलाराम आश्चर्यचकित भई पूर्णसिंहलाई सोधिहाल्नुभयो - 'तपाईले यसरी प्रत्येक महिनाको तलब पूरै चन्दा दिँदा तपाईको बालबच्चा परिवार कसरी पाल्नु हुन्छ ?' पूर्णसिंहको उत्तर आयो- 'भगवान् देताजी' मैले बाहिर पार्टटाइम काम गरेर पनि मेरो परिवार पाल्न सकेको छु, आखिर तलबले पनि अरूको सेवा गर्न पाउँदा मलाई आनन्द लाग्छ" ।

यसरी एउटा सफाई कर्मचारीको यति ठूलो दानवीरताले लीलारामलाई कमाईको केही अंश दान गर्ने प्रेरणा मिल्न गएको हो । त्यससमयदेखि उहाँले गरिब, असहाय, दीन दुःखीलगायत सामाजिक कार्यमा दान गर्न सुरु गर्नु भएको हो । शंखाई (शिव) मन्दिरमा १ दिन नेपालीहरूको तर्फबाट भण्डारा चलाउने कार्यको सुरुआत आफैंले गर्नुभयो । यसरी दान गरेको रकमबाट उहाँलाई उर्जा प्राप्त भएको आभास हुन थाल्यो । त्यसैले उहाँले आफूलाई इमान्दार, भाग्य र कर्मको त्रिवेणीको रूपमा उभ्याउन सफल हुनु भएको छ ।

लीलाराम न्यौपाने २४ वर्षको उमेरमै वर्मामा शंखाई (शिव) मन्दिरको सञ्चालक सदस्य भई पछि सचिवसमेत हुनु भएको थियो भने आफैले अध्ययन गरेको विद्यालयको सञ्चालक सदस्यका साथै इन्डियन पब्लिक स्कूलको सञ्चालक सदस्य पनि बन्नु भएको थियो । उहाँ हिन्दू समाजद्वारा गठित गोर्खा एसोसिएसन, भारतीय नेपाली सिटिजन आदि संस्थासँग आबद्ध हुनुहुन्थ्यो । नेपाली एसोसियसनको सचिवसमेत रहनु भएको थियो । कुनै कारणबाट जेल परेका दुई नेपालीलाई छुटाउन जमानत बस्दा जेलरले लीलारामको जमानतमा चाईनीज नागरिकहरूलाई समेत मुक्त गरिदिएको कुरा उहाँले कहिल्यै बिर्सनुभएको छैन ।

सिलाङ बसाइँको क्रममा भारत र पाकिस्तानको युद्ध हुँदा भारतीय सरकारले जनतासँग चन्दा सहयोगको लागि अनुरोध गरेअनुसार लीलारामले आफ्नै अगुवाइमा टोल छिमेकीसँग समेत चन्दा सहयोग उठाई करिब २२ हजार चन्दा पठाएकोमा तत्कालीन प्रधानमन्त्री लालबहादुर शास्त्रीबाट चन्दा सहयोग प्राप्त भएको हस्ताक्षरयुक्त रसिद प्राप्त हुँदा उहाँलाई राम्रो कार्यमा दान गर्न अझै बढी प्रोत्साहन मिलेको बताउनु हुन्छ ।

त्यसैले गर्दा पनि लीलाराम न्यौपाने भैरहवामा व्यापार व्यवसायको साथसाथै सामाजिक कार्यमा पनि अगाडि देखिनु भएको हो। भैरहवा नगरपञ्चायतको वडा नं ९ को वडा अध्यक्षमा रहँदा (२०३६ - ०३९) कार्यकालमा भैरहवा नगरपञ्चायतलाई राष्ट्रिय विभूति गौतमबुद्धको महत्त्व दर्शाइ व्यापक बनाउने उद्देश्यले सिद्धार्थनगर नगरपञ्चायत नामकरण गराइएको थियो । त्यतिबेलाका नगर प्रधानपञ्च छत्रपति मल्ल हुनुहुन्थ्यो। भैरहवामा वर्माबाट आएका वर्मेलीहरू बीच राम्रो सामाजिक सद्भाव थियो । वर्मेलीहरू मिलेर सामूहिक व्यापार व्यवसायका साथै संघसंस्थाहरू पनि चलाइएका थिए ।

लीलाराम न्यौपानेमा कुनै संस्थालाई दान मात्र दिने कार्य नगरी त्यस संस्थालाई कसरी चलाउने, कसरी सबैको सहभागिता जुटाउने भनी दिनरात आफै खटिई कार्य गर्ने बानी नै परेको थियो । विभिन्न विद्यालयहरू, रूपन्देही क्याम्पस, संस्कृत विद्याश्रम स्थापना तथा मन्दिरहरू सञ्चालनमा बढी सक्रियता देखाउनु भएको थियो । जिल्ला बाल कल्याण समिति रूपन्देहीको कोषाध्यक्ष भई काम गर्दा आफैले आर्थिक सहयोगसमेत गरी ३ तले भवन निर्माणसमेत गराउनु भएको थियो । उक्त समितिको अध्यक्ष तत्कालीन प्रमुख जिल्ला अधिकारी स्थानेश्वर देवकोटाको पनि भवन निर्माण गराउन ठूलो योगदान रहेको छ । त्यसबेलासम्म २ वटा जिल्लामा मात्र बाल कल्याणका भवन बनेका थिए ।

लीलाराम न्यौपानेले असहाय बालबालिकाहरू रोगीहरू वृद्धवृद्धाहरूका दुःखमा समेत सहयोग पुऱ्याउँदै आउनु भएको छ । खेलकूद लगायतका अन्य सामाजिक कार्यमासमेत उहाँको निरन्तर सहयोग रहेको छ ।

## ९. तीर्थाटन

हिन्दू परम्पराअनुसार समयसमयमा धार्मिक तीर्थस्थलहरूको दर्शन गर्ने कार्यमा लीलाराम न्यौपाने कहिल्यै पछाडि पर्नुभएको छैन । प्रायजसो तीर्थाटनमा श्रीमान् श्रीमतीका साथै छोराहरूलाई पनि लिएर जाने गर्नुभएको छ। चारधामको प्रख्यात बद्रीनाथ केदारनाथको धार्मिक यात्रामा आफ्नै कम्पनीको गाडी लिएर कान्छा सुपुत्र शशिसँग जानु भएको थियो । पहिरो गएको कारणले गङ्गोत्तरी र यमुनेत्तरीको तीर्थटन सम्भव भएन ।

साहिँलाछोरा विष्णुप्रसादसँग दक्षिण भारतको रामेश्वर तिरुपति बालाजी, मीनाक्षी मन्दिर लगायत चेन्नेइ (मद्रास) का विभिन्न मठमन्दिरको दर्शन गर्नु भएको थियो । माहिला छोरा दुर्गाप्रसादसँग कोलकत्ताको कालीमन्दिर, गंगासागर उडीसाको जग्गन्नाथपुरी र बनारसको विश्वनाथ मन्दिरको समेत दर्शन गर्न १५ दिनको यात्रामा सासू सुनकला खरेललाई पनि साथमा लैजानु भएको थियो । २०५२ सालतिर जेठा छोरा हरिप्रसादको साथमा नेपालको पवित्र धार्मिकस्थल मुक्तिनाथ धाममा हेलिकोप्टरमा गई दर्शन गर्नुभएको थियो । तर नेपालको उत्तरीभागको विकट अग्लो स्थानमा रहेको पवित्र कुण्ड गोसाईकुण्डको दर्शन तथा यात्रा भने स्वास्थ्यको कारणले हेलिकोप्टरको टिकट लिइसकेपछि पनि जान सक्नु भएन, उक्त यात्रा श्रीमती कुन्तीदेवी र छोरा हरिप्रसाद, माहिली बुहारी नीताले मात्रै गर्नुपऱ्यो । भतिजा भूपति न्यौपानेलाई साथमा लिएर गोरखपुरको प्रसिद्ध मन्दिर गोरखनाथबाबा र बनारसका प्रसिद्ध मठ मन्दिरहरूको दर्शन गर्नुभई गयामा गएर पितृश्राद्ध समेत गर्नु भएको थियो । लीलाराम र कुन्तीदेवीले वोलवमधामको पनि दर्शन गरी जल चढाउनु भएको थियो । नेपालको पवित्र हरिहर क्षेत्र देवघाटधाम, त्रिवेणीधाम, काठमाडौँको पशुपतिनाथ लगायत अन्य देवीदेवताका मन्दिरहरूमा पटकपटक दर्शन गर्न गईरहनु हुन्छ ।

## १०. विदेश भ्रमण

लीलाराम न्यौपानेले कर्मथलोको रूपमा वर्मा (म्यान्मार) र भारतको पटक पटक यात्रा गरिरहनु भए तापनि सानैदेखि उहाँको मनमा एउटा कुरा खेलिरहेको थियो । दोस्रो विश्वयुद्धको जिउँदो शहीदको रूपमा कलिलो उमेरमै प्रत्यक्ष भाग लिनुले पनि व्रिटिस उपनिवेशको आधिपत्याले गर्दा पनि बेलायत भ्रमण गर्ने तीब्र चाहना राखिरहनु भएको थियो । बेलायतको राजपरम्परा बारे प्रत्यक्ष जान्न कौतुहलता जागिरहेको थियो । त्यसैले श्रीमती कुन्तीदेवी र छोरा हरिप्रसादका साथमा २८ दिने युरोप भ्रमणमा निस्कनु भएको थियो । उक्त भ्रमण २०५४ साल फागुणको पहिलो हप्तामा काठमाडौँबाट कतार र कतारबाट सिधै लण्डन पुग्नु भयो । उहाँको भ्रमणको मुख्य केन्द्रबिन्दु बेलायतलाई बनाएको कारणले पनि लण्डनमा १५ दिन बिताउनु भएको थियो । लण्डन बसाइँका क्रममा उहाँले पर्यटकीय हिसाबले हेर्नु घुम्नु पर्ने प्रायजसो ठाउँहरू छुटाउनु भएन । त्यतिबेला प्रतिव्यति १७ स्ट्रलिङ पौण्ड तिरेर वकीमघम राजदरबारको अवलोकन गर्नुभएको थियो । राजकुमारी डायनाको दरबार, संसदभवन, टावर व्रिजको पनि भ्रमण गर्नु भएको

थियो । सङग्राहलयमा विश्वप्रसिद्धी कमाएको कोहिनुर हीराको पनि अवलोकन गर्नु भएको थियो ।

भ्रमणको क्रममा नेपाली टोपी लगाएर हिँड्दा नेपाली दाजुभाइहरू परिचय गर्न आउँथे भने एक दिन टोपी नलगाइकन हिँड्दा टुप्पी देखेर हरेराम हरेकृष्ण भनेर भजन गाउँदै हिँड्ने हिन्दूहरूको भजन टोलीसँग भेट भई आफै पनि हरेराम हरेकृष्ण भन्दै भजन गाएर टोलीसँग बाटैमा नाच्दा भ्रमण बडो रोचक भएको कुरा सुनाउनु हुन्छ । यस भ्रमणबाट उहाँले ब्रिटिसहरू कति शक्तिशाली, मेहनती र विश्वमै प्रविधिसँग कति अगाडि रहेछन् भन्ने जिज्ञासाहरू मेटाउनु भएको थियो ।

त्यसपछि उहाँको भ्रमण बेल्जियमको राजधानी ब्रुल्सेसमा २ दिन बिताई हल्याण्डका घुम्नु पर्ने मुख्य ठाउँहरूको अवलोकन गर्नु भएको थियो । त्यसपछि लकजर्म्वगको मुख्य मुख्य स्थानहरू हेरेर निदरल्याण्डको हेग प्रस्थान गर्नु भएको थियो । हेगमा  रहँदा पर्यटकीय क्षेत्रको भ्रमण गर्नुका साथै हीरा प्रशोधन कारखानाको अवलोकन गर्न समेत गर्न भ्याउनु भएको थियो । उहाँहरू जर्मनीको वर्लिन जानु भई संसारको सबैभन्दा ठूलो गिर्जाघरको अवलोकन गर्नुका साथै मार्क्सवादी चिन्तक दार्शनिक कार्लमार्क्सको जन्मस्थलमा पुगी उहाँको जीवनीबारे जानकारी हाँसिल गर्नु भएको थियो । जर्मनीको वर्लिनमा कृषि फार्मको अवलोकनको क्रममा अङगुर खेतीबारे जानकारी लिनु भएको थियो । Wine उत्पादनको लागि अङगुरको व्यवसायिकरूपमा खेती गर्ने चलन रहेछ। भ्रमणको अन्ततिर विश्वकै अति सुन्दर र सफा सहर भनेर चिनिने फ्रान्सको राजधानी पेरिसमा २ दिन बसी सातौं आश्चर्य मध्येको एक एफिल टावर र पर्यटकीय स्थलको अवलोकनका साथै  विश्वबजारमा महत्त्वपूर्ण स्थान जमाउन सफल भएको wine हरू उत्पादन गर्ने कारखानाको अवलोकन भ्रमण गर्नु भएको थियो । विश्वको अति सुन्दर सहर पेरिसबाट थाईलैण्डको बैंकक हुँदै नेपाल फर्कनु भएको थियो । युरोप भ्रमणका क्रममा उहाँले पर्यटकीय स्थलको अवलोकन गर्नुका साथै उद्योगधन्धाहरू के कसरी सञ्चालन गरिएका रहेछन् भन्ने विषयमा पनि बढी चासो दिई अवलोकन गर्नु भएको थियो । व्यापारव्यवसायको सिलसिलामा थाइलैण्ड, पाकिस्तान र सिँगापुरको समेत छुट्टाछुट्टै भ्रमण गर्नु भएको थियो ।

# ११. पारिवारिक संलग्नतामा सञ्चालित उद्योग व्यवसायहरू

लीलाराम न्यौपाने सानैदेखि उद्यमशील भएको कारणले पनि उद्योगव्यवसाय क्षेत्रमा बढी जोड दिनु भयो । उहाँले आफ्ना सन्तानहरूलाई उचित शिक्षादीक्षा र मार्गदर्शन दिन सकेको कारणले पनि अहिले सबै छोराहरू नेपालको राष्ट्रिय उद्योगी व्यवसायीको सूचीमा आफूहरूलाई उभ्याउन सफल भएका छन् । तरल राजनीतिक अवस्था, शान्तिसुरक्षाको कमजोर स्थितिमा पनि उहाँका सुपुत्रहरू आफ्नो लगन-उत्साहका साथ उद्योग व्यवसायमा नयाँ क्षेत्रको खोजी गरी कार्य गर्दै आएको स्थिति छ । उहाँहरूले सञ्चालन गरेका उद्योग व्यवसायबाट हजारौँ व्यक्तिलाई रोजगारीको अवसर सिर्जना भई धेरै व्यक्तिको जीविकोपार्जनमा टेवा पुगेको छ भने राष्ट्रिय अर्थतन्त्रमा समेत योगदान पुग्न गएको छ। उहाँको पारिवारिक संलग्नता रहेका निम्न उद्योग व्यवसायहरू सञ्चालनमा रहेका छन् ।

१. अम्बे सिमेन्ट (प्रा.) लि
२. अम्बे स्टिल्स (प्रा.) लि
३. जगदम्बा सिमेन्ट इण्डस्ट्रिज (प्रा.) लि
४. जगदम्बा स्यानथेटिक उद्योग (प्रा) लि.
५. सौरभ टि स्टेट (प्रा.) लि झापा
६. सौरव फोटो इन्टरनेशनल (प्रा) लि.
७. अम्बे इन्टरनेशनल (प्रा) लि.
८. जगदम्बा स्पनिङ (प्रा) लि.
९. अम्बे हार्डवेयर (प्रा) लि.
१०. जगदम्बा रोटो प्याकेजिङ (प्रा) लि.
११. यमयम चाउचाउ
१२. अम्बे हाउजिङ एन्ड डेभलपिङ (प्रा) लि.
१३. लक्ष्मी स्टिल्स (प्रा.) लि
१४. जगदम्बा टावर, तिनकुने
१५. अम्बे कम्लेक्स, टेकु
१६. शुभश्री जगदम्बा सिमेन्ट मिल (प्रा.) लि
१७. शुभश्री जगदम्बा बिल्डर्स (प्रा.) लि

## १२. पुरस्कार तथा सम्मान

लीलाराम न्यौपाने २०५६ सालमा गोरखादक्षिण वाहु चौथोबाट विभूषित हुनु भयो भने वीरेन्द्र-ऐश्वर्य सेवा पदक र राष्ट्रिय शिक्षा पुरस्कार २०५८ समेत प्राप्त गर्नु भएको छ । उहाँलाई विभिन्न आध्यात्मिक एवम् धार्मिक प्रतिष्ठानहरू, विद्यालय तथा क्याम्पसहरूका साथै विभिन्न सामाजिक संघ-संस्थाहरूबाट कदर पत्र, सम्मान पत्रबाट अभिनन्दन समेत गरिएको छ । यी पुरस्कार तथा सम्मानसँग सम्बन्धित वस्तुतथ्य परिशिष्टमा राखिएको छ ।

## १३. स्वास्थ्य

लीलाराम सानो उमेरमा निरोगी, हृष्टपुष्ट व्यक्ति हुनुहुन्थ्यो । तर उहाँ ७६ वर्षको हुँदा वि.सं. २०५८ सालमा मुटुमा केही समस्या देखिएपछि काठमाडौँको नर्भिक अस्पतालमा जाँच गराउनुभएकोमा त्यसको केही दिनमै भारतको स्कट इन्स्टिच्युट नयाँ दिल्लीमा मुटुको वाइवास सर्जरी गराउनु भएको थियो । त्यसपछि मृगौलामा समस्या देखिएकोले करिब ६ वर्षदेखि काठमाडौँमा बसी निरन्तर हप्ताको तीन पटक डाइलोसिस गराइरहनु भएको छ । यसरी उपचार गराइरहनु परे तापनि उहाँ आफूलाई विरामी छु भन्ने भावना मनमा नराखी सधैँ फूर्तिलो रूपमा देखिनुहुन्छ । उहाँको जोश जाँगर आत्मबलमा कुनै कमी देखिदैन । अझै पनि सार्वजनिक कार्यक्रमहरू सभा, सम्मेलन तथा निमन्त्रणाहरूमा भाग लिइरहनुभएको छ ।

यसरी वर्मा, भारत र नेपालका विभिन्न ठाउँमा विभिन्न पेसाव्यवसायमा आफूलाई क्रियाशील बनाइ एउटा उदाहरणीय व्यक्तित्व बन्नुभएका लीलाराम न्यौपाने आफ्ना परिवारजनसँग सन्तुष्टिका साथ बस्नु भएको छ ।



लीलाराम न्यौपाने



कुन्तीदेवी न्यौपाने




जन्म स्थान : गुल्मी हुँगा - ८, झेर्दी थुम्का



सिद्धार्थनगर - ९ वर्मेली टोल स्थित कोलोनी निवास

# संन्तान वृक्ष





कुन्तीदेवी



विष्णु



शर्मिला



शशी



ममता



अकुंर



वैभव



अतुल



राहुल




जयन्ती

# संन्तान वृक्ष




स्व. नन्दराम र स्व. विष्णुमाया



भूपति र इन्दिरा



इति



कौविन



इविज्ञा



बुबा लीलाराम र आमा कुन्तीका साथ छोराहरू



लीलारामका बुहारीहरू



ठूली छोरी साबित्री, ज्वाईँ केशव थपलिया, नातिहरू निरज र कृश




सानी छोरी शोभा ज्वाइँ विश्व कोइराला र नाति सुशान्त



छोरी राधिका, ज्वाइँ प्रेम पाण्डे नाति रविन र नातिनी रूविना



श्री ५ वीरेन्द्रबाट गोर्खा दक्षिणवाहु सुशोभन




श्री लीलाराम र कुन्तीदेवीको विवाहको तस्वीर



*Shri Lila Ram Sharma*
*(Butter House, Lashio)*
*request the pleasure of*
*Mr & Mrs Bharma Nand Sharma's Company*
*at a Tea Party*
*on Sunday the 2nd March 1958.*
*between 2 & 2 p.m.*
*in celebration of his marriage ceremony.*
*at Shree Snatan Dharam Mandir,*
*Temple Road Lashio.*

*Lila Ram Sharma............ Married With*
*Kumari Kumli (Daughter of D.J. Sharma. Nemtu)*
*On 20th, February 1958*

विवाहको निमन्त्रणा कार्ड



पन्ध्र वर्षको उमेरका लीलाराम



लीलाराम र कुन्तीदेवीका साथमा हरि र दुर्गा नाबालक



लीलाराम र नन्दरामका नाबालक छोराछोरीहरू




भैरहवाको व्यवसायमा व्यस्त रहँदाको क्षण

## लीलाराम र कुन्तीदेवी विभिन्न भाव मुद्रामा








9 10:37AM





लीलारामका नातिनी र नातिहरू



बद्री केदारनाथको यात्रामा कान्छा सुपुत्र शशि समेत




तीर्थाटन पछि भैरहवाको वसडीलवा स्थित शिबालयमा जल अर्पण

# खण्ड - दुई

# व्यक्तित्व

## १.१ आन्तरिक व्यक्तित्व

लीलाराम न्यौपाने छिटोछरितो सधैँ फुर्तिलो, जाँगरिलो, हँसिलो, मृदुभाषी व्यक्ति हुनुहुन्छ । अरू मान्छेलाई पनि चाँडै चिन्न सक्ने क्षमता उहाँमा पाइन्छ । उहाँ अली हठी स्वभावको व्यक्ति भएको कारणले गर्दा पनि कसैले अपमानित गरेमा जाइलाग्ने स्वभाव सानै उमेरदेखि नै थियो । उहाँ सरल, उदार मनको कोमल हृदय भएको व्यक्ति भएको कारणले पनि उहाँ दुःख पाएका असहाय, अनाथ, अपाङ्ग तथा रोगी व्यक्तिहरूको करुणालाई बुझी तत्कालै सहयोग गर्नुहुन्छ । उहाँमा आध्यात्मिक चेतना जागृत भएको कारणले सानै उमेरदेखि धर्मानुरागी व्यक्ति हुनुहुन्थ्यो । उहाँले धार्मिक गुरुहरू, साधु-सन्तहरूको राम्रो आदर सत्कार सम्मान गर्नुहुन्छ । योगी नरहरिनाथ उहाँको धर्मप्रियता र उदार भावबाट प्रभावित हुनुहुन्थ्यो र उहाँलाई मनपराउनुहुन्थ्यो । उहाँ प्रजातान्त्रिक विचारधारा बोक्ने एउटा सशक्त योद्धा, उपकारीव्यक्ति, एउटा राष्ट्रवादी चिन्तन र व्यवहार भएका व्यक्तिका रूपमा उभिनुहुन्छ। यो उहाँको जीवनको आदर्श हो ।

## १.२ बाह्य व्यक्तित्व

लीलाराम न्यौपाने झट्ट हेर्दा गहुँगोरो वर्णको चम्किलो अनुहार, सामान्य उचाइ (५ फुट ३ इन्च) को व्यक्ति देखिनु हुन्छ । उहाँलाई वर्मामा बस्दा सुट ज्यादा मनपर्ने भए तापनि भैरहवामा आएपछि मौसमको कारणले पनि होला सर्ट पाइन्ट नै बढी मन पराएको देखिन्छ भने उहाँको दैनिकी पनि अल्छी नबन्ने, समयमै उठ्ने, नित्यकर्म गर्ने, पत्रपत्रिका पढनुका साथै खानामा दालभात, तरकारी र फलफूलमा केरामा बढी जोड दिने गर्नुहुन्छ । उहाँको बाल्यकालदेखिको मनपर्ने खेल फुटबल भएकोले फुटबल खेलमा बढी रुचि दिनुहुन्छ । उहाँले बाल्यकालदेखि बयस्कसम्म वर्माकै कर्मभूमिमा बिताउनु भएको र भैरहवा आएपछि बसोवास र कारोबारका हिसाबले पनि वर्मेली टोल को.लो.नि. लाई र वर्मालाई मन पर्ने ठाउँ भनेर भनिरहनु हुन्छ । मनपर्ने पुस्तकको रूपमा गीता पाठ गरिरहनु हुन्छ ।

## १.३ लीलाराम न्यौपानेको विभिन्न सामाजिक संघ संस्थासँग आबद्धता

क. नेपाल रेडक्रस सोसाइटीको आजीवन सदस्य ।

ख. विश्व हिन्दू महासंघको अन्तरराष्ट्रिय सदस्य तथा आजीवन सदस्य ।

ग. सिनपा ८ स्थित शिव मन्दिर वसडिलवाको पूर्व अध्यक्ष ।

घ. सि.न.पा. ८ स्थित दुर्गा मन्दिरको संचालक समितिको पूर्व अध्यक्ष ।

ङ. विश्व हिन्दू महासंघको राष्ट्रिय समितिमा केन्द्रीय सदस्य तथा आजीवन सदस्य ।

च. विश्व-हिन्दू महासंघको सिद्धार्थनगर नगरसमितिको पूर्व अध्यक्ष ।

छ. देवघाट हरिहर सन्यास आश्रम संरक्षण मूल समितिको रूपन्देही जिल्लास्तरीय उपसमितिको अध्यक्ष ।

ज. संस्कृत विद्या आश्रम भैरहवाको अध्यक्ष ।

झ. भानु माध्यमिक विद्यालयको संस्थापक ।

ञ. भानु माविको व्यवस्थापन समितिको पूर्व अध्यक्ष ।

ट. चितवन, मङगलपुरस्थित विश्वनाथ लाल गोविन्द सन्यास आश्रमको मूल समितिको पूर्व कोषाध्याक्ष ।

ठ. सत्यसाई वृद्धाश्रम रूपन्देही जिल्ला समितिको सल्लाहकार ।

ड. जिल्ला बालकल्याण समिति रूपन्देहीको पूर्व कोषाध्याक्ष ।

ण. न्यौपाने वंश समाज नेपालको संरक्षक ।

त. स्वावलम्वी परिवार समाज परिवार काठमाडौँको संरक्षक ।

## २. दाता व्यक्तित्व

लीलाराम न्यौपानेले आफूले आर्थिक सहयोग गरी सामाजिक क्षेत्रका कार्यहरू गर्नु भएको छ। कतिपय शैक्षिक तथा धार्मिक संस्थामा आफ्नो मात्रै निजी लगानी गरी कार्य गर्नु भएको देखिन्छ। दान तथा सहयोगको उहाँले कुनै रेकर्ड राख्नु भएको छैन, हाम्रो धार्मिक मान्यताअनुसार पनि रेकर्ड राख्ने गरिदैन। तर सामाजिक क्षेत्रमा क्रियाशील वरिष्ठ दानवीर भनेर सम्मानित व्यक्तित्वको बारेमा अध्ययन गर्न उहाँले कुन कुन संस्थाहरूमा केकस्तो योगदान गर्नु भयो त भनेर विश्लेषण गर्न जरुरी ठानी लेखकद्वारा उहाँले विभिन्न स्थानमा गर्नु भएको सहयोगको रकम ती संघसंस्थाहरूमा पुगी तथ्यहरू सङकलन गरी क्षेत्रगत रूपमा उहाँले पुऱ्याउनु भएको आर्थिक सहयोग विवरण प्रस्तुत गर्ने प्रयास गरिएको छ। उहाँले पुऱ्याउनु भएको आर्थिक सहयोगको तुलना गर्दा शैक्षिक संघसंस्थाहरूमा ६२% (प्रतिशत), आध्यात्मिक तथा धार्मिक क्षेत्रमा २० % (प्रतिशत) र सामाजिक क्षेत्रमा १८% (प्रतिशत) रहेको देखिन्छ ।

## क. शैक्षिक क्षेत्रमा सहयोग

१. हालको श्री रूपन्देही लीलाराम मा.वि. (तत्कालीन इन्द्रराज्य लक्ष्मी मा.वि.) मा रू. ९,५०,०००/- (नौ लाख पचास हजार) को लागतमा दुई तला चारकोठे भवन, समारोह मञ्च र चौपारी निजी लगानीमा निर्माण गरी विद्यालयलाई हस्तान्तरण ।

२. हालको श्री रूपन्देही लीलाराम मा.वि. (तत्कालीन इन्द्रराज्य लक्ष्मी मा.वि.) मा छात्रवृत्ति कोष सञ्चालनको लागि रू. २,५०,०००/- (दुई लाख पचास हजार) अक्षयकोष स्थापना

३. हालको श्री रूपन्देही लीलाराम मा.वि. (तत्कालीन इन्द्रराज्य लक्ष्मी मा.वि.) लाई उच्च मा.वि. बनाउन भवन निर्माण गर्न आफ्नो परिवारको तर्फबाट महायज्ञमा १७,०९,९६१/- (सत्र लाख नौ हजार नौसय एकसठ्ठी) दान ।

४. हालको श्री रूपन्देही लीलाराम मा.वि. (तत्कालीन इन्द्रराज्य लक्ष्मी मा.वि.) मा निजीलागत रू. ८,२५,०००/- (आठ लाख पच्चीस हजार) थप ३ कोठा भवन बनाई विद्यालयलाई हस्तान्तरण ।

५. हालको श्री रूपन्देही लीलाराम मा.वि. (तत्कालीन इन्द्रराज्य लक्ष्मी मा.वि.) लाई भवन निर्माण गर्न रू. ११,११,१११/- (एघार लाख एघार हजार एक सय एघार) नगद सहयोग ।

६. रूपन्देही सि. न. पा. वडा नं.९ स्थित भानु मा.वि. को प्राङ्गणमा रू. ९,५०,०००/- (नौ लाख पचास हजार) को लागतमा २ तले चारकोठे भवन, समारोहमंच र पानीटंकी समेत स्व मातापिताको पुण्य स्मृतिमा “विश्व गायत्री” भवन निर्माण गरी २०५७ साल पौष १९ गते तत्कालीन राजपरिषद् स्थायी समितिका सभापति डा. केशरजङ्ग रायमाझीज्यूबाट समुद्घाटन गराई विद्यालयलाई हस्तान्तरण ।

७. भानु मा. वि. मा लीलाराम-कुन्तीदेवी गरिब असहाय छात्रवृत्ति अक्षयकोष स्थापना गर्न २,५०,०००/- (दुई लाख पचास हजार) सहयोग ।

८. रूपन्देही क्याम्पस भैरहवामा पटकपटक गरी छात्रवृत्ति अक्षयकोष रू. २,५०,०००/- (दुई लाख पचास हजार) को स्थापना र सोही क्याम्पस सञ्चालनको लागि रू. १०,०००/- (दस हजार) नगद सहयोग ।

९. नवनिर्मित रूपन्देही क्याम्पस भवन (तलमाथि २ तला) छ कोठा भवन सिँढी

तथा समारोह मञ्च निजी लगानी रू. १२,००,०००/- (बाह्र लाख) निर्माण गरी हस्तान्तरण ।

१०. रूपन्देही क्याम्पस भवन तेस्रो तला निर्माणको लागि रू. ९,२५,०००/- (नौ लाख पच्चीस हजार) नगद सहयोग

११. रूपन्देही स्थित बहिरा बालविद्यालयलाई यातायात र थप कक्षा कोठा निर्माणको लागि रू. १८,८००/- (अठार हजार आठ सय) नगद सहयोग ।

१२. रूपन्देही दयानगरस्थित पब्लिक उच्च मा.वि सञ्चालनको सहयोगार्थ सञ्चालित विराट धानधान्यचल यज्ञमा ७५ वर्ष माथिका १०० जना वृद्ध तथा साधुसन्तहरूलाई च्यादर ओढाइ सम्मान र दक्षिणा प्रदान गरेको तथा सम्पूर्ण श्रद्धालु भक्तजनलाई १ दिनको भोजन खर्च र भवन निमार्ण सहयोगको लागि रू. १,११,०००/- (एक लाख एघार हजार) नगद सहयोग ।

१३. नवलपरासी प्रगतिनगरस्थित जनज्योति नमुना कन्या मा.वि.मा. मातापिताको पुण्यस्मृतिमा रू. ५१,०००/- (एकाउन्न हजार) को विश्व गायत्री छात्रवृत्ति कोष र विद्यालय सञ्चालनको लागि रू. १,०१,०००/- (एक लाख एक हजार) को लीलाराम-कुन्तीदेवी अक्षयकोष स्थापना ।

१४. रूपन्देही आनन्दवनस्थित गीर्वाण मा.वि. मणिग्राममा (३५ x २५ फुट) छात्रावास भवन निर्माण गर्न रू. २,५०,०००/- (दुई लाख पचास हजार) सहयोग

१५. भैरहवा उच्च मा. वि. मा रू. १५,०००/- (पन्ध्र हजार) सहयोग ।

१६. भैरहवा बहुमुखी क्याम्पसमा छात्रावास निर्माणको लागि रू. ५०,०००/- (पचास हजार) दानका साथै श्रीमान्/श्रीमतीको तुलादान (सबै खाने वस्तु कपडा र सुन समेत)

१७. संस्कृत विद्याश्रममा गौशाला निर्माण गर्न रू. १०,०००/- (दस हजार) र भान्साघर निर्माणमा रू. ३,००,०००/- (तीन लाख) सहयोग

१८. रूपन्देही टिकुलीगढस्थित दुर्गा वेद वेदाङ्ग विद्यापीठको भवन निर्माणको लागि रू. ११,०००/- (एघार हजार) सहयोग ।

१९. रूपन्देही शंकरनगरस्थित दुर्गा वेद विद्याश्रममा गौशाला निर्माणको लागि रू. १,०१,०००/- (एक लाख एक हजार) गाई किन्नको लागि रू. ३०,०००/- (तीस हजार) समेत नगद सहयोग ।

२०. पशुपति शिवालय संस्कृत विद्यापीठ प्रगतिनगर नवलपरासीलाई रू. ५,१००/-

(पाँच हजार एक सय) सहयोग ।

२१. सि.न.पा. -७ स्थित मदरसा भवन निर्माणको लागि रू. २५,०००/- (पच्चीस हजार) सहयोग ।

२२. कपिलवस्तु बाणगङगा रामापुर विद्यालयलाई रू. ५,१००/- (पाँच हजार एक सय) सहयोग ।

२३. कृष्ण मा. वि. दहचोक, काठमाडौंलाई रू. ५,१००/- (पाँच हजार एक सय) सहयोग ।

२४. देवदह आर्दश बहुमुखी क्याम्पस सञ्चालनको महायज्ञमा रू. ५,००,०००/- (पाँच लाख) दान ।

## ख. आध्यात्मिक तथा धार्मिक क्षेत्रमा सहयोग

१. २०४० सालदेखि दीपावलीमा गरिब असहायहरूलाई वस्त्र दान गर्दै आएको ।

२. हरिहर सन्यासआश्रम देवघाट धाममा आयोजित धान्याचल महायज्ञको विशेष समारोहमा भोजन व्यवस्था खर्च रू. ९२,०००/- (बयानब्बे हजार) र ५० जना साधु सन्त विद्वान्हरूलाई वस्त्र दान र दक्षिणासमेत दान ।

३. देवघाटधाममा रू. ४०,०००/- (चालीस हजार) को अक्षयकोष स्थापना ।

४. देवघाटधाम स्थित हरिहरआश्रममा पक्की गौशाला निर्माण गर्न नगद रू. ७,७३,४७०/- (सात लाख, त्रिहत्रर हजार चार सय सत्तरी) सहयोग ।

५. तत्कालिन श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेवको २५ औं गद्दी आरोहण समारोहको उपलक्ष्यमा २५ जना गरिब असहायलाई कम्बल दान र २५ जना ब्राह्मणहरूलाई वस्त्रदान तथा ३०० जनालाई भोजन गराएको ।

६. चितवन मङगलपुरस्थित विश्वलालनाथ गोविन्द सन्यासआश्रममा रू. १,११,०००/- (एक लाख एघार हजार) चन्दा सहयोग धानधान्यचल सप्ताह समारोहमा १ दिनको भोजनसमेत गराई भवन निमार्णको लागि थप रू. १,००,०००/- (एक लाख) सहयोग ।

७. सिद्धार्थनगर नगरपालिकाको डन्डानदी स्वर्गद्वारीघाट निर्माणको लागि रू. १,०१,०००/- (एक लाख एक हजार) सहयोग ।

८. भैरहवा स्थित सत्यसाई वृद्धआश्रममा प्रार्थनाकक्ष निर्माणको लागि

रू. २,०१,०००/- (दुई लाख एक हजार) तथा कार्पेट पर्दा र साईबाबाको फोटोको लागि रू. २०,०००/- (बीस हजार) र गौशाला निर्माणको लागि रू. ११,०००/- (एघार हजार) गरी जम्मा रू. २,३२,०००/- (दुई लाख बत्तीस हजार) सहयोग ।

९. झापा जिल्ला, चारपाने वडा नं ३ स्थित श्री विवेकाश्रम (साङ्गवेद संस्कृत मा. वि.) मा रू. ७६,०००/- (छहत्तर हजार) को अक्षयकोष स्थापना ।

१०. श्यामाश्याम सत्संङ्ग भवन वृन्दावन भारतमा रू. ३०,०००/- (तीस हजार) सहयोग ।

११. संत रामेश्वर परमार्थ सेवा संघ, शङखमूल, पाटन भवन निर्माणमा रू. २५,०००/- (पच्चीस हजार) सहयोग ।

१२. मुक्तिनाथ जोमसोममा तीर्थयात्री भोजनका लागि रू. ११,०००/- (एघार हजार) र धर्मशाला निर्माणका लागि रू. ११,०००/- (एघार हजार) समेत सहयोग ।

१३. विश्व हिन्दू बौद्ध महासम्मेलन भैरहवामा अतिथि सत्कारमा रू. ११,०००/- (एघार हजार) सहयोग ।

१४. स्वामी कमलनयनार्चायद्वारा सञ्चालित पशुपति वनकालीमा सात करोड दीप प्रज्वलनमा रू. २५,०००/- (पच्चीस हजार) सहयोग ।

१५. मुक्तिनाथ रानीपौवामा स्वामी कमलनयनार्चायद्वारा सम्पन्न १०८ श्रीमद् भागवतयज्ञमा रू. १५,०००/- (पन्ध्र हजार) सहयोग ।

१६. सि.न.पा. - ८ पानी टंकी प्राङ्गणमा स्वामी कमलनयनाचार्यद्वारा सञ्चालित महालक्ष्मी शान्ति कलस पूजन धान्याचल महायज्ञमा रू. १६,०००/- (सोह्र हजार) दान ।

१७. पशुपति वनकाली धर्मशालामा श्री १०८ पुण्यानन्द गिरीजी महाराजद्वारा सम्पन्न श्रीमद् भागवत् महायज्ञमा अतिथि भोजनका लागि रू. १५,०००/- (पन्ध्र हजार) सहयोग ।

१८. सि.न.पा. ८ नारायणस्थान मन्दिरमा हवन कुण्ड निर्माणमा रू. ११,०००/- (एघार हजार) सहयोग ।

१९. रूपन्देही मोतीपुरमा शिव मन्दिर निर्माणमा रू. २५,०००/- (पच्चीस हजार) सहयोग ।

२०. रूपन्देही आनन्दवनमा दुर्गा मन्दिर निर्माणमा रू. ५०,०००/- (पचास हजार) सहयोग ।

२१. विश्व हिन्दू महासंघ काठमाडौँमा भवन निर्माणको लागि रू. २,००,०००/- (दुई लाख) सहयोग ।

२२. विश्व हिन्दू महासंघलाई रू. ५,१००/- (पाँच हजार एक सय) सहयोग ।

२३. देवाश्रम संरक्षण समिति, कास्कीमा रू. ५,१००/- (पाँच हजार एक सय) सहयोग ।

२४. भागवत् धर्म सेवा संघ, कुलेश्वर, काठमाडौँमा रू. १५,०००/- (पन्ध्र हजार) सहयोग ।

२५. सि.न.पा. -४ हनुमान मन्दिरमा मारुतीनन्दन यज्ञमा रू. ५,१००/- (पाँच हजार एक सय) सहयोग ।

२६. रोहिणी स्वरूप सन्यास आश्रम गल्लामन्डीमा निर्माणका लागि रू. ५,१००/- (पाँच हजार एक सय) सहयोग ।

२७. रामजानकी शिवमन्दिर मङ्गलापुरमा सतसंग भवन निर्माणमा रू. ५,१००/- (पाँच हजार एक सय) सहयोग ।

२८. वूढानीलकण्ठ विद्याश्रम, काठमाडौँमा रू. ५,१००/- (पाँच हजार एक सय) सहयोग ।

२९. पशुपति शिवालय संस्कृत विद्यापीठ प्रगतिनगर, नवलपरासीलाई रू. ५,१००/- (पाँच हजार एक सय) सहयोग ।

३०. पोखरा विन्दवासिनी मन्दिरमा सम्पन्न महायज्ञमा रू. ५,१००/- (पाँच हजार एक सय) सहयोग ।

३१. मुस्ताङको दामोदर कुण्डमा धर्मशाला निर्माणमा रू. ५,००५/- (पाँच हजार पाँच) सहयोग ।

३२. बुटवल कृष्णमन्दिरमा सञ्चालित महायज्ञमा रू. ५,१००/- (पाँच हजार एक सय) सहयोग ।

३३. सि.न.पा. - ३ स्थित कृष्णमन्दिर निर्माणमा रू. ३,०००/- (तीन हजार) सहयोग ।

३४. निखिलेश्वर महादेव मन्दिर, कोटेश्वर निमार्णमा रू. ५,१००/- (पाँच हजार एक सय) सहयोग ।

३५. वैदिक सनातन धर्म सेवा समिति, भैरहवा रू. ७,००१/- (सात हजार एक) सहयोग ।

३६. शिव महापुराण ठेचो, ललितपुर रू. ५,१००/- (पाँच हजार एक सय) सहयोग ।

३७. न्यौपाने वंश समाज नेपालको कुल मन्दिर स्थापनाका लागि जग्गा खरिदमा रू. ३,००,०००/- (तीन लाख) सहयोग ।

३८. न्यौपाने वंश समाज सभाहल निर्माणमा रू. ५१,०००/- (एकाउन्न हजार) सहयोग ।

३९. न्यौपाने वंश समाज कुलपूजामा १ दिनको भोजन सहयोग - २५,०००/- (पच्चीस हजार) सहयोग ।

४०. न्यौपाने बन्धु समाज, काठमाडौँ रू. १५,०००/- (पन्ध्र हजार) सहयोग ।

४१. स्युचाटार -१ मा दुर्गामन्दिर निर्माण सहयोग (कोलोनी) रू. १,२१,०००/- (एक लाख एक्काइस हजार) सहयोग ।

४२. सि.न.पा. ८ स्थित दुर्गा मन्दिरको नयाँ भवन निर्माणको लागि महायज्ञमा रू. ८,८८,८८८/- (आठ लाख अठासी हजार आठ सय अठासी) दान ।

४३. रामजानकी मन्दिर पडसरी, रूपन्देहीमा रू. ३,०१,०००/- (तीन लाख एक हजार) दान ।

## ग. सामाजिक कार्यमा सहयोग

१. सि.न.पा. -८ स्थित नारायणस्थान मन्दिरमा लायन्स धर्मशाला निर्माणको लागि रू. १,०५,०००/- (एक लाख पाँच हजार) सहयोग ।

२. सि.न.पा. -८ मा नवनिर्मित वडा समिति भवनको मथिल्लो तलामा निर्मित शहीद गङगालाल पुस्तकालय भवन रू. ४,००,०००/- (चार लाख) को निजी लागतमा निर्माण ।

३. सि.न.पा. -९ भानुपथस्थित सार्वजनिक बाटोको लागि जग्गा खरीद गर्न रू. ५१,०००/- (एक्काउन्न हजार) र बाटो निर्माणमा रू. ३०,०००/- (तीस हजार) सहयोग ।

४. सिद्धार्थ जेसिसको माथिल्लो तला निर्माणमा रू. ३५,००० (पैँतीस हजार) बराबरको १०० बोरा सिमेन्ट सहयोग ।

५. जिल्ला बाल कल्याण समिति, रूपन्देहीको भवन निर्माणमा रू. ३,११,००० (तीन लाख एघार हजार) सहयोग ।
६. जिल्ला बाल कल्याण समितिको भवन उद्घाटन समारोहमा १०० जना अनाथ, अपाङ्ग बालबालिकालाई वस्त्र भोजन र दक्षिणा मा रू. ४०,०००/- (चालीस हजार) सहयोग ।
७. रोटरी क्लव सिद्धार्थनगरको एम्वुलेन्स सेवाको लागि रू. ११,०००/- (एघार हजार) सहयोग ।
८. सामुदायिक प्रहरी सेवा (७, ८, ९) को वार्षिक समारोहमा १ दिनको भोजन रू. १२,०००/- (बाह्र हजार) सहयोग ।
९. सिद्धार्थ साहित्य परिषद्, भैरहवालाई रू. ११,१०१/- (एघार हजार एक सय एक) सहयोग ।
१०. रूपन्देही जिल्ला अदालत वार एशोसिएसन भवन निर्माणमा रू. ५१,०००/- (एकाउन्न हजार) सहयोग ।
१२. नगरकोट स्वास्थ्य चौकी निर्माणमा रू. ८२,०००/- (बयासी हजार) बराबरको सिमेन्ट सहयोग ।
१३. राष्ट्रिय मृगौला उपचार केन्द्र, काठमाडौँलाई रू. ३१,०००/- (एकतीस हजार) सहयोग ।
१४. राष्ट्रिय मृगौला उपचार केन्द्रलाई (वा. ७ च. ६८४२) मारुती भ्यान एक थान सहयोग ।
१५. नेपाल नेत्रज्योतिसंघलाई रू. ५,१००/- (पाँच हजार एक सय) सहयोग ।
१६. वैद्धिक सनातन धर्म सेवा समितिलाई लुन्बिनी प्रवेश द्वार निर्माणमा रु. १,२१,०००/- (एक लाख एक्काइस हजार) सहयोग ।

यसरी आफ्नो कमाइबाट बचतमा आएको केही कोष धार्मिक क्षेत्र, सामाजिक क्षेत्र र परोपकारका क्षेत्रमा दान-उपहार-सहयोग प्रदान गरी उहाँले आफूलाई एउटा सशक्त दानवीरका रूपमा स्थापना गर्नु भएको छ। उहाँको जीवनीबाट प्रत्येक नेपालीले केही त्याग गर्न सिक्नुपर्छ, उदाहरण लिनुपर्छ र समाजलाई केही दिने भावनाको विकास गर्नुपर्छ भन्ने सन्देश प्राप्त हुन्छ ।




वसन्त उत्सवमा सङ्खाइ (शिव) मन्दिरका पदाधिकारीहरूको सामुकि तस्वीर




इन्डियन पब्लिक स्कूल, लाश्योमा सञ्चालक समितिका पदाधिकारीहरू



लीलाराम र कुन्तीदेवी लन्डन भ्रमणमा, साथमा छोरा हरि



सिङ्गापुरको भ्रमणमा लीलाराम



जर्मनको वर्लीनमा अङ्गुर खेती अवलोकन गर्दै



पेरिसको एफिल टावरमा लीलाराम र कुन्तीदेवी




सिद्धार्थजेसिजको कार्यक्रमा अतिथि




लायन्स धर्मशाला उद्घाटन समारोहमा मन्तव्य राख्दै




न्यौपाने वंश समाजको दोस्रो महाधिवेसन उद्घाटन समारोहमा




न्यौपाने बन्धु समाजको प्रथम महाधिवेसन समारोहमा आतित्थ्य ग्रहण गर्दै




जिल्ला बालकल्याण समिति रूपन्देहीको कार्यक्रममा सरिक




रूपन्देही क्याम्पसको भवन उद्घाटन समारोहमा पुस्तक विमोचन गर्दै




रूपन्देही लीलाराम मा. वि. को नवर्निमित भवन






तत्कालीन इ. रा. ल. मा. वि. मा निजी लागतमा निर्मित भवन






भानु मा. वि. निजीलागतमा निर्मित भवन






रूपन्देही क्याम्पस भवन






न्यौपाने वंश समाजको  नयाँमिल स्थीत कुल मन्दिर र सभा हल





हरिहर सन्यास आश्रम देवघाट स्थित गौशाला





जिल्ला बालकल्याण समिति रूपन्देहीको नवनिर्मित भवन




किस्ट मेडिकल कलेजको कार्यक्रममा अतिथि




जनज्योति नमुना कन्या मा.वि प्रगतिनगरको कार्यक्रममा




रोटरी क्लब लुम्बिनीको कार्यक्रममा पुरस्कार वितरण गर्दै



अम्बे स्टिलस्को उद्घाटन गर्दै



लक्ष्मी स्टिलस्को उद्घाटन गर्दै

## खण्ड – तीन

# लीलाराम न्यौपानेका बारेमा विभिन्न व्यक्ति र संस्थाहरूको धारणा

# रामलीला - लीलाराम !



बूँद राना
प्राज्ञ,
नेपाल प्रज्ञा प्रतिस्ठान

त्रेता युगका रामले गरे रामलीला ।
कलीयुगका लीलाका काम गहकिला ॥

विद्यालय, धर्मशाला सामाजिक काम,
गर्नु पर्दा सधैं अघि सर्छन् लीलाराम ॥

जनसेवा सवोच्च हो, यो भावना राखी
उद्घोषणा गर्ने गर्छन् अहो हाकाहाकी -

"कुनै मान्छे कतै बितरामा पर्नु हुन्न ।
औषधिको अभावमा कोही मर्नु हुन्न ॥
मैले मेरो लागेपुगे गर्छु सहयोग ।
देशका हुन् दुई शत्रु भोक अनि रोग ॥"

यस्तो भन्ने मात्र होइन गरिहाल्ने काम ।
कर्मलाई पूजा ठान्छन् धर्तीलाई धाम ॥

लुम्बिनीले पायो यौटा सुप्रसिद्ध नाम ।
सिर्जनाले भन्छ सधैं धन्य लीलाराम ! ॥

यहाँभन्दा यति बेला भन्नु छैन केही ।
लीलाराम पाई गर्व गर्छ रुपन्देही ॥

श्री दुर्गा देव्यै नमः ॥

# श्री दुर्गा मन्दिर सञ्चालक समिति

अन्नपूर्ण क्षेत्र, वार्ड नं .८/९

सिद्धार्थनगर



मिति : २०६६/०९/२९

वि.सं. २०२५ वैशाख ३० का दिन प्रथमपटक "श्री दुर्गा मन्दिर निर्माण समिति" गठन भएको र २०२६ भाद्र ७ गते विधान उपसमितिको सदस्यका रूपमा प्रवेश गरी २०२६ भाद्र २४ गते सञ्चालक समितिको गठन गरीएको रहेछ । उक्त समितिमा "श्री लीलाराम न्यौपाने" ज्यू उपाध्यक्षमा सर्वसम्मतबाट छानिनुभएको रहेछ । यस धार्मिक स्थलमा मन्दिर निर्माण गर्दा हर्षोल्लासका साथ सम्पन्न गराउन विशेष भूमिका निर्वाह गरेको अभिलेखबाट देखिन्छ । हरेक वर्ष मनाइने बडादसैं कार्यक्रममा कोषध्यक्षका रूपमा कार्य समाल्दै "श्री लीलाराम न्यौपाने" २०४५ साल चैत्र १९ को बैठकको अध्यक्षता गर्दै २०४७ सालमा प्रथमपटक अध्यक्ष पदमा छानिनुभएको देखिन्छ । उहाँको अध्यक्षतामा दुर्गा मन्दिरले चर्चेको जगा दर्ता गराई लालपुर्जा लिने कार्यमा सदा तल्लीन रही मन्दिरको सर्वस्व कायम राख्न सफल हुनुभएको समेत अभिलेखबाट देखिन्छ । यसरी उहाँको अध्यक्षताको कार्यकाल २०४५ सालदेखि २०५१ सम्म र २०५४ सालदेखि २०६२ साल सम्म रहेको र मन्दिर निर्माण तथा धर्मशाला जिर्णोद्धार गर्नेदेखि लिएर धार्मिक क्षेत्रमा कहिल्यै नबिर्सने कार्य गरीदिनु भएको छ । उहाँका यिनै कार्यलाई २०६२ भाद्र १८ मा नवगठित दुर्गामन्दिर सञ्चालक समितिको बैठकले "प्रमुख संरक्षक" जस्तो गरिमामय पदमासमेत छनोट गरी उहाँप्रति सम्मान व्यक्त गरेको छ ।

अन्त्यमा, हाल वयोवृद्ध रहनु भएको आदरणीय बुबा "श्री लीलाराम न्यौपाने" ज्यू प्रति समस्त दुर्गा मन्दिर परिवारको तर्फबाट हृदयदेखि आभार प्रकट गर्दै उहाँको दीर्घायुको लागि समेत ईश्वरसँग प्रर्थना गर्दछौं ।

**श्री दुर्गा भवानीले सदा कल्याण गरून ।**

**दामोदर गौतम**
**सचिव**

फोन नं. ०७१-५-२०४०७

# श्री रूपन्देही लीलाराम माध्यमिक विद्यालय

सिद्धार्थनगर-०८, नारायनस्थान

मिति : २०६६/०९/२९

स.सं. : ०६६/०६७

च.नं :



"श्री लीलाराम न्यौपाने" यस विद्यालयका लागि अत्यन्तै सम्मानजनक नाम हो। उहाँले वि.सं. २०३९ मा यस विद्यालयको व्यवस्थापन समितिको सदस्यको रूपमा सेव पुऱ्याए पश्चात् पुन : वि.सं. २०४२ सालमा देस्रो पटक व्यवस्थापन समिति तत्कालीन सञ्चालक समितिको सदस्यको रूपमा सेवा पुऱ्याउनु भयो। प्रथमपटक वि.सं. २०५२ सालमा शिक्षा मन्त्रालयअर्न्तगतको २ कोठे निर्माण परियोजनाको भवन निर्माण हुँदा निर्माण समितिको अध्यक्षको रूपमा कार्य गर्नुभयो। त्यस्तै वि.सं. २०६० सालमा विद्यालयको ५ कोठे भवन निर्माण गर्दासमेत भवन निर्माण समितिमा उहाँले घामपानी नभनेर भवन निर्माण समितिको अध्यक्षको रूपमा विद्यालयलाई अहोरात्र सेवा पुऱ्याउनु भएकोमा विद्यालय परिवार उहाँप्रति सधैँ आभारी रहिआएको छ। आफ्ना सबै सन्तानलाई यसै विद्यालयमा अक्षर चिनाएर यस विद्यालयबाट नै SLC उत्तीर्ण गराउनु भएका आदरणीय लीलाराम न्यौपाने ज्यूको यस विद्यालयप्रति भावनात्मक सम्बन्ध समेत रहेको छ। विद्यालयलाई चौतर्फी सहयोगको अमूल्य योगदान पुऱ्याउने अठोटका साथ सेवाक्षेत्रमा लाग्नु भएको आदरणीय न्यौपानेज्यू तथा उहाँका परिवारबाट पटकपटक गरी झण्डै रू. ४५,००,०००/- (पैँचालीस लाख) को आर्थिक सहयोगसमेत विद्यालयलाई प्राप्त भैसकेको व्यवहोरा सगौरव निवेदन गर्न चाहन्छु। वि.सं. २०६० सालदेखि आदरणीय लीलाराम न्यौपानेज्यूले यस विद्यालयको प्रमुख संरक्षक भै हालसम्म सो भूमिका कुशलताका साथ निर्वाह गर्दै आउनु भएको छ। आदरणीय प्रमुख संरक्षकज्यूको योगदानको उच्च मूल्याङकन गरी यस विद्यालयको नामसमेत परिवर्तन गरी "श्री रूपन्देही लीलाराम मा.वि" राखिएको व्यवहोँरा यहाँहरू समक्ष जानकारी गराउन पाउँदा विद्यालयको प्रधानाध्यापकको नाताले आफै गौरवान्वित भएको महसुस

गरेको छु। अन्त्यमा, हाल शारीरिक रूपमा केही अस्वस्थ रहनु भएको आदरणीय बुबा "श्री लीलाराम न्यौपाने" ज्यूप्रति समस्त विद्यालय परिवार तथा मेरो व्यक्तिगततर्फबाट समेत हृदयदेखि आभार प्रकट गर्दै उहाँको शीघ्र स्वास्थलाभको कामना गर्दै दीर्घ जीवनको लागि समेत ईश्वरसँग प्रार्थना गर्दछु।



**गणेशप्रसाद भट्टराई**
**प्रधानाध्यापक**
**श्री रू.ली.मा.वि, सिद्धार्थनगर**
**मिति २०६६/०९/२**

# मिलनसार व्यक्तित्व



ओमकार गौचन
व्यवसायी एवम् समाजसेवी

लीलाराम न्यौपाने सामाजिक क्षेत्रमा मात्र नभई महान् दानवीरको रूपमा समेत राष्ट्रिय स्तरमा परिचित हुनुहुन्छ। भैरहवाको विकासमा वर्मेली समाजले ठूलो भूमिका निभाएको हो। भैरहवामा वर्मेली समाजबाट उद्योग-व्यवसाय सञ्चालन गरी धेरैको रोजगारी चलेको थियो । उहाँमा यसक्षेत्रमा मठ-मन्दिर विद्यालय, क्याम्पस खोल्न र सञ्चालन गर्न आफैले आर्थिक सहयोग गरी त्यसलाई अगाडि बढाउन आफैले ध्यान दिई दिनरात खटिएर काम गर्ने बानी थियो । उहाँको भैरहवाका सबै उद्योगी व्यापारी तथा राजनीतिज्ञहरूसँग राम्रो सम्बन्ध रहेको छ । उहाँ हामीहरूको लागि मार्गदशक पनि हुनुहुन्छ । उहाँको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

# शिक्षा प्रेमी लीलाराम



आनन्दप्रसाद गुप्ता
अध्यक्ष व्यवस्थापन समिति भैरहवा उच्च मा.वि.

रूपन्देही जिल्लाको शिक्षा क्षेत्रको विकासमा समाज सेवी लीलाराम न्यौपानेले ठूलो गुन लगाउनु भएको छ। उहाँकै प्रयासमा भैरहवामा विद्यालयहरूको भौतिक पूर्वाधार बनेका हुन् । विद्यालय भवन बनाउन आफैले समेत आर्थिक सहयोग गरिदिनु भएको छ । भैरहवा उच्च माध्यमिक विद्यालयलाई उहाँबाट समय समयमा विभिन्न प्रकारको सहयोग प्राप्त भएको छ । उहाँकै अथक प्रयासबाट भैरहवा बजार क्षेत्रका माध्यमिक विद्यालयहरूको भौतिक पूर्वाधारहरू तैयार हुनाका साथै शैक्षिक स्तरमा समेत सुधार आइरहेको छ। यस्तो महान् समाजसेवी एवम् दानवीरको सुस्वास्थ्य एक दीर्घायुको कामना गर्दछु ।

## परोपकारी व्यक्तित्व



डा. ऋषिकुमार काफ्ले
हेल्थ केयर फाउण्डेशन नेपाल, राष्ट्रिय मिर्गौला उपचार केन्द्र
मिर्गौला आभियान परिवारबाट

लीलाराम न्यौपाने आफू स्वस्थ रहन सङघर्ष गरिरहँदा पनि परोपकारको भावनाले ओतप्रोत भएको महसुस गरेको छु। बहुजन हिताय कार्यमा सहयोग गर्दै आउनु भएको छ। मिर्गौला अभियानमा उहाँको सहयोग, सदभाव र निर्देशनको अपेक्षा गरेका छौ। उहाँ यसै गरी निरन्तर अन्य व्यक्तिको लागि प्रेरणाको स्रोत बनी हामीलाई सेवा गर्ने अवसर प्रदान गर्नु हुनेछ भन्ने आशा गर्दछौ।

**२०६६/११/२८**

**विश्व मिर्गौला दिवस**
**मधुमेह सन्तुलन राखी मिर्गौला जोगाऔ**
**11 March 2010- World Kidney Day**

## वंश पुरूष लीलाराम



देवीप्रसाद न्यौपाने
उमेर - ९७ वर्ष
केरवानी ८, सिगाहा, रूपन्देही

मेरो जीवनकालमा न्यौपानेहरूको प्रतिष्ठा उँचो राख्ने व्यक्तिको रूपमा मैले लीलाराममलाई लिएको छु। मैले बारम्बार सबैलाई भन्ने गरेको छु कि लीलारामको जीवनबाट मान्छेले सघर्षसँग जुध्न सक्ने भई आत्मविश्वास र साहसीपनको कारणबाट आफ्नो परिवारका साथै समाजको लागि काम गर्न सकिन्छ भनी गरेर देखाएको हुँदा सबैले आत्मसात् गर्न सक्नुपर्छ। न्यौपानेले मात्र नभएर समाजले पनि लीलारामले सुरु गरेका कार्यहरूमा साथमा साथमा मिलाउन जरुरी छ।

## असल स्वभावको व्यक्ति



ऋषिराम न्यौपाने
कलंकी, काठमाडौं

लीलाराम न्यौपानेजीसँग सिलाङमा चिनाजान भए पनि भैरहवामा आएपछि हामी छिमेकी मात्र नभएर केही समय सँगसँगै लुम्बिनी बस सेवा प्रा. लि. र अनुपमा स्टोरमा काम गरेका थियौ। सामूहिक रूपमा काम गर्दा लीलारामजीको नेतृत्वमा हामी अगाडि बढेका थियौ। उहाँले कारोबारको हिसाब किताब पनि सबैलाई चित्तबुझ्ने गरी गराइदिनु भएको थियो। जुनसुकै काममा पनि अगाडि बढ्ने उहाँको बानी थियो। उहाँ सधैं फुर्तिलो स्वभावमा देखिनु हुन्थ्यो। व्यवसायमा समय दिएर पनि सामाजिक कार्य गर्न पनि भ्याउनुहुन्थ्यो। उहाँ एउटा असल, नम्र स्वभावको व्यक्ति हुनुहुन्छ। उहाँको दीर्घ स्वास्थ्य लाभको कामना गर्दछु।

## उद्यमशील व्यक्ति



गोकर्णप्रसाद दुवाडी
शा.प्र. नेपाल इन्भेष्टमेन्ट बैंक लि. भैरहवा

लीलाराम न्यौपानेसँग मेरो परिचय २०६० सालमा एक बैंक मैनेजरको हैसियतमा भएको हो। उहाँले यस क्षेत्रमा समाजसेवीको रूपमा आफूलाई स्थापित गरिसक्नु भएको रहेछ। त्यसैले उहाँलाई दानवीर पनि भनेर सम्मान गरिएको छ। उहाले सबैलई आफ्नो कमाईको केही हिस्सा सामाजिक कार्यमा लगाउन प्रेरणा दिनु भएको छ। उहाँकै मुखबाट म पनि एक कुशल प्रबन्धक भएको सुन्न पाउनु मेरो अहोभाग्य ठानेका छु साथै उहाँको प्रेरणाबाट म आफ्नो कार्य क्षेत्रमा अझ बढी लगनशील भई सामाजिक क्षेत्रमा पनि हात बढाउने प्रयास गरेको छु।

# अनुकरणीय व्यक्तित्व



जर्नादन न्यौपाने
कार्यालय प्रमुख, को.ले.नि.का., काठमाडौं

लीलाराम न्यौपानेज्यू न्यौपाने समाजका एउटा आदर्शपुरुष हुनुहुन्छ । किनकि उहाँले न्यौपानेहरूलाई सङ्गठित गरी आफ्नो धर्म, संस्कार, परम्परा र इतिहासको खोजवीन गराउन एउटा अभियान नै थालनी गराउनु भएको छ । अहिले सबै ठाउँका न्यौपानेहरूले आ-आफ्ना पुर्खाहरूको इतिहास खोज्दै वंशावलीहरू संकलन गरिरहेका छन् । राष्ट्रिय स्तरको उद्योग व्यवसाय सञ्चालन गर्न सफल उहाँका सुपुत्रहरूको कारण आज हामी न्यौपानेहरूले पनि गर्व महसुस गर्न पाएका छौ ।

# न्यौपाने समाजका मार्ग दर्शक



जगनान्थ न्यौपाने
सचिव, न्यौपाने कल्याण समाज, चितवन

श्री लीलाराम न्यौपाने बुबा न्यौपाने समाजका एक मार्ग दर्शक हुनुहुन्छ । उहाँको जीवनबाट हामीहरूले धेरै कुरा लिन सकेका छौ । आफू आफ्नो परिवार मात्र नभएर समाजको विकास एवम् उत्थानको लागि उहाँले शैक्षिक, आध्यात्मिक एवम् सामजिक विकासको लागि तन, मन र धनले सहयोग पुऱ्याउँदै आउनु भएको छ। जुन व्यक्तिको समाजसेवाको कारणबाट हामी न्यौपानेहरू गौरवान्तित हुन पुगेका छौं । उहाँको प्रेरणाबाट नै हामी न्यौपानेहरू पनि सङ्गठित भई समाजसेवा तर्फ अगाडि बढने जमर्को गरेका छौं ।

# आँटिलो व्यक्तित्व



रेशमलाल पाण्डेय
भैरहवा

लीलारामजी र म वर्मादेखिका नै साथी हौ । म मेइन्यू भन्ने ठाउँमा बस्दथे । उहाँ अली टाढा भए पनि समय समयमा नेपालीको जमघट हुने कार्यक्रममा भेट भइरहन्थ्यो भने वर्षको एकपल्ट शंखाई (शिव) मन्दिरमा नेपालीको तर्फबाट गरिने ठूलो भण्डारामा हामी पनि सहभागी हुन्थ्यौ । लीलारामजी कारोवारमा पहिल्यैदेखि कडा खरो हुनुहुन्थ्यो । हामीहरूले गाई पालेर मख्खन र घ्यू उत्पादन गरेका थियौ भने बजारको व्यवस्था उहाँले मिलाइदिनु हुन्थ्यो । वर्मामा उहाँ हरेक काममा अगाडि नै सर्ने गर्नु हुन्थ्यो । उहाँको कारणले नेपालीहरूको इज्जत बढेको थियो । पछि भैरहवामा आएपछि उहाँ व्यापार व्यवसायका साथ साथै समाज सेवामा लाग्नु भयो । छोरा छोरीहरूलाई उचित शिक्षादीक्षा दिई सबैले कारोवार (उद्यम) गर्न सक्ने बनाउनु भयो । म उहाँको स्मरण गरिरहन्छु र उहाँको दीर्घजीवनको कामना गर्दछु ।

# सफल व्यवसायी श्री लीलाराम न्यौपाने



राधेश्याम हलुवाइ
व्यवसायी

लीलारामजीसँग मेरो धेरै पहिलादेखि नै चिनजान भएको हो । भैरहवामा उहाँले व्यवसाय गर्नुका साथ साथै सामाजिक क्षेत्रको विकासमा पनि उत्तिकै लागि रहनु भएको छ। उहाँसँग केही सामाजिक संघसंस्थामा मैले पनि सँगै काम गर्ने मौका पाएको थिएँ । काम सुरुगरे पछि त्यसलाई पूर्णता दिन उहाँ निक्कै तल्लीन भई लाग्नु हुन्थ्यो । हामी भैरहवा बासीको लागि उहाँ एउटा सामाजिक अगुवाका साथै सफल व्यवसायीको पहिचान दिन सक्नु भएको छ । उहाँको सुस्वास्थ्य एवम् दीर्घायुको कामना गर्दछु ।

# लीलाराम न्यौपाने एक आदर्श पुरुष



व्यवसायी ओमलाल न्यौपाने क्यान्सर रोगबाट पीडित भई मिति २०६६ पौष १७ गते शुक्रवार स्वर्गारोहण हुनुभयो । मिति २०६६ मंसिर २३ गते आफ्नो भावना लिखित रूपमा दिनुभएको थियो ।

श्री लीलाराम न्यौपाने हाम्रो परिवारको सदस्य मात्र नभई हाम्रो टोल अथवा यस क्षेत्रका लागि आदर्श व्यक्तित्व एवम् आदरणीय व्यक्ति हुनुहुन्छ। हामी वर्मादेखिका सानैका साथी पनि हौं । उहाँले वर्मामा रहँदा पनि नेपाली समाज उत्थानका लागि समाजको पदीय जिम्मेवारी ग्रहण गरी सेवा प्रदान गर्नुभई स्वदेश फर्केर पनि परोपकार तथा समाजसेवीका रूपमा अग्रणी भूमिका खेलिरहनुभएको छ ।

वर्मा पछि केही वर्ष भारतको आसाम बस्दा पनि नेपाली समाज गठन गरी सेवा गर्नु भएको हो । उहाँको यस समर्पण एवम् लगनशीलताको कदर गर्दै विभिन्न क्षेत्र एवम् संस्थाबाट सम्मानित भैरहनु भएको छ भने गोरखा दक्षिणवाहु लगायत अनेक मानसम्मान प्राप्त गर्नुभएको छ । स्थानीयस्तरमा मठ, मन्दिर, स्कूल, कलेज इत्यादि संस्थाहरूलाई निरन्तर मार्गदर्शकका रूपमा तन, मन र धनले सक्रिय सहयोग गर्दै आउनु भएको छ। यस्ता धेरै अभियान र सामाजिक क्रियाकलापमा उहाँको अग्रणी भूमिका रहिआएको छ। उहाँको यस अविच्छिन्न कार्यलाई हाल बिग्रदो आफ्नो स्वास्थ्यका बाबजुद पनि निरन्तरता दिइरहनु भएको छ ।

परिवारको सदस्यका रूपमा हामी गौरव गर्दछौं र समाजका सदस्यको रूपमा मैले उहाँको जति प्रसंसा गरे पनि कम छ । उहाँको सुस्वास्थ्य एवम् दीर्घायुको लागि सधैँ प्रार्थना गर्दछु ।

# कुबेरको सङ्गत



कपिल लामिछाने
साहित्यकार

जिन्दगीको यात्रामा धेरैसँग सम्पर्क हुँदो रहेछ । महामानवसँग कम र लगुमानवसँग बढी । श्री लीलाराम न्यौपाने कममा पर्नुहुन्छ, मेरा लागि । उहाँसँग मेरो सम्पर्क र चिनाजानी एउटा पवित्र शैक्षिक सन्दर्भबाट भएको हो । त्यो सन्दर्भ थियो, रूपन्देही क्याम्पसको स्थापना । २०४७ सालमा भैरहवामा एउटा उच्च शिक्षाको सामुदायिक संस्था सञ्चालन गर्नुपर्छ भन्ने उद्देश्यबाट हामी प्रेरित थियौं । तिनै 'हामी'मा लीलाराम बुबा र म पनि थियौं । क्याम्पस शून्यबाट सुरु गर्नु थियो । भौतिक पूर्वाधार जुटाउनु, मानव संसाधनको व्यवस्थापन गर्नु, सामाजिक समर्थन लिनु र परिचालनका लागि आर्थिक स्रोतको पहिचान गर्नु जटिल काम थिए । संस्थापकमा हामी अधिकांश शिक्षक थियौं, व्यवस्थापनको काम त हामी गर्न सक्थ्यौं, आफ्नो विषयको अध्यापन पनि गर्न सक्थ्यौं, दौडधुप गर्न सक्थ्यौं, तर हामी ठूलो धनराशि निकाल्न सक्दैनथ्यौं, तर लीलाराम बुबासँग यी सबै गुण हामीले पायौँ । उहाँमा थप अर्को गुण र सामर्थ्य पनि रहेछ, चाहिँदाका बखत खर्च गर्न सक्ने सामर्थ्य । यसर्थमा म उहाँलाई कुबेर भन्न रुचाउँछु । धनका कुबेर अरू पनि होलान् । उहाँ त धन र मन दुवैका कुबेर हुनुहुन्छ । कुरा कम र काम बढी गर्न रुचाउने व्यक्तिका रूपमा मैले उहाँलाई पाएँ । उहाँ वचनको पक्का हुनुहुन्छ । कुनै काम आँटेपछि सम्पन्न गरेरै छाड्नुहुन्छ । यसका लागि म आफूले देखेभोगेका केही उदाहरण प्रस्तुत गर्न चाहन्छु ।

- रूपन्देही क्याम्पसको सञ्चालनका लागि पटकपटक आर्थिक सहयोग

गर्नुभयो ।

- रूपन्देही क्याम्पसमै विश्वगायत्री गरिब छात्रवृत्ति कोषको स्थापना गरिदिनुभयो, जसबाट थुप्रै गरिब छात्रछात्राले हरेक साल छात्रवृत्ति पाइरहेका छन् ।
- रूपन्देही क्याम्पसको तीनतले भवनको उत्तरतर्फको पूरै भाग आफ्नै खर्च र रेखदेखमा बनाइदिनुभयो ।
- भानु स्कुलमा दुईतले भवन बनाइदिनुभयो ।
- रूपन्देही लीलाराम मा.वि. (पूर्व इ.रा.ल.मा.वि.) मा एउटा भवन र सभामञ्च बनाउनुका साथै पटकपटक गरी ठूलो आर्थिक सहयोग गर्नुभयो ।
- रूपन्देही जिल्ला प्रशासन कार्यालय हातामा जिल्ला बालकल्याण समितिको तीनतले भवन आफ्नै खर्च र पहलकदमीमा निर्माण गरिदिनुभयो ।
- भैरहवास्थित बहिरा बालविद्यालय, संस्कृत विद्याश्रम तथा तमाम मन्दिरहरूलाई आर्थिक सहयोग गरेर प्राणसञ्चार गर्नुभयो ।
- भैरहवा बहुमुखी क्याम्पसमा छात्रावास भवन निर्माणार्थ हामीले २०५९ सालमा एउटा अभियान चलाएका थियौं । उहाँले एक वचनमा पचास हजार निकालेर दिंदै अरू चाहिए पछि पनि भन्नुहोला भनेको मलाई सम्झना छ ।

यस्ता आर्थिक सहयोग शिक्षा र स्वास्थ्य क्षेत्रमा बढी गर्नुभएको छ भने सामाजिक र अन्य क्षेत्रमा पनि उहाँको सहयोगको अजस्र धारा प्रवाहित भएको छ । म सङ्कीर्ण हुँला, भैरहवाको सेरोफेरोमा सीमित भएँ हुँला । उहाँको दानशीलता भैरहवामा सीमित छैन । मेरो ज्ञान सीमित छ, तर उहाँ असीमित हुनुहुन्छ । पूर्व झापादेखि पश्चिम नवलपरासीसम्म उहाँका दानी हात फैलिएका छन् भन्ने मलाई जानकारी छ । यस्ता उदारमना, दानवीर, दानसाहसी व्यक्तित्व मैले अन्यत्र भेटाएको छैन । कतिले 'थियो र त दियो' भनी टिप्पणी गरेको सुनेको छु, त्यस्तालाई मैले भन्ने गरेको छु : धन हुँदैमा कसैले दिँदैन, मन हुनुपर्छ मन । लीलाराम बुबामा दिनलाई धन छ र मन पनि छ । मन भएपछि धन त उद्यम गरी आर्जन गरेर पनि दिन सकिन्छ । त्यसैले उहाँ मनकुबेर र धनकुबेर हुनुहुन्छ ।

लीलाराम न्यौपाने उद्यमी पुरुष हुनुहुन्छ । उद्योग सञ्चालन गर्नुहुन्छ । व्यापार गर्नुहुन्छ । धर्म गर्नुहुन्छ । मान्छेको मर्म बुझ्नुहुन्छ । स्वभावले खरो (गरम) र दिलले नरम हुनुहुन्छ । 'मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन' भन्ने देवकोटाको कथन म लीलारामका सन्दर्भमा सम्झिरहन्छु । यस्ता मनकुबेर मुलुकभरि होऊन् ।

# व्यवसायीको प्रेरणाका स्रोत लीलाराम



कृष्णप्रसाद शर्मा
केन्द्रीय सदस्य
नेपाल उद्योग वाणिज्य महासंघ

लीलाराम न्यौपानेजी हामी निजी क्षेत्रका व्यवसायीको लागि प्रेरणाको स्रोत हुनुहुन्छ । उहाँले आम्दानीको केही अंश सामाजिक विकासको लागि खर्च गरेर देखाउनु भएको छ । समाजले उहाँको बिचारको उच्च सम्मान गर्नै पर्छ । उहाँले रूपन्देही जिल्ला त्यसमा पनि सिद्धार्थनगरका विभिन्न शैक्षिक संस्थाहरू विभिन्न धार्मिक मठमन्दिर, आश्रममा दान मात्रै नदिएर आफू स्वयम् उक्त स्थानमा उभिएर भौतिक पूर्वाधारहरूको निर्माण गराउनु भएको छ । उहाँबाट विभिन्न क्षेत्रमा गरिएका योगदानहरूबाट हामी निजी क्षेत्रका व्यवसायीहरूले गर्व गर्न पाएका छौं । किनकि राज्यपक्षबाट गरिदिनु पर्ने पूर्वाधार विकासका काम समेत एउटा व्यवसायीले पनि गरेर देखाइ दिनुभएको छ । आज उहाँले आफ्ना सुपुत्रहरूलाई पनि उद्योग व्यवसायको क्षेत्रमा अगाडि ल्याउन सफल हुनु भएको छ। विभिन्न सामाजिक संघसंस्थाहरूमा मैले पनि उहाँको साथमा काम गर्ने मौका पाएको छु। उहाँले आफ्नो नामको लागि काम नगरेर दीन दु:खीहरू र पिछडिएका वर्गको उत्थानको लागि आफ्नो समय श्रम र धन समेत लगानी गर्नु भएको छ। उहाँको सोच र बिचारबाट हामी व्यवसायी साथीहरूले व्यवसाय सञ्चालनका साथसाथै समाजसेवाको क्षेत्रमा पनि लाग्ने प्रेरणा प्राप्त गरेका छौँ ।

# सामाजिक विकासका प्रेरक लीलाराम न्यौपाने



डा.गितु गिरी
सह-प्राध्यापक, भैरहवा

सृष्टि र स्रष्टा सिर्जनाका स्तम्भ हुन् । आरोह र अवरोह प्रकृतिका अभिन्न अङ्ग हुन् । दुःख र सुख, आकाश र पाताल, विजय र पराजय, उज्यालो र अँध्यारो जीवनमा निरन्तर भोगिरहनु पर्ने एउटा मुद्राका दुई पाटाको रूपमा नियति बनेका छन् । यसैले होला मानवको उत्पत्तिदेखि आधुनिककालसम्म कैयन् उकाली र ओरालीहरू पार गरिदै आएको छ । गास, बास, कपास, शासन र सासको लागि ठूलो बिभीषिका उजागर गर्नु परेको छ । श्रम र कर्मको फलको जोखतौलमा समाजले सबैको व्यक्तित्व मापन गर्दै आएको छ । समाजकल्याणकारी कार्य गर्नेहरू, समाजको उद्धार गर्नेहरू वा समाजलाई उचित मार्ग निर्दिष्ट गर्नेहरू नै समाजमा सम्मानित हुनु प्राकृतिक नियम हो । यस्ता प्राणीमात्र लोकमा पुजिन्छन्, सम्मानित हुन्छन्, कालान्तरमा देवतासमेत बन्न पुगेका दृष्टान्तहरू हाम्रो सामु र हिआएका छन् । वैदिककालमा उपयोगितावादी प्रवृत्ति अनुसार रुद्र (शिव), उरुगाय (विष्णु), सूर्य, वरुण, इन्द्र, वाक, शारदा, मरुत, पर्जन्य आदिलाई देवताको रूपमा मान्न थालियो । जीव र जगत्को कल्याण गर्ने वा फाइदा दिने क्रममा प्रकृतिका नैसर्गिक साधान र स्रोतहरू पनि सम्मानित बने । समाजमा देखापरेको आडम्बर पूर्ण प्रवृत्ति, अन्धविश्वास तथा अराजकताबाट मुक्ति दिने कार्य गरेको हुनाले ई.पू.छैटौ शताब्दीतिर गौतम बुद्ध, जोराष्ट्र, कन्फ्युसियस, लाउत्से, महावीर आदि समाजसुधारकहरू देखापरेका थिए । जगतका जीव सबै समान हुन्छन्, फरक केवल छ उनीहरूको सोंच, शक्ति, उपयोगिता र विवेकमा ।

कैले सिँहाल घाम त कहिले पाहार घाम भएझैं इमान्दारितापूर्ण श्रमले विपन्नतालाई सम्पन्नतामा परिणत गरेका कैयन् दृष्टान्तहरू हाम्रो सामु खडा रहेका छन् । त्यसको लागि चाँहिदो रहेछ इमान्दारिता, कर्मनिष्टता, श्रमशीलता, सरलता, मिलनसारिता, संयमितता र विवेकशीलता भन्ने स्पष्ट उदाहरण बन्नु भएको छ समाजसेवी लीलाराम न्यौपाने । यस पङ्क्तिकारले न्यौपान दीनदु:खीका सहयोगी, समाजसेवी र खासगरी शिक्षाक्षेत्रमा योगदान पुर्‍याउँदै आउनु भएका सचेत नागरिकको रूपमा उहाँको चर्चा सुनेको थियो भैरहवामा । २०४८ सालमा रूपन्देही जिल्लाको सदरमुकाम भैरहवामा सार्वजनिक रूपमा कानुन क्याम्पस सञ्चालन गर्ने सोंचअनुसार स्थानीय बुद्धिजीवी, समाजसेवी, व्यापारी, उद्योगपति, वकिल, प्राध्यापक आदिको भेला गरियो । क्याम्पस सञ्चालनमा धरौटी स्वरूप साढे छ लाख रुपैयाँको आवश्यक्ता पर्दोरहेछ । एक्कासि सो रकम सङकलन गर्न धौधौ परेकाले त्रिभुवन विश्वविद्यालयका प्राध्यापक तथा वकिलहरू जमानी बसी सर्वसम्मतिले साबिक इन्द्रराज्य हाल रूपन्देही लीलाराम मा.वि.मा आइ.एल. को पठनपाठन सन्ध्याकालमा सञ्चालन गरियो । मासिक शुल्कबाट मात्र क्याम्पसको नियमित खर्च सञ्चालन गर्ने पहल गरियो । न्यून पारिश्रमिक लिई पठनपाठन गरियो । यस अवसरमा सार्वजनिक क्याम्पसको सञ्चालक समितिमा राख्न उचित व्यक्तित्व चयन गर्दा सर्वसम्मतिले उहाँको नाम पारित गरिएपछि शैक्षिक क्षेत्रमा यस पङ्क्तिकारसँग हेलमेल र मित्रता बढ्दै गएको थियो अग्रज लीलाराम न्यौपानेसँग ।

नेपालको पहाडी जिल्लामा सामान्य ग्रामीण परिवारमा जन्मी रोजगारको सिलसिलामा भौतारिदै बर्मामा पुग्नु भएका न्यौपानेले बाल्यकालमा विपन्नताको कारणले उचित शिक्षादीक्षा ग्रहण गर्ने अवसर पाउनु भएन । बर्मामा रहँदाबस्दा विभिन्न पेशामा संलग्न हुँदा उहाँले अर्थ अभाव भई पढनलेख्न नपाएको वा व्यापार व्यवसाय गर्न नपाएको कुनै व्यक्ति भेटाएका सहर्ष सहयोग गरेको तथ्य बताउनु हुन्छ । समयको पाबन्दीमा अत्यन्त सचेत तथा आयव्ययमा मितव्ययी न्यौपानेले जुन परिश्रम र इमान्दारिताका साथ कर्तव्य पूरा गर्नु भयो, त्यही अनुपातमा लक्ष्मीले मन पराइन । उहाँले लक्ष्मीलाई आफ्नो बन्द कोठा वा सेपमा मात्र राखेर सन्तुष्टी मान्नु भएन । लक्ष्मीलाई सरस्वतीको सेवामा पनि लगाउनु भयो । कसैले सहयोग मागे भने उहाँले "माछा दिनुको सट्टा माछा मार्ने बल्छी दिनु पर्दछ"

भन्ने मान्यता राख्नु हुन्छ । उहाँको सोंचलाई कार्यान्वयन गर्न सके विपन्नतामा लक्ष्मी रमाउन कत्तिवेर लाग्ने छैन । भैरहवामा संस्कृत विद्यालय शान्तिनगर, साबिक इन्द्रराज्य हाल रूपन्देही लीलाराम मा.वि., भानु मा.वि., रूपन्देही क्याम्पस आदिमा उहाँको विशेष योगदान रहिआएको छ। त्यसैगरी नवलपरासी, कपिलवस्तु, काठमाडौँ आदि क्षेत्रमा पनि उहाँको विशेष योगदान रहिआएको छ। गरिब तथा विपन्न परिवारका केटाकेटीहरूले पैसाको अभावमा पढ्नलेख्नबाट बञ्चित हुनु नपरोस् भन्ने धारणाले विभिन्न विद्यालय तथा क्याम्पसहरूमा भवन निर्माण गरीदिनुको साथै छात्रवृत्ति अक्षकोषहरू पनि खडा गरिदिनु भएको छ ।

क्याम्पस सञ्चालन गर्दा होस् वा घडेरी खरीद गर्दा होस् रूपन्देही क्याम्पसमा उहाँको विशेष चासो रह्यो । यस पङक्तिकारलाई याद छ- लामो समयसम्म इन्द्रराज्य मा.वि.मा क्याम्पस सञ्चालन हुँदै जाँदा आफ्नो भवन बनाउने चर्चा चल्यो । तर जग्गा खरीदको लागि तत्काल करिब चौध लाख रकमको आवश्यकता पऱ्यो । क्याम्पसका पक्लिहवा राइस मिल र भीम अस्पतालको पछाडि रहेका दाताले दिएका घडेरीहरूसमेत बिक्री गर्ने समय नपुग्ने भयो। सञ्चालक समितिमा छलफल गरियो। तर हातमा पैसा नभएकोले सबैका वाक्य बन्द भए । एक्कासि पैसा म दिन्छु केही दिनमा फिर्ता दिनु होला भनी आश्वासन दिएपछि हामी गद्गद् भयौं । व्यक्तिगत खातामा रहेको रकम निकाली दिनु भएकोले क्याम्पसको नाममा जग्गा रजिष्ट्रेसन पारित गरियो । यो रकम त किस्ताबन्दीमा बल्लतल्ल फिर्ता गरियो । उहाँकै हौसलामा क्याम्पस सञ्चालित जग्गा खरीद गरिएको थियो। क्याम्पस भवन निर्माण गर्नु पनि चुनौती थियो । सार्वजनिक क्याम्पस भएको हैसियतले यस क्षेत्रका व्यापारी, उद्योगपति, समाजसेवी, कानुन व्यवसायी, प्राध्यापक आदिको सहयोग र सद्भाव प्राप्त रहे पनि न्यौपानेको एकमुष्ठ योगदान प्रशंसनीय छ । क्याम्पस भवन निर्माण गर्ने सिलसिलामा उत्तरपट्टिको आधा खण्ड अर्थात् तीनवटा कोठा र भऱ्याङ लगायत तीन तला नै उहाँ र उहाँको परिवारको आर्थिक लगानीमा निर्माण भएको छ । यहाँ क्याम्पस भवन निर्माण भएकोले अहिले कक्षा ११ र १२ को अतिरिक्त तीन वर्षे बि.एड.का कक्षाहरू सञ्चालन भइरहेका छन् । आगामी वर्षदेखि तीन वर्षे बि.बि.एस. का कक्षाहरू सञ्चालन गर्ने तयारी गरिदै छ । आर्थिक अभावको कारणले गरिब तथा विपन्न वर्गका विद्यार्थीहरू शिक्षाको उज्यालो घामबाट

कुनै पनि बञ्चित हुन नपरोस् भन्ने आशय अनुरूप दुई लाख पचास हजारको छात्रवृत्ति अक्षयकोष खडा गरिएको छ । यस्ता कोषहरू यस क्याम्पसको साथै भानु मा.वि, संस्कृत मा.वि र रूपन्देही लीलाराम मा.वि.हरूमा समेत राखिएका छन् । आगामी दिनमा छात्रवृत्ति कोषलाई जिल्लाभरि विस्तार गर्ने योजना रहेको तथ्य पारिवारिक स्रोतबाट जानकारी गरिएको छ। अहिले छात्रवृत्ति अक्षयकोषको व्याजबाट वार्षिक रूपमा गरिब विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिदै आएको छ ।

यसरी नै विभिन्न सामाजिक संघसंस्था, मठमन्दिर, विद्यालय, महाविद्यालय आदिलाई सहृदय आर्थिक सहयोग गर्दै आउनु भएको छ । धन भएरमात्र हुँदैन मन चाहिन्छ भन्ने उक्तिलाई लीलाराम न्यौपानेले चरितार्थ बनाउनु भएको छ । हुने बिरूवाको चिल्लो पात भन झैँ उहाँका पुत्रहरू- दुर्गा, हरि, विष्णु र शशि पनि सामाजिक सेवामा संलग्न हुनुहुन्छ । आफ्ना पितले देखाउनु भएको सामाजिक मार्गलाई उहाँहरूले पनि पछ्याई रहनु भएको छ । निष्काम कर्ममा विश्वास गर्नुहुने लीलाराम न्यौपानेको स्वास्थ्यस्थिति कमजोर रहे पनि सामाजिक सेवामा अझ बढी रुचि राख्दै आउनु भएको छ । उहाँ यस क्षेत्रको मात्र होइन नेपालकै सामाजिक सेवा गर्ने महानुभावका प्रेरक बन्नु भएको छ । यो गति निरन्तर चलिरहनेछ। अन्तिममा हाम्रा अग्रज तथा समाजसेवी न्यौपानेको दीर्घायु तथा सुस्वास्थ्यको कामना गर्दै उहाँका सन्ततिले अझै सशक्त रूपमा सामाजिक सेवालाई अगाडि बढाई पितापुर्खाको सपना साकार पार्नुहुनेछ भन्ने अपेक्षा गर्दै शुभकामना दिन चाहन्छु ।

# दानवीर लीलारामका बारेमा थोरै शब्द



डा.घनश्याम न्यौपाने "परिश्रमी"
सह-प्राध्यापक, भैरहवा

लीलाराम न्यौपानेसँग मेरो बढी हिमचिम अर्थात् खासै सम्पर्क र सङ्गत छैन । यदाकदा कार्यक्रमहरूमा भेटघाट भएको क्रममा परिचयसम्म भएको छ भन्नुपर्छ । प्रसङ्गात् एकपटक उहाँको भैरहवास्थित घरमा पसेको छु र केही क्षण मात्र बसेको छु । उहाँ मूलतः समाजमा दानवीर व्यक्तित्वका रूपमा परिचित र प्रतिष्ठित समेत हुनुहुँदोरहेछ ।

इतवृत्त बुझ्दा लीलाराम न्यौपानेलाई मैले फेदीबाट बिस्तारै बिस्तारै प्रतिष्ठाको चुली चढेको व्यक्तिका रूपमा भेटेँ । उहाँ इमान्दारी र कर्तव्यनिष्ठताको पथमा सङ्घर्षको यात्रा गर्दागर्दै गन्तव्यमा पुगेको एक पथिक हुनुहुँदो रहेछ । निम्नस्तरको जटिल जङ्गल हुँदै विशिष्ट स्तरको सुगम मैदानमा उहाँको यात्राले लक्ष्य चुमेको रहेछ । सम्पन्नता अर्थात् समृद्धिको उन्मादले सायद उहाँलाई छोएन । उहाँले आफ्नो अतीतको धरातल बिर्सनुभएन । हामी भन्ने गर्छौं नि, "धन हुनेहरूको मन हुँदैन र मन हुनेहरूको धन हुँदैन ।" यो भनाइ धेरै हदसम्म सत्यको निकट छ । लीलाराम न्यौपाने भने उक्त भनाइका अपवाद हुनुहुन्छ । उहाँसँग धन पनि छ मन पनि छ । अर्थात् लीलाराम न्यौपाने धनवीर र मनवीर दुवै हुनुहुन्छ । समाजमा खासगरी सामाजिक, शैक्षिक तथा धार्मिक वा आध्यात्मिक क्षेत्रमा उहाँले पुऱ्याउनुभएको योगदान अत्यन्त अविस्मरणीय छ र उल्लेख्य र उदाहरणीय पनि छ ।

मलाई लाग्दछ, कुनै पनि व्यक्ति समाज, राष्ट्र वा विश्वमै प्रतिष्ठित हुने कुरामा विद्वता, सृजनशीलता एवम् सेवा यी तीन कुरामध्ये कुनै एउटाको अहम् भूमिका हुन्छ । लीलाराम न्यौपानेको प्रतिष्ठा सेवाभावबाट कायम भएको हो । वास्तवमा उहाँलाई महादानी, दानवीर, दान कुबेर, दानमहारथी जे-जे विशेषण प्रदान गरे पनि बढ्ता वा अतिशयोक्ति हुँदैन जस्तो म ठान्दछु । उद्देश्यमूलक ढङ्गले रचनात्मक कार्यका लागि उहाँका अगाडि हात थाप्न जाने जोसुकैले पनि खालि हात फर्किनु पर्दैन भन्ने मैले सुनेको छु । भैरहवा क्षेत्रमा त सायदै कुनै त्यस्तो सामाजिक, शैक्षिक वा धार्मिक संस्था होला जहाँ न्यूनधिक रूपमा लीलाराम न्यौपानेको दान नपरेको होस् । मेरा यी अल्प शब्दावलीले उहाँको योगदानलाई समग्रतः अभिव्यक्त गर्न सक्ने कुरै भएन । यसै कृतिभित्र अधिकाधिक तथ्य अङ्कित भएका आलेखहरू आएका नै होलान् । तिनबाट पाठकवर्गले अवगत गर्नु नै हुनेछ । मैले थोरैमा धेरै भन्दा पनि थोरैमा थोरै नै आफ्नो बिचार यहाँ राखेको छु । वास्तवमा लीलाराम न्यौपानेजस्ता दानवीरको आवश्यकता समाजलाई परिरहेको हुन्छ । धनी त धेरै धेरै जन्मिन्छन् तर तीमध्येबाट दानी भने कमै हुन्छन् । यो कटु यथार्थ हो । समाजमा अरू अरू लीलारामहरू पनि जन्मिरहून्, कामना गरौँ ।

**२०६६/१२/११, रामनवमी**

**बर्दघाट, नवलपरासी**

# प्रेरणाका स्रोत लीलाराम

चन्द्र खतिवडा
अध्यक्ष स्वावलम्वी परिवार समाज, काठमाडौं



"तपाईहरू आँट गर्नुहोस्, सुरुवात गरिहाल्नुहोस्, त्यसलाई पूरा गर्ने काममा म भरपुर सहयोग गर्नेछु" यो हौसलापूर्ण उद्घोष आज भन्दा तीन, चार वर्ष अघि श्री लीलारामजीले गर्नुभएको थियो, जतिखेर सभक्तिमार्ग सिफल चौरमा जग्गा खरीद गर्न स्वावलम्वी परिवार समाजका सदस्यहरू भेला भएका थियौं । त्यही हौसलाले आज स्वावलम्बी परिवारले आफूलाई पुग्ने जग्गा व्यवस्था गर्न सक्षम बनेको छ ।

समाजसेवाको क्षेत्रमा अनवरत लाग्नुहुने ८२ वर्षीय श्री लीलाराम न्यौपानेज्यूको व्यक्तित्व तथा योगदानलाई समेटेर जीवनी प्रकाशित गर्ने बिचारलाई हार्दिक कदर गर्दै उहाँजस्तो व्यक्तित्वका बारेमा दुई शब्द राख्ने अवसर प्रदान गर्नुहुने प्रकाशक महोदयलाई धन्यवाद दिन चाहन्छु । तपाईको प्रकाशनभित्र लीलारामजी जस्तो प्रतिभावान् तथा सङ्घर्षशील समाजसेवी जसले आफ्नो ढुकुटी खोली अग्रपङ्क्तिमा खडा भएर योगदानको मियो सम्हाल्दै समाजसेवामा उत्रन समाजका सम्पूर्ण वर्ग र तप्काका जन सम्प्रदायलाई जुर्मुर्याइरहने सहृदयी व्यक्तित्वको जीवनीलाई समावेश गर्दा निश्चय पनि यो कृति जनमानसमा ज्ञानवर्धक सूचना प्रवाहको उदाहरणीय कदम हुनेछ भन्ने सम्झेको छु ।

"विद्वान्हरूले भन्ने गरेका छन्- 'योगदानको खुलेर प्रसंसा गर, अनुसरण गर तर पूजा नगर । व्यक्ति पूजाले सबै योगदानलाई ओझेलमा पार्दछ र विकृति जन्माउँछ ।' हामीले पनि उहाँद्वारा गरिएका सेवाका स्वरूपहरूलाई सविस्तार

वर्णन गर्न सकेमा, वर्णनहरू सबैलाई सुसूचित बनाउन सकिएमा र तिनलाई उदाहरण मानी आत्मसात् गर्न सकेमा साँचो अर्थमा उहाँप्रति सम्मान हुने मैले सम्झेको छु ।

आस्था र धर्म रक्षार्थ मठ, मन्दिर, स्वर्गद्वारी घाट, धर्मशाला निर्माण, यज्ञ, महायज्ञ, धार्मिक सभामा भोजनको व्यवस्थापन, असहायहरूलाई विभिन्न समयमा वस्त्र दान, जिन्सी दान, भोजन दानको व्यवस्था, अनाथ एवम् असहाय बृद्धहरूकालागि बृद्धाश्रम, बालबालिकाहरूकालागि विविध किसिमका सहयोगहरू, आधारभूत स्वस्थ्यकालागि अस्तपताल निर्माण तथा एम्बुलेन्स सहयोग, ज्योति पुञ्जरूपी शिक्षा प्राप्तिका अवसरहरू दिने विद्यालय, महाविद्यालय, पुस्तकालय, छात्रावास, छात्रबृत्ति कोष स्थापना एवम् निर्माण, अत्यावश्यक भौतिक आधारहरू पानी टंकी, बाटोघाटो, यातायात व्यवस्थामा सहयोग, थुप्रै संस्थाहरूको आर्थिक स्रोत व्यवस्थापनकालागि अक्षयकोषको स्थापना लगायतका क्षेत्रहरूमा उहाँ अग्रसर रही सेवा पुऱ्याएका विवरणहरू कति छन् कति, जति वर्णन गरे पनि त्यो थोरै नै हुन्छ ।

कति निःस्वार्थ समाजसेवी हुनुहुन्छ भन्ने कुराको प्रमाण उहाँले प्राप्त गर्नुभएको पदक र सम्मान पत्रहरूले पनि प्रकाश पार्दछन् । आज श्री लीलाराम न्यौपानेज्यूलाई गोर्खा दक्षिण वाहु, वीरेन्द्र-ऐश्वर्य सेवा पदक, राष्ट्रिय शिक्षा पुरस्कार लगायतका महत्त्वपूर्ण भन्दा महत्त्वपूर्ण अनगिनत स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय सम्मान र आभूषणले विभूषित गरिएको छ ।

जीवनको वयासीयौ वसन्त गुजारिसक्नु भएका प्रेरणामय श्री लीलाराम न्यौपानेज्यू आज पनि समाजको जल्दो बल्दो प्रेरणाको स्रोत हुनुहुन्छ । अहिले पनि कुनै सामाजिक कामको निमन्त्रणा गरिँदा आफ्नो अस्वस्थ्यताको कत्ति पनि पर्वाह नगरी त्यतिकै जोश र जाँगरका साथ कार्यक्रममा उपस्थित हुनुहुन्छ, सक्रिय भएर भाग लिनुहुन्छ र हामीलाई महत्त्वपूर्ण ज्ञानहरू दिनुहुन्छ । उहाँको यो भावनालाई आजका दिनसम्म पनि सम्मानपूर्वक साथ दिइरहने उहाँका छोराहरू तथा सम्पूर्ण परिवारजनहरूलाई हार्दिक धन्यवाद दिँदै श्री लीलाराम न्यौपानेज्यूको दीर्घायुको कामना गर्दछु ।

# परिवारका संरक्षक दाजु लीलाराम



चिन्तामनि न्यौपाने
समाजसेवी

हाम्रा पूर्वजहरू जुम्ला हुँदै गुल्मीको हुँगा र झेर्दीथुम्कामा हरि र सिद्ध आउनु भएको थियो । हामीहरू हरिका सन्तान हौं । लीलाराम दाइ गुल्मीमा जन्मिए तापनि सानैदेखि वर्मामा बसेर उतैबाट व्यापार व्यवसायका साथै सामाजिक कार्यसमेत गर्दै आउनु भएको हो । भैरहवामा आएपछि उहाँले आफ्नो कारोबारका साथ साथै सामाजिक कार्यमा अगाडि बढिरहनु भएको छ । दाजुको सामाजिक कार्यतर्फ लाग्ने प्रेरणाबाट मैले पनि सामाजिक कार्यमा हात बढाएको छु । म आफै व्यवस्थापन समितिमा रहेको समयमा श्री गीर्वाण सरस्वती संस्कृत मा.वि. माणिग्राममा छात्रावास भवनको समस्या रहेकोले दाजुले र मैले छुट्टाछुट्टै छात्रावास कोठासमेत निजी लागतमा बनाएका थियौं । उहाँले शिक्षाको क्षेत्रमा बढी जोड दिए तापनि असहाय अपाङ्ग बालबालिकाको क्षेत्रमा समेत धेरै काम गरेर देखाउनु भएको छ ।

हामीहरूले पहिला कुल पूजा गर्दा ५ घरका/१० घरका मात्रैले छुट्टाछुट्टै गर्दै आएकोमा दाजुको प्रयासले न्यौपाने वंश समाजको गठन गरी कुल मन्दिरको लागि उहाँले जग्गा समेत खरीद गर्न दान दिनु भएकोले अहिले हामी सबै न्यौपानेहरूले सामूहिक रूपमा कुल पूजा गर्न पाएको छौं । उक्त ठाउँमा कुल मन्दिर र सभाहलसमेत निर्माण भइसकेको छ । हाम्रो परिवारका संरक्षक दाजुको सुस्वास्थ्यको कामना गर्दछु ।

**आनन्दवन - ४ मणिग्राम**

# धार्मिक व्यक्तित्व



टीकादत्त खरेल
भैरहवा

लीलारामजी र म वर्मादेखिका साथी भए तापनि भैरहवा आएपछि हामीहरूको आत्मीयता र घनिष्ठता बढेको हो । वर्मामा म मेन्यो र उहाँ लाश्योमा बसे तापनि संखाइ मन्दिरको पूजामा भेट भइरहन्थ्यो । संखाइ मन्दिर वर्मामा बस्ने हिन्दूहरूको पवित्र धार्मिक स्थलको रूपमा रहेको छ । केही महिना अघि म वर्मामा जाँदा संखाई मन्दिरमा दर्शनको लागि गएको थिएँ । नेपालबाट ठूलाकान्छा आए भनेर मेरा पुराना मित्रहरू मन्दिरमा भेट्न आएका थिए । त्यहाँ लीलारामजीको योगदानको धेरैले सम्झना गरेको पाएँ । म वर्मामा मेरो नाम भन्दा पनि ठूलाकान्छा भनेर चिनिएको कारणले पनि भैरहवामा समेत ठूलाकान्छा भनेर चिन्दछन् । लीलारामजी र मैले भैरहवाको नारायणस्थान मन्दिरमा २०५४ सालमा चौमासा पूजा सँगै गरेका थियौँ भने दुर्गा मन्दिरमा भएको २१ दिने पदमपुराण सँगै बसेर सुनेका थियौँ । २०५७ सालमा सप्ताह (यज्ञ) समेत सँगै गरेका थियौँ । उहाँ धार्मिक एवम् सामाजिक कार्यमा अगाडि सरी रकम समेत दान गर्दै आउनु भएको छ । समाजमा पुण्य कार्यमा आफूलाई अगाडि ल्याउनुभएको छ । उहाँको सुस्वास्थ्य एवम् दीर्घायुको कामना गर्दछु ।

# रूपन्देही क्याम्पस र श्री लीलाराम न्यौपाने



डिल्लीराज भट्टराई
भैरहवा

लीलाराम न्यौपाने यस क्षेत्रका समाजसेवी एवम् शिक्षाप्रेमीका रूपमा चिरपरिचित हुनुहुन्छ । सामान्य परिवारमा जन्मिएर आफ्नो बाल्यकाल प्रवासमा (वर्मा र भारत) व्यतीत गर्नु भएका न्यौपानेले जीवन भोगाइका क्रममा विभिन्न आरोह अवरोह पार गर्दै आफ्नो व्यक्तित्व निर्माण गर्नुभएको छ । धनसम्पत्तिका मालिक धेरै हुन्छन्, अर्थोपार्जन धेरैले गर्छन् तर त्यो रकम सामाजिक कार्यसम्पादनमा अत्यन्त न्यून व्यक्तिले मात्र प्रयोग गर्छन् । पैसाले मानिस धनी र सम्भ्रान्त बन्न सक्छ, व्यक्तिगत रूपमा सन्तुष्ट हुन सक्छ तर महान् र अमर बन्न कदापि सक्दैन । यसका निम्ति समाज र राष्ट्रले सम्झना गर्ने काम गर्नुपर्दछ । त्यो हो निःस्वार्थ समाज सेवा र राष्ट्रप्रेम । यसप्रकारका काममा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा संलग्न रहँदै यस क्षेत्रको सामाजिक, शैक्षिक एवम् धार्मिक विकासमा अत्यन्त श्रद्धा र निष्ठाका साथ क्रियाशील व्यक्तित्व हुनुहुन्छ श्री लीलाराम न्यौपाने । म उहाँलाई अत्यन्त आदर्शव्यक्ति र यथार्थवक्ताका रूपमा चिन्दछु ।

उहाँसँग मेरो परिचय सम्भवतः २०५० सालपछि भएको हो । सिरहा क्याम्पसबाट यहाँ भैरहवामा सरुवा भएर आएपछि उहाँको योगदानका बारेमा थोरै धेरै अवगत हुँदै थिएँ । सिद्धार्थनगरमा आयोजना गरिने विभिन्न कार्यक्रम र त्यहाँ हुने उहाँको उपस्थिति र उहाँबाट व्यक्त धारणले न्यौपानेज्यूलाई चिन्न र जान्न अझ बल पुऱ्यायो भन्ने मैले अनुभव गरेको छु । अझ भनौं समाजसेवी श्री लीलाराम न्यौपानेसँगको मेरो औपचारिक चिनाजानी रूपन्देही क्याम्पसमा

उहाँबाट बेलामौकामा हुने उपस्थिति र सान्निध्यबाट भएको हो। रूपन्देही क्याम्पस यस नगरको सामुदायिक (पब्लिक) क्याम्पसका रूपमा परिचित छ। यसले यहाँका निम्नवर्गीय परिवारका विद्यार्थीको पठनपाठनमा सघाउ पुऱ्याउँदै आएको छ। यस क्याम्पसको स्थापना कालदेखि नै शिक्षाप्रेमी लीलारामजीको प्रत्यक्ष सम्बन्ध रहँदै आएको छ। कहिले सञ्चालक समितिमा रहेर त कहिले सल्लाहकारका रूपमा रहेर क्याम्पसलाई अत्यन्त हार्दिकतापूर्वक सहयोग गर्दै आउनुभएको छ। उहाँको सेवा यतिमा मात्र सीमित छैन। क्याम्पस भवनको घडेरी खरीददेखि सोको तीनतले भवन निर्माणको सहकार्यमा उहाँले खेलेको भूमिका र आर्थिक लगानी यस क्याम्पसका लागि अविस्मरणीय छ। यस संस्थाको भौतिक पूर्वाधारका निम्ति उहाँको योगदान स्तुत्य छ र कालान्तरसम्म उहाँको नाम अमर रहनेछ। भौतिक पूर्वाधारका अतिरिक्त समाजसेवी श्री न्यौपानेले आफ्ना स्वर्गीय माता-पिताका स्मृतिमा विश्वगायत्री गरिब छात्रवृत्ति स्थापना गर्नुभएको छ, जसबाट गरिब विद्यार्थीहरू लाभान्वित भएका छन्। क्याम्पसका निम्ति उहाँले देखाएको तत्परता र सदाशयताबाट रूपन्देही क्याम्पस र लीलाराम न्यौपानेको कस्तो सम्बन्ध छ भन्ने कुरा छर्लङ्ग हुन्छ।

यसरी सामजसेवी लीलारामजीसँगको चिनापर्चीका आधारमा मैले उहाँलाई एक वरिष्ठ समाजसेवी र शिक्षाप्रेमी व्यक्तिका रूपमा चिनेको छु। यी दुईटा पक्षले उहाँलाई यस क्षेत्रमा स्थापित गरेका छन्। विभिन्न सामाजिक संघ-संस्था, धार्मिक मठ-मन्दिरहरूको संरक्षण सम्बर्धनमा पनि विशिष्ट योगदान रहेको छ। यस्ता संस्थाहरूप्रति उहाँको हार्दिक सद्भाव छ। सरल स्वभाव, स्पष्टवक्ता, निष्कलङ्क व्यवहार, पारदर्शिता समाजसेवी लीलारामज्यूका प्रमुख विशेषता हुन्। उहाँले आफ्नो जीवनमा आर्जन गरेको ठूलो सम्पत्ति भनेको सामाजिक व्यक्तित्व हो। यही व्यक्तित्वले दानवीर न्यौपानेलाई स्थापित गरेको छ। समाजका विविध क्षेत्र र अझ विशेष गरी शिक्षाका क्षेत्रमा उहाँले दिएको योगदानको उच्च सम्मान गर्दै लीलाराम बुबाको सुस्वास्थ्यको हार्दिक मङ्गलमय कामना गर्दछु। अस्तु।

**रुद्रपथ, सिद्धार्थनगर-१२, रूपन्देही**

# आत्मीय मित्र लीलारामजी



थानेश्वर घिमिरे
उद्योगी

लीलारामजी मेरो वर्मादेखि नै मिल्ने साथी हुनुहुन्छ । उहाँ नाम्टुमा र म मेन्योमा बसे तापनि हामीहरू बराबर भेट गरिरहन्थ्यौ । हामीले वर्मामा रासनको साझेदारी पसल समेत खोली अरू दुई जना साथीहरूलाई दैनिक कारोवार हेर्न जिम्मा दिए तापनि बीचबीचमा पालैपालो गरेर हामी पनि बस्ने गरेका थियौँ । वर्माबाट आएर भैरहवामा एकैठाउँमा जग्गा समेत खरीद गरेका थियौँ । पछि लीलारामजी शिलाङमा बस्न थाल्नु भएकोले उहाँलाई मैले भैरहवामै बसेर काम गरौँ भनेर ज्यादा जोड पनि गरेको थिएँ । भैरहवामा उहाँ पनि आएपछि साथीहरू मिलेर लुम्बिनी बसमा शेयर किनी बस सञ्चालन गरियो भने काठमाडौँ स्टोर पनि हामीहरूले साझेदारीमा चलाएका थियौँ ।

लीलारामजी सानैदेखि फुर्तिलो जाँगरिलो स्वभावको हुनुहुन्थ्यो । कारोवार सञ्चालनमा हामी दुई बीच निक्कै छलफल चलिरहन्थ्यो तर कहिल्यै पनि तितोपिरो भएन । लीलारामजी वर्मामा २३/२४ वर्षकै उमेरदेखि सामजिक कार्यमा पनि लागिसक्नु भएको थियो, पछि भैरहवामा पनि त्यो क्रमलाई अगाडि बढाउँदै लैजानु भयो । उहाँको सुस्वास्थको कामना गर्दछु ।

# न्यौपाने वंशका संरक्षक लीलाराम



दीपक क्षत्री न्यौपाने
न्यौपाने वंश समाजको केन्द्रीय उपाध्यक्ष एवम् समाजसेवी

२०३२ सालमा नेपाल आगमनपछि र २०३६ सालमा होटल हिमालयको सञ्चालनपछि यस क्षेत्रका उद्योगी, व्यापारी, विद्यार्थी, समाजसेवी, कर्मचारीलगायत असङख्य व्यक्तिहरूसँग चिनजान र मित्रता गाँसिन थाल्यो । त्यही क्रममा यस क्षेत्रका चर्चित समाजसेवी श्री लीलाराम न्यौपानेज्यूसँग पनि परिचयको सिलसिला अघि बढ्यो । उहाँ पनि यस क्षेत्रमा वर्मा (हाल म्यानमार) वाट नेपाल आई व्यवसाय सञ्चालन गर्नु भएको रहेछ । उहाँसितको घनिष्टता हामी दुवै जना न्यौपाने भएको आधारमा पनि हो ।

लीलाराम न्यौपानेज्यूसँग म राजनीतिक रूपमा पनि नजिक हुन पुगेँ किनकि उहाँ पनि नेपाली काङग्रेसको क्रियाशील सदस्य हुनुहुन्छ । व्यवसायको सिलसिलामा उहाँ समाजसेवातर्फ विशेष उन्मुख हुनुभयो भने आफ्नो व्यवसायलाई पनि निरन्तरता दिँदै आउनु भएकोमा हाल उहाँका सुपुत्रहरूले विभिन्न उद्योग-व्यवसाय सञ्चालन गरी रोजगारीको अवसरहरू पनि सिर्जना गरेको हुनाले धेरैको जीविका समेत चलेको छ । उहाँले यस क्षेत्रका अनेकौँ स्थानमा योगदान पुऱ्याउनु भएको छ जसको विस्तृत विवरण धेरै लामो हुन्छ । विशेष गरी शिक्षा, संस्कृति (मठ मन्दिर) खेलकुद, असहाय बालबालिकालगायतका सबै क्षेत्रमा लगानी गर्नुभएको छ। उहाँकै सक्रियतामा न्यौपाने बन्धुहरूको भेला गराई न्यौपाने वंश समाज केन्द्रीय समितिको यस क्षेत्रमा स्थानपना भएको छ। देशभरि छरिएर रहेका १५ लाख न्यौपानेहरूले उहाँलाई नचिनेका होइनन् । उहाँको सामाजिक व्यक्तित्वकै हैसियतले विभिन्न संघसंस्थामा जिम्मेवार स्थानमा ससम्मान राखिएको छ ।

उहाँ अत्यन्त मृदुभाषी र नरम दिलको भएको हुनाले कसैको पनि दुःख उहाँ देख्न सक्नु हुन्न र यथाशीघ्र आवश्यक सहयोग गरिहाल्नु हुन्छ। सबै क्षेत्रमा सहयोग पुऱ्याएवापत उहाँलाई दानवीर भनेर सम्मान गरिएको छ।

उहाँको उच्च मूल्याङ्कन गर्दै विभिन्न संघसंस्थाहरूबाट विभूषित भैरहनुभएको छ। आफूमात्र नभई उहाँले आफ्नो परिवारलाई व्यवसायको साथसाथै दानधर्म मार्फत् समाजसेवामा लगाउनु भएको छ। असहाय बालबालिका, वृद्धवृद्धा सबै क्षेत्रलाई उहाँको निरन्तर सहयोग रहेको छ। त्यसैले उहाँ सबैको आदरणीय र सम्मानित व्यक्ति हुनुहुन्छ।

# प्रेरणाका स्रोत



निधानचन्द्र श्रेष्ठ
अध्यक्ष, नेपाल रेडक्रस सोसाइटि
रुपन्देही शाखा

लीलाराम न्यौपानेजी सफल व्यवसायीका साथसाथै वरिष्ठ सामाजसेवी पनि हुनुहुन्छ। सिद्धार्थनगरको विकासमा उहाँ आफैले आर्थिक सहयोग समेत गरी कार्य गर्नु भएको छ। यसरी निजी क्षेत्रबाट केही काम गर्न सकिन्छ भन्ने उदाहरण पेश गरी दिनु भएको छ भने दिन दुःखी, असाहय, बालबालिकाहरूलाई व्यक्तिगत रूपमा सहयोग गरी मानवियताको कार्य गर्नु भएको छ। उहाँ नेपाल रेडक्रस सोसाइटीको आजीवन सदाय हुनुहुन्छ। उहाले गर्नु भएको योगदान हामी सबैलाई प्रेरणाको श्रोत भएको मैले महसुस गरेको छु।

# मैले चिनेका लीलाराम दाइ



दिलीप भट्टराई
वरिष्ठ पत्रकार एवम् समाजसेवी

मैले लीलाराम न्यौपानेज्यूलाई पहिलो पटक २०२५ सालतिर भेटेको सम्झना छ । तर उहाँलाई कहाँ भेटेँ स्पष्ट छैन । हाम्रो भेटघाट भैरहवाको वर्मेली टोल अथवा बुटवलको “लुम्बिनी बसको” कार्यालयमा हुनुपर्छ । वर्मामा वर्षौंदेखि बसोवास गर्दै आएका थुप्रै प्रवासी नेपाली २०१८ सालतिर त्यहाँको राजनीतिक अस्थिरताको कारण आफ्नो जन्म र कर्म थलो छाड्न बाध्य हुँदा आफ्नै पुर्खाको भूमि नेपाल फर्किएका थिए । तीमध्ये एउटा ठूलो सम्पन्न समूहलाई भैरहवा मन पऱ्यो र त्यहीँ व्यवसाय फैलाएर स्थायी रूपमा बसोवास सुरु गर्ने लीलाराम न्यौपानेको परिवार पनि एक थियो । २०१८ सालमा नेपाल पसे पनि केही वर्ष भारतको सिलाङमा बिताएर २०२५ सालमा भैरहवा फर्किनु भएका लीलारामलाई आफ्नो र स्वर्गीय दाज्यू समेतको परिवारको भरण पोषणको चाँजोपाँजो मिलाउनु केही वर्षसम्म निक्कै हम्मे हम्मे परेको थियो । सुरुका वर्षहरूमा आफू जस्तै वर्माबाट फर्केका गुल्मी आँपचौरका मित्र र आफन्तहरूसँग मिलेर यातायात र अन्य व्यवसायमा साझेदारी काममा संलग्न भए तापनि जहाँसम्म मलाई थाहा छ, सम्भवत: २०२८/२९ तिर उहाँले स्वतन्त्र रूपमा आफ्नो व्यवसाय सुरु गर्नु भएको थियो । मैले त्यसबेलासम्म उहाँलाई अन्य वर्मेली व्यवसायी मित्र भन्दा भिन्न रूपमा लिन सकेको थिइनँ । म पनि २०३३ सालदेखि वर्मेली टोलमा स्थायीरूपमा बसोवास गर्दै आएको र अधिकांश मित्रहरू प्रवासी वर्मेली नेपाली समुदायका भएकाले रैथाने पहाडी र मधेशे मूलकाले मलाई पनि वर्मेलीको रूपमा लिने गरेका थिए ।

त्यसताकाको भैरहवाको वर्मेली समुदाय अन्य पहाडे अथवा मधेशे समुदायको भन्दा भिन्न आचार, व्यवहार र जीवन शैली अपनाएकोले भैरहवाको आम समाजमा उनीहरूको विशेष पहिचान बनेको थियो । आर्थिक सम्पन्नताको साथ साथै व्यवसायिक दक्षता र ईमान्दारीको कारण छिटै भैरहवाका वर्मेली व्यवसायीहरूको व्यापारिक संजाल नेपालमा मात्र नभएर विदेशसम्म फैलिँदा उनीहरूले नेपालको औद्योगिक र व्यावसायिक क्षेत्रमा आफ्नो विशिष्ट स्थान बनाउन सफल भए जसमध्ये लीलाराम न्यौपानेको परिवारलाई अवश्य पनि शीर्ष स्थान प्राप्त छ । आफ्नो परिवारलाई यहाँसम्म पुऱ्याउन सुरुका दिनहरूमा लीलाराम न्यौपानेले गर्नु परेको सङ्घर्ष र उहाँको जीवनगाथा एउटा रजत पटको सङ्घर्षरत नायक जस्तै छः जो अत्यन्त कलिलो उमेरमा अनाथ बन्छ, सडकमा हुर्किन्छ, सङ्घर्ष गर्छ तर एक दिन सम्पन्न बनेर आफूजस्तै अनाथ, असहाय र बालअधिकार विहीन बालबालिकाहरूको लागि आश्रय, शिक्षा, भोजन र सुरक्षित जीवन बिताउने वातावरण सिर्जना गर्ने अभिभावकको भूमिका निर्वाह गर्ने नायकको स्थान बोकेको हुन्छ । वास्तवमा मैले लीलाराम दाइलाई त्यस्तै नायकको रूपमा पाएको छु ।

मैले लामो समयसम्म भैरहवामा लीलाराम दाइसँग हातेमालो गरेर सामजिक सेवाको क्षेत्रमा काम गर्ने अवसर पाएँ । स्पष्टवक्ता, अलिकडा मिजासका लीलाराम दाइलाई ठीकसँग चिन्न र जान्न जोकोहीलाई अलि गाह्रो हुन्छ । चाकडी, चाप्लुसी, चाटुकारिता पटक्कै मन नपर्ने उहाँको मन दीन, दुःखी, असहाय, अनाथ, अपाङ्ग जस्ताहरूको लागि हमेसा नै द्रवित हुने गरेको पाएको छु । भैरहवाको तत्कालीन चर्चित श्री ५ इन्द्र राज्य लक्ष्मी माध्यमिक विद्यालयमा २०४४/०४५ मा सञ्चालक समितिको सदस्यको रूपमा उहाँ र म मनोनित हुँदा मैले उहाँलाई नजिकबाट अध्ययन गर्ने अवसर पाएको थिएँ । पछि म सोही विद्यालयको अध्यक्ष पदमा रहँदा विद्यालयको भौतिक विकासमा समितिको एक जिम्मेवार सदस्यको रूपमा उहाँको योगदान महत्त्वपूर्ण रहेको थियो । त्यसबेला विद्यालयको प्रा.वि तहका कक्षा कोठाहरूको मर्मत सम्भारमा उहाँले आर्थिक सहयोग मात्रै गर्नु भएन, आफै खटेर सम्पूर्ण मर्मत कार्यको तदारुकताको साथ सुपरिवेक्षण समेत गर्नु भएको थियो । त्यसबेलासम्म उहाँ आर्थिक रूपमा त्यति सम्पन्न नभईसके तापनि मठ मन्दिर निर्माण र दीन दुःखीको सेवामा आफ्नो सीमित आयबाट बचत

गर्नु भएको रकम खुला हातले दान गर्नुहुन्थ्यो । यसै बीच उहाँका चार छोराहरू उच्च शिक्षा हाँसिल गरेर बाबुको व्यवसायमा संलग्न हुँदा न्यौपाने परिवारको आर्थिक स्थिति झन् भन्दा झन् राम्रो हुँदै गयो । आर्थिक समुन्नतिको साथ साथै लीलाराम दाइमा धार्मिक, शैक्षिक र सामाजिक क्षेत्रमा दान दिने र योगी, सन्त र धार्मिक व्यक्तित्वको सेवा टहल गर्नेतर्फ सक्रियता बढदै गयो र विस्तार विस्तार उहाँ सामाजिक सेवा र दान धर्ममा यति तल्लीन हुनुभयो कि उहाँको लागि व्यवसायिक क्रियाकलापहरू गौण हुन पुगे । यसै बीच उहाँका चार सुपुत्र हरि, दुर्गा, विष्णु र शशि समुद्रपारको व्यापार र उद्योग धन्दामा राम्रैसँग स्थापित भइसकेका र उहाँले आफ्नो पाखुरा र बुद्धि खियाएर कमाएको धन सही ठाउँमा लगानी गर्दा दान पुण्यको आगि उहाँलाई कुनै प्रकारको बन्देज रहेन र सो क्रम अझै पनि यथावत जारी नै छ ।

भैरहवा अन्नपूर्ण टोल स्थित श्री दुर्गा मन्दिर, रूपन्देही क्याम्पस, तत्कालीन श्री ५ इन्द्र राज्य लक्ष्मी मा.वि र हालको श्री रूपन्देही लीलाराम मा.वि, जिल्ला बाल कल्याण समितिको भवन निर्माण र भौतिक विकासमा उहाँले पुऱ्याएको आर्थिक सहयोग उल्लेखनीय रहेको छ । रूपन्देही बाहिर चितवन, नवलपरासी, झापा र काठमाडौँमा समेत विभिन्न शैक्षिक एवम् धार्मिक क्षेत्रमा लीलारामज्यूले दान स्वरूप ठूलो रकम लगानी गर्नु भएको छ । मलाई थाहा भएअनुसार विगत दस वर्षभित्र उहाँले विभिन्न धार्मिक, शैक्षिक र सामाजिक संघ संस्थालाई मात्रै झन्डै दुई करोड रुपैया दान दिनु भएको छ भने प्रत्यक्ष रूपमा दीन, दुःखी, असहाय, अपाङ्ग र धार्मिक व्यक्तित्वहरूलाई दिएको आर्थिक सहयोगको त लेखाजोखा नै छैन । सहयोगको आश लिएर गएका कोही पनि उहाँको ढोकाबाट रित्तो हात फर्किएको छैन । यस प्रसंङ्गमा मलाई एउटा घटनाको सम्झना छ । राति १०/११ बजेतिर ९/१० जना साधुसन्तको टोली काठमाडौँबाट उहाँको भैरहवा स्थित घरमा रात्रिबासको लागि पुगेछन् । पारिवारिक व्यवसायको रेखदेख गर्ने उहाँको सालाको छोरा विजय खरेललाई गहिरो निद्राबाट उठाउँदै तुरुन्तै ती आगन्तुक पाहुनाहरूको लागि जसरी भए पनि खीरसमेतको भोजनको व्यवस्था मिलाउन लीलारामज्यूले अह्राउनु भएछ । माघ महिनाको मध्यरातमा अब विजयले कहाँबाट ८/१० लिटर दूधको प्रबन्ध मिलाउने दुध ल्याउन नसके घरमा महाभारत हुने सम्भावना ल्याउने त कसरी ? अन्ततोगत्व फुपाको रीसबाट जोगिन भैरहवा

बजारको प्रख्यात पवन मिष्ठान्न भण्डारको बन्द ढोका ढकढकाउन पुगेछन् । अर्को दिन बिहानको चियाको लागि राखेको दूध अनेकौ प्रयास पछि हात पार्न सफल भएर साधु सन्तहरूको भोजनको लागि खीरको व्यञ्जन तयार पार्न सफल भएको घटना विजयले मलाई २/३ दिन पछि सुनाउँदा धर्म र धार्मिक व्यक्तित्व प्रतिको उहाँको निष्ठा देखेर म आश्चर्य चकित परेको थिएँ । त्यति मात्रै कहाँ हो र ! अर्को बिहान ती रातिका पाहुनाहरूलाई बिदा गर्दा भारतको तीर्थाटनको लागि बाटोखर्चको लागि भा. रू. को प्रबन्ध मिलाउन समेत विजयलाई नै जाडोको बिहान साइकलमा भागदौड गर्नु परेको थियो । यस्ता घटनाहरूको सामना विजयलाई कैयौं पटक गर्नु परेको उनले मलाई बताएका छन् । यस प्रकारका भारतमा तीर्थाटन र धार्मिक सभासमारोहमा भाग लिन जाने प्रकाण्ड विद्वान्, सन्त महन्तदेखि दरबारिया समेतको अतिथि सत्कारमा उहाँले कुनै कमी गर्नु भएन, उहाँ भैरहवा रहुञ्जेल यो क्रम जारी नै थियो ।

दस वर्ष अघि जिल्ला बाल कल्याण समिति रूपन्देहीको पुनर्गठन हुँदा तत्कालीन प्रमुख जिल्ला अधिकारी ताना गौतमले मसँग केही स्थानीय समाजसेवीहरूको नाम माग्नु भएको थियो । पत्रकारिताको साथसाथ नेपाल बाल कल्याण संस्था र अन्य संघ संस्थासँग म सक्रिय रूपमा आबद्ध भएको कारणले होला प्र.जि.अ गौतमज्यूले मलाई त्यो जिम्मेवारी सुम्पिनु भएको थियो । मैले सिफारिस गरेको नामहरूमध्ये लीलाराम दाइको नाम शीर्षस्थानमा रहेको थियो । जि.बा.क स. को सदस्यको रूपमा अनाथ, असहाय, अपाङ्ग र सडक बाल बालिकाको कल्याणार्थ उहाँले पुऱ्याउनु भएको आर्थिक सहयोग उल्लेखनीय रहेको छ । प्रत्येक वर्ष विजया दशमी र बाल दिवसहरूमा आयोजना गरिने बाल भोज र बालहितका कार्यक्रमहरूको सम्पूर्ण खर्च उहाँले स्वेच्छाले बेहुर्नु हुन्थ्यो । रूपन्देही जिल्ला प्रशासन कार्यालय परिसरभित्र बनेको तीन तले भव्य भवनको निर्माण उहाँको आर्थिक सहयोग बिना सम्भव थिएन । मेरो सक्रियतामा बनेको सो भवनको चन्दा दाताहरूको शिलालेखमा उहाँको नाम शीर्षस्थानमा रहेको छ ।

तत्कालीन अत्यन्त चर्चित साप्ताहिक पत्रिका “विमर्श” को पश्चिमाञ्चल र उत्तर भारतको विशेष प्रतिनिधिको रूपमा धेरैपटक लीलाराम न्यौपानेज्यूको दान

शीलता र समाज सेवाको बारेमा समाचार पठाउने क्रममा उहाँसँग अन्तरक्रिया गर्नुपर्दा र सामाजिक कार्यमा हामी दुवै सक्रिय रहँदा उहाँको जीवनको विभिन्न पक्ष बारे नजिकबाट परिचित हुने अवसर प्राप्त गरेकोले मलाई आदरणीय लीलाराम दाइको बारे यो संस्मरण प्रस्तुत गर्न सजिलो बनेको छ । वर्मा प्रवास कालमा ९ महिनामा बाबु र १० वर्षमा आमा गुमाउने अनाथ बालक लीलारामको बाल्यवस्था कति कठिन र चुनौती पूर्ण थियो, उहाँकै मुखबाट स्पष्ट हुन्छ । "वर्माको राजधानी हालको एङ्गन (तत्कालीन नाम रंगुन) बाट ७०० माईल टाढा उत्तरी वर्माको "स्यांग स्टेत को" सेखौमा एउटा मध्यम वर्गीय प्रवासी नेपाली परिवारमा हुर्किएको म आमा बाबु दुवैको असामयिक निधन पछि अचानक टुहुरो बन्न पुगेँ । भएको सम्पत्ति आफन्त र छिमेकीहरूले हडपँदा हामी खाते बन्न पुग्यौ । त्यसबेला दोस्रो विश्व युद्धको चपेटामा परेको वर्माको जनजीवन र आर्थिक स्थिति अस्त व्यस्त बनेको थियो । जापानी वम वर्षा र आक्रमणको डरले वस्तीहरू उजाडिदै गए । कसैबाट सहयोगको अपेक्षा गर्नु अर्थहीन थियो । विश्वयुद्धको अन्ततिर सन् १९४५ मा कलिलो उमेरमा नोकरीको खोजीमा "लास्यौ" को अमेरिकी सैनिक अड्डामा पुगेँ । त्यहाँ छाउनीभित्रको आइस क्रीम बनाउने कारखानामा ठूल ठूला दूध बोक्ने अल्मुनियमका भाँडाहरू सफा गर्ने काम पाउँदा जीवनसँग निराश भएको ममा एउटा नयाँ आत्म विश्वासले डेरा जमायो र ती ठूलठूला दूधमा भाँडाहरू साबुन पानीले रगडेर माझ्दा जीवनलाई यसरी नै रगडी रगडी फोहोर भाँडाहरू झैं सफा र चम्किलो बनाउनु पर्छ भन्ने आत्मबोध पलाएर आयो र कालान्तरमा धेरै धन कमाएर म जस्तै दीन दुःखी र असहाय बाल बालिकाको हितमा जीवन उत्सर्ग गर्ने बिचार समेत मनमा जागेको थियो, लास्यौको अमेरिकी सैनिक छाउनीमा किशोर अवस्थामा मैले सिकेको पाठले नै मलाई स्वावलम्वी, कर्मठ र ईमानदार बन्न सिकायो र म आज जे छु त्यो लास्यौको अनुभवको देन हो" यी कुरा दानवीर लीलाराम न्यौपानेले मलाई धेरैपटक बताइ सक्नु भएको छ र सन् १९४५ पछि उहाँले कहिल्यै पछि फर्केर हेर्नु भएन । कुनै विद्यालयमा औपचारिक शिक्षा नपाए तापनि जीवनको कठिन समयबाट गुज्रिन पर्दा उहाँले सँगालेको व्यावहारिक शिक्षा, अनुभव र हात पाखुरा बजारेर र टंटलापुर घाममा पसिना चुहाएर कमाएको धन कसरी सदुपयोग गर्नुपर्छ

भन्ने ज्ञानले दानवीर वरिष्ठ समाज सेवी लीलाराम न्यौपानेको भविष्यलाई मानव सेवाको महायज्ञतर्फ अभिप्रेरित गरेको पाएको छु ।

नेपाल फर्किने प्रेरणा कहाँबाट पाउनु भयो ? भनेर सोध्दा उहाँले भन्नु भएको छ- “२०१७ सालमा तत्कालीन नेपालका प्रधानमन्त्री बी.पी कोइराला वर्माको राजधानी रँगुन आउनु भएको थियो । झन्डै ७०० माईल दुरी यात्रा गरेर उहाँलाई भेट्न म रँगुन पुगेँ । त्यसवेलासम्म म एउटा प्रतिष्ठित समाज सेवी र सफा व्यवसायीको रूपमा स्थापित भइसकेको थिएँ । प्रथम भेटमै म वी.पी को व्यक्तित्व र अन्तर्राष्ट्रिय राजनीतिको ज्ञानबाट अत्यन्तै प्रभावित भएँ । उहाँले नै वर्मामा आर्जेको व्यावसायिक ज्ञान र शीप बोकेर नेपाल फर्किन आग्रह गर्नु भयो र उहाँकै प्रेरणाबाट म नेपाल फर्किएको हुँ ।

वरिष्ठ समाज सेवी दानवीर लीलाराम न्यौपानेज्यूको बारेमा आफ्नो बिचार प्रकट गर्दा मलाई Roman Catholic खृष्ट धर्मको सर्वोच्च निकाय रोमको भ्याटिकनका एक जना प्रमुख धर्म गुरुको त्यो उक्तिको सम्झना हुन्छ “An honest soul is the noblest work of GOD” (अर्थात् एउटा शुद्ध आत्मा ईश्वरको महानतम कार्य हो” । वास्तवमा लीलाराम न्यौपाने ईश्वरको महानतम सृष्टि (कार्य) हुनुहुन्छ । तर अत्यन्त दुखद पक्ष के छ भने उहाँ विगत केहीवर्ष देखि मृगौला सम्बन्धी रोगले पीडित भएर काठमाडौँमा उपाचारमा हुनुहुन्छ । उहाँको शीघ्र स्वास्थ्य लाभको कामना सहित दीर्घायुको कामना गर्दछु ।

# मेरो अनुभवमा दानवीर लीलाराम न्यौपाने

डी.आर.शर्मा
समाजसेवी



मेरा मित्र श्री विष्णुप्रसाद न्यौपानेको अगुवाईमा श्री लीलाराम न्यौपानेको जीवनी, व्यक्तित्वसम्बन्धी एक पुस्तिका प्रकाशन गर्न शुरू गर्नुभएको रहेछ । मलाई त्यसमा ज्यादै खुसी लाग्यो । उहाँले मलाई सिद्धार्थनगर वडा नं ९ निवासी श्री लीलारामज्यू तपाई निकट र धेरै सामाजिक र धार्मिक मठमन्दिर आदिमा हातेमालो गरी सहकार्य गर्नुभएकाले यसमा एउटा सानो मन्तव्य लेखिदिनु होला भन्नु भयो । मन्तव्य कहाँबाट शुरू गरी कहाँ अन्त गरौं, लीलारामज्यूको सामाजिक योगदानको कुरा गरौं भने छिचली साध्य छैन । उहाँको सामाजिक र धार्मिक क्षेत्रमा अकथनीय योगदान रहेकोले केके भनौं खै ! केही कुरा मात्र उल्लेख गरी एउटा मन्तव्य त भन्नै पर्‍यो ।

श्री लीलाराम न्यौपाने सरल व्यक्तित्वका धनी, स्पष्ट वक्ता, व्यवहारिक उदार हृदयका धनी, “विकास प्रेमी” “शिक्षा प्रेमी” र धर्मानुरागी व्यक्ति हुनुहुन्छ । धार्मिक र सामाजिक काम गर्न उहाँको साथ ज्यादै सजिलो हुन्छ । म उहाँसँग २०३६ देखि पूर्णरूपमा परिचित छु ।

श्री लीलारामज्यूसँग संस्कृत विद्याश्रम, दुर्गामन्दिर, शिवमन्दिर, इ.रा.ल.मा.वि (हाल रूपन्देही लीलाराम मा.वि) आदि सिद्धार्थनगरका संस्थाहरूमा प्रत्यक्ष र अप्रत्यक्ष हातेमालो गरी सहकार्य गर्ने अवसर पाएको थिएँ मैले । समाजको र धार्मिक संस्थाको एक पैसा पनि दुरूपयोग गर्न हुन्न ! दान दिए बढ्छ । संस्थाको पैसा खाने सधैं दरिद्र हुन्छ भन्दै एकदुई जनाको उदाहरण दिइरहनु हुन्छ । सक्नेले दान गर्नुपर्छ दान भनेको धन बढाउने उर्जा हो भन्नुहुन्छ उहाँ । उहाँसँगको सत्सङ्गबाट मैले समाजमा राम्रो

सम्मान पाएको छु । यो उहाँको प्रेरणा हो भन्नै पर्छ मैले । श्री लीलाराम न्यौपाने संस्कृत शिक्षाको ज्यादै प्रेमी हुनुहुन्छ । शान्तिनगर, सिद्धार्थनगर - १३ मा रहेको संस्कृत विद्याश्रममा अध्यक्ष भई उहाँले उल्लेख्य आर्थिक तथा शैक्षिक सुधार गर्नु भएको हो । स्वास्थ्यले साथ नदिएकोले उपचारार्थ काठमाडौं नै गई बस्नु पर्ने बाध्यताले आफूले ग्रहण गरेको अध्यक्ष पदको कार्यभार मलाई सुम्पी काठमाडौं जानुभएको हो । समय-समयमा आर्थिक र पठन-पाठनको सुधारमा सल्लाह र सहयोग प्रदान गर्दै आउनुभएको छ ।

श्री लीलाराम न्यौपानेले मान्छे चिन्नसक्ने क्षमता राख्नुभएको छ । उहाँ दानवीर हुनुहुन्छ । उहाँले दान दिँदा उद्देश्य र आयोजकहरू हेरेर बुझेर मात्र गर्नु हुन्छ । उहाँ व्यावहारिक स्पष्टवक्ता, निर्भिक र संस्थाको आर्थिक कारोवारमा खरो हुनुहुन्छ ।

श्री लीलाराम न्यौपाने बडो भाग्यमानी हुनुहुन्छ । धन सम्पत्ति, पत्नी, छोरा, वुहरी, नाति-नातिनीहरू सबैसँग सधैं प्रेमपूर्वक रहनुहुन्छ । हामीहरूले उहाँका सन्ततिले उत्तरोत्तर प्रगति गरेको देख्छौं । उहाँकै भनाइमा "दान धनको उर्जा" हो । ठीकै हो, उहाँको दानको प्रभावले उहाँको सन्ततिको आर्थिक, सामाजिक र पारिवारिक प्रगतिमा उर्जा थपिएको छ ।

श्री लीलाराम अतिथि सेवक हुनुहुन्छ । घरमा आएका इष्टमित्र, साथीभाइ, पाहुना विशेष गरेर साधुसन्त महात्माको सत्कारमा कमी नरहोस् भन्ने भावना सदैव राख्नुहुन्छ ।

श्री लीलाराम न्यौपाने रहनुभएका धार्मिक संस्था, मठमन्दिर, विद्यालय आदि संस्थाहरूको आर्थिक र भौतिक स्थिति ज्यादै राम्रो रहेको हुन्छ । उहाँ कसैसँग चन्दा दिनुस् भनी माग्नु हुन्न । आफू रहेको संस्थाको आफैले सहयोग प्रदान गरी दुरुस्त राख्ने उहाँको विशेषता छ । श्री लीलाराम न्यौपाने राष्ट्रवादी व्यक्ति हुनुहुन्छ । हामी नेपालीले नै नेपाल बनाउनु पर्छ । विदेशीका सामु केही गरेर देखाउनु पर्छ भन्ने गहिरो भावना छ उहाँमा ।

श्री लीलाराम न्यौपानेको स्वास्थ्यको अवस्था आज कमजोर छ । धार्मिक मठमन्दिर संस्कृत विद्यालयप्रति सदैव चासो राखिरहनु हुन्छ उहाँले । दुर्गामन्दिरको निर्माण के

भयो, शिवमन्दिरमा के भएको छ, नारायणस्थान मन्दिरको अवस्था कस्तो छ, संस्कृत विद्याश्रममा कस्तो स्थिति छ, केही गर्नुस् मैले हेरूँला भन्ने जोशिलो र उत्साहबर्द्धक निर्देशन दिइरहनु हुन्छ, उहाँले मलाई ।

श्री लीलारामले नेपालीसमाजमा गरेका योगदान, मन्दिर, धर्मशाला, पाठशाला वृद्धाश्रम, घाट, स्कूल, कलेज आदि क्षेत्रमा गरेका योगदानको उल्लेख गरिसाध्य छैन । सबै योगदानको उल्लेख गर्ने हो भने एउटा ग्रन्थै तयार हुन्छ होला । मैले केही कुरामात्र उल्लेख गरी आफ्नो भनाइ यही विश्राम गरेँ । नेपाल आमाका सुपुत्र नेपालीका प्रेरणाका स्रोत दानवीर, धर्मवीर नेपालीका गर्व तपाईं लीलाराम न्यौपानेलाई हार्दिक धन्यवाद, साधुवाद !

**अन्नपूर्णपथ, सिद्धार्थनगर-८**

**रूपन्देही**

# उदाहरणीय व्यक्तित्व
# श्री लीलाराम न्यौपाने



धर्मदत्त भुसाल
प्र.अ. श्री जनज्योति नमुना कन्या मा.वि.
प्रगतिनगर, नवलपरासी

भैरहवा हिमाली सँगम (वर्मेलीटोल) निवासी आरणीय श्री लीलाराम न्यौपाने अत्यन्त सरल मृदुभाषी तथा दानवीर व्यक्तित्व हुनुहुन्छ । उहाँ आफ्नो सानो सहयोगले मानव कल्याणमा योगदान पुग्छ भने आफूलाई त्यस कार्यमा समर्पित गर्न हरहमेसा तयार रहने तथा सबैले मानव कल्याणकारी कार्य गर्ने सोच र कार्यान्वयन गरेमा सुन्दर र समृद्ध समाजको निर्माण गर्न सकिन्छ भन्ने सपना सजाउनु भएका एउटा असल सामाजिक कार्यकर्ता हुनुहुन्छ ।

भावनामा उदारता, बिचारमा परिपक्वता, व्यवहारमा कुशलता, प्रेम, सरलता र मृदुलताका धनी व्यक्तित्व लीलारामज्यू यस विद्यालयका संस्थापक एवम् निवर्तमान प्रधानाध्यापक श्री महाशर्मा घिमिरेको विशेष अनुरोधमा २०५८ सालमा उहाँकी धर्मपत्नी कुन्तीदेवी र परिवारका अन्य सदस्यसहित निश्चल प्रेम र प्रशन्न मनले प्रगतिनगरमा आई विद्यालयको शैक्षिक गुणवत्ता कायम राख्दै भौतिक संरचनाको परिपूर्ति र यसमा अध्ययन गर्ने छात्र - छात्राहरूलाई अनुशासित बन्न प्रेरणा दिँदै भोलिका कर्मठ नागरिक बनाउने सोचलाई कार्यरूपमा परिणत गर्न गराउन कृत संकल्पका साथ लागिपरेको यसको सेवा क्षेत्र प्रगतिनगरको वास्तविक अवस्था र ए तिहासिकतालाई हृदयङ्गम गरेर विद्यालयमा जुट्नु भएका व्यवस्थापन समितिका पदाधिकारीहरू, शिक्षक वर्ग एवम् उपस्थित - अभिभावकहरूको रोहवरमा आफ्नो पचिय दिँदै जीवनकालमा घटित विशिष्ट घटनाहरूको जानकारी दिनुका साथै आफू वर्मामा रहँदा 'नाम्ट' भन्ने सहरको एउटा

अस्पतालका पंजावी कामदारको प्रेरणाबाट समाज सेवामा लागेको प्रसङ्ग उल्लेख गर्दै बडो विशाल हृदय र उदार भावनाले हाम्रो उद्देश्य परिपूर्तिका निमित्त हातेमालो गर्ने सोचका साथ आफ्ना माता पिताको स्मरणमा "विश्व गायत्री गरिब तथा जेहेन्दार छात्र वृत्तिकोष" मा रु. ५१,०००/- तथा "लीलाराम कुन्तीदेवी न्यौपाने अक्षयकोष" मा रु. १,०१,०००/- गरी जम्मा रु. १,५२,०००/- (एकलाख बाउन्न हजार) धनराशि प्रदान गर्नु भयो । हाल उक्त दुवै खाले धनराशिबाट आर्जित व्याजको रकमले विद्यालय तथा छात्र-छात्राहरूको विकासमा ठूलो योगदान पुगिरहेको श्री लीलाराम न्यौपानेज्यूको यस प्रकारको श्रद्धा युक्त सहयोग यस विद्यालयको इतिहासमा स्वर्णाक्षरले लेखिनेछ ।

आदरणीय दानवीर व्यक्तित्व लीलारामज्यू यस विद्यालयबाट फर्किए पश्चात कालान्तरमा भैरहवा निवासीहरूको तर्फबाट उहाँको विशेष सम्मानका निमित्त आयोजित भव्य कार्यक्रममा सौभाग्यवस उपस्थितिका निमित्त विद्यालय अध्यक्ष श्री मोहनलाल गौतम, निवर्तमान प्र.अ. श्री महाशर्मा घिमिरे र विद्यालय प्र.अ. को नाताले म स्वयंम् भैरहवा पुगी लीलारामज्यूको बारेमा दुई शब्द प्रकट गर्ने सुअवसर र सौभाग्य मैले पाएकोले विद्यालय परिवारकोतर्फबाट सम्मानका साथ उहाँको सु-स्वास्थ्य र दीर्घायुको कामना व्यक्त गरें ।

यस संसारमा धेरै मानिस जन्मिन्छन् र भोगभाग सिद्धिएपश्चात् काल कल्वित हुन्छन् । वास्तवमा आफ्नो जीवन कालमा जस्ले उपार्जित धनराशिको सदुपयोग गरी विभिन्न सामाजिक संस्थाहरूलाई नयाँ आयाम दिने पुनित कार्य गर्दछन्, त्यस्ता व्यक्तित्वहरू नै सदा सर्वदा आदरणीय व्यक्तित्वको रूपमा रहिरहन्छन् । त्यसै अनुरूप श्री लीलाराम न्यौपानेज्यूलाई पनि हामी र हाम्रो संस्थाले जीवन पर्यन्त श्रद्धानत स्मरण गरिरहनेछ ।

"जीवेमा शरदः शतम्" दानवीर श्री लीलाराम न्यौपानेज्यू प्रति आभार युक्त यो शुभेच्छा प्रकट गर्दै उहाँका सम्पूर्ण परिवारजनप्रति सोही अनुरूप सदीच्छा प्रकट गर्न विद्यालय परिवार उद्यत रहनेछ ।

**"एवमस्तु"**

# उर्जावान् व्यक्तित्व



नारायण अग्रवाल
समाजसेवी एवम् व्यवसायी, भैरहवा

लीलाराम न्यौपाने एउटा कर्मठ व्यक्तित्व, ठूलो समाजसेवी, बडो उदार व्यक्तित्व हुनुहुन्छ । उहाँबाट हामीलाई धेरै प्रेरणा प्राप्त भएको छ । सिद्धार्थनगर (भैरहवा) को विकासमा समेत उहाँबाट तन, मन र धनबाट ठूलो योगदान प्राप्त भएको छ । उहाँले विकास कार्यमा आफै उभिएर आफ्नै रेखदेखमा सञ्चालन गराउनु भएको थियो । भैरहवा उच्च माध्यमिक विद्यालयको स्वर्ण उत्सव मनाउने सन्र्दभमा उहाँसँग सल्लाह लिन जाँदा स्वर्ण उत्सव धुमधामसँग मनाउनुपर्छ, त्यसमा मैले के सहयोग गरौं भनी उहाँले हामीलाई भनिदिँदा हामीलाई ठूलो हौसला र उर्जा प्राप्त भयो, जसको कारणबाट स्वर्ण उत्सव सफलतापूर्वक मनाइयो । कतिपय सामाजिक कार्यमा उहाँ र मेरो बुबा स्व. नथुमल अग्रवाल मिलेर कार्य गर्नु भयो । उहाँ ठूलो उद्योगपति हुँदाहुँदै पनि उहाँमा सरलपन, नम्रता सधैं देख्न पाइएको छ । उहाँमा घमण्ड हामीले कहिल्यै देखेनौं । भैरहवा बासीको लागि उहाँले शिक्षाक्षेत्र, धार्मिकक्षेत्र लगायत सामाजिक क्षेत्रमा समेत धेरै काम गरिदिनु भएको छ । उहाँले गरिब, असहाय, अनाथ, अपाङ्ग जेहेन्दार विद्यार्थीहरूको लागि छात्रवृत्तिको व्यवस्थासमेत गरिदिनु भएको छ । बहिरा बाल विद्यालय, संस्कृत विद्यालयलगायत विद्यालयहरू स्थापना तथा सञ्चालनमा पनि पुऱ्याउनु भएको सहयोगलाई बिर्सन सकिँदैन । उहाँ मेरो बुबा सरहकै व्यक्ति भएको कारणबाट पनि हामीलाई पनि सामाजिक कार्यमा अगाडि बढ्न ठूलो प्रेरणा प्राप्त भएको छ । उहाँको स्वास्थ्य लाभको कामना गर्दछु ।

# लीलाराम न्यौपाने :एक सफल व्यक्तित्व



पुण्यप्रसाद न्यौपाने
सचिव शान्ति मन्त्रालय

न्यौपाने कुलमा एक वरिष्ठ व्यक्तित्व श्री लीलाराम न्यौपाने सिँगो समाजको लागि एउटा आदर्श हुनुहुन्छ भन्ने मलाई लाग्दछ । उहाँबाट सिक्न सकिने धेरै कुराहरू छन् । विनम्रता, शालिनता, उदारता र कर्मठता उहाँको व्यक्तित्वमा पाइने विशिष्टताहरू हुन् । उहाँको कर्मठ र जुझारु छविबाट प्रभावित नहुने व्यक्ति सायद कमै होलान् - उहाँलाई राम्रोसँग चिन्ने र जान्नेहरूको समूहमा । आफूलाई धेरै तलबाट उठाएर सफलताको शीर्ष स्थानमा पुर्‍याउन सफल व्यक्तिहरूमा उहाँ पर्नुहुन्छ । नेपाली समाजले उहाँलाई सफल उद्यमी र विशिष्ट समाजसेवीको प्रतिष्ठा दिएको छ ।

गुल्मीको विकट स्थानमा जन्मेर गुमनामी अवस्थाबाट आजको प्रतिष्ठापूर्ण पहिचान आर्जन गर्ने तहसम्म आइपुग्नको लागि उहाँले धेरै दुःख र कष्ट झेल्नु भएको छ, थुप्रै जोखिम उठाउनु भएको छ र असाधारण साहस एवम् धैर्य प्रदर्शन गर्नु भएको छ । जस्तोसुकै प्रतिकूलताभित्र पनि अनुकूलताको खोजी गर्न सिकायो परिस्थितिले उहाँलाई । प्रतिकूलताले उहाँको अठोटलाई डगमगाउन सकेन । बरु उल्टै उहाँले त्यसलाई अनुकूलतामा रूपान्तरण गर्न सक्नु भयो, कुशल व्यवसायी र सफल व्यक्तिको पहिचान बनाउनु भयो ।

लीलाराम न्यौपानेज्यूको उदार सहयोगबाट धेरै सामाजिक संस्थाहरू र सामुदायिक विकासका कार्यक्रमहरू लाभान्वित भएका छन् । सामाजिक विकासमा उहाँको गहिरो अभिरुचि उहाँको व्यक्तित्वको अर्को उल्लेखनीय पक्ष

हो । समाजसेवाको भावनाबाट ओतप्रोत उहाँजस्तो अग्रज उद्यमीको सम्मान गर्नु भनेको आउने पुस्तालाई सही दिशाबोध गराउनु पनि हो । उहाँजस्ता सफल र उदार व्यक्ति पाउनु समाजकै सौभाग्य हो । म उहाँको सुस्वास्थ्य र दीर्घजीवनको निमित्त शुभकामना व्यक्त गर्दछु ।

# शिक्षा, संस्कृति र सभ्यताका श्रमशील साधक : श्री लीलाराम न्यौपाने



बालकृष्ण भट्टराई
सह-प्राध्यापक, भैरहवा

एउटा सामान्य परिवारमा जन्मेर औपचारिक उच्चशिक्षा विना मानिसले जीवनमा इच्छाशक्तिद्वारा चमत्कारपूर्ण काम गर्न सक्छ भन्ने कुरामा सबैको विश्वास नहुन सक्छ । तर, सङ्घर्षमय जीवनका आरोह-अवरोह पार गर्दा सँगालेका अनुभवले उसलाई आशातीत सफलता प्राप्त हुंदो रहेछ। यसको प्रत्यक्ष उदाहरणका रूपमा हाम्रा सामु हुनुहुन्छ - श्रीलीलाराम  न्यौपाने ।

वि.सं.१९८५ चैत्र २९ वृहस्पतिबारका दिन भाग्यशाली पिताश्री विश्वमान् र ममतामयी माताश्रीमती गायत्रीदेवीका सुपुत्रका रूपमा सामान्य परिवारमा जन्मनुभएका श्रीलीलाराम न्यौपाने जीवनका कर्ममय ८१ वसन्त पार गरी ८२ औं वसन्तमा प्रवेश गर्दै हुनुहुन्छ । यस मङ्गलयमय अवसरमा उहाँका शुभेच्छुक श्री विष्णु न्यौपानेले न्यौपानेजीको जीवनी, व्यक्तित्व र कृतित्वमा आधारित सम्मानग्रन्थ तयार गरी प्रकाशित गरेर साह्रै स्तुत्य काम गर्नुभएको छ । झन्डै चारदशक लामो सामाजिक जीवन यात्रामा पटक-पटक सहकार्य गर्ने शुभ अवसरबाट सङ्कलित अनुभवका आधारमा न्यौपानेजीको जीवनका केही उल्लेखनीय प्रसङ्ग  प्रस्तुत गरी उहाँमा मङ्गलमय शुभकामना व्यक्त गर्ने जमर्को गरेको छु ।

श्री लीलाराम न्यौपानेजी प्रवासको लामो कष्टकर जीवन बिताएर स्वदेश फर्केपछि वि.सं.२०२५ सालदेखि सिद्धार्थनगरमा स्थायी बसोवास गर्न थाल्नुभएको हो। बर्मा (हाल म्यान्मार) बाट फर्केका नेपालीहरूका अभिभावकका रूपमा प्रतिष्ठित

बन्नुभएका न्यौपानेजीलाई यहाँका बासिन्दाहरूले एउटा परिश्रमी, मिलनसार, स्पष्टवक्ता, हँसमुख, दृढनिश्चयी, इमानदार समाजसेवीका रूपमा चिन्दछन् । भैरहवा (सिद्धार्थनगर) बसाइँका प्रारम्भिक दिनहरूमा उहाँलाई मानिसहरू एउटा औसतकद, श्यामवर्ण भएको फुर्तिलो, प्रायः सादा सर्टपाइन्ट/कुर्ता सुरबालमा साइकलमा ओहोर-दोहोर गर्दै आफ्नो व्यापार व्यवसाय सञ्चालन गर्ने लगनशील सामान्य व्यवसायिका रूपमा चिन्दथे । आफ्नो एकान्तसाधना र एकनिष्ठ भएर व्यवसाय सञ्चालन गर्दै जाँदा कालान्तरमा न्यौपानेजी एक सफल व्यवसायीका रूपमा स्थापित हुन पुग्नुभयो । आफ्नो व्यापार-व्यवसायमा आन्तरिक र बाह्य जतिसुकै कठिनाइ झेल्नु परे पनि उहाँलाई कहिल्यै थकित रूपमा पाइएन । हिमालीसङ्गम (वर्मेलीटोल) कलोनीको बसाइँ, बैङ्करोडको व्यवसायमा तल्लीन भइरहँदा उहाँमा सामाजिक जीवनका कर्मक्षेत्रहरूमा प्रवृत्त हुने आन्तरिक अभिलाषा क्रमशः देखापर्न थाल्यो । दुई छोरी र चार छोराहरूका कर्मयोगी अभिभावक न्यौपानेजीले समयमा नै आफ्ना सुपुत्रहरूलाई व्यापार-व्यवसायमा निपुण तुल्याउनुभयो ।

आफ्ना सुयोग्य सुपुत्रहरूले आफ्नो व्यापार-व्यवसायको उत्तराधिकार ग्रहण गर्दै जाँदा न्यौपानेजीलाई समाजसेवाका क्षेत्रमा समर्पित भएर लाग्न अनुकूल वातावरण तयार भयो । त्यसपछि न्यौपानेजीले आफूलाई पूर्णकालिक समाजसेवीका रूपमा प्रस्तुत गर्नुभयो । प्रवासी नेपालीहरूलाई धार्मिक, साँस्कृतिक क्रियाकलापका माध्यमबाट सङ्गठित गर्नु, मठ-मन्दिर, पाठशाला, धर्मशाला, पाटी-पौवा निर्माण गर्नु, धार्मिक-शैक्षिक साँस्कृतिक प्रतिष्ठान, बाटो-घाटो, पुल-पुलेसा बनाउनु न्यौपानेजीका दिनचर्या हुनथाले ।

भैरहवाको शैक्षिक, धार्मिक, सांस्कृतिक, सामाजिक, व्यावसायिक विकासमा श्री लीलाराम न्यौपानेजीको योगदान उल्लेखनीय रहेको छ । ग्रामीण प्रकृतिको भैरहवाको सर्वतोमुखी विकास गरी आधुनिक नगरका रूपमा रूपान्तरित गर्न र एक विशिष्ट नेपाली जीवनशैली स्थापित गर्ने कार्यमा न्यौपानेजी अग्रपङ्क्तिमा हुनुहुन्छ । प्रवासमा समेत मौलिक रूपमा विस्तारित नेपाली राष्ट्रिय संस्कृतिलाई नेपालको दक्षिणीभूभाग तराईमा जीवन्त बनाइराख्ने थोरैमात्र नेपालीहरूमा उहाँको नाउँ अगाडि आउँछ ।

प्रजातान्त्रिक सिद्धान्तमा आस्था राख्ने न्यौपानेजीको सृजनशील, समाजसेवी व्यक्तित्व नगरमा मात्र होइन जिल्ला, अञ्चल, क्षेत्र र राष्ट्रमा नै प्रतिष्ठित बन्न पुगेको छ । कुनै पनि कार्य थालनी गर्नु अघि त्यसको विस्तृत योजना बारे चिन्तन-मनन गर्नु, नीति तर्जुमा गर्नु, स्रोतपरिचालनद्वारा कार्यान्वयनको तहमा पुग्नु र अत्यन्त इमान्दारीपूर्वक त्यसको निर्माण पूरा गर्नु न्यौपानेजीको आफ्नै मौलिक स्वभाव हो । त्यसैले त यस क्षेत्रका सङ्घ-संस्था, आध्यात्मिक प्रतिष्ठान, सामाजिक क्षेत्रका विविध निकायहरूले संरक्षक, सल्लाहकार, अध्यक्ष, संयोजकका गुरुतर दायित्व उहाँलाई सुम्पेको इतिहास छ । सामान्य पत्रिकाको विज्ञापनमा सहयोग गर्नेदेखि लिएर राष्ट्रियस्तरका प्रतिष्ठानहरूको निर्माणमा करोडौँको लगानी गर्नुभएको र ठाउँ-ठाउँमा विभिन्न तहमा छात्रवृत्ति स्थापना गर्नुभएको छ । न्यौपानेजीलाई दर्जनौं सङ्घ-संस्थाहरूले अभिनन्दन र सम्मान गरेका छन् भने राज्यको तर्फबाट तत्कालीन अवस्थामा उहाँ गोर्खा दक्षिणबाहु पदकबाट विभूषित हुनुभएको छ ।

मठ-मन्दिर र शिक्षालयहरूमा त न्यौपानेजीले अतुलनीय योगदान गर्नुभएको छ । सिद्धार्थनगर र रूपन्देहीको मात्र कुरा गर्ने हो भने सर्वाधिक आर्थिक अनुदान दिएर रूपन्देही क्याम्पसको भवनको अधिकांश निर्माणकार्य पूरा गरीदिनुभएको छ र सर्वाधिक लगानी गरेकै कारण इ.रा.ल.मा.वि. श्रीलीलाराम माध्यमिक विद्यालय नाममा स्थापित बन्न पुगेको छ । यी संस्थाका अतिरिक्त संस्कृत विद्याश्रम भैरहवा, गीर्वाण सरस्वती संस्कृत उ.मा.वि. मणिग्राम आदि शैक्षिक संस्थाहरूको सबलीकरणमा उहाँले अद्वितीय प्रतिमान कायम गर्नुभएको छ ।

वास्तवमा इमानदारीपूर्वक भन्ने हो भने भैरहवाको व्यापार विविधीकरण, भौतिक र आध्यात्मिक पूर्वाधारहरूको निर्माण एवम् हिमाली, पहाडी र तराईबासीका बीच बन्धुत्वको राष्ट्रिय भावना मजबूत तुल्याउनमा भारतको सिलाङ, आसाम, मेघालयबाट आएका र वर्माबाट विस्थापित गरिएका साथै मुलुकभित्र लुम्बिनी, गण्डकी र धवलागिरिबाट व्यापारिक प्रयोजनका निमित्त स्थायीरूपमा तराई झरेका विविध जात-जातिको अभूतपूर्व योगदान रहेको छ । आफ्नै जन्मभूमिमा बसिरहेकामा भन्दा प्रवासको पीडा भोगर फर्केकाहरूमा राष्ट्रिय चेतना, देशभक्तिको भावना र माटोको माया स्वभावतः अपेक्षाकृत रूपमा बढी हुनेगर्छ । यो यथार्थ

न्यौपानेजीमा लागूभएको छ । उहाँलाई कर्ममय जीवनका हरेक क्षेत्रमा प्रवृत्त हुन र उल्लेखनीय सफलता हासिल गर्न अनि आफ्नो जाति, समाज र राष्ट्रका कमी-कमजोरीहरू परिश्रमका पसिनाले पखाल्न, शुद्धमनले सजाउन र बुद्धिविवेकले अघि बढाउन उहाँको आफ्नै सङ्घर्षमय अतीतले बल प्रदान गरेको छ ।

यो सानो आलेखमा न्यौपानेजीको समग्र जीवनका समग्र पाटाहरूको सविस्तार बयान सम्भव छैन । उहाँले २०२५ यता यस क्षेत्रमा बसोवास गर्दा सामाजिक क्षेत्रमा पुऱ्याउनुभएका केही अविस्मणीय योगदानहरूको आंशिक झलक मात्र यहाँ प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

न्यौपानेजीसँगको चारदशक लामो सामाजिक जीवन-यात्रामा स्थानीय, शैक्षिक सामाजिक प्रतिष्ठानहरूमा सहकार्य गर्ने, सङ्गत गर्ने, बसाउठी गर्ने सौभाग्य प्राप्त भएकाले उहाँका बारेमा आफ्ना अनुभवका केही शब्द व्यक्त गर्ने प्रयास गरिएको छ ।

जीवनभर आफ्नो शरीरको, स्वास्थ्यको समेत पर्वाह नगरी कर्मक्षेत्रमा तल्लीन भइरहेका कारण केही समयदेखि श्री लीलाराम न्यौपानेजी आफ्नो परिवारका सहधर्मिणी श्रीमतीजी, श्रद्धावान् छेरा-बुहारीहरू लगायत आत्मीय जनहरूको संरक्षण र सेवा-सुश्रूषामा काठमाडौँमा स्वास्थ्योपचार गराइरहनुभएको छ । अति संवेदनशील रोगबाट आक्रान्त हुँदा पनि उहाँमा समाजसेवाको भावना त्यति नै तीव्र रूपमा रहेको छ । शरीर अलिकति मात्र समर्थ भएका बखत आफ्नो कर्मक्षेत्र रूपन्देहीमा उहाँ आइहाल्नुहुन्छ र यहाँका शैक्षिक-सामाजिक प्रतिष्ठानहरूमा नयाँ प्रेरणा, नयाँ ऊर्जा र रक्तसञ्चार गराई सबैलाई जागरुक बनाइदिनुहुन्छ । उहाँको भैरहवा आगमनलाई यहाँका संस्थाहरू उत्सवका रूपमा लिन्छन् ।

श्री लीलाराम न्यौपानेजी ८२औँ वर्ष प्रवेशका पूर्वसन्ध्यामा प्रकाशित हुनलागेको कृतिको खबर सुन्दा यस क्षेत्रको बौद्धिक जगत्ले खुसीको अनुभव गरेको छ । न्यौपानेजीले श्रीलीलाराम मा.वि. (तत्कालीन इ.रा.ल.मा.वि.) को स्वर्णजयन्तीका अवसरमा २०६२ मा प्रकाशित 'ज्ञानभूमि' (स्वर्णजयन्ती स्मारिका) का लागि प्रमुख संरक्षकका हैसियतले दिनुभएको शुभकामना मन्तव्यमा

'समाजसुधारको माध्यम शिक्षा हो । दान दिने हो भने शिक्षामा दान दिनुपर्दछ ।' भन्ने उदात्त बिचार व्यक्त गर्नुभएबाट उहाँमा शिक्षाप्रतिको प्रेम र समाजसुधारको चाहना कतिसम्म रहेको छ भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ ।

यस्ता समाजसेवी, शिक्षाप्रेमी, धर्म, संस्कृति र सभ्यताका प्रतीक श्री लीलाराम न्यौपानेजीको ८२औं शुभजन्मोत्सवका शुभ घडीमा उहाँको सुस्वास्थ्य, दीर्घजीवन, सुख, शान्ति र समृद्धिका निम्ति हृदयदेखि नै शुभकामना गर्दै नववर्ष २०६७ समेतको पूर्वसन्ध्यामा उहाँ र उहाँका सकल परिवारको सफलता र कल्याणका निम्ति मङ्गलमय हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**वसन्तपथ, सिद्धार्थनगर- १२**

**रूपन्देही ।**

**२०६६/१२/०७**

# न्यौपानेका एक तारा श्री लीलाराम न्यौपाने



माधव न्यौपाने
अध्यक्ष, न्यौपाने बन्धु समाज, काठमाडौं

२०६२ पौष २३ गते शनिबार नवराज न्यौपाने र नवराजप्रसाद न्यौपानेको प्रयासमा नेपाल कमर्श क्याम्पस (मीनभवन) को हलमा ४०/४५ जिल्लाका न्यौपानेहरू जम्मा हुन पुग्यौं । त्यस सभाको सभापतित्व गरीदिनुहुन मलाई भनिएअनुसार म सभापतिको आसन ग्रहण गरिरहेको समयमा भैरहवाबाट पाल्नुभएका बन्धुहरू मध्ये श्री लीलाराम न्यौपानेलाई मञ्चमा आसन ग्रहण गर्न बोलाइयो, उहाँलाई देख्ने मौका सर्वप्रथम मैले पाएको हुँ । उक्त मेलाले न्यौपानेको गैरराजनीतिक एउटा सङ्गठनको आवस्यकता महसुस गऱ्यो, सोही दिन न्यौपाने बन्धु समाज नाम गरेको एउटा सङ्गठनको तदर्थ समिति बन्न पुग्यो र नियतिवश त्यो सङ्गठनको संयोजकको रूपमा मैले नै बस्नु पऱ्यो । त्यस दिनभन्दा अगाडि न्यौपानेका सम्बन्धमा न्यून मात्र जानकारी भएको व्यक्तिहरू मध्ये एक म पनि हुँ । न्यौपाने भेटघाटमा अर्न्तक्रिया कार्यक्रममा लीलाराम न्यौपानेसँग भेटघाट मात्र भएन हिमचिम पनि बढ्ने क्रम सुरु भयो र अद्यावधि सो कायामै छ। १ वर्षको दूधे ब ालकमै वर्मा पुऱ्याइनु भएका श्री लीलाराम न्यौपाने ७८ वर्ष पश्चात् न्यौपाने वंशजमा न्यौपानेका एक चम्किएका तारा नै बन्न पुग्नुभएको छ भन्दा कुनै अत्युक्ति होला जस्तो लाग्दैन । बाल्यकाल मात्र वर्मा (हाल म्यान्मा) मा नबिताइ विवाह बन्धनमा पनि वर्मामै बाँधिएका लीलाराम आफ्नो ३६ वर्षे कार्यकाल पनि त्यहाँ बिताउनु भएको देखिन्छ। १० वर्षको उमेरमा आमाको पनि देहावसान भएपछि, उहाँको बाल्यकाल कति दुःखदायी, पीडादायी र अभावमा बित्यो होला हामी सहजै अनुमान गर्न सक्दछौं ।

बालक कालदेखि नै पीडा सहन गर्न सक्ने क्षमता बोकेका लीलाराम दाइले त राम्रो, स्तरीय स्कूलको कल्पनासम्म पनि गर्न पाउनु भएन, गरिबीसँग जुद्धै, विदेशीसँग पौठेजोरी खेल्दै, अनुनय विनय गर्दै समान्य ग्रामीण स्कूलबाट कक्षा ७ सम्मको औपचारिक शिक्षा हाँसिल गर्न सक्नुलाई के भन्ने ? ग्रामीण परिवेशमा बुबाले सुरु गरेको पशुपालन र खेती व्यवसायमा अहोरात्र संलग्न हुँदै दुग्घ व्यवसाय, व्यापारमा पनि कपडाको व्यापार सुरु गर्नुहुने लीलाराम दाइ एक सफल उद्यमशील व्यक्ति हुनुहुन्छ भन्ने प्रमाणित हुन्छ । वि.सं. २०२०/२०२२ साल आइपुग्दा वर्मा मै आफ्नो नाम फैलाउन सफल देखिनुहुन्छ । आफू अध्ययन गरेको स्कूलको सञ्चालक समितिको सदस्य, नेपाली, भारतीयलाई हेप्ने, हेय दृष्टिले हेरेको परिप्रेक्ष्यमा गोर्खा एसोसिएसन, पंजावी नेपाली सिटीजन संस्था स्थापना गर्न मात्र लाग्नु भएन, ती संस्थामा आफूजस्ता व्यक्तिलाई समावेश गराइ ती संस्थासँग आबद्धभइ क्रियाशील भएकोले उहाँमा सङ्गठित भइ शिर ठाडो गरेर बाँच्नु पर्छ भन्ने प्रेरणा बाल्यकालमै पाउनु भएको देखिन्छ । भारतको मेधालयको ३ वर्षे बसाइँमा पनि चन्दा संकलन गरी प्राथमिक विद्यालय स्थापना गर्न सफल व्यक्तित्व लीलाराम शिक्षाको उन्नयनमा के कस्तो धारणा बोक्ने व्यक्तित्व हुनुहुन्छ सो स्पस्ट हुन आउँछ । आर्जन गरेको सम्पत्ति समाजसेवामा लगाउने व्यक्ति समाजमा न्यून नै हुन्छन् । त्यस्तै न्यून व्यक्तिमध्येका एक हुनुहुन्छ श्री लीलाराम दाइ, चाहे इन्द्र राज्य मा.वि. रूपन्देहीको भवन निर्माणमा होस् वा गौशाला निर्माणमा होस् वा वृद्धाश्रम निर्माण संरक्षणमा होस दिल खोलेर सहयोग पुऱ्याउन तत्पर लीलाराम न्यौपानेले सामाजिक क्रियाकलापमा जोशिलो पाराले लाग्न सक्ने दानवीर व्यक्तित्वको रूपमा प्रसिद्धि हासिल गर्ने सफल मानव हुनुहुन्छ । यस प्रकार विभिन्न संघ, संस्था, स्कुल, क्याम्पस, स्वास्थोपचारका लागि उहाँले लगाउनु भएको गुणलाई समाज सेवा चेतनाको ज्वालामुखी भनेर भन्दा अतिशयोक्ति हुन्छ भन्ने म ठान्दिन ।

आज उहाँका पुत्रहरू बुबाकै जगमा टेकेर नेपालका उद्योगपतिको पहिलो श्रेणीमा समावेश हुन पुग्नु लीलाराम न्यौपानेको देन होइन भनेर कस्ले भन्न सक्छ र ! सङघर्षशील, दानवीर, समाजसेवी, शैक्षिक विकासका अनुयायी श्री लीलाराम न्यौपानेको सुस्वास्थ्यको कामना श्री पशुपति नाथसँग गर्दछु र उहाँका छोराहरूले सञ्चालन गरिरहेका उद्योगधन्धा फस्टाउँदै जाऊन् र बुबाको छविलाई अझ चम्काउने कार्यमा प्रेरित हुनुहोस् भनी कामना गर्दछु ।

# मैले जानेका लीलाराम न्यौपाने



मणिराम भट्टराई
क्याम्पस प्रमुख, रूपन्देही क्याम्पस

लीलाराम न्यौपानेसँग मेरो पहिलो भेट र परिचय २०४८ साल पुष महिनामा भएको हो । भेटको सन्दर्भ रूपन्देही क्याम्पस सञ्चालनको सिलसिलामा हो । त्रिभुवन विश्वविद्यालयबाट कानुन प्रमाणपत्र तह सञ्चालन गर्न स्वीकृति प्राप्त गरिसकिएको थियो । कहाँ र कसरी सञ्चालन गर्ने भन्ने निर्णय पनि भइसकेको थियो । तत्कालीन अवस्थामा हालको रूपन्देही लीलाराम मा.वि (त्यति बेलाको इ.रा.ल.मा.वि) मा साँझको समयमा पुषको २१ गतेबाट कक्षा चलाउने कपिलदेव लामिछाने क्याम्पस प्रमुख बन्ने निधो भइसकेको थियो । अचानक कपिलदेव लामिछानेका पिताको निधनले उहाँ पठनपाठन सुरु गराउन नपाउँदै पोखरातर्फ लाग्नुपरेकाले सञ्चालक समितिले मलाई कार्यवाहक क्याम्पस प्रमुख बनायो र क्याम्पस सञ्चालनार्थ मिटिङ बोलाउनु पर्‍यो । यसै मिटिङमा लीलाराम न्यौपाने उपस्थित हुनुभयो किनभने स्वर्गीय धनपति उपाध्यायको सल्लाहअनुसार लीलाराम न्यौपानेलाई सञ्चालक समितिमा मनोनित गरिसकिएको थियो ।

सुरुमै का.वा. क्याम्पस प्रमुखको हैसियतले मैले क्याम्पसको तत्कालीन प्रगति विवरण प्रस्तुत गरेपछि लीलाराम न्यौपाने कुनै पनि काम सुरु गर्न पैसा चाहिन्छ भन्दै यस्सो उता फर्केर कोटको भित्री पकेटबाट रू. १० हजार निकाली मेरातर्फ बाट यस क्याम्पसलाई पहिलो सहयोग भन्दै उक्त रकम मेरो हातमा राखिदिनु भयो र मैले रेकर्ड गरें । त्यसै बैठकमा रू. ५५ हजार सङ्कलन भयो । यो १० हजार लीलाराम न्यौपानेको रूपन्देही क्याम्पसप्रतिको पहिलो दान हो र मेरो पहिलो परिचय पनि यहीँबाट सुरु भएको हो ।

लीलारामसँग मेरो निकटता २०५५ सालबाट अझ बढी हुन पुग्यो किनभने उहाँ एउटा दानवीर व्यक्तित्व हुनुहुन्छ र त्यस समयमा म क्याम्पस प्रमुख पदमा थिएँ । अर्काको विद्यालयमा दसौँ वर्ष क्याम्पस चलाइरहनु असहज थियो । मैले पटकपटक आफ्नै भवन बनाउने इच्छा जाहेर गर्दा उहाँ भन्नु हुन्थ्यो, कति पैसा जम्मा गर्नु भएको छ र ! मैले सम्हाल्दा जम्मा ७२ जना विद्यार्थी रहेको क्याम्पसमा २ वर्षपछि ४०० बढी विद्यार्थी भएका थिए र दैनिक खर्च सञ्चालनबाहेक १० लाख रुपियाँ क्याम्पसमा रहेका कुरा मैले बताएँ । यस कुराले उहाँ निकै खुसी हुनुभयो र आफ्नै कारमा राखेर ठाउँठाउँका जग्गा देखाउनु भयो ।

आखिर भा.नु.मा.वि.को दक्षिणतर्फको हाल क्याम्पस भवन भएकै ठाउँ किन्ने कुरा भयो । तुरुन्तै बैंकबाट त्यति ठूलो राशि लिन पाइन्नथ्यो । किनकि क्याम्पसको रकम चल्ती खातामा थियो । लीलाराम न्यौपानेले भोलि नै जग्गा पास गर्ने बरु पैसा सबै म हाल्छु भन्नु भयो । अर्को दिन मालमोतमा कागतपत्र तयार भएपछि म उहाँको घर गएँ । कालो प्लाष्टिकको झोलमा १४ लाख ७२ हजार रुपियाँ मलाई दिनुभयो । मैले केही कागत गर्नुपर्छ कि भनें, तर उहाँले भन्नुभयो म तपाईंलाई पूरा विश्वास गर्छु, भएको पैसा बैंकबाट निकाली दिनुहोला बाँकी ४ लाख ७२ हजार जैले हुन्छ त्यतिबेला दिनुहोला कागत गर्न पर्दैन ।

जग्गा पास भयो । चैत्र २ गते १० दिनपछि क्याम्पसको बचतमा भएको रकम फिर्ता दिइयो, तर ४ लाख ७२ हजार ६ महिना पछिमात्र दिन सकियो । उक्त रकम प्राप्त हुनासाथ लीलाराम न्यौपानेकै संयोजकत्वमा निर्माण समिति गठन भयो । हालको १८ कोठा भएको भवनको पहिलो चरणका उत्तरतर्फका ३ कोठा उहाँकै सम्पूर्ण लागतमा तयार भए भने दक्षिणपट्टिका ३ कोठा क्याम्पसले स्रोत जुटाई ढलाइ गऱ्यो । भवन ढलाइ भएकै अर्को दिन लीलाराम न्यौपाने काठमाडौँ र तुरुन्तै दिल्ली गई मुटुको वाइपास सर्जरी गराउनु भयो । क्याम्पस भवन ढलाइ नगरी उहाँले भैरहवा छाड्नु भएन । दिल्लीबाट स्वास्थ्य लाभ गरी फर्केपछि उक्त भवनको दोस्रो तल्लाका तीन कक्षा उहाँले नै १२,००,०००/- बाह्रलाखको तत्कालीन लागतमा तयार गरी २०५९ साल फागुन २० गते भवनको साँचो क्याम्पस प्रमुख मणिराम भट्टराई (पङ्क्तिकार)लाई हस्तान्तरण गर्नुभएको हो ।

क्याम्पसका आवश्यकता बढ्दै जाँदा पुन : तेस्रो (तल्ला) का ३ कोठा

उहाँकै ९ लाख ७५ हजार (दामोदर गौतमबाट प्राप्त लागत) को लागतमा पूरा गर्नुभएको छ । हाल क्याम्पस १८ कोठाको सानदार भवन र फर्निचरयुक्त छ । तर पनि क्याम्पसका असीमित आवश्यकता पूरा भएका छैनन् । आगामी दिनमा क्याम्पसले बि.बि.एस्.का कक्षा चलाउने योजना अघि बढाइसकेको छ। अझै पनि उदारमना दातामहानुभावको आवश्यकता छ ।

छात्रवृत्ति : लीलाराम न्यौपानेले गरिब घरानाका छात्रछात्राको शैक्षिक विकासमा योगदान पुऱ्याउने हेतुले ठाउँठाउँमा छात्रवृत्ति कोष स्थापना गर्नु भएको छ । यसका उदाहरण रूपन्देही क्याम्पसमा २ लाख ५० हजार, भानु माध्यमिक विद्यालयमा २ लाख ५० हजार र रूपन्देही लीलाराम माध्यमिक विद्यालयमा २ लाख ५० हजारका छात्रवृत्ति अक्षयकोष स्थापना गर्नु भएको छ। उक्त रकमका वार्षिक व्याजबाट गरिब छात्रछात्राले छात्रवृत्ति रकम प्राप्त गर्दै आएका छन् । रूपन्देही क्याम्पसमा यस वर्ष १९ जना छात्रछात्राले फाल्गुन २० गते उहाँका सुपुत्र विष्णुप्रसादको उपस्थितिमा छात्रवृत्ति प्राप्त गरेका छन् । यसको विस्तृत विवरण क्याम्पसको मुखपत्र साधना अङ्क ४ मा प्रस्तुत गरिएको छ ।

यसरी धार्मिक, शैक्षिक र अन्य साामाजिक कल्याणका कार्यमा सधैँ उदारतापूर्वक योगदान पुऱ्याउने लीलाराम न्यौपाने बुबा धेरैका बुबा सम्मानित बुबा हुनुहुन्छ । उहाँ हालसम्म प्रबल गोरखा दक्षिण बाहु, राष्ट्रिय शिक्षा पुरस्कार र यस्तै दर्जनौं सम्मान र अभिनन्दनले सम्मानित तथा अभिनन्दित हुनुभएको छ। रूपन्देही क्याम्पसले यस वर्षको फागुन २० गते लीलाराम बुबालाई अभिनन्दन गर्ने योजना थियो । स्वास्थ्यका कारणले उहाँ उपस्थित हुन नसक्दा उक्त कार्य पूर्ण हुन सकेन । त्यसैले यसै लेखमार्फत् उदारमना दयावान् दानवीर कर्ण श्री लीलाराम न्यौपानेको स्वास्थ्य लाभ र दीर्घजीवनको कामना गर्दै उहाँलाई हार्दिक अभिनन्दन गर्दछु ।

**भैरहवा, २०६६/१२/११**
**रामनवमी**

# समाजका मार्गदर्शक लीलाराम



रामकृष्ण ताम्राकार
नेपाली कांग्रेस, केन्द्रीय सदस्य

लीलारामजीलाई नजिकबाट हेर्दा कर्मयोगी निष्ठावान् एउटा सहज, सरल व्यक्तिको रूपमा चिनिनु हुन्छ । उहाँ मान्छेहरूको मूल्याङ्कनमा धनले, पदले, ज्ञानले, बुद्धिले ठूलो मानिस, भन्दा बढी उहाँ एउटा असल मान्छेको रूपमा चिनिनु हुन्छ । धन त धेरै मानिसहरूले कमाउँछन् कतिपय कमाउने मानिसले आफ्नो निहित स्वार्थको लागि मात्रै खर्च गर्दछन् । तर लीलारामजीले धार्मिक कार्यमा सामाजिकसेवा, राजनैतिक परिवर्तन आदिमा आफ्नो धन सदुपयोग गर्नु भएको छ, यो नै उहाँको बुद्धिमत्ता पूर्ण क्रियाकलाप हो र यही नै उहाँको पहिचान पनि हो ।

एउटा कुशल अभिभावकले आफ्ना छोराछोरी परिवारलाई कर्मठ बनाएर सही बाटो निर्देशित गरी आज समाज र देशमा उद्यमी परिवारको रूपमा स्थापित गराउनु भएको छ । स्कूल, कलेजका डिग्रीहरू उहाँसँग छैनन् तथापि उहाँमा भएको आध्यात्मिक चेतनाको ज्ञानले उहाँले आफू, आफ्ना परिवार र समाजलाई सही मार्ग निर्देशन गर्न सक्नु भएको छ । एक उद्यमी व्यवसायी हुँदाहुँदै पनि निरंकुश तानाशाही पञ्चायत व्यवस्थालाई ढाल्नको लागि उहाँ निर्भिक निडर भएर सधैं लोकतन्त्रको पक्षमा तन, मन र धनले सहयोग गर्दै लोकतन्त्रवादी पार्टी नेपाली कांग्रेससँग आबद्ध पनि रहनु भएको छ ।

प्रजातान्त्रिक आन्दोलनको आयन्त कठिन चुनौतीपूर्ण घडीमा पनि प्रजातान्त्रिक आन्दोलनका सेनानीहरूको मनोबल उच्च बनाउन उहाँले कुनै पनि बेला सर्म्पकमा रहँदा सहयोगीको भूमिका निभाउन उहाँ चुक्नु भएन, जसले गर्दा लोकतन्त्रवादीहरूलाई

सधैँ हौसला प्रदान भयो । उहाँ नेपाली कांग्रेसका क्रियाशील सदस्यका साथै वुथ समितिमा समेत रहनु भयो । उहाँ किसान, मजदुर, व्यापारी सबै वर्ग, सबै जातजाति, सबै धर्मका मानिसहरूसँग निरन्तर रूपमा आत्मीयताकासाथ संवाद गरिरहनु हुन्थ्यो । साधु, सन्त सबै धर्मका अनुयायीहरूसँग उहाँको सत्सँग सधैँ भइ नै रहेको छ जसले गर्दा आध्यामिक चेतना जागृत भइ उहाँलाई ठूलो शक्ति प्राप्त भएको छ ।

लीलारामजीलाई सशक्त र सबैक्षेत्रमा आफ्नो दायित्व र भूमिका निर्वाह गर्नमा सफल बनाउने भाउजू कुन्तीदेवीजीको अहम भूमिका रहेको मैले पाएँ । उहाँको कार्यक्षेत्रमा अटुट रूपमा क्रियाशील रहँदा होष्टेमा हैंसे र शुभकाममा बढवा दिनमा उहाँले सधैँ साथ दिएको मैले अनुभव गरेको छु । समाजका हरेक वर्गहरू लीलारामजीसँग सहयोगको अपेक्षा राखेर जाँदा खेरी उहाँले कसैलाई पनि निरुत्साहित बनाउनु भएन जसले गर्दा उहाँ रूपन्देहीमा दानवीर लीलारामको नामबाट परिचित हुनुभयो । उहाँको सरल व्यक्तित्व र आध्यात्मिक चेतनाको कारण अहंकार रहित हुनुभई सबैसँग सहज-सरल रूपमा घुलमिल भई सबैको मन जित्न पनि सफल हुनुभयो, त्यसैले उहाँ सफल किसान उधमी, व्यापारीको साथै सफल समाजसेवी पनि हुनुभयो ।

देश, समाज र लोकतन्त्रको लागि उहाँको योगदानलाई निरन्तरता दिनको लागि उहाँको सुस्वास्थ्य र चिरायुको कामना गर्न चाहन्छु ।

# विनामलजलको फूल वास्तविक मानव



डा. रामप्रसाद वस्याल
उद्योगी एवम् समाजसेवी

श्री लीलाराम न्यौपाने पहाडको दुर्गम स्थानमा जन्मेर वर्मा (म्यानमार) पुगी व्यवसायमा संलग्न रहँदारहँदै जन्मभूमिको माया तथा तत्कालीन सरकारको हेपाहा प्रकृति खप्न नसकी खालि हात भैरहवामा फर्केर साधारण व्यवसाय सुरु गरी आफ्नो परिवारको पालनपोषण शिक्षादीक्षामा तल्लीन रहनु भयो । ईश्वरको कृपा उहाँको सत् बिचार लगनशीलताले प्रगति पथमा अगाडि बढनु भयो । कलियुगको स्वल्पायुमा लीलाराम न्यौपानेज्यूले आफ्नो परिवारको आवश्यकता भन्दा पनि समाजको कामलाई महत्त्व दिनु भयो, यो अद्वितीय छ । बर्मा अथवा आसामबाट आएर भैरहवामा बस्ने अरू महानुभावहरू पनि आर्थिक रूपले धेरै सम्पन्न हुनुहुन्छ तर लीलारामज्यूको जस्तो भावना जागृत किन हुन सकेन यो समाजप्रति ?

"भस्मीभूतस्य देहस्य पुनरागमनम् कुत ?" भन्ने वाक्यलाई जीवनको हरक्षण मनन गरी आफ्नो कमाईको पसिना शिक्षा क्षेत्रमा, मठमन्दिरमा आंशिक हैन पूर्ण रूपले साङ्गो पाङ्गो गरी गर्ने बानी उहाँको ठूलो देन हो । कसैले जुठो हालेकोमा सहभागी नभै आफैले पूर्णता दिने सोच नै उहाँको सराहनीय पक्ष हो । जस्तो उहाँको भावनामा केही समाजको लागि गरिदिने ईच्छा उत्पन्न हुँदा परिवारमा धर्मपत्नी एवम् सुयोग्य सुपुत्रहरूको सहायताले पनि लीलारामलाई आफ्नो लक्ष्यमा पुग्न विराम लागेन ।

लीलाराम न्यौपानेज्यूसँग केही वर्ष मैले पनि सहकार्य गरी धेरै कुरा सिक्ने र

आफूलाई पनि उहाँले गरेका सत्कर्ममा लाग्न प्रेरणा पाएँ । यस्ता कर्मठ कर्मयोगीको सङगत पाउनु मेरो लागि ठूलो कुरा थियो । रूपन्देही क्याम्पस, इन्द्र राज्य लक्ष्मी मा.वि., जिल्ला बालकल्याण समिति, रूपन्देही, बहिरा बाल विद्यालय, संस्कृत पाठशाला, दुर्गामदिरका अलावा अन्य जिल्लाहरूमा पनि उहाँको ठूलो योगदान रहेको छ। सबैभन्दा ठूलो उहाँको लगानी शिक्षा क्षेत्रमा र गरिब विद्यार्थीको शिक्षामा तन्मयता हुने उहाँको बानी नै मेरो लागि सबै भन्दा ठूलो प्रेरणा बन्यो । किनकि बस्त्रदान, अन्नदानले जीवनलाई केही दिन धान्ने मात्र हो तर विद्यादानले आफू एवम् परिवारको कल्याण गर्छ, त्यसकारण शिक्षामा उहाँको समर्पण रहेको पाएँ। अन्तमा लीलाराम न्यौपानेज्यूको सुस्वास्थको हृदयदेखि कामना गर्दै परिवारमा पनि बुबाको कृति-यशलाई बचाई राख्ने प्रेरणा प्रभुले प्रदान गरून् यही कामना गर्दछु ।

**सिद्धार्थनगर, रूपन्देही**

**वडा नं. ७**

**फोन. नं. ५-२०५३३**

**मिति :- ६/११/०६७**

# प्रेरणाका स्रोत
# श्री लीलाराम न्यौपाने



राजेन्द्रप्रसाद पन्थी
व्य.अ. श्री रुपन्देही लीलाराम मा.वि.

एक दिन अचानक एक जना मित्र बिहानै घरमा टुप्लुक्क आउनुभयो । धेरै समय पश्चात् भेटघाट भएको हुँदा दिनचर्या बारेमा केही गफगाफ पश्चात् उहाँले खास उद्देश्य बोकेर आएको कुटुरो खोल्दै भन्नुभयो म एउटा खास कामको सिलसिलामा तपाईसँग भेटघाट गर्न आएको जानकारी गराउँदा गराउँदै मैले बीचमा नै रोक्दै सोधें-खास कामको गाठों फुकाउनुस न मलाई त्यति समय नभएको हुँदा माफी माग्दै भने । तवमात्र उहाँले  सरसर्ती एउटा व्यक्तित्वका बारेमा जीवनी र व्यक्तित्वको कृति प्रकाशन गर्न लागेको त्यसको लागि सबैसँग केही सहयोगको (आर्थिक छैन) अपेक्षा गर्दै आएको त्यसमा तपाइँहरूले सहयोग गर्नु पऱ्यो भन्नुभयो । यस कुरामा म अति उत्साहित पनि भएँ । जुन व्यक्तिको जीवनी लेखिंदै थियो उक्त व्यक्तित्वसँग मेरो चिनापरिचय २५/२६ वर्ष अघि मात्र भएको थियो । राजनीतिक तथा सामाजिक कार्यकर्ता भएकोले समाजलाई रूपान्तरण गर्नका लागि खास उद्देश्य, लक्ष्य र नीतिमा आधारित भई सामाजिक क्षेत्रमा काम गर्ने रुचि भएको व्यक्ति, म भैरहवा आउनु भन्दा अगाडिदेखि नै यस क्षेत्रमा स्थायी बसोवास गर्दै आउनु भएका शिक्षाप्रेमी, समाजसेवी आदरणीय बुबा श्री लीलाराम न्यौपानेसँग ढिलो चिनजान हुनु मेरो लागि दुर्भाग्य रह्यो त्यसको लागि आफूले आफैलाई धिक्कार्न बाहेक अरू केही रहेन । जसले मानिस जन्मनुको सार बुझेर समाज सुधारका काममा लागेको छ, समाजलाई बुझेको छ, समाजमा रहेको विकृति विसँगति हटाउन कटिबद्ध भई लागेको छ, अँध्यारोबाट उज्यालोतर्फ लैजाने एक मात्र बाटो शिक्षा हो भनी शिक्षा क्षेत्रको विकासका लागि

कटिबद्ध भई लागेको त्यस्ता व्यक्तिको व्यक्तित्व र जीवनी प्रकाशन हुन लागेको थाहा पाउँदा आफूलाई अति नै भाग्यशाली ठान्दै प्रकाशन जस्तो गहन कार्यमा लाग्नु भएका मेरो घनिष्ट मित्र सि.न.न.पा.-०६, निवासी श्री विष्णु न्यौपानेलाई हृदयदेखि नै आभार व्यक्त गर्दै मेरा टुटेफुटेका शब्दहरूलाई समेत सँगालोमा राख्न खोज्नु भएकोमा धन्यवाद पनि दिएँ साथै प्रकाशन हुन लागेको कृति समयमा नै प्रकाशन गर्न सफल हुनुहोस् भन्ने शुभकामना व्यक्त गर्दै मृगौला रोगबाट पीडित श्री लीलाराम न्यौपानेको शीघ्र स्वास्थ्य लाभको कामनाका साथ उहाँका बारेमा केही लेख्ने जमर्को मात्र गरेको छु ।

मैले आदरणीय बुबा श्री लीलाराम न्यौपानेसँग लामो समयसम्म प्रत्यक्ष काम गर्ने र अनुभव सँगाल्ने सुअवसर त पाइनँ तर पनि फरक फरक जिम्मेवारीमा रहेर काम गर्दा अभिभावकको रूपमा मान्दै आएको हुँदा जे जति सङगत गर्ने अवसर पाएँ ती पनि मेरा निम्ति महत्त्वपूर्ण र उत्साहपूर्ण अनुभवको रूपमा लिएको छु । २०५९ सालको समय हो, म श्री रूपन्देही लीलाराम मा.वि. को व्यवस्थापन समितिको अध्यक्षको रूपमा निर्वाचित भए पश्चात व्यवस्थापन समितिको बैठक राखी विगत समयदेखि यस विद्यालयमा उहाँले गर्नुभएको योगदानको उच्च मूल्यांकन गर्दै विद्यालयको प्रमुख संरक्षकको रूपमा विद्यालय व्यवस्थापन समितिले निर्णय गरी शिक्षा कार्यालयबाट अनुमोदन गराई उहाँलाई आधिकारिक जानकारी गराउन म र विद्यालयका तत्कालीन प्र.अ. श्री मुकुन्दमणि त्रिपाठी घरमा गयौं । विद्यालयले गरेका निर्णयका बारेमा कुरा राख्दै विद्यालयको अवस्थाको बारेमा एक घण्टा उहाँ र हामीबीच उत्साहपूर्ण रूपमा छलफल भयो र भन्नुभयो म विद्यालयमा आउँछु, तपाईंहरूले गरेको निर्णयप्रति आभार व्यक्त गर्दै तपाईंहरूको उत्साहमा पानी फेर्न दिनेछैन, अझै चिन्तन-मनन गरी विद्यालयको भौतिक पूर्वाधार तयार गर्न के गर्नुपर्दछ त्यसका बारेमा पुनः बस्ने गरी हाम्रो त्यस दिनको बसाइँ सकियो । मैले यही दिनदेखि अझ बुबालाई गहिराईबाट बुझ्ने मौका पाएँ । मानिस जन्मिन्छ, त्यसले जनता र राष्ट्रका लागि आ-आफ्नो स्थानबाट सहयोग गर्नुपर्दछ भन्ने भावनाका धनी, समाजप्रति सदैव उत्तरदायित्व र अभिभावकको भूमिका खेल्न सदैव उत्साहित रहने उहाँको विशेषताका कारण नै आज यस नगरमा रहेका शैक्षिक संस्थाहरूले भौतिक सुधारमा प्रगति गर्न सफल रहेका छन् भन्ने स्पष्ट बुझ्ने र अनुमान गर्ने मौका पाएँ ।

जीर्ण अवस्थामा रहेको भवनलाई नयाँ निर्माण गर्न पर्ने व्यवस्थापन समिति, शिक्षक विद्यार्थी परिवारबाट महसुस भईरहेको भए तापनि त्यसलाई कसरी अगाडि बढाउने ? विद्यालयसँग कुनै स्रोतसाधन नरहेको अवस्थाको कारण कामलाई व्यवस्थित गर्न नसकिरहेको अवस्था रहेको थियो । तर केही दिन पश्चात् स्वयम् बुबा श्री लीलाराम न्यौपाने विद्यालयमा आई विद्यालयको शैक्षिक तथा भौतिक अवस्थाका बारेमा छलफल चलाउनु भयो । तत्कालीन प्र.अ. र मैले विद्यालयका समस्याहरू सरसर्ती राख्यौं । तत्पश्चात् हाम्रा सबै कुरा सुनी आफूले केही योगदान गर्ने कुरा गर्दै यथाशीघ्र नयाँ भवनका लागि कार्ययोजना बनाउन र केही न केही स्रोत जुटाउन सल्लाह दिनुभयो । यस बसाइँ पछि विद्यालयले तुरुन्तै बैठक राखी पुनः नयाँ भवन निर्माणका लागि भवन निर्माण समिति लगायत स्रोत साधन जुटाउने कामका बारेमा योजना निर्माण गर्‍यो र भवन निर्माण समितिको अध्यक्षमा श्री लीलाराम न्यौपानेसहितको ७ सदस्य समिति निर्माण गरी कामलाई अगाडि बढाउनका लागि उहाँलाई लिखित अनुरोध गर्‍यो र त्यसलाई सहर्ष स्वीकार गरी पूर्ण सक्रियता पूर्वक तन, मन, धन लगाई विद्यालयको हालको जुन अवस्था छ त्यो अवस्थामा ल्याई पुर्‍याउन उहाँले जुन योगदान गर्नुभयो त्यसको सही मूल्यांकन समाजले गर्नै पर्दछ, त्यस्ता व्यक्तिहरूलाई समाजमा स्थापित गर्नुपर्दछ आउने पींढिका लागि मार्ग दर्शक बन्नुपर्दछ भने आम नागरिक, नगर बासीहरूको सम्मान गर्नुपर्दछ भन्ने आम भावना रहेको हुँदा उहाँको चिर स्थायी सम्मानका लागि यस नगरको मुटुमा अवस्थित श्री ५ इन्द्रराज्यलक्ष्मी मा.वि.को नाम परिवर्तन गरी श्री रूपन्देही लीलाराम मा.वि. नामकरण भयो । यस कार्यलाई सफल पार्न पहल गर्नुहुने शिक्षाप्रेमी, व्यवस्थापन समिति, शिक्षक, अभिभावक, विद्यार्थी, नगरपालिका, जिल्ला शिक्षा कार्यालय, सह-सचिव खुमराज पुञ्जाली तथा आम नगरबासीहरूलाई धन्यवाद दिनुपर्दछ । शिक्षाप्रेमी समाज सेवीहरूको मनोबल बढाउने कार्यमा तपाइँ हामीहरूले सदैव सचेत र सजग हुनु पर्दछ तब मात्र समाजमा योगदान पुर्‍याउनेहरूको कदर र सम्मान हुन्छ ।

कथनी र करनीमा एकरूपता भएमा मात्रै समाज अग्रगमनतर्फ बढछ, यही भावनाका साथ सदैव आफू समाजका अगाडि तयार भई नै रहने, आफ्नो बोलीलाई व्यवहारमा लागु गर्ने एउटा नेतृत्व र अभिभावकमा हुनुपर्ने गुणका रूपमा सदैव आफूलाई उभ्याउन सफल रहनुभयो । यसबाट हामीहरूले उहाँबाट

सिक्नु पर्ने थुप्रै गुणहरू छन्, तिनलाई आत्मसात गरेर जानु पर्दछ । शिक्षाप्रेमी र समाजसेवीहरू धेरै हुन्छन्, आफूले आफूलाई समाजसेवीको रूपमा स्व-घोषित गराउन विभिन्न तानाबाना बुनेका हुन्छन् । यस्ता प्रवृत्ति बोकेका व्यक्तिहरू नै निःस्वार्थ भावनाले समाजसेवा गरेका कारणले नै त्यस्ता व्यक्तिहरू पछाडि परिरहेका छन्, धेरै उदाहरणहरू छन् । यो तपाई हाम्रो बिडम्बना हो, समाजसेवाप्रतिको अपहेलना हो । त्यसैले निःस्वार्थ भावनाले सेवा गर्ने व्यक्तिहरू कमै भए तापनि तिनको योगदानको कदर समाजले नै गर्नुपर्दछ । शिक्षाप्रेमी र समाजसेवीहरूमा सबैको नाम लिन सम्भव नभए तापनि यस नगरमा श्री लीलाराम न्यौपानेको नाम अग्रपङक्तिमा आउँछ । यस नगरभित्रका थुप्रै शैक्षिक तथा धार्मिक संस्थाहरूको भौतिक पूर्वाधार निर्माणमा बुबा श्री लीलाराम न्यौपानेको कडा परिश्रम, प्रतिबद्धता, लगनशीलता र त्यागको भावना विना संभव थिएन, त्यसैले यस नगरमा रहेका केही शैक्षिक तथा धार्मिक संस्थाहरूले उहाँले लगाएको गुनको कहिल्यै ऋण तिर्न सक्नेछैनन् । जस्तो रूपन्देही क्याम्पस, रूपन्देही लीलाराम मा.वि., बाल सङ्गठन, संस्कृत विद्याश्रम, भानु मा.वि., दुर्गा मन्दिर अन्नपूर्णटोल, शिव मन्दिर बसडिलीया, नारायणस्थान मन्दिर नारायणस्थान लगायत धेरै नै शैक्षिक तथा धार्मिक संस्थाहरू रहेका छन् । माथि सङक्षेपमा एउटा व्यक्तिले समाजप्रति गर्नुपर्ने कामका बारेमा मैले जे बुझेँ त्यसलाई पस्कने जमर्को मात्र गरेँ तर स्वयम् व्यक्ति जीवनशैलीका बारेमा चर्चा गर्न अतिश्योक्ति नहोला । त्यसैले उहाँप्रति मेरो बुझाई यस्तो रह्यो :-

अहिलेको समयमा धन भएकाहरू घमण्डीपनले ग्रसित छन् । तिनले जनतालाई केही ठान्दैनन् । व्यक्ति विशेषलाई धनले किन्न सकिन्छ भन्ने मनोभावनाबाट ग्रसित, घमण्ड, अहंकार र महत्त्वाकांक्षाको समस्या त्यस्ता व्यक्तिमा देखा पर्ने गर्दछ । तर श्री लीलाराम बुबामा त्यो झलक कहिले पनि देखिएन, एउटा शालिन, स्पष्ट वक्ता, आफूलाई लागेको र देखेको कुरा सभा बैठकमा राख्ने, दृढ इच्छाशक्ति, समाजप्रति आफूले हेर्ने दृष्टिकोण प्रष्ट, लक्ष्यप्रतिको अटल विश्वास नै विशेषता रह्यो । उहाँले दान गर्नु हुन्थ्यो निःस्वार्थ भावनाले गर्नुहुन्थ्यो । कसैलाई उछिन्ने र पछाडि पारिन्छ कि ? भन्ने भावना उहाँमा कहिले जागेन, जे गर्नु पर्दछ त्यसलाई निःस्वार्थ रूपमा समाजसेवा गर्नुपर्दछ भन्ने समय समयमा उहाँको अभिव्यक्ति तथा व्यवहार नै त्यसका प्रमाण हुन् । सामाजिक

कामलाई सदैव सर्वोपरि राखी उहाँ कहिले पनि पारिवारिक स्वार्थमा लागेको आभास हामीले महसुस गर्न नपाउनु नै उहाँको यही राम्रो विशेषताका कारण आज उहाँको चर्चा परिचर्चा नगरमा मात्र नभई जिल्ला, अञ्चल तथा राष्ट्रमै हुने गरेको छ । तर बिडम्बना नै भन्नुपर्दछ आज यस नगरको लागि अभिभावक, आदर्शको रूपमा रहेको व्यक्तित्व एवम् एउटा जिउँदो र समाजका लागि सदैव कटिबद्ध व्यक्ति बिरामीका कारण काठमाडौँ बसोवास गर्न परिरहेको छ । समाजसेवाको आन्दोलनमा लामो समयसम्म निरन्तर क्रियाशील बन्नु भएका श्री लीलाराम न्यौपाने अहिले शारीरिक रूपले अस्वस्थ हुनु भएको छ । उहाँ गम्भीर रूपमा बिरामी परेपछि अहिले उपचारको क्रममा रहनु भएको छ । पद र प्रतिष्ठाको कहिले लोभ नगर्ने एउटा शिक्षाप्रेमी, वरिष्ठ समाजसेवी योद्धा नगरको इतिहासमा ज्युँदो दस्तावेज हो । सामाजिक, शैक्षिक, भौतिक सुधारको आन्दोलनलाई अगाडि बढाउने त्यस्तो व्यक्तित्व अहिले घर र अस्पतालको शैयामा छटपटाउन परेको छ । तर उहाँमा आत्मविश्वास भने टुटेको छैन । यस्तो गम्भीर स्थितिमा पनि उहाँ म जति बाँच्छु समाज सेवाका लागि बाँच्छु सामाजिक सेवाका निम्ति बाँच्छु र जति गर्नेछु मेरोतर्फबाट त्यो देश र जनताका निम्ति अर्पित गर्नेछु भन्ने दृढ विश्वासका साथ आफ्नो जीवनका घडीपला सँगै छट्पटाउनु भएको छ । आफ्नो यो स्थिति रहे तापनि उहाँको भौतिक शरीर काठमाडौँ छ तर मन भैरहवामा रहेको छ । यो उहाँको भैरहवाप्रतिको अति मायाममता साथै लगाव पनि हो । यो उहाँको व्यवहार र कार्यशैलीप्रति भैरहवा बासीहरू विभिन्न संघसंस्थाहरू सदैव नतमस्तक हुँदै उहाँका योगदानहरू कहिल्यै पनि बिर्सन र ऋण तिर्न सक्ने छैनन् ।

त्यसैले एउटा व्यक्ति विशेषले समाजप्रतिको उत्तरदायित्व र व्यवहार के हो भन्ने बारेमा जुन उदाहरण समाजमा प्रस्तुत गर्नुभयो आउने पिढींले उहाँका गुणहरूलाई आत्मसात गर्दै आफ्नो सीप क्षमतालाई समाजको रूपान्तरण गर्नका लागि सक्रिय भएर लाग्ने प्रेरणाले उत्साह जगाउनेछ । जस्तोसुकै परिस्थितिमा पनि निःस्वार्थ भावनाले समाजसेवा गर्नेहरूलाई उत्साह जगाईदिनुपर्दछ न कि धुमिल पार्ने कुचेष्ठा गर्नुहुन्छ । त्यस्तो खालको कुचेष्ठा गर्नेहरूप्रति हामी सदैव सजग र सचेत रहनु पर्दछ । निःस्वार्थ भावनाले शिक्षा जस्तो पवित्र कार्यमा आफ्नो खुन पसिना लगानी गर्छ त्यस्ता व्यक्तित्वलाई समाजमा स्थापित गर्नु

हामी सबैको कर्तव्य र दायित्व हुन जान्छ । एउटा समाजसेवीको व्यक्तिगत आकांक्षा उसका लागि समाजसेवा नै हो । त्योभन्दा बाहेक अरू केही स्वार्थ हुँदैन । त्यसैले यस्ता व्यक्तित्वहरू समाजका गहना हुन्, यिनको रक्षा र संरक्षण गर्ने जिम्मेवारी समाज र घरपरिवारको हो र समाजको लागि यस्ता व्यक्तिको सदैव आवश्यकता पर्दछ । यस्ता व्यक्तिहरूले खेलेको भूमिकाबाट नै समाज अग्रगतितर्फ बढ्दछ । त्यसकारण बुबा श्री लीलाराम न्यौपानेलाई विभिन्न संघ संस्था तथा नगरबासीहरूले उहाँका व्यवहारहरूलाई उच्च मूल्यांकन गर्दै एउटा कुशल अभिभावकको रूपमा लिएका छन् ।

त्यसैले न्यौपाने परिवारले सजग सचेत भई बुबाका योगदानको कदर, संरक्षण र उहाँले परिकल्पना गरेका अधुरा कामको पूर्णता दिनेतर्फ ध्यान दिनु पर्दछ भन्ने नगरबासीको चाहना रहेको छ । हामीमा विश्वास छ, न्यौपाने परिवारले भैरहवालाई कहिले पनि बिर्सने छैन र भैरहवा बासीले बुबा श्री लीलाराम न्यौपाने र उहाँको परिवारले गरेको योगदानप्रति कहिले पनि आखाँ चिम्लिने छैन, सदैव सम्झनेछ। यस नगरको सुख दुःखमा साथ दिँदै आएको न्यौपाने परिवार भैरहवा बासीसँगै अगाडि बढनेछ ।

**अस्तु ।**

# भानु माविको इतिहासमा लीलारामजी



बलराम शर्मा
प्र.अ. श्री भानु माध्यमिक विद्यालय

समाजसेवाको क्षेत्रमा उल्लेखनीय उदारता देखाई दानवीरको उपनामले परिचित हुनमा सफल श्री लीलाराम न्यौपानेज्यूको प्रसङ्ग उठ्दा सि.न.न.पा.९ भानुपथमा रहेको यस श्री भानु माध्यमिक विद्यालयका सम्पूर्ण शिक्षक, विद्यार्थी, अभिभावक लगायत विद्यालय परिवारका सदस्य गौरवान्वित हुन पुग्छौँ ।

वि.सं. २०५६ साल साउनतिरको कुरा हो, जिल्ला शिक्षा कार्यालय रूपन्देहीमा विद्यालय व्यवस्थापन समितिको अध्यक्षको मनोनयन सम्बन्धी कुरा उठ्दा छिमेकी तत्कालीन श्री ५ इन्द्रराज्यलक्ष्मी मा.वि. र यस श्री भानु मा.वि. बीच उहाँलाई आ-आफ्नो विद्यालयको अध्यक्ष बनाउने विषयमा प्रतिस्पर्धा नै चल्यो । अन्त्यतः यस विद्यालयको विजय हुँदा उहाँलाई २०५६ भाद्रदेखि ०५९ साउनसम्म यस विद्यालयको वि.व्य.स. को अध्यक्ष बनाउन हामी सफल भयौँ । उपर्युक्त अवधिको उहाँको तीनवर्षको कार्यकाल यस विद्यालयको निम्ति चौतर्फी विकास र सुधारका दृष्टिले स्वर्णिम दिनहरूकै रूपमा सवित हुन पुगे भन्नुमा कुनै अत्युक्ति नहोला ।

कुरा गर्दा आश्चर्य लाग्ला, २०३३ फागुन ९ गते स्थापित यस विद्यालयको नाममा २०५७ भाद्रसम्म १ धूरसम्म पनि जग्गा दर्ता थिएन । वास्तविकता के भने उदारमना दाताहरूले विद्यालयलाई जग्गा त दिनु भयो तर औपचारिक रूपमा विद्यालयले आफ्नो नाममा दर्ता गरी लालपूर्जा प्राप्त गर्न सकेको थिएन । फल स्वरूप २३ - २४ वर्षको लामो काल खण्ड बितिसक्दा कतिपय दाताका दोस्रो पुस्तालाई सम्झाइ - बुझाई जग्गा

पास (दर्ता) गराउन ठूलै कसरत गर्नुपऱ्यो । यस पुनीत कार्यमा लीलारामजीले लगानी मात्र होइन निजहरूलाई सम्झाउन - बुझाउन निकै परिश्रम गर्नुभयो । मालपोतको वक्यौता रकम चुक्ता नभई जमिन हस्तान्तरण हुन नसक्दा कतिपय दाताको नाममा रहेको सम्पूर्ण जमिनको २५ - ३० वर्षसम्मको वक्यौता लीलारामजीले चुक्ता गरिदिनु भएको तथ्य पनि उहाँको सन्दर्भमा कुरा गर्दा स्मरणीय हुन आउँछ । यसरी भगीरथ प्रयत्न गरी उहाँले ०५६ भाद्रदेखि ०५७ पौषसम्म १० जना दाताबाट १५ कट्ठा ११ धूर जमिन यस विद्यालयको नाममा दर्ता गराउन सफलता पाएको कुरा पनि उल्लेखनीय हुन आउँछ ।

दानवीर लीलारामजीको दानशीलताको प्रसङ्ग उठ्दा सबैभन्दा महत्त्वपूर्ण कुरा उहाँले आफ्ना श्रद्धेय स्व. पिता, माताको स्मृतिमा निर्माण गरी यस विद्यालयलाई वि.सं. २०५७ पौष १८ गते हस्तान्तरण गर्नु भएको 'विश्व - गायत्री' नामक ब्लकको उल्लेख गर्नु पर्ने हुन्छ । तत्कालीन लागत रु साढे नौ लाखको निजी खर्चमा निर्मित यो ब्लक विद्यालयको आकर्षण बन्न पुगेको छ । माथिल्लो तलामा एउटा आकर्षक सभाकक्ष, भुइँतलामा प्रशासकीय कक्ष, स्टाफ रूम, तल माथि वरण्डा र एउटा सभा मञ्चसमेत निर्माण गरी उहाँले यस विद्यालयलाई अविस्मरणीय चिनो उपलब्ध गराउनु भएको छ । लीलारामजीले यस विद्यालयलाई दिनु भएको अर्को महत्त्वपूर्ण योगदानको कुरा उठ्दा हालै उहाँले स्थापना गर्नु भएको 'लीलाराम-कुन्तीदेवी गरिब असहाय छात्रवृत्ति अक्षयकोष' पनि उल्लेखनीय हुन आउँछ। रु अठाइसलाखको अक्षयकोष (मुद्दती खाता) को व्याजको रकमबाट यही २०६६ फागुन ९ गते सुसम्पन्न हुने विद्यालयको ३४ औँ वार्षिकोत्सवदेखि यस विद्यालयमा अध्ययन गर्ने गरिब, निमुखा र असहाय २४ जना छात्र-छात्राहरू हरेक वर्ष लाभान्वित हुनेछन् ।

यस भानु मा.वि. सिद्धार्थनगर ९ मा लीलारामजीको योगदानको प्रसङ्ग उठ्दा स्थानीय भट्टाटोल र भानुपथलाई एक अर्कासँग जोड्ने लिङ्क रोडलाई पनि बिर्सन सकिँदैन । उहाँकै सत्प्रयासबाट खुलेको यस लिङ्क रोडले अञ्चलपुर, भट्टाटोल लगायत पश्चिमतिरबाट आउने विद्यार्थी लगायत सर्वसाधारणलाई आवत जावत गर्ने सजिलो भएको छ ।

दानवीर लीलारामजीले यस विद्यालयमा पुऱ्याउनु भएको योगदानको कुरालाई लिइ मैले आफ्नो सानो स्केलले उहाँको योगदानको उचाइलाई नाप्ने प्रयास गरेँ । उहाँको योगदानबाट यस्ता कैयौँ शैक्षिक प्रतिष्ठान, सामाजिक तथा धार्मिक संघ-संस्थाहरू लाभान्वित हुन पुगेका छन् । खरो व्यक्तित्वका धनी लीलारामजीले सार्वजनिक सभा-समारोह आदि कार्यक्रममा भन्ने गरेका कुरा मलाई सधैँ याद आउँछ - "म जस्ता सम्पन्न व्यक्तित्वहरू मैले अरूलाई पनि देखेको छु, उहाँहरूसँग धनको कमी छैन तर उहाँहरूको मन भने फुक्न बाँकी देख्छु ।" दानवीर लीलारामजीको यो भनाई धन भएर पनि मन फुकाएर सामाजिक सेवामा समर्पित हुन नसक्नु भएकाहरूलाई प्रेरणादायी बन्न सकोस् । अन्त्यमा उहाँको दानवीरताले अझै व्यापकता लिन सकोस् भन्दै सुख, समृद्धि, सुस्वास्थ्य र दीर्घ जीवनको कामना गर्दछु ।

**सिद्धार्थनगर, रूपन्देही**

# प्रेरक व्यक्तित्व : लीलाराम न्यौपाने

वामनप्रसाद न्यौपाने
सचिव, राष्ट्रपतिको कार्यालय



काठमाडौंमा न्यौपानेहरूको वन्धुत्व सम्बन्धी एउटा केन्द्रीयस्तरको सामाजिक संस्था स्थापना गर्ने काममा जुटिरहिएको थियो २०६२ सालको हिउँदमा । त्यसै सिलसिलामा मीनभवन क्याम्पसमा दुई पटक न्यौपानेहरूको भेला बोलाइएको थियो । ती भेलाहरूमा भेट भएका अनेक बन्धुहरूको माझमा विशिष्ट पहिचान बोकेर उपस्थित हुनुहुन्थ्यो- श्री लीलाराम न्यौपाने । मैले भौतिकरूपमा उहाँलाई चिन्न पाएको त्यतिखेरै हो । उहाँले भेलाको उद्देश्यप्रति अत्यन्त सकारात्मक रही 'न्यौपाने बन्धु समाज' गठन ताकाका हरेक गरिविधिप्रति चासो राख्ने गर्नुहुँदा उहाँप्रतिको मेरो चासो पनि बाक्लिन पुगेको हो । उहाँप्रतिको मेरो चासोले उत्तर पाउँदै जाँदा मेरो श्रद्धा पनि बढ्दै गएको हो । मैले उहाँको परिचय पाउनु अघिसम्म न्यौपानेहरू उद्योगपति पनि छन् भन्ने थाहा पाएकै थिइन् । उहाँ एउटा सफल उद्योगी व्यावसायी भएको कुरा थाहा पाएपछि गर्व नलाग्ने कुरै भएन ।

उहाँको जीवनको पूर्वार्द्ध कुनै रोमाञ्चकारी कथा जस्तै लाग्दछ । वि.सं. १९८५ साल चैत्र महीनामा कान्छो छोराको रूपमा जन्मनु भएका उहाँ ९ महीनाको हुँदा पितृविहीन र १० वर्षको हुँदा मातृविहीन हुनुभएछ । पिताजी नेपालबाट वर्मा गई त्यहाँ सानो व्यवसाय गरि वस्नु भएको कारण पिताजीको अवसान पछि पनि उहाँहरू वर्मामै रहनु भएछ । माताजीको पनि अवसान भएपछि दुई नावालकहरूका सहयोगी र संरक्षकका रूपमा पत्याइएका एकजना पारिवारिक मित्रले पिताजीले आर्जेको सवै सम्पत्ति धोकापुर्वक हडपेर उहाँहरूलाई

'सडक छाप' बनाइदिएछन् । त्यस घटनाबाट जसोतसो सम्हालिंदै जाँदा दोस्रो विश्वयुद्ध शुरु भएको र वर्मा युद्धबाट अत्यन्त प्रभावित भएका कारण अकल्पनीय नरसंहार र युद्धको विभीषिकाले दयनीय बनेको मानवतालाई उहाँले आफ्नै घर आँगनमा देख्नुभएछ । बाँच्नको लागि कहिले माटोमुनि कहिले जंगलमा गएर बस्नुपर्ने अनि कन्दमूल लगायत खाँदा नमरिने वस्तु खाएर प्राण धान्नुपर्ने अवस्थालाई पनि व्यहोर्नु भएछ । सायद त्यस्तै त्यस्तै घटनाहरुले, भोगाइहरुले उहाँको स्वभाव र व्यक्तित्व निर्माणमा भूमिका खेलेका हुनन् । मलाइ लाग्छ त्यो परिस्थितिले नै उहाँलाई बाँच्नको निम्ति संघर्ष गर्न सिकायो, कठोर बनायो, जोधाहा बनायो । परदेशमा अभिभावक बिहीन कलिलो उमेरमा काम गरेर पालिनु पर्ने बाध्यतालाई उहाँले संकल्पमा रूपान्तर गर्नुभयो, मेहनत गरेर पैसा कमाउने अठोटलाई इच्छाशक्तिले उजिल्याउनुभयो, अनि कर्मनिष्ठ भएर मेहनत गर्न थाल्नु भयो । त्यसो नहुँदो हो त आज हामी उहाँलाई एउटा सफल व्यवसायीको रुपमा देख्न पाउने थिएनौ होला !

वर्माको माटोमा आफ्नो उर्वर जीवनका पैतीस छत्तीस वर्ष खर्चिए पछि उहाँ भारतको शिलाङ्गमा आएर चार वर्ष जति व्यावशायिक जीवन विताएर २०२५ सालमा चालीस वर्षको अनुभवले खारिएको उद्योगी, व्यवसायीको रूपमा स्वदेश फर्कनु भएछ, स्वदेशमै केही गर्ने अठोट लिएर । त्यसपछिका उपलब्धीहरू उहाँले हामीलाई बताइराख्नु पर्ने विषय रहेनन् । यसरी दृढ संकल्प, दृढ इच्छाशक्ति, लगनशिलता, मेहनत र व्यवसायीक आचरण तथा अनुशासनका कारण देशकै गनिने उद्योगपतिमा आफ्नो नाम लेखाउन सफल लीलाराम न्यौपानेलाई प्रेरक व्यक्तित्व मानेको हुँ मैले । 'न्यौपाने वन्धु समाज' ले पनि प्रेरणाको स्रोत मानेको छ, उहाँलाई ।

अन्त्यमा, उहाँको वयासियौं जन्मोत्सव (जन्मदिन चैत्र २९ गते) का अवसरमा उहाँको सुस्वास्थ्य र दीर्घजीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछु र यो पुस्तक प्रकासन गर्न अग्रणी भूमिका लिने बिष्णुभाइलाई साधुवाद भन्छु ।

**झौखेल ४, भक्तपुर**

# हाम्रो परिवारका प्रमुख संरक्षक, श्री लीलाराम न्यौपाने



विजय खरेल
उद्यमी, समाजसेवी

मेरा आदरणीय फुपा श्री लीलाराम न्यौपानेज्यू, जसको प्रेरणा र उचित मार्ग दर्शनबाट विभिन्न आरोह-अवरोह तथा व्यथा-कथा पार गरी आज हाम्रो परिवार स्वाभिमानसहित सुखी र आत्मनिर्भर जीवन बिताउन सक्षम भएको छ ।

फुपा श्री लीलाराम न्यौपानेज्यू, निःसन्देह भैरहवा निवासीहरूको लागि एउटा प्रकाश पुञ्ज र आफ्नो दानशीलताबाट यहाँका विभिन्न देव-देबालय, शिक्षण संस्था आदिको व्यवस्थित विकासमा पूर्ण योगदान पुऱ्याउँदै आई रहनु भएको एक जना उदाहरणीय व्यक्तिको रूपमा प्रतिष्ठित हुनुहुन्छ ।

सर्वप्रथम व्यक्ति र परिवार सक्षम हुनु पर्दछ र त्यसबाट मात्र समाजले केही अभयदान पाउन समर्थ हुन्छ भन्ने प्रबल धारणाका पक्षपाती फुपाज्यूले मेरो (बुबा, मुमा र ३ भाइसहितको) परिवार, जसको पृष्ठभूमि विषम परिस्थिति र दिशाहीनताबाट बेष्टित थियो र परिवार प्रमुख मेरा पिता श्री कमलाकान्त खरेल पनि विभिन्न कारण र विशेषतः कमजोर स्वास्थ्यले गर्दा परिवारको सम्पूर्ण जिम्मेवारी र हाम्रो शिक्षादीक्षालाई पूर्णता दिन असक्षम जस्तै हुनुहुन्थ्यो, त्यतिखेर मेरी आमाले बडो धैर्य र कुशल गृहिणीको परिचय दिंदै सुख दुःख गरी हामीलाई एउटा निश्चित दिशा दिने गहन दायित्वको निर्वाह गर्नु भयो । त्यस क्रममा पिताज्यूले पनि परिवार प्रमुखको दायित्वलाई नजर अन्दान गर्नु भएन ।

तर यी सबै प्रयासको बावजूद हाम्रो भविष्य निर्माणको खास खाका तयार हुन नसकेको त्यस दुरूह अवस्थामा फुपाज्यूको वरदहस्त र मार्ग दर्शनले सीमित शिक्षा

हासिल गरेका हाम्रा दाज्यू भाइहरूलाई व्यावसायिक दक्षतातर्फ उन्मुख हुने प्रेरणा साथ जुन आत्मीयता र सौहार्दताको परिचय दिएर हामीलाई उत्साहित गराउनु भयो, त्यो नै आजको हाम्रो सुखी जीवनको आधारशिला बन्न पुगेको विनम्रता पूर्वक उल्लेख गर्न चाहन्छु ।

फुपाज्यूले पनि आफ्नो जीवनकालमा बडो सङ्घर्ष गरी व्यावसायिक सोपानबाट माथि उक्लिदै आफ्ना सन्तति मेरा दाज्यू र दिदीहरूको भरण पोषणका साथै शिक्षादीक्षाको उचित व्यवस्थापन गरी दाज्यूहरूलाई पनि आफ्नो अनुसरण गर्न लगाई उद्योग र व्यवसायको माध्यमबाट पारिवारिक सम्पन्नता सँगसँगै देश विकासको मेरूदण्डको प्रतीक विभिन्न उद्योग र व्यवसायको स्थापनाबाट राष्ट्रलाई समुन्नत बनाउनेतर्फ अग्रणी भूमिका खेल्नु भएको तथ्य हाम्रो समाजमा एउटा कोसे ढुंगाको रूपमा लिन सकिन्छ ।

मलाई फुपाज्यूले आफ्नो व्यावसायिक दक्षताको एउटा सहयात्रीको रूपमा छनौट गर्नुका साथै त्यसका आधारभूत विषयबस्तुको आवश्यक ज्ञान दिलाएर स्नेहयुक्त छत्र छायाँ प्रदान गर्नुभयो र मेरा भाइहरूलाई पनि तदनुरूप आफ्नो सान्निध्यमा लिई हाम्रो जीवनको सुखद प्रारम्भतर्फ प्रेरणा स्रोत बन्नु भएको तथ्य अविस्मरणीय रहेको छ ।

फुपाज्यूले आफ्नो जीवन कालमा दानशीलताको उच्चतम आदर्श स्थापित गरी जसरी राष्ट्र र समाजसेवाको ज्वलन्त उदाहरण प्रस्तुत गर्नु भयो र विभिन्न निकाय एवम् तत्कालीन राष्ट्रप्रमुखबाट समेत प्रशंसाको पात्र बन्न सक्षम हुनुभयो, त्यो हाम्रो लागि अत्यन्त गौरवको विषय बन्न पुगेको छ । अतः म त्यस्ता आदर्शवान् फुपाप्रति आन्तरिक हृदयदेखि नै कृतज्ञ हुँदै शतशः नमन गर्दछु ।

मलाई फुपाज्यूले कर्मक्षेत्रमा उत्रनु अघि केही आवश्यक निर्देशनहरू दिनु भएको थियो, जसमध्ये मद्यपान नगर्नु, कहिल्यै झूठो नबोल्नु, सकेसम्म परोपकारको भावना कायम राख्नु र कठोर अनुशासनमा रही “काम” लाई सानो ठूलो नमानी पूजाको रूपमा ग्रहण गर्नु । मैले पनि फुपाज्यूबाट प्रदत्त निर्देशनहरूलाई सकेसम्म आफ्नो जीवनमा उतार्ने प्रयास गरेँ । जसको फल स्वरूप आज मेरो सम्पूर्ण परिवार आफ्नो स्वाभिमान र सम्मान कायम राख्दै जीवनलाई अग्रगतिमा लाने प्रयासमा छ ।

नाताबाट भन्ने हो भने श्री लीलाराम न्यौपानेज्यू मेरो फुपा हुनुहुन्छ, तर त्यो नाताभन्दा पनि उहाँ मेरो मार्गदर्शक र गुरुको रूपमा प्रतिष्ठित हुनुहुन्छ । यदि उहाँको छत्रछायाँ र वरदहस्त हामीमाथि नरहेको भए संभवतः हाम्रो परिवार छिन्नभिन्न भई दिशाहीनता र अकर्मण्यताको स्थितिबाट गुज्रने थियो ।

यस्ता महान र मेरा कर्मगुरु फुपाको सुस्वास्थ्य र दीर्घायुको कामना साथ कृतज्ञता ज्ञापन गर्ने अवसरको रूपमा निकट भविष्यमा प्रकाशित हुने उहाँको जीवनीमा मेरा दुई शब्द समावेश गराउन पाउँदा म कृतकृत्य छु ।

जहाँसम्म मेरो धारणा छ, फुपाजस्तो व्यक्ति हाम्रो समाजलाई चिरकालसम्म चाहिएको छ । म र मेरो परिवारले उहाँको शीघ्र स्वास्थ्य लाभ र दीर्घायुको शततः कामना गर्दै फुपाज्यूको वरदहस्त पूर्ववत् हाम्रो परिवारप्रति रही रहने अवस्थाको श्रृजना फलीभूत पारिदिन भगवान् श्री पशुपतिनाथसँग प्रार्थना गर्दछौं ।

सामान्य शिक्षाको कारणले गर्दा मसँग लेखकीय क्षमता छैन । तापनि आफ्नो शैक्षिक ज्ञानको परिधिमा रहेर श्रद्धेय फुपाज्यूको "जीवनी" मा आफूलाई सहभागी बनाउन टुटेफुटेको भाषामा भए पनि उहाँप्रति कृतज्ञताका दुई शब्द कोरेर आभार टक्र्याउन उद्यत भएको छु ।

अन्त्यमा परम आदरणीय फुपूसहित फुपाका सम्पूर्ण परिवारप्रति सुख, समृद्धि र उज्ज्वल भविष्यको कामना गर्दछु र फुपा श्री लीलाराम न्यौपानेज्यूको "दानशीलता" अरूहरूको लागि पनि प्रेरणाको स्रोत बन्न सकोस् भन्ने अपेक्षा राख्दछु ।

***" इत्यलम्"***

**हिमाली सङ्गम, भैरहवा**

**२०६६/११/२१**

# समाजसेवी लीलाराम



सागरप्रताप राणा
पूर्व नगरप्रमुख, सिद्धार्थनगर नगरपालिका

महाकवि लक्ष्मीप्रसाद देवकोटाले 'मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन' भनेर लेखेको कविताको श्लोक लीलाराम न्यौपानेलाई सम्झिँदा ठ्याक्कै मिल्छ । सिद्धार्थनगर नगरपालिका वार्ड नं. ९ निवासी न्यौपानेले जिल्लाकै उत्कृष्ठ समाजसेवीका रूपमा स्थान बनाउनु भएको छ । नगर, जिल्लाभित्र होस वा बाहिर राम्रो काम गर्ने उद्देश्य रहेका संघ-संस्थाले सहयोगका लागि राखेको प्रस्ताव सजिलै स्वीकार्ने र सक्दो सहयोग गर्ने प्रवृत्तिले उहाँलाई समाजमा दानवीरको रूपमा स्थान मिलेको छ ।

मानिसहरू जन्मिन्छन्, हुर्कन्छन् । विभिन्न पेसा वा व्यवसायमा आबद्ध हुन्छन्, पैसा कमाउँछन् । त्यसरी कमाएको पैसामध्ये केही अंश सामाजिक क्षेत्रमा खर्च गर्ने मानिसहरू कमै हुन्छन् । दानवीर न्यौपाने कमाएको पैसाको केही अंश सामाजिक क्षेत्रका लागि खर्चिने मध्येमा पर्नुहुन्छ । बर्मा, आसाम लगायतका ठाउँमा पेसा व्यवसाय गर्ने क्रममा एक जना सरसफाईको काम गर्ने परिचरबाट समाजसेवा गर्ने प्रेरणा पाएको उहाँले बताउनु हुन्थ्यो । समाजसेवाका क्रममा उहाँले त्यसखालका अभिव्यक्ति दिएर अरूलाई पनि समाजसेवाप्रति प्रेरणा जगाइरहनु हुन्थ्यो ।

समाजका लागि उहाँले आर्थिक, भौतिक र नैतिक सहायता प्रदान गर्दै उदाहरणीय कार्य गर्दै आउनु भएको छ । रूपन्देहीका धेरै धार्मिक, सामाजिक र शैक्षिक संघ संस्थाहरूमा उहाँले आर्थिक सहायता दिएर ठूलो गुन लगाउनु भएको छ । झट्ट भेट्दा मिलनसार र नम्र स्वभावका समाजसेवी न्यौपानेसँग शिक्षा, स्वास्थ्य लगायतका

क्षेत्रका समस्या बताउनासाथ सहयोगको प्रतिबद्धता गर्दै उत्साहित गर्ने उहाँको स्वभाव छ । उहाँले आर्थिक सहायता माग्ने संस्थालाई शायदै रित्तै फर्काउनु भएन । जसले गर्दा असहाय, अपाङ्गहरूको उत्थानका लागि खोलिएका संस्थाहरू उत्साहित भएको मेरो अनुभव छ ।

मानिसले मुख्य काम गर्न भोकै बस्नु वा मन्दिर चाहार्नु भन्दा पनि दीन दुखीहरूको सेवा गर्नु उपयुक्त हुन्छ । पैसालाई मात्र सबथोक देख्नु हुँदैन । समाजमा राम्रो कामका लागि सहयोग गर्नुपर्छ भन्ने प्रेरणा हामी समाजसेवी न्यौपानेबाट पाउन सक्छौ । सिद्धार्थनगर र आसपासका विद्यालयहरू वा अन्य संघसंस्था जहाँ उहाँले सघाउनु भयो, त्यहाँत्यहाँ पछिपछिसम्म पनि उहाँको सम्झना रहिरहनेछ । मानिसको शरीर मरेर गए पनि समाजका लागि गरिएको लगानी कहिल्यै मर्नेछैन ।

मेरो आफ्नो अनुभवमा लीलाराम न्यौपाने जस्ता २/४ जना अरू पनि दानवीर हुने हो भने शैक्षिक, सामाजिक विकासमा ठूलो मद्दत पुग्नेछ । समाजसेवी न्यौपानेबाट हामी सबैले समाजका लागि केही न केही गर्नै पर्छ भन्ने भावनाको सिको गर्ने हो भने हामी सबै अमर हुनेछौ । धार्मिक शास्त्रहरूमा पनि आम्दानीको केही अंश धर्मकर्मका लागि लगानी गर्नुपर्ने उल्लेख गरिएको छ । धर्मकर्म भनेकै समाजसेवा हो । तसर्थ समाजसेवाका लागि केही न केही लगानी गरौ । उहाँको जीवनबाट सिकौं, जसले गर्दा हामीलाई समाजले पछिसम्म सम्झने छ । अन्तमा उहाँको स्वास्थ्य लाभको कामना गर्दछु ।

# उद्योगपति श्री लीलाराम न्यौपाने



सुधा न्यौपाने
उपसचिव, स्थानीय विकास मन्त्रालय

२०६२ साल पौष २३ गते शनिबार न्यौपाने दाजुभाइ दिदी बहिनीहरूको भेला मीनभवनमा भएको थियो । त्यसैदिन मैले लीलाराम न्यौपानेज्यूलाई पहिलो पटक देख्ने अवसर पाएकी हूँ । त्यस कार्यक्रममा उहाँ श्रीमती कुन्तीदेवीका साथमा आउनु भएको थियो । वर्मामा वयस्क उमेरसम्म बसेपछि आफ्नो जन्मभूमि नेपाल आई आफ्नो परिवारलाई राष्ट्रिय उद्योगपतिहरूको श्रेणीमा स्थापित गराउन सफल व्यक्तित्व लीलाराम र कुन्तीदेवीले सामाजिक सेवाका क्षेत्रमा धेरै योगदान पुऱ्याउनु भएको छ । कुनै पनि घरपरिवारको आर्थिक तथा सामाजिक हैसियत बढाउनमा घरपरिवारका सबै सदस्यको ठूलो भूमिका रहन्छ । त्यस्तै लीलारामज्यूको परिवारमा श्रीमती कुन्तीदेवीज्यूको आफूले बालबच्चाहरूको हेर विचार तथा घरायसी धन्दाका अलावा श्रीमान्ले अगाडि सारेका योजनाहरूमा पनि आफ्नो राय सुझावसहित सहयोग पुऱ्याएको कारणले गर्दा नै आज उहाँहरूको परिवारले सफलता प्राप्त गरेको छ । सार्वजनिक कार्यक्रममा जाँदा समेत लीलारामले श्रीमतीकुन्तीदेवीलाई साथै लिएर गएको देख्न पाउँदा उक्त परि वारमा महिलाहरूको उचित कदर गरिन्छ होला भन्ने मैले महसुस गरेकी छु । यसरी सबै क्षेत्रका शीर्ष व्यक्तिहरूले पनि आफ्नो घर परिवारका सबै महिला सदस्यहरूलाई समान अवसर दिने हो भने नेपालका महिलाहरूको पनि आर्थिक तथा सामाजिक हैसियतमा आफूलाई स्थापित गर्न सक्नेछन् । समाजसेवी उद्योगपति लीलाराम कुन्तीदेवीको सुस्वास्थको कामना गर्दछु ।

# समाजसेवी
# श्री लीलाराम न्यौपाने



स्थानेश्वर देवकोटा
पूर्व प्र.जि.अ. रूपन्देही

सरकारी नोकरीको सिलसिलामा विभिन्न जिल्ला सरुवा हुने क्रममा २०५८ साल मंसिरमा रूपन्देही जिल्लाको प्रमुख जिल्ला अधिकारी पदमा सरुवा भएर एक वर्ष काम गर्ने मौका पाएँ । त्यो अवधि आफ्नो ४० वर्षको सरकारी नोकरीको अविस्मरणीय अवधि रह्यो। यसो हुनुमा सबै राजनैतिक दलहरूबाट प्राप्त सकारात्मक सोच र सहयोग हो भन्ने लाग्दछ । आफू कुनै राजनैतिक दलको अनुयायी भन्दा शुद्ध राष्ट्रसेवकमा सीमित हुने सोचको कारण विभिन्न जिल्लामा विभिन्न आक्षेप सहनु नपरेको पनि होइन । जागिरको उत्तरार्द्धमा पीडा भोग्नु परे पनि रूपन्देही जस्ता जिल्लाबासीबाट पाएको सहयोग, विश्वास र नैतिक बलले सधैं गौरवान्वित हुन प्रेरणा प्राप्त भएको छ। राजनैतिक क्षेत्र मात्र हाइन धार्मिक क्षेत्र, सामाजिक र शैक्षिक क्षेत्रबाट पनि प्रशस्त विश्वास जितेर हिँडन पाउँदा छाती अझ चौडा हुन्छ । ठूलो उर्जा प्रदान गरेको थियो । ८ वर्ष पछि सेवा निवृत्त जीवनमा पनि भावुक हुन पुग्दछु, कहीं साथीहरूले मलाई अतिशयोक्ति त गरिदिएनन् । सुरक्षाकर्मी साथीहरूका २४ घण्टा साथ हरेक कुरामा निरन्तर सहयोगले सफल बनाइदियो रूपन्देही जिल्लाको शान्ति सुरक्षा कायम गर्न पनि भन्ने लाग्दछ । यस्ता धेरै विषयवस्तु छन, जुन वर्णन गर्दा वा अनुभवका पोका फुकाउँदा धेरै लामो हुन जान्छ । हुन त आफूले जिम्मेवारी पाएका प्रत्येक जिल्लाबाट हिँड्ने समय सबै भ्रम निर्मूल हुने र सबै राजनैतिक व्यक्तित्वबाट समान विश्वास जितेर सामूहिक बिदाइ भएको पनि आफ्नो जीवनका अमूल्य क्षणहरू हुन् भन्ने दृढ विश्वास छ । सन्दर्भ रूपन्देही जिल्लाको हुँदा त्यहींको

त्यो पनि समाजसेवाको विषयवस्तु अनि समाजसेवाको अर्को नाम लीलाराम न्यौपानेलाई समेट्ने प्रयास मात्र हो मेरो । जेसीज होस् वा लेडिज जेसीज, लायन्स क्लब वा लियो क्लब, उद्योग वाणिज्य संघ वा गैह्र सरकारी संघ संस्था, जिल्ला विकास समिति, नगरपालिका वा गाउँ विकास समिति सबैको एउटै ध्येय थियो विकास, भवन निर्माण गरेर होस्, सडक बनाएर होस्, निःशुल्क स्वास्थ्य शिविर वा कुलतमा लागेकालाई सही मार्गमा ल्याउने क्रम वा चेलीबेटीलई बेचविखन गर्ने जस्ता गैह्र कानुनी कामहरू नियन्त्रण गर्ने र उद्धार गर्ने जस्ता काममा प्रतिस्पर्धा जस्तै देखिन्थ्यो, रूपन्देही जिल्लामा को भन्दा को कम् भन्ने देखिन्थ्यो । एक पटक नेपाली काँग्रेसका सभापति गिरिजाप्रसाद कोइराला पार्टीको कार्यक्रममा जाँदा बोलेका कुराले पनि पुष्टि गर्दछ । उहाँले भन्नु भएको थियो- 'हेलिकप्टर ल्याण्ड गर्ने क्रममा पूरा जिल्ला घुमायो, काठमाडौं बाहिर सडक सञ्जाल मोरङ्गमा जति कुनै जिल्लामा विकास भएको छैन भन्ने मेरो भ्रम रूपन्देहीले तोडी दियो, जताततै पीच र ग्राभेल सडक रहेछ ।' साँच्चै हो ।

यस्तै क्षेत्रमध्ये बालबालिकाको उत्थान गर्न रूपन्देही जिल्ला अगाडि नै छ । जिल्ला बालकल्याण समितिका सदस्य हुनुहुँदो रहेछ, लीलाराम न्यौपाने, सर्वप्रथम सोही क्रममा परिचय भयो । त्यसपछि हरेक समाज सेवामा उहाँको सहभागिता पाएँ मैले । धन धेरै मानिससँग हुन्छ, सबैको मन पाइँदैन । धेरै धनी मानिससँग सँगत गरियो । होटलमा गएर जति पनि खर्च गर्न तयार तर समाज सेवामा शून्य । कोही मठमन्दिर निर्माण र अन्य धार्मिक कार्यमा खर्च गर्ने तर अरू क्षेत्रमा केही नगर्ने । कतिपय मानिससँग मन छ, धन छैन । तर लीलाराम न्यौपाने यस्तो व्यक्तित्व पाएँ, जोसँग धन पनि प्रशस्त र मन त्यो भन्दा प्रशस्त । गुल्मी जिल्लामा जन्मेर विभिन्न स्थानमा धुमफिर गर्दै भैरहवामा स्थायी बसोवास गर्ने उहाँले पसिना काडेर मेहनत गर्नु भएछ । मेहनतको फल आर्जन भएछ, पुर्खौली सम्पत्ति पक्कै होइन । छोराहरूले पनि सिकेछन् बाबुबाट सबै आत्मनिर्भर मात्र होईन सम्पन्न अनि उहाँले आफ्नो सम्पत्तिलाई सदुपयोग गर्न लाग्नु भएछ, समाज सेवामा । मैले लीलाराम दाइ भन्ने गरेको व्यक्तिले आफ्नो कमाईलाई सिर्जनशील क्षेत्रमा प्रशस्त खर्च गर्नु भएको छ । माथि भनिसकियो दानीहरूले दान गर्दछन् एउटा क्षेत्रमा, तर उहाँ सबै क्षेत्रमा पुग्नु हुन्छ, खल्तीभरि चेकबुक र नगद बोकेर । अरूलाई खटाउने होइन, माग्न आउन भन्ने उहाँमा सोच छैन, आफै

पुग्नु हुन्छ संघ संस्थामा र सबभन्दा पहिला बोल्नु हुन्छ 'म पनि केही सहयोग गर्न पाऊँ' भनेर स्वास्थ्य स्थिति ठीक नहुँदा नहुँदै पनि खटनु हुन्छ, भैरहवा र आसपासका गाउँमा । उहाँको धोको थियो, भैरहवामा एउटा अनाथालय निर्माण गरी १० जना मात्र बालबालिकालाई पालनपोषण र शिक्षादीक्षा दिएर आदर्श नागरिक बनाउने, त्यो चाहिँ मेरो सरुवासँगै तुषारापात भए जस्तो लाग्दछ । मेरो सरुवा हुनु भन्दा २०।२५ दिन पहिले होला अक्षयकोषमा राखेर व्याज कमाउन सुरु गर्न २० लाखको चेक मेरो टेबुलमा राखी दिनु भएको थियो । मैले अनाथालय निर्माण गर्न सार्वजनिक जग्गाको व्यवस्था गरिसकेको थिएँ, प्रिन्सिपल बालकुमारी गुरुङको सहयोगमा । भवन सुरु गरौं अनि एक समारोह बीच दाइको २० लाख हस्तान्तरण गर्नु होला भनी फिर्ता गरेको थिएँ ।

मैले माथि वर्णन गरी सकें जिल्ला बालकल्याण समितिको सदस्य हुनु हुँदो रहेछ उहाँ, बैठकको लागि कोठाको अभाव जस्तो उहाँलाई लागेछ, जिल्ला बाल कल्याण समितिको भवन बनाउन प्रस्ताव गर्नु भयो । दिलीप भट्टराई, प्रल्हाद अग्रबालले समर्थन गर्नु भयो अनि निर्माण कार्यको जिम्मा रामशंकर काण्दुले लिनु भयो, अन्य सबै सदस्यहरू उत्साहित भयौं । तुरुन्त लागत अनुमान र नक्सा तयार भयो, जिल्ला प्रशासन कार्यालयको छेउमा भवन तयार भयो, जिल्ला प्रशासन कार्यालयको छेउमा सानो जग्गा दुरुपयोग भैरहेको थियो, तुरुन्त सुन्दर भवन तयार भयो । समाजसेवीहरू गुनासो गर्न थाले, हामीले सहयोग गर्न पाएनौं भनेर । निर्माण खर्चको ठूलो अंश लीलाराम दाइले व्यहोर्नु भयो ।

संस्कृत विद्यालय अस्तव्यस्त थियो । जग्गा प्रशस्त भएर पनि आम्दानी शून्य रहेछ, पैसा असुल उपर गर्ने जिम्मा मैले लिएँ, लीलाराम दाइले तुरुन्त चेक दिनु भयो, तत्काल तलब भत्ता वितरण गर्न र भवन बनाउन । रूपन्देही मात्र होइन अन्य जिल्लाबाट औषधी उपचारको क्रममा मानिस आएर बेखर्ची भएपछि जिल्ला प्रशासन कार्यालयमा आउँथे । वार्षिक २/३ हजार बजेट थियो, आर्थिक सहायता दिन । रु.५०/- देखि १००/- सम्म खटाई खटाई दिने गरिन्थ्यो । एक दिन उहाँकै सामु रु.१००/- को तोक लगाएँ, उहाँले सोध्नु भयो, सबै बृत्तान्त बताएपछि उहाँले रु.१०००/- दिनु भयो र भन्नु भयो- 'तपाईंसँग बजेट छैन मलाई थाह छ, यस्ता समस्यामा परेकाहरूका लागि पनि मैले रकम छुट्याएको

छु समस्या हेरी पाँचहजारसम्म सहयोग गर्दछु मकहाँ पठाई दिनु होला' लीलाराम दाइले प्रचार प्रसार चाहनु भएन । गरिब गुरुवा खास गरी औषधी उपचारको लागि आउने धेरै मानिस मैले पठाएँ, उहाँले सबैलाई सहयोग गर्नु भयो । बेला बेलामा विभिन्न कार्यक्रम आयोजना गरी बालभोज गराउनु हुन्थ्यो, साथ दिनेहरू थुप्रै थिए, दिलीपजी, प्रल्हादजी, राधेश्यामजी, नारायणजी, कान्दुजी अनि अरू अरू । मठमन्दिर बनाउने प्रसङ्ग आयो, लीलाराम दाइ सधैँ अघि, क्लवहरूलाई सहयोग गर्नु पर्‍यो, उहाँ सधैँ अगाडि, यज्ञ महायज्ञ गर्नु पर्‍यो, उहाँ अगाडि । दिलीपजीले सधैँ कुनै नकुनै कार्यक्रम तेर्स्याई दिनु हुन्थ्यो । सधैँ उत्साहसाथ सहयोग गर्नु भयो लीलाराम दाइले । अव स्वास्थ्यको कारण काठमाडौँ बस्न थाले पनि भैरहवाको उत्थानको लागि उहाँको लगानीले निरन्तरता पाएको छ । एउटै विद्यालयलाई ३० लाखसम्म प्रदान गर्नु भएको छ । बालबालिकालाई खानादेखि पोशाक र अनाथालयलाई सहयोग गर्नु भएको छ । मठ मन्दिर निर्माण गर्न र हिन्दू धर्मको संरक्षण र संरक्षणमा खर्च गर्नु भएको छ । निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्न प्रोत्साहन गर्नु भएको छ । उहाँले गरेका सहयोग, दान र सत्कार्यको सूची धेरै लामो हुन्छ, संख्यात्मक हिसाबले मात्र होइन ठूलो धनराशि खर्चनु भएको छ, समाजको उत्थानको लागि । त्यसैले मलाई भन्नमन लाग्छ समाजसेवाको अर्को नाम लीलाराम न्यौपाने, उहाँको यो सत्प्रयासले सधैँ सधैँ निरन्तरता पाओस् यही शुभकामना छ ।

# प्रेरणादायी व्यक्तित्व



हरिप्रसाद अधिकारी
पूर्व उपप्रमुख, सिद्धार्थनगर नगरपालिका

श्री लीलाराम न्यौपानेज्यू प्रतिष्ठित समाजसेवी दानवीर तथा भद्र व्यक्तित्वका रूपमा परिचित हुनुहुन्छ । उहाँ सानै उमेरदेखि वर्मामासमेत धार्मिक तथा समाज सेवकको रूपमा आफूलाई स्थापित गर्दै आफ्नो जन्मभूमि नेपालमा आएर खासगरी शैक्षिक, धार्मिक, स्वास्थ्य क्षेत्रमा समेत अनवरत रूपमा आफ्नो अमूल्य योगदान दिँदै आउनु भएको कुरा हामी सबैलाई अवगतै छु । उहाँका अथक पाइलाहरू यस जिल्लामा मात्र सीमित नभई पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म निरन्तर रूपमा समाज सेवाको सत्मार्गमा आफू कहिल्यै नथाकी धैर्य वचनबद्धता र लगनशीलताका साथ आफूलाई समर्पित गर्नुभएको छ । उहाँले केवल आर्थिक सहयोग मात्र नभएर श्रम समेत लगानी गरेका उदाहरण हामी सबैको लागि घामझैँ छर्लङ्ग छन् । यस्ता अथक प्रेरणादायी क्रियाशील, लगनशिल तथा समाजका पुजारीका संसर्गमा रही समाजका निमित्त केही गर्ने मौका पाएकोमा आफूलाई अत्यन्त खुसी लाग्नुका साथै उहाँले देखाएको, सत्मार्गको बाटोबाट केवल मैले मात्र नभएर समस्त मानवजातिले प्रेरणा लिनु हामी सबैका लागि कल्याणकारी मार्ग हो भन्ने बुझ्नु आजको मूख्य आवश्यकता हो ।

# An Article of Lila Ram's Grand Childrens



**Shiwani Neupane**
Granddaughter

Hajurbua's story is the story of hard-work, courage and inspiration. His life and wisdom brings humility to my being. He is a man who has taught me unforgettable values of family and togetherness. I respect and love him beyond any value. Thank you for being the pillar of my life, Hajurbua.



**Diwas Neupane**
Grandson

Ever since I was a small boy, my Hajurbua has always been the biggest source of inspiration for me. I fondly recall my childhood memories of him. We used to flock around him as he compassionately distributed chocolates and jalabis. We savored every spoon of rice mixed with "Hajurbua ghee", a special type of ghee that Hajurbua made himself. We used to sit around him in the garden, listening to his stories of great wisdom. From a very small age, he taught me the value of serving the community and those less privileged. His selfless acts of donations and helping others are more than just praiseworthy. Hajurbua's way of living is a true example of "saadha jiwan uccha bichar". His way of life teaches me that.

**Ankur Neupane**
Grandson



Hajurbua's image in my mind was always maintained as an austere and disciplined image. His demeanor portrayed him as a man of immense wisdom and from time to time he would share with us some of his stunning ideas. A man of self sacrifice, serving the society was one of his highest priorities. In fact, one day, I stumbled upon his collection of accolades accumulated in his life time. There was an entire room allocated for that purpose. He taught me that my hand should always be in the 'giving' position and not in the 'receiving' position.

**Utsav Neupane**
Grandson



When people tell me to write about Hajurbua, I am speechless. Hajurbua always taught me that when I'm sad, I stop being sad and start being awesome instead.....He taught me the importance of family and friends and not to be selfish. My character is built around his words. He taught me the Bro Code. I remember, he once said, "sons never do the devil's three-way", and that is when I realized that I have to 'suit up' for life's opportunities, and you just have to utilize it well like Hajurbua did. There is a saying: "A book holds a house of gold" and I hope this one holds his immortal story. Hajurbua has made our lives legen... wait for it... dary!! So the question I ask you book readers are "Haaaaave you met Hajurbua?"



**Shiwaj Neupane**
Grandson

Hajurbua is a man of steel with a heart of gold. He is iconic and strong minded with a towering personality. His willpower is the stuff of legend. I fondly recall memories of him from my childhood. Going to Bhairawa during 'Dashain' used to be the best part of the year mainly because of Hajurbua's 'jalebis'. I also remember that while we used to be drowsily getting out of bed, Hajurbua would have finished half of his day's work. He used to wake up at 4 in the morning and persevere through the day. Stories about Hajurbua's benevolence are so abundant that I've heard them from 'pandits' to 'pani puri walas'. No matter what, Hajurbua will always remain the pillar of our family.

# विभिन्न कार्यक्रमका झलकहरू







श्रीमद्भागवत राष्ट्र शान्ति
ज्ञान महायज्ञ २०६५


अनन्त विभूषित ज्योति पिठाधिशेश्वर जगत गुरु शंकराचार्य
श्री १००८ स्वामि माधवाश्रम महाराजको यस नगर शुभागमनमा
हार्दिक स्वागत गर्दछौं !
विश्व हिन्दु महासंघ, रूपन्देही
सिद्धार्थनगर


वस्त्र दान तथा बाल भोज कार्यक्रम
देवकोटा ज्यूको बिदाई समारोह


संस्कृत विद्याश्रम
भैरहवा

सुस्त श्रवण कल्याण संस्था

# बहिरा बाल विद्यालय

सिद्धार्थनगर, नेपाल

# कदर–पत्र

यस विद्यालयको यातायात, अक्षयकोष, भौतिक साधन लगायत विभिन्न क्षेत्रको विकासमा सहयोग पुऱ्याउने उद्देश्यले सि. न. न. पा वार्ड नं ९ स्थित/निवासी श्री लीलाराम न्यौपाने ले नगद/~~जिन्सी सामान~~ रु. ११,०००/- अक्षरुपी एघार हजार प्रदान गर्नु भएकोले उहाँको सहृदयताको सम्मान गर्दै यो कदर-पत्र प्रदान गरिएको छ।

| अध्यक्ष | प्रमुख अतिथि | सदस्य सचिव एवं प्रिन्सिपल |
|---|---|---|

२०६२/१४/४

*Walfare Society for Hearing Impaired*

# *School for the Deaf Children*

Siddharthanagar, Nepal

## Letter of Appreciation

*This letter of appreciation is awarded to* MR. LILARAM NEUPANE *of* WARD NO. 9 *for providing financial assistance of worth NRs.* 11,000/- *in words* ELEVEN THOUSAND ONLY *for contribution to the development of the physical facilities such as transportation, school equipment, establishment of the imperishable fund etc.*

| Chairman | Chief Guest | Member Secratary & Principal |
|---|---|---|


श्रीजनज्योति नमूना कन्या माध्यमिक विद्यालय
Shree Jana Jyoti Model Girls Secondary School
प्रगतिनगर, नवलपरासी
(२०२२)

"बधाइ ज्ञापन"


श्री लीला राम न्यौपानेज्यू
हिमाली संगम, सिद्धार्थनगर (भैरहवा)

हिन्दू धर्मको संवर्द्धन एवं संरक्षण कार्य तर्फ हजुरबाट भएको अतुलनीय योगदान र त्यस क्षेत्रका हाम्रा विभिन्न धार्मिक एवं सामाजिक संघ संस्थाहरु तर्फ पुऱ्याउँदै आउनु भएको सक्रिय सहयोगको कदर स्वरूप श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ५५औं शुभ जन्मोत्सवको पुनीत उप-लक्ष्यमा मौसूफबाट हजुरलाई "[illegible] बाहु" प्रदान गरी बक्सिएको जानकारी पाउँदा हामी अत्यन्त हर्षित छौं र विद्यालय परिवारको तर्फबाट हार्दिक "बधाइ" ज्ञापन गर्दछौं।

(महाशर्मा घिमिरे)
प्र.अ.

(मोहनलाल गौतम)
अध्यक्ष
विद्यालय व्यवस्थापन समिति

मिति:- २०५६ पौष १५.



# अभिनन्दन-पत्र

सं. उन्नाईस सय चौरासी सालको चैत्रको
त्यो उनन्तीस गते हो जन्म श्रीलीलारामको
गायत्री–विश्वनाथका प्रिय सुपुत्र–रूपमा
उदयमान हुनुभो लीलाराम नेपालमा

यहाँको जन्मजात छ प्रेम सदा सुकृतिमा
गहन अध्ययन छ हिन्दू–धर्म संस्कृतिमा
यहाँको बुद्धि धर्ममा अनि समाज–सेवामा
तल्लीन भइरहेको हुन्छ गहिरो आस्थामा

आजीवन ती तीन संस्थाका सदस्य–रूपमा
तथा ती चार संस्थाका कोषाध्यक्षको रूपमा
पाँचोटा संस्थाहरूका स्वयं अध्यक्ष–रूपमा
तपाईंलाई देख्दै छौं हामी यो वर्तमानमा

श्रीभानु मा. वि. तपाईंको नै श्रद्धाले जन्मियो
तपाईंको नै पाएर सेवा उन्नत देखियो
नौलाख पचपन्न हजार अहिले सम्मन
प्रदान गरिदिनाले पाए संस्थाले जीवन

तपाईंका ती सेवाको मूल्याङ्कन नै गरेर
प्रबल गोर्खादक्षिणबाहु पदक दिएर
श्रीपाँचबाट सुसम्मानित तपाईं हुनाले
प्रसन्न हामी देखिएका छौं आत्मीय हुनाले

श्रीपाँच इ. रा. ल. सँग सुसम्बद्ध नै हुनाले
हामीले आफ्नै परिवारका सदस्य मान्नाले
हामीले दिन्छौं तपाईंलाई बधाइ सम्मान
प्रेमको साथ अभिनन्दन गर्दछौं प्रदान

अध्यक्ष

श्री ५ इ. रा. ला. मा. वि.
परिवार (सिद्धार्थनगर)


फोन नं. २०५३९

# श्री भानु माध्यमिक विद्यालय

सिद्धार्थनगर–९, रुपन्देही

## हार्दिक बधाई तथा शुभकामना

श्री ५ महाराजाधिराज विरेन्द्र वीर विक्रम शाहदेव सरकारको ५५ औं शुभ जन्मोत्सवको सुखद उपलक्ष्यमा यस श्री भानु मा. वि., सिद्धार्थनगर रुपन्देहीका संस्थापक–सदस्य तथा २०५६ श्रावण देखि उक्त विद्यालय व्यवस्थापन समितिको अध्यक्षको पदभार सम्हाल्दै आउनु भएका साथै विभिन्न संघ, संस्था, मठ मन्दिर देवालय आदिको संरक्षण र सम्वर्धनमा मन, वचन, कर्मले योगदान पुरयाउदै आउनु भएका तपाई श्रीमान् लिलाराम न्यौपाने ज्यु मौसुफ सरकारबाट प्रवल गोरखा दक्षिण बाहु बाट विभुषित हुनु भएकोमा स्वच्छ, निष्पक्ष र उच्च मुल्यांकनको लागि मौसूफ सरकार प्रति सभक्ति हार्दिक कृतज्ञता ज्ञापन गर्दै यहाँको उत्तरोत्तर प्रगतिको कामना साथ यस भानु मा. वि. सिद्धार्थनगरको सम्पूर्ण विद्यालय परिवारको तर्फबाट हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

(बलराम शर्मा)

प्रधानाध्यापक



# रुपन्देही क्याम्पस, सिद्धार्थनगर

## नवौं वार्षिकोत्सव समारोह

२०५६

## सम्मान-पत्र

श्रीमान् लीलाराम न्यौपानेज्यू
सि.न.न.पा., ९ हिमाली सङ्गम
सिद्धार्थनगर ।

यस क्याम्पसमा अध्ययन गर्ने असहाय गरिब विद्यार्थीहरुको सहयोगार्थ रु. ५१,०००।- ( एकाउन्न हजार ) को अक्षयकोष खडा गरी ' विश्व-गायत्री गरिब छात्रवृत्ति ' को स्थापनाका साथै पटक-पटक आर्थिक अनुदान प्रदान गरी यस क्याम्पसको विकासमा यहाँले गर्नुभएको सेवाको उच्च मूल्याङ्कन गर्दै मिति २०५६।११।०७ को संचालक समितिको निर्णय अनुसार यहाँलाई हार्दिक अभिनन्दन सहित यो सम्मान-पत्र प्रदान गरिएको छ ।

आगामी दिनहरुमा यहाँको सेवाभावना अझ मजबूत हुँदै जानेछ भन्ने कुरामा क्याम्पस विश्वस्त रहेको छ ।

| | | |
|---|---|---|
| डा. राम प्रसाद वस्याल | गीताकृष्णा खरेल | मणिराम भट्टराई |
| अध्यक्ष | महाप्रबन्धक | क्याम्पस प्रमुख |
| सञ्चालक समिति | महेन्द्र सुगर एण्ड जनरल ईन्डस्ट्रिज प्रा.लि. | रुपन्देही क्याम्पस |
| रुपन्देही क्याम्पस | प्रमुख अतिथि | |

मिति :२०५६।११।२०


ॐ

श्रियै नमः । श्रीधराय नमः । श्रीमतेरामानुजाय नमः । श्रीपञ्चमहालक्ष्म्यै नमः ।

अखण्डज्योतिबाबा स्वामी श्रीजी च्यारिटेबल ट्रष्ट

*श्रीविश्वशान्ति पञ्चमहालक्ष्मी आराधना, श्रीमद्भागवत सप्ताह*

*एवं धान्यपर्वत महायज्ञ*

२०५७

# सम्मान – पत्र

मिति २०५७ मंसीर १९ गते देखि २७ गते सम्म सिद्धार्थनगर नगरपालिका वा.नं. ८, सिद्धार्थनगर रुपन्देहीमा सञ्चालित *श्री विश्वशान्ति पञ्चमहालक्ष्मी आराधना, धान्यपर्वत, एवं श्रीमद्भागवत सप्ताह महायज्ञ*मा सक्रिय रुपमा सहभागी भै पूर्ण सहयोग गर्नु भएकोमा तपाई श्रीमान् / श्रीमती / सुश्री ......लिलाराम न्यौपाने...... ज्यूलाई सधन्यवाद यो सम्मान-पत्र प्रदान गर्दछौं ।

| | | | |
|---|---|---|---|
| (दीपक क्षेत्री न्यौपाने) | (रुद्रमणि गौचन) | प्रमुख संरक्षक | (नारायण घिमिरे) |
| अध्यक्ष | कोषाध्यक्ष | एवं | महासचिव |
| महायज्ञसम्पादन मूलसमिति | महायज्ञसम्पादन मूलसमिति | (महायज्ञ संकल्पकर्ता) | महायज्ञसम्पादन मूलसमिति |
| सिद्धार्थनगर -७, रुपन्देही | सिद्धार्थनगर -८, रुपन्देही | श्रीमुक्तिनाथ पीठाधीश | सिद्धार्थनगर -१२, रुपन्देही |
| | | अनन्त श्रीविभूषित | |
| | | अखण्डज्योतिबाबा स्वामी | |
| | | कमलनयनाचार्य श्रीजी महाराज | |



श्री गणेशाय नमः

ॐ नमः शिवाय — श्री विन्ध्यवासिनी भगवत्यै नमः — श्री यज्ञ पुरुषाय नमः

भूतानि दुर्गा भुवनानि दुर्गा । स्त्रियो नरश्चापि पशुश्च दुर्गा ॥
यद् यद् हि दृश्यं खलु सर्व दुर्गा । दुर्गास्वरूपादपरं न किञ्चित् ॥

# श्री विन्ध्यवासिनी विराट महायज्ञ २०५७

आयोजक मूल समिति

विन्ध्यवासिनी, पोखरा

# कदर-पत्र

विश्वकल्याण, विश्वशान्ति र देशवासीको सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिका लागि यही *२०५७ मंसिर २३ गते देखि पौष १ गते* सम्म श्री विन्ध्यवासिनी भगवतीको सान्निध्यमा आयोजित १०८ श्रीमद्देवी भागवत पुराण, सहस्रचण्डी, अतिरुद्राभिषेक, १८ पुराण, चार वेद पाठ-पारायण, जप, अनुष्ठान, लक्ष्य हवन, सवा करोड दीप प्रज्ज्वलन, धान्याञ्चल तथा विशिष्ट आध्यात्मिक प्रवचन सहितको *श्री विन्ध्यवासिनी विराट महायज्ञ २०५७* मा [illegible] को भूमिका निर्वाह गरी यस विराट महायज्ञलाई सफल पार्न सहयोग पुऱ्याउनु भएकोले यहाँको परिवारको सुख, शान्ति, समृद्धिको कामना गर्दै स-धन्यवाद यो *कदर-पत्र* प्रदान गरिएको छ ।

| प्रमुख अतिथि | महासचिव | सह-अध्यक्ष | अध्यक्ष |
|---|---|---|---|
| आचार्य महामण्डलेश्वर श्री १००८ स्वामी पुण्यानन्द गिरिजी महाराज | भीमराज रेग्मी | हेमबहादुर प्रधान | श्री १००८ स्वामी आत्मानन्द गिरिजी महाराज |



ॐ

लोकाः समस्ता सुखिनो भवन्तु ।

# विश्व हिन्दु महासंघ

नेपाल राष्ट्रिय समिति
जिल्ला शाखा-रुपन्देही
बुटवल-नेपाल
फोन: ०७१-४६०५५

## प्रशंसा-पत्र

श्री ५ महाराजधिराज वीरेन्द्र वीर बिक्रम शाहदेव सरकारको ५६ औं शुभ-जन्मोत्सवको सुखद उपलक्ष्यमा यस शाखाद्वारा आयोजित श्रीमद्भागवतसप्ताह ज्ञानमहोत्सव तथा धान्यमहाचल २०५७ मिति २०५७ साल पौष १७ गते देखि पौष २४ गते सम्म कथा वाचक विश्व हिन्दु महासंघ नेपाल राष्ट्रिय समितिका अध्यक्ष शिरोमणी पं. श्री नारायण प्रसाद पोखरेल ज्यू रहनु भएको यस ज्ञान महोत्सव तथा धान्यमहाचल कार्यक्रम सफल गराउन अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह श्रीमान्/श्रीमती/सुश्री लीलाराम न्यौपाने ......ले गर्नु भएको हुँदा कदर स्वरूप यो प्रशंसा-पत्र प्रदान गरिएको छ ।

| | | | |
|---|---|---|---|
| गणेश मान सैंजू<br>अध्यक्ष<br>विश्व हिन्दु महासंघ | महेश्वर प्रसाद श्रेष्ठ<br>संयोजक<br>उपहार तथा कदर-पत्र उपसमिति | प्रमुख अतिथि | शिरोमणि पं. नारायण प्रसाद पोखरेल<br>अध्यक्ष |

ॐ

श्री परमात्मने नमः

आदरणीय श्री लीलाराम न्यौपाने ज्यू मा सादर समर्पित अभिनन्दनपत्रम् ।

वरिष्ठ समाजसेवी श्री लीलाराम न्यौपाने ज्यू, तपाँइ रुपन्देही सिद्धार्थनगर नगरपालिका वर्मेली टोल निवासी एक कर्तव्यनिष्ठ, मृदुभाषि, उदारमना एवं शिक्षा प्रेमी हुनु हुन्छ । सामाजिक क्षेत्रमा पाँच दशक भन्दा बढी कार्यरत तपाँइ अन्तर्राष्ट्रिय, राष्ट्रिय, क्षेत्रीय र स्थानीय विभिन्न सामाजिक संघ संस्थामा कार्यरत हुनुहुन्छ । श्री मान्यवर ! श्री लीलाराम ज्यू ! खास गरी शैक्षिक, धार्मिक र सामाजिक क्षेत्रमा तपाँइले राष्ट्रमा तन, मन र धनले समेत पुर्‍याउनु भएको महान योगदान स्तौत्य र प्रशंसनीय छ । विभिन्न सम्मानद्वारा विभूषित तपाँइ एक सच्चा समाजसेवी र लगनशील व्यक्तित्व समेत हुनु हुन्छ । तपाँइले सामाजीक, शैक्षिक, धार्मिक क्षेत्रमा पुर्‍याउनु भएको योगदान स्वरुप तपाँइलाई श्री विवेकाश्रम हार्दिक अभिनन्दन गर्दछ ।

सीतारामौ विराजेतां तव हृदयपङ्कजे ।<br>
अभिनन्दयति त्वां वै श्री विवेकाश्रमः शुभः ॥

पं. टेकनाथ उपाध्याय गौतमः<br>
अध्यक्ष<br>
श्री पं. टेकनाथ गौतम<br>
श्री विवेकाश्रम महोत्सव २०५७<br>
विवेकाश्रम परिवार चारपाने-३, झापा<br>
तथा<br>
साङ्गवेद संस्कृत मा.वि. परिवार<br>
झापा मे.अ<br>
नेपाल

*इति सम्वत् २०५७ साल माघ २५ गते ४ रोज शुभम् ।*


"आजको आवश्यकता सबैलाई जीवनोपयोगी शिक्षा, गुणस्तरका लागि सक्रिय जनसहभागिता"

श्री

जिल्ला शिक्षा समिति

रुपन्देही

२०५८

प्रशंसा-पत्र

२६ औं शिक्षा दिवसको पुनीत अवसरमा, विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापनमा सक्रिय रही शैक्षिक उन्नयनका लागि समर्पित रही उल्लेखनीय कार्य गर्न भएका श्री भ्रातृ माध्यमिक विद्यालय सिद्धार्थनगर का वि. व्य. स. का अध्यक्ष श्री लिलाराम न्यौपाने ज्यूलाई स-धन्यवाद यो प्रशंसा-पत्र प्रदान गरिएको छ।

सचिव
जि शि स

अध्यक्ष
जि शि स



विश्व हिन्दु महासंघ
केन्द्रीय कार्यालय
पशुपति क्षेत्र, वनकाली, काठमाडौं

प्रशंसा–पत्र

विश्वका समस्त हिन्दुहरूलाई संगठित र संरक्षण गर्ने मूल उद्देश्यले स्थापित विश्व हिन्दु महासंघद्वारा आयोजित १२ औं अन्तर्राष्ट्रिय कार्यकारिणी बैठक मा श्री लिलाराम न्यौपाने ज्यू ले सक्रिय योगदान पुऱ्याउनु भएकोमा सधन्यवाद यो प्रशंसा–पत्र प्रदान गरिएको छ।

(डा. योगेन्द्र झा)
महासचिव

(कृष्णगोपाल टण्डन)
अध्यक्ष



# सिद्धार्थ जेसीज

सिद्धार्थनगर फोन ०७१-२०१९

## कदर - पत्र

जिल्ला रुपन्देही सिद्धार्थनगर वार्डनं. ९ निवासी तपाई श्री लिलाराम न्यौपाने ले आफ्नो जीवनकालमा यस समाजको उत्थानमा दीर्घकालीन समय समम पुऱ्याउनु भएको अतुलनिय योगदानलाई सम्मान गर्नुका साथै यहारुलाई जेष्ठ नागरिकको कदर - पत्र प्रदान गरिएको छ ।

| | | |
|---|---|---|
| जेसी दीपक वि.के.<br>निवर्तमान अध्यक्ष<br>कार्यक्रम संयोजक | माननीय सुरेन्द्र प्र. चौधरी<br>विज्ञान तथा प्रविधि राज्य मन्त्री<br>प्रमुख अतिथी | जेसी बाबुराम शर्मा<br>अध्यक्ष<br>सिद्धार्थ जेसीस |



श्री हरि ॐ

"यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत
अभ्युत्थानम धर्मस्य तदात्मानं सृजाम्यहम्"

"परित्राणाय साधूनां विनाशाय चदुष्टताम्
धर्म संस्थापनार्थाय सम्भवामी युगे युगे"

# श्री विश्व शान्ति महायज्ञ

सम्पादन समिति

## कदर-पत्र

सि·न·पा - ९ निवासी श्रीमान् / श्रीमती / सुश्री लिला राम न्यौपाने ज्यूबाट यस श्री मनकामना मन्दिर निर्माण, विकास, संरक्षण, सञ्चालन र सम्वर्द्धन तथा विश्व शान्ति महायज्ञ सम्पादनका लागि भएको महत्वपूर्ण योगदानको उच्च मुल्याङ्कन गर्दै यो **कदर-पत्र** प्रदान गर्दछौं ।

| | | | |
|---|---|---|---|
| ज्ञानलाल गैरे<br>सचिव | श्री १०८<br>ज्ञान चैतन्य श्री महाराज<br>संरक्षक | आचार्य<br>श्री योगेन्द्र प्रसाद अर्याल<br>संरक्षक | नारायण बाबु बस्नेत<br>संयोजक<br>विश्व शान्ति महायज्ञ, सम्पादन समिति<br>श्री मनकामना मन्दिर, बुटवल-८ |



श्री जन ज्योति नमूना कन्या माध्यमिक विद्यालय

(साबिक : श्री जन ज्योति नमूना प्रा. वि.)

प्रगतिनगर, नवलपरासी

२०२२

# सम्मान पत्र

श्रीमान लीलाराम न्यौपानेज्यू
वरिष्ठ समाजसेवी एवं शिक्षा प्रेमी,
हिमाली संगम, सिद्धार्थनगर, भैरहवा

यस विद्यालयको अनुरोधलाई सहर्ष स्वीकार गरी विद्यालयको वस्तु स्थिति बुझ्ने र सक्दो सहयोग प्रदान गर्ने पुनित उद्देश्य बोकेर गत मिति २०५६।८।११ गतेका दिन विद्यालयमा पाल्नु भई स्वस्फूर्त उदात्त भावनाले, भविष्यका होनहार कर्णधार बालबालिकाप्रति संवेदनशील हुँदै उनीहरुको चौतर्फी व्यक्तित्व विकास एवं शिक्षण संस्था समेतको हितलाई दृष्टिगत गरी आफ्ना स्व. मातापिताको पावन स्मृतिमा "विश्व गायत्री गरीब छात्रवृत्ति अक्षयकोष" स्वरुप रु. ५१,०००।- (एकाउन्न हजार) र "श्री लिलाराम न्यौपाने तथा कुन्तीदेवी न्यौपाने अक्षयकोष" स्वरुप रु. १,०१,०००।- (एक लाख एक हजार) गरी जम्मा रु. १,५२,०००।- एक लाख बाउन्न हजार) सहयोग राशी प्रदान गर्नु भएकोमा यहाँको यस पुनित भावना एवं दानशीलताको अत्युच्च मूल्यांकन गरी विद्यालयको तर्फबाट हार्दिक सधन्यवाद स्वरुप यो सम्मान पत्र प्रदान गरिएको छ।

३६ औं वार्षिकोत्सव समारोह
२०५८ चैत्र ७ गते

धर्मदत्त भुसाल
प्रधानाध्यापक

मोहन लाल गौतम
अध्यक्ष
विद्यालय व्यवस्थापन समिति

श्री कृष्ण खनाल
प्रमुख अतिथि
निर्देशक, पश्चिमाञ्चल क्षेत्रिय शिक्षा निर्देशनालय




# श्री दुर्गा पंचायतन मन्दिर एवं वैदिक संस्कृत विद्यापीठ

शंकरनगर-५, नयाँमिल, रूपन्देही

## प्रमाण-पत्र

श्री दुर्गा पंचायतन मन्दिर तथा वैदिक संस्कृत विद्यापीठले **सन्त आश्रम र वृद्ध आश्रम निर्माण तथा वैदिक संस्कृत विद्यापीठ** सञ्चालनका लागि सहयोगार्थ आयोजना गरेको धान्याञ्चल महायज्ञ २०५९ मा विशेष सहयोग स्वरूप रू. १,०१,०००/= अक्षरेपी एक लाख एक हजार प्रदान गर्नु भएकोले सि.न.पा.-४ [illegible] बस्ने श्री लीलाराम न्यौपाने ज्यूलाई कदर स्वरूप स-धन्यवाद यस संस्थाको अति विशिष्ट सदस्यता प्रदान गरिएको छ ।

| पूर्ण प्रसाद सापकोटा | नरहरी खरेल | स्वामी सत्य प्रकाशानन्द सरस्वति | चक्रपाणि पाठक |
|---|---|---|---|
| कोषाध्यक्ष | अध्यक्ष | हरीद्वार नारायणी आश्रम | अध्यक्ष |
| | दुर्गा पंचायतन मन्दिर | संस्थापक | यज्ञ सम्पादन समिति |
| | | प्रमुख अतिथि | |



# सिद्धार्थनगर नगरपालिका

## वडा समिति, वडा नं. ८

### अभिनन्दन–पत्र

लुम्बिनी अंचल, रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं. ९ निवासी पिता स्व. विश्वराज न्यौपाने तथा माता स्व. गायत्री देवी न्यौपानेका कोखबाट मिति १९८५ साल चैत्र २९ गते बिहीवारका (तद्नुसार ११ अप्रैल १९२९) दिन कान्छो सुपुत्रको रुपमा जन्मनु भएका शिक्षा प्रेमी, समाज सेवी तपाई *श्री लिलाराम न्यौपानेज्यूलाई* यो समारोहमा अभिनन्दन गर्न पाउँदा हामी हर्ष विभोर छौं । तपाईले शिक्षा क्षेत्रमा र समाजमा गरेको उल्लेखनिय योगदानको उच्च मूल्यांकन गर्दै उज्वल भविष्यको कामना साथ यो अभिनन्दन पत्र प्रदान गरिएको छ ।

इति सम्वत २०५९ साल आषाढ २८ गते शुक्रवार

| | |
|---|---|
| ............................ | ............................ |
| राजेन्द्र प्रसाद पन्थी | सागर प्रताप राणा |
| वडा अध्यक्ष | प्रमुख |
| सिद्धार्थनगर नगरपालिका | सिद्धार्थनगर नगरपालिका |
| वडा नं. ८ | |


रुपन्देही क्याम्पस, सिद्धार्थनगर

एघारौं वार्षिक समारोह २०५९

सम्मान–पत्र


श्री लीलाराम न्यौपानेज्यू
कलौनी, सि.न.पा. ६

यस क्याम्पसको स्थापना कालमा महत्वपूर्ण सदस्य पदमा रही भवन निर्माण कार्यमा सहयोग पुऱ्याउनु भएकोमा उक्त पुनीत कार्यको कदर गर्दै रुपन्देही क्याम्पस सञ्चालक समितिको निर्णय अनुसा तपाईलाई आदर पूर्वक यो सम्मान–पत्र प्रदान गरिएको छ ।

(व्यासाचार्य किशोर कुमार गौतम)
प्रमुख अतिथि

डा. राम प्रसाद बस्याल
अध्यक्ष: सञ्चालक समिति

मणिराम भट्टराई
क्याम्पस प्रमुख



# लायन्स धर्मशाला नारायणस्थान

सिद्धार्थनगर, भैरहवा


वरिष्ठ समाजसेवी सरल स्वभाव तथा कर्मठ व्यक्तित्वका धनी
श्री लिलाराम न्यौपानेज्यूका सम्मानार्थ प्रस्तुत

## अभिनन्दन-पत्र

**श्रद्धेय वरिष्ठ समाजसेवी श्री लिलाराम न्यौपानेज्यू**

गुल्मी जिल्ला हुँगाको फेर्दीमा चैत्र ११ गते १९८५ सालमा पिता विश्वराम न्यौपाने तथा माता गायत्री देवीको कनिष्ठ पुत्रको रुपमा जन्मी म्यानमार र भारतको मेघालय राज्यमा केही समय बिताई २०२३ सालदेखि निरन्तर रुपमा सिद्धार्थनगर वार्ड नं. ९ मा स्थायी बसोबास गर्दै आउनु भएका तपाईले शैक्षिक, सामाजिक, धार्मिक तथा सास्कृतिक क्षेत्रमा पुऱ्याउनु भएको योगदानको उच्च मूल्याङ्कन गरी आज यसरी सार्वजनिक रुपमा अभिनन्दन गर्न पाएकोमा हामी गौरवान्वीत भएका छौं र ७७ वर्षको उमेरमा समेत समाज कल्याणका काममा "पथ प्रर्दशक"को रुपमा पाउँदा हामी हर्षित भएका छौं ।

| | | |
|---|---|---|
| लायन निधान चन्द्र श्रेष्ठ | लायन डा. यादव प्रसाद पन्त | लायन ओमकार गौचन |
| संयोजक | प्रमुख अतिथि | अध्यक्ष |
| | | सिद्धार्थनगर लायन्स क्लव |



ॐ

श्री परमात्मने नम:

सामाजिक, धार्मिक, शैक्षिक क्षेत्रमा महत्वपूर्ण योगदानपुऱ्याउनुहुने सिद्धार्थनगर न.पा.वडा नं. ९ कोलोनि रुपन्देही निवासी श्री लीलाराम न्यौपाने ज्यूलाई प्रदान गरिएको -

अभिनन्दन-पत्र

सामाजिक व्यक्तित्व श्री लीलाराम न्यौपाने ज्यू ! तपाईंले जीवनको अधिकांश मूल्यवानसमयलाई समाजसेवा, ोपकार, रचनात्मक, सेवामूलक, निर्माणादि कार्यमा व्यतीतगर्दै आउनुभएकोछ। जसकोफलस्वरुप आज समाजमा रैमहान् सामाजिक कार्यहरुभएकाछन्, समाजमा चेतना जागृत भएको छ, तपाईंसमाजको ाहरणीय, प्रेरणादायी, आदर्श व्यक्तित्वकारुपमा प्रतिष्ठित बन्न पुग्नुभएकोछ, सामाजिक क्षेत्रमा पुऱ्याउन् एको योगदान स्तौत्य, प्रशंसनीयछ।

श्री लीलाराम ज्यू ! तपाईंले दर्जनौं शैक्षिकसंस्थामारही महत्वपूर्ण योगदान पुऱ्याउनुभएकोले कतिपय क्याम्पस, ुस्कल, वैदिक पाठशाला, संस्कृत विद्याश्रमहरुले राम्रो प्रगतिगरेकाछन् शैक्षिक संस्थाहरुको भवनादि निर्माणमा ी निजीरुपमा आर्थिक लगानीगरी शैक्षिक संस्थाहरुलाई समृद्ध बनाईदिनु भएकाले शैक्षिक जगतमै ठूलो योगदान ाई आउनुभएकोमा शैक्षिक जगतमा तपाईं एक प्रशंसनीय शिक्षा प्रेमी बन्न पुग्नुभएकोछ।

धार्मिक व्यक्तित्व श्री न्यौपाने ज्यू ! "धर्मो विश्वस्य जगत: प्रतिष्ठा" भन्ने आदर्श अनुरुप अन्तर्राष्ट्रिय ष्ट्रिय धार्मिक संघ संस्थाहरुमासमेत महत्वपूर्ण पदमा रहनुभएका तपाईंले धेरै देवालय, मन्दिर, आश्रम स्थलहरुको विकास निर्माणमा ठूलो निजी लगानीगरी धार्मिक स्थलहरुको विकासमा योगदान दिनुभई धार्मिक ावीर व्यक्तित्वका रुपमासमेत ख्यातिप्राप्त गरीसक्नभएकोछ हामी धार्मिक व्यक्तित्वकारुपमा पनि सम्मानगर्दछौं।

आदर्श व्यक्तित्व श्री लीलाराम न्यौपानेज्यू ! तपाईंले विश्वका १२ वटा राष्ट्रहरुको भ्रमणगरी वैदेशिक ाको अनुभवसमेत हासिलगर्नुभएकोछ। तपाईंमा धेरै गुणहरु विद्यमानछन्, अत्यन्त उदारभावना लव्यक्तित्व, उच्चविचार, स्वभावमा गाम्भीर्यता र "स्पष्ट वक्ता सुखी भवेत्" जस्ता गुणहरुले तपाईंलाई अल लंकृत बनाएकाछन्। आफ्नो निरन्तर सत्प्रयास, लगनशीलता र सत्यताको अनुसरण गर्नुभएबाट आज महान् त्तिकारुपमा हामी तपाईंलाई सन्मान गर्दछौं।

"महाजनो येन गत: स पन्था" राष्ट्रियस्तरमा ख्यातिप्राप्त विभिन्न मानपदवी सन्मानहरुले विभूषित सामाजिक र्मिक, औद्योगिक, शैक्षिकक्षेत्रका चम्किलानक्षत्र, कर्मठव्यक्तित्व सुमार्ग, पथप्रदर्शक श्री लीलाराम न्यौपाने लाई हामी हार्दिक अभिनन्दन गर्दछौं। अभिनन्दन छ।

| | | |
|---|---|---|
| व बडागुरुज्यू डा. माधव भट्टराई | व्यासाचार्य किशोरकुमार गौतम | खेमलाल खरेल |
| प्रमुख अतिथी | प्रमुख संरक्षक | अध्यक्ष |

राष्ट्रिय सामाजिक, धार्मिक प्रतिष्ठान, काठमाण्डौं नेपाल

अभिनन्दन समारोह

मिति: २०५९ पौष १३ गते शनिवार



त्रिभुवन विश्वविद्यालय

भैरहवा बहुमुखी क्याम्पस, सिद्धार्थनगर

रुपन्देही

प्रशंसा-पत्र

श्री लीलाराम न्यौपानेज्यू
वरिष्ठ समाजसेवी, सिद्धार्थनगर

यस क्याम्पसमा छात्रावासको सहयोगार्थ २०५९ माघ ७ गते देखि १४ गतेसम्म सञ्चालि
ट्रकल्याण तथा विश्वशान्ति श्रीमद्भागवत धान्याचल महायज्ञ एवम् विराट सत्सङ्ग समारोहका सन्दर्भम
रव संरक्षक रही विभिन्न योगदानका साथै विशेष आर्थिक सहयोग गर्नुभएकोमा हार्दिक कृतज्ञतापूर्वक
सम्मान यो प्रशंसा-पत्र प्रदान गरिएको छ।

( किशोर कुमार गौतम )
क्यासाचार्य

(प्रसादमणि आचार्य दीक्षित)
क्याम्पस प्रमुख
तथा संयोजक:महायज्ञ आयोजक मूल समि

इति सम्वत् २०५९ साल माघ १४ गते रोज ३ शुभम्।

श्री ५ इन्द्रराज्य लक्ष्मी माध्यमिक विद्यालय
सिद्धार्थनगर - ८, रुपन्देही

विषय : प्रमुख संरक्षकमा मनोनयन सम्बन्धमा


श्रीमान् लिलाराम न्यौपाने ज्यू
सिद्धार्थनगर ८

महोदय,

यस श्री ५ इन्द्रराज्य लक्ष्मी माध्यमिक विद्यालयको भौतिक विकासका साथै शैक्षिक विकास संग लामो समयदेखि विविध पक्षमा रही सदैव कर्मनिष्ठभई मनसा, वाचा र कर्मणावाट सहयोग पुऱ्याउदै आउनु भएकोमा र भविष्यमा पनि तपाईंको स्नेह,सहयोग र सल्लाहवाट विद्यालयले निरन्तर संरक्षकत्व पाउदै रहोस भनी आशा र विश्वासका साथ तपाईलाई यस विद्यालयको प्रमुख संरक्षक पदमा स-सम्मान राख्ने भनी मिति ०५९ साल मार्ग २३ गते बसेको बैठकले सर्वसम्मत निर्णय गरेको जानकारी गराउन पाउँदा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा विद्यालय परिवार हर्षित हुनुका साथै वधाई ज्ञापन गर्दछौं । अतः यहाँले शैक्षिक जगतमा पुऱ्याउनु भएको योगदान यस क्षेत्र लगायत राष्ट्रले समेत भुल्न सक्दैन । सोही अनुसार भविष्यमा पनि निरन्तर योगदान पुऱ्याउँदै जानुहनेछ भन्ने उच्च मुल्याङ्कन गर्दै यहाँको प्रगति, उन्नति र दीर्घायुको लागि श्री पशुपतिनाथ संग कामना गर्दछौं ।

मुकुन्दमणी त्रिपाठी
प्रधानाध्यापक

राजेन्द्र प्रसाद पंथी
अध्यक्ष
विद्यालय व्यवस्थापन समिति



# पश्चिमाञ्चल जिल्ला बाल कल्याण समन्वय समिति

वरिष्ठ समाजसेवी तथा दानवीर लिलाराम न्यौपानेका सम्मान प्रस्तुत

## अभिनन्दन पत्र

श्रद्धेय वरिष्ठ समाजसेवी तथा दाता शिरोमणि लिलाराम न्यौपाने ज्यू !

गुल्मी जिल्लाको बीच भएर बग्ने पवित्र रूद्रवेणीको पश्चिम किनाराको सुरम्य गाँउ हुँगाको भ्रेदीमा चैत्र १८ गते १९८५ सालमा कर्तव्यनिष्ठ पिता विश्वराम न्यौपाने तथा ममतामयी माता गायत्री देवीको कनिष्ठ पुत्र रत्नको रुपमा जन्मी तत्कालिन वर्मा हालको म्यानमार र भारतको मेघालय-शिलाङ्गमा केही समय बिताएर २०२३ सालदेखि निरन्तर रूपमा सिद्धार्थनगर वार्ड नं ८ मा स्थायी रुपमा बसोबास गर्दै आउनु भएका तपाईलाई नेपाल धार्मिक, शैक्षिक एव सामाजिक क्षेत्रमा पुऱ्याउनु भएको उल्लेखनीय योगदानको कदर स्वरूप वरिष्ठ समाजसेवी, दानवीर एव निःसहाय बाल बालिकाको संरक्षणको रूपमा अभिनन्दित र सम्मानित गर्न पाउंदा पश्चिमाञ्चल जिल्ला बाल कल्याण समन्वय समिति आज गौरवान्वित भएको छ ।

### बाल कल्याणमा समर्पित वरिष्ठ समाजसेवी !

समाजका निम्न आय भएका र अत्यन्त गरीब परिवारका बाल बालिकाहरू अध्ययनरत सिद्धार्थनगरका श्री ५ ई.रा.ल.मा.वि., भानु मा.वि., संस्कृत विद्याश्रम, गिर्वाण मा.वि. आनन्दवन, नमूना कन्या मा.वि. प्रगति नगर, नवलपरासी लगायतका विभिन्न शिक्षा प्रतिष्ठानहरूमा विद्यालय भवन निर्माण र छात्रवृत्तिको लागि तपाईले उपलब्ध गराउनु भएको रू. ४० लाखको आर्थिक सहयोग एव जिल्ला बाल कल्याण समिति, रूपन्देहीको भवन निर्माणमा रू. ४ लाख जति सहयोग राशी र विभिन्न राष्ट्रिय पर्वहरूमा सैयौं निःसहाय बालबालिकालाई बस्त्र र भोजनदानको साथै आर्थिक सहयोगको हामी उच्च मूल्याकन गरेका छौ । गरीब निःसहया बाल बालिकाको कल्याणार्थ तपाईले पुऱ्याउँदै आउनु भएको उल्लेखनीय सेवा कार्यमा सहभागी बन्नु भएकी तपाईकी अर्धाङ्गिनी श्रीमती कुन्ती देवी न्यौपानेज्यूको सहयोगको समेत हामी समुचित सम्मान गर्दछौ ।

### शिक्षाप्रेमी न्यौपाने ज्यू !

जम्मा ८ महिनाको बाल्यावस्थामा वर्माको प्रवाशकालमा पितृवियोगको असीम पिढा सहनु पर्दा औंपचारिक शिक्षाबाट बञ्चित हुनुको साथै बाल्यावस्थामा नै परिवारको भरनपोषणको गहन जिम्मेवारी थपिदा तपाईलाई कलिलै उमेरमा अनाथ निःसाहय बालकको रूपमा संघर्ष र चुनौतिपूर्ण जीवन बिताउन प्रेकोले अनाथ र निःसहाय बालबालिकाहरूको पीढा बुझेर तपाईले आफ्नो सम्पूर्ण आयको ठूलो रकम तिनीहरूको शिक्षा दिक्षामा निस्वार्थ रूपमा दान गर्दै आउनु भएको सर्वविदीत नै छ । तपाईले हालसम्म धार्मिक, शैक्षिक, सामाजिक र विशेष गरेर निःसहाय र गरिब आमा र बालबालिकाको स्वास्थ्योपचारमा दान स्वरूप रू. ७० लाख भन्दा पनि बढी रकम उपलब्ध गराउनु भएर उत्कृष्ट लोक कल्याणकारी कार्यको नमुना प्रस्तुत गर्नु भएकोमा तपाई जस्ता दाता शिरोमणी, कर्मवीर, समाजसेवी, शिक्षाप्रेमी एवं बालकल्याणकारी महान व्यक्तित्वलाई आज सार्वजनिक रूपमा सम्मानित र अभिनन्दित गर्ने अवसरै पाएकोमा हामी गौरवान्वित बनेका छौं र अत्यन्त हर्षित पनि छौं । हामी तपाईको उत्तरोत्तर प्रगति, सु-स्वास्थ्य एवं दीर्घायुको कामना गर्दछौं ।

| | | | |
|---|---|---|---|
| दिलीप भट्टराई | दिपक सापकोटा | विजयराज भट्टराई | अनुराधा कोइराला |
| संयोजक | सदस्य सचिव | सचिव | |
| कार्यक्रम आयोजक समिति | केन्द्रिय बाल कल्याण समिति | महिला बाल बालिका तथा समाज कल्याण मन्त्रालय | महिला बाल बालिका तथा समाज कल्याण सहायक मन्त्री |
| | | (विशिष्ट अतिथी) | (प्रमुख अतिथी) |

ईति सम्वत २०५९ साल चैत्र १५ गते शनिबार, सिद्धार्थनगर रुपन्देही


श्री शान्ति दुर्गा मन्दिर

आनन्दवन-२, १० नं.

आशिर्वाद-पत्र

श्री शान्ति दुर्गा मन्दिर निर्माण तथा अक्षयकोषमा नित्य पुजाआजा संचालनको लागि सहयोगार्थ आयोजना गरिएको धान्याञ्चल माहायज्ञ २०६० मा विशेष सहयोग स्वरुप रु. ........ रु.१०००/- अक्षरुपी एकहजार ........ प्रदान गर्नुभएकोले ....जि.नं.पा. ६...... बस्ने श्री लिलाराम न्यौपाने ........ ज्यू लाई आशिर्वाद-पत्र प्रदान गरिएको छ ।

खेमराज न्यौपाने
अध्यक्ष
श्री शान्ति दुर्गा मन्दिर १० नं

श्री १००८ स्वामी ज्ञानानन्द सरस्वती महाराज
हरिहर आश्रम देवघाट
प्रमुख अतिथि

चक्रपाणी पाठक
अध्यक्ष
यज्ञ संपादन समिति



The World Hindu Federation

in appreciation of the contribution and promotion of **SANATAN DHARMA** has the honour to award

**"OM BISHWA HINDU SEWA RATNA"**

to Shrimati KUNTI DEVI NEUPANE

May Lord Shree Pashupatinath bless and inspire you for continuing support to the World Hindu Federation.

Presented

On the auspicious occasion of the 'Dharmic Felicitation' ceremony of

**His Majessty King Gyanendra Bir Bikram Shah Dev**

The Royal Nepal Academy, Kamaladi, Kathmandu

**23 January 2004**

President

Hony. A.D.C. General Bharat Kesher Simha



The World Hindu Federation

in appreciation of the contribution and promotion of
**SANATAN DHARMA** has the honour to award
**"OM BISHWA HINDU SEWA RATNA"**

to Shrimati LILARAM NEUPANE

May Lord Shree Pashupatinath bless and inspire you for
continuing support to the World Hindu Federation.

Presented

On the auspicious occasion of the 'Dharmic Felicitation' ceremony of
**His Majessty King Gyanendra Bir Bikram Shah Dev**
The Royal Nepal Academy, Kamaladi, Kathmandu
**23 January 2004**

President
Hony. A.D.C. General Bharat Kesher Simha



'तन्नेरी' द्वैमासिक पत्रिका
काठमाडौं

सम्मानपत्र

श्रीमान् लिलाराम न्यौपानेज्यू
नेपाली वाङ्मय तथा सामाजिक सेवाका क्षेत्रमा लामो समयदेखि उल्लेखनीय योगदान गर्नुभएकाले यसको समुचित कदर गर्दै यहाँलाई प्रस्तुत

तन्नेरी प्रतिभा–सम्मान, २०६०

प्रदान गरिएको छ ।

हामी यहाँको उज्ज्वल भविष्य तथा निरन्तर सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

| | | |
|---|---|---|
| (शिवभक्त शर्मा)<br>प्रमुख अतिथि<br>वरिष्ठ साहित्यकार | (विदुर गौतम)<br>प्रकाशक<br>'तन्नेरी' द्वैमासिक पत्रिका | (नेत्र एटम)<br>सम्पादक<br>'तन्नेरी' द्वैमासिक पत्रिका |



ॐ साई राम

# श्री सत्य साई केन्द्र

भैरहवा

## सम्मान-पत्र

श्री सत्य साई केन्द्र भैरहवाद्वारा कुशेऔंशी (बाबुको मुख हेर्ने) पुनितपर्वको उपलक्ष्यमा लामो समय देखि यस केन्द्रमा समर्पित र सेवारत हुनु भएका आदरणीय श्रीमान लिला राम न्यौपाने ज्यूलाई दोसल्ला ओढाई यो सम्मान-पत्र प्रदान गरिएको छ ।

दिनाङ्क - २०६१।८।२९

(श्रीमती गंगा लिगल)
अध्यक्ष
श्री सत्य साई केन्द्र, भैरहवा
मेउडीहवा



# न्यौपाने वंश विकास समाज, नेपाल

२०६०

केन्द्रीय कार्यालय बुटवल-रूपन्देहीद्वारा
समाजसेवी-दानवीर श्रीमान् **लीलाराम न्यौपाने** तथा
सहधर्मिणी जीवनसङ्गिनी श्रीमती **कुन्ती न्यौपाने**को संयुक्त सम्मानमा समर्पित

## अभिनन्दन-पत्र

श्रद्धेय श्रीमान् लीलाराम न्यौपाने ज्यू,

आजभन्दा ४ वर्ष पूर्व न्यौपाने वंशका दाजुभाईहरूलाई सङ्गठित गरी न्यौपानेहरूको वंशावली संकलन र अनुसन्धान गरी प्रकाशन गर्ने एवम् वंश, परम्परा, कुलधर्म, संस्कृतिको रक्षा गर्दै बन्धुत्वको विकास गरी आपसी सम्बन्ध अझ प्रगाढ गर्ने उद्देश्यले २०६० सालमा यो समाज लुम्बिनी अञ्चलको रुपन्देही जिल्लामा केन्द्रीय कार्यालय रहने गरी स्थापना भएको सर्वविदितै छ।

देशभित्र र देशबाहिर छरिएर रहेका न्यौपानेहरूको वंशलाई एकीकृत गरी अगाडि बढाउनु हामी सबैको दायित्व हो भन्दै यहाँले दिनुभएका गहन विचार, निः स्वार्थ सेवाले यो समाज आज राष्ट्रिय स्तरमा स्थापित हुन पुगेको छ।

समाजसेवी-दानवीर !

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वका रूपमा ख्याति प्राप्त हाम्रो न्यौपाने वंशकै अत्याधिक दानवीर अग्रज नेतृत्व प्रदायक व्यक्तित्व यहाँले नेपाली भाषा, साहित्य, शिक्षा, स्वास्थ्य, संस्कृति, धर्म र समाजका अन्य विभिन्न सेवामूलक क्षेत्रमा विगतमा पुऱ्याउनु भएको सेवाको उच्च मूल्याङ्कन गरी आज मिति २०६४ जेष्ठ १२ गते शनिबार, तद्नुसार ई.सं. २००७ मई २६ तारिखका दिन यस समाज खुशी व्यक्त गर्दै आगामी दिनहरूमा यहाँको सेवाभावबाट सामाजिक जागरणमा नवीन आयाम थपिंदै जानेछ भन्ने दृढ विश्वास लिंदै यहाँको र यहाँकी सहधर्मिणीको सु-स्वास्थ्य, दीर्घायु र क्रियाशील समुज्ज्वल जीवनको उत्तरोत्तर प्रगतिको [illegible]मय शुभकामनाका साथ हार्दिक अभिनन्दन गर्दछौं।

| | | |
|---|---|---|
| विष्णुप्रसाद न्यौपाने | देवी प्रसाद न्यौपाने | खगुपति न्यौपाने |
| महासचिव | प्रमुख अतिथि | अध्यक्ष |
| | | न्यौपाने वंश विकास समाज, नेपाल |

०६४।०२।१२



ॐ

वैदिक सनातन धर्म सेवा समिती

मालटोल, सिद्धार्थनगर

प्रशंसा-पत्र

यस समितिको सि.न.पा.-१३ मा निर्माण भएको भवनको लागि

श्रीमान/श्रीमती/सुश्री लिला राम न्यौपाने, सि.न.पा. ९ बाट

भवन निर्माण सहयोगार्थ रु. ७,००१।००

अक्षरुपी रु. सात हजार एक मात्र । सहयोग गर्नु भएकोमा

यहाँलाई स-धन्यवाद यो प्रशंसा-पत्र प्रदान गरिएको छ ।

मिति : २०६२ साल जेष्ठ १४ गते शनिवार

| | | | |
|---|---|---|---|
| श्रीमती जानुका भट्टराई | टीका बहादुर हिराचन | प्रमुख अतिथि | श्रीमती सरस्वती द्वा |
| सचिव | संयोजक | सागर प्रताप राणा | अध्यक्ष |
| वैदिक सनातन धर्म सेवा समिति | भवन निर्माण समिति | निवर्तमान नगर प्रमुख | वैदिक सनातन धर्म सेवा समिति |
| | | सिद्धार्थनगर नगरपालिका | |

## श्री ५ इन्द्रराज्यलक्ष्मी माध्यमिक विद्यालय नारायणस्थान

सिद्धार्थनगर - ८, रुपन्देही

स्था. वि.सं. २०१२

### स्वर्ण जयन्ती समारोह २०६२ को उपलक्ष्यमा बरिष्ठ समाज सेवी तथा दानवीर श्री लिलाराम न्यौपानेज्यूको सम्मानमा प्रस्तुत

# अभिनन्दन-पत्र

**श्रद्धेय वरिष्ठ समाजसेवी तथा दाता शिरोमणि श्री लिलाराम न्यौपानेज्यू,**

गुल्मी जिल्लाको मध्य भाग भएर बग्ने पवित्र रूद्रवेणी गण्डकीको पश्चिम किनाराको सुरम्य गांउ हुँगाको फेर्दीमा चैत्र १९ गते वि.सं. १९८५ सालमा कर्तव्यनिष्ठ पिता श्री विश्वराम न्यौपाने तथा ममतामयी माता श्रीमती गायत्रीदेवीको कनिष्ठ पुत्र रत्नको रूपमा जन्मी म्यान्मार (बर्मा) भारतको मेघालय-शिलङ्गमा केही समय बिताएर वि.सं. २०२३ साल देखि निरन्तर रूपमा जिल्ला रूपन्देही, सिद्धार्थनगर नगरपालिकाको वार्ड नं.९ मा स्थायी बसोबास गर्दै आउनु भएका छोराहरू शोमास्वर न्यौपाने, दुर्गाप्रसाद न्यौपाने, विष्णुप्रसाद न्यौपान, टीकाराम न्यौपाने(शशी) तथा छोरीहरू सावित्री थपलिया र शोभा कोइराला समेत ६ सन्तानले भरीपूर्ण, गोरखा दक्षिण बाहु चौथोबाट विभुषित तपाई नेपालको धार्मिक, सांस्कृतिक, शैक्षिक एवं सामाजिक क्षेत्रमा पुर्‍याउनु भएको अविस्मरणीय योगदानको कदर स्वरूप वरिष्ठ समाजसेवी, दानवीर, निःसहाय बालबालिकाको संरक्षक यस श्री ५ इन्द्रराज्यलक्ष्मी माध्यमिक विद्यालयको प्रमुख संरक्षकको रूपमा अभिनन्दन र सम्मान गर्न पाँउदा विद्यालय व्यवस्थापन समिति तथा विद्यालय परिवार गौरवान्वित भएकोछ।

**शिक्षा क्षेत्र तथा सामाजिक कार्यमा समर्पित वरिष्ठ समाजसेवी :-**

श्री ५ इन्द्रराज्यलक्ष्मी माध्यमिक विद्यालयमा वि.सं. २०२५ साल देखि अध्ययन आरम्भ गरी उच्च शिक्षा हासिल गर्नु भएका यहाँका साइला सुपुत्र बिष्णुप्रसाद न्यौपानेको आर्थिक सहयोगमा यहाँले तत्कालिन मूल्य रू.९,५०,०००/-को लागतमा २ तल्ले ४ कोठेभवन र उक्त भवन संग संलग्न समारोह मञ्च र पिपलबोटमा चौपारी समेत आफ्नै निरीक्षणमा निर्माण गरी विद्यालयलाई हस्तानान्तरण गर्नु भएको छ। आ.व.२०६१/०६२ सालमा नव निर्मित २० कोठे २ तले भवनको शिलान्यास यहाँकै करकमलबाट गरि उक्त भवनको प्रारम्भिक ५ वटा कोठाको आफ्नै रेखदेखमा, ३ वटा कोठा आफ्नै लागतमा निर्माण गर्नु भएको छ। आ.व.२०५२/०५३ मा प्राथमिक शिक्षा विकास परियोजनाको सहयोगमा निर्मित दुई कोठे भवन यहाँकै अध्यक्षतामा निर्माण समिति गठन गरी निर्माण कार्य सम्पन्न भएको छ। यस विद्यालयमा अध्ययनरत निःसहाय गरीब बालबालिकाहरू शिक्षाबाट बञ्चित नहोउन भन्ने अभिप्रायले २०६० सालमा लिलाराम तथा कुन्तीदेवी न्यौपाने दृष्ट स्थाप्ना गर्नुभएको छ।

**शिक्षा प्रेमी न्यौपाने ज्यू,**

बाल्यावस्थाको ९ महिनामा नै वर्माको प्रवासीकालमा पितृ वियोगको पीडा सहनुपर्दा औपचारिक शिक्षाबाट बञ्चित हुनुभई बाल्यावस्थामा नै परिवारको भरणपोषणको गहन जिम्मेवारी थपिदा यहाँको कलिलो उमेरमा अनाथ र निःसहाय बालकको रूपमा संघर्ष र चुनौतीपूर्ण जीवन बिताउनु परेकोले गरिब, अनाथ र निःसहाय बालबालिकाहरूको पीडा बुझेर शिक्षाले नै जीवन स्तरमा सुधार ल्याँउछ, देश विकास गराउँछ भन्ने कुरालाई आत्मसात गरि शिक्षा क्षेत्रमा निःस्वार्थ भावले सेवा र सहयोग गर्दै आउनु भएको कुरा सर्व विदित नै छ। हालसम्म धार्मिक, सांस्कृतिक, शैक्षिक र सामाजिक क्षेत्रमा अतुलनीय योगदान गरि लोककल्याणकारी कार्यको नमुना प्रस्तुत गर्नु भएकोले तपाई जस्ता दान शिरोमणि, कर्मवीर, समाजसेवी, शिक्षा प्रेमी तथा उदार करूणामयी महान् व्यक्तित्व एवं तपाईकी अर्धाङ्गिनी (धर्मपत्नी ) श्रीमती कुन्तीदेवीज्यूले समेत विभिन्न सामाजिक क्षेत्रमा परोक्ष अपरोक्ष रूपमा पुर्‍याउनु भएको योगदानलाई आज यस स्वर्ण जयन्ती समारोहमा सम्मान र अभिनन्दन गर्ने अवसर पाएकोमा हामी गौरवान्वित एवं हर्ष विभोर भएका छौं। अतः यहाँको उत्तरोत्तर प्रगति, सुस्वास्थ्य एवं दीर्घायुको कामना गर्दछौं।

इति सम्वत २०६२/११/२५ गते रोज ५ शुभम्।

| | | |
|---|---|---|
| जमुना देवान | सुरेन्द्रवीर सिंह बस्न्यात | राजेन्द्र प्रसाद पन्थी |
| प्रधानाध्यापक | प्रमुख अतिथि | अध्यक्ष |
| श्री ५ इ.रा.ल. मा. वि. | जिल्ला न्यायाधीश | विद्यालय व्यवस्थापन समिति |
| | जिल्ला अदालत, रुपन्देही | स्वर्ण जयन्ती समारोह मूल समिति |



# श्री भानु माध्यमिक विद्यालय

सिद्धार्थनगर, रूपन्देही

मिति : २०६३।३।२९

## अभिनन्दन-पत्र

यस विद्यालयको शैक्षिक तथा भौतिक पक्ष लगायत सर्वाङ्गीण विकासमा लामो समयदेखि यहाँले पुऱ्याउनु भएको योगदानको उच्च मूल्याङ्कन गर्दै

तपाई श्री लीलाराम न्यौपाने (पूर्व अध्यक्ष, विद्यालय व्यवस्थापन समिति) ज्यूलाई

**१९३ औं भानु जयन्ती**को पुनीत उपलक्ष्यमा विद्यालयको परिसरमा स्थापित **भानु प्रतिमाको अनावरण** तथा **भानु वाटिकाको समुद्घाटन**को सुखद अवसरमा हार्दिक बधाईका साथ सादर अभिनन्दन गर्दछौं ।

हामी यहाँको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।

| | | |
|---|---|---|
| भरत कुमार पोखरेल<br>अध्यक्ष<br>विद्यालय व्यवस्थापन समिति<br>श्री भानु माध्यमिक विद्यालय<br>सिद्धार्थनगर, रूपन्देही | प्रदीप नेपाल<br>प्रमुख अतिथि | बलराम शर्मा<br>प्र.अ.<br>श्री भानु माध्यमिक विद्यालय<br>सिद्धार्थनगर, रूपन्देही |



# सप्ताह ज्ञान महायज्ञ आयोजक समिति

२०६३

## सम्मान-पत्र

नेपाल र नेपालीहरूको सुख शान्तिका लागि कुलेश्वर महादेवस्थानमा २०६३ श्रावणमा सम्पन्न श्रीमद्भागवत् सप्ताह ज्ञान महायज्ञमा रु. ...१५,०००/-... अक्षरेपि ...पन्ध्र हजार... सहयोगस्वरुप प्रदान गरी आध्यात्मिक जागरणमा सरिक हुनुहुने श्रीमान्/श्रीमती/सुश्री ...लिलाराम न्यौपाने, गैरहवा... ज्यूलाई सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दै धन्यवाद सहित यस सम्मान-पत्रद्वारा सम्मानित गरिएको छ।

............
प्रमुख अतिथि

............
पं. गोकर्ण खनाल
प्रमुख कथा वाचक

............
रेवतीरमण खनाल
अध्यक्ष
भागवत धर्म सेवा संघ

मिति :



# National Kidney Center

**Health Care Foundation - Nepal**

Vanasthali, Kathmandu, Nepal

(8 April, 2007)

HECAF-NEPAL

## Letter of Appreciation

On the occasion of 10th Anniversary of National Kidney Center, this certificate is given with many thanks to **Mr. Lila Ram Neupane, Jagadamba Cement Industries** in recognition of his valuable support to this organization.

President
HECAF-Nepal
Mr. Krishna Prasad Acharya

Executive Director
National Kidney Center
Dr. Rishi Kumar Kafle, MD

श्रीमान् आदरणीय **लिलाराम न्यौपाने**ज्यूमा
७९औं जन्मोत्सवको उपलक्षमा दीर्घजीवनको कामना !

आफू आफ्नो परिवार र निजी जीवनको सिमित घेरालाई चिर्दै सारा संसारलाई आफ्नो परिवार सम्झिनु हुने, दीन दुःखी र असहायहरुलाई निरन्तर सहयोग गर्दै उनीहरुकै माझ आफ्नो जीवनलाई सुम्पन उद्दत हजूरलाई आफू माझ आज पाउँदा सम्पूर्ण स्वावलम्बी परिवार साह्रै नै गौरवान्वित भएको छ। हजूर जस्तो समाज सेवाको पर्याय मूर्तिबाट मार्गदर्शन पाएर समाज सेवामा संलग्न हुन अग्रसर हामी सम्पूर्ण सदस्यहरुले आफुलाइ भाग्यमानी मात्र सम्झेका छैनौ कि एउटा ओजस्वी एवं दरिलो आधार पाएको ज्वलन्त अनुभव गरेका छौ। प्रेरणामयी युगपुरुष हजूरको ७८ औं बसन्त पार गरि ७९ औं बसन्तमा पदार्पण गर्नुभएको आजको यो सुखद घडीमा हर्षित हुँदै हजूरको दीर्घजीवनको हार्दिक कामना गर्दछौं साथै हजूरले देखाउनु भएको बाटोमा निरन्तर लागिरहने प्रण गर्दछौं। आजका दिनमा समाजमा हजूरले गर्न भएको योगदानलाई जति व्याख्या गर्ने कोशिश गरे पनि हाम्रा यी हरफहरुले समेट्न सकिदैन। भविष्यमा पनि हजूरको योगदान र सेवाले गाउँ, समाज, देश र विदेशमा समेत अझ उचाई प्राप्त गरोस् भन्ने हार्दिक कामना व्यक्त गर्दै यहाँको ब्यक्तिगत सुख, सुस्वास्थ्य एवं दीर्घायूका लागि श्री परमेश्वरसँग प्रार्थना गर्दछौ।

२९ चैत्र २०६३, बिहिबार

**स्वावलम्बी परिवार समाज परिवार**
सभक्तिमार्ग, सिफल चौर, काठमाडौं।


ॐ नमो भगवते बासुदेवाय

शंख बिनायक मन्दिर सञ्चालक समिति

शंखमूल, नयाँबानेश्वर, काठमाडौं

स्थापित: २०५२

सम्मान-पत्र

श्रीमान लिलाराम न्यौपाने

त्रिपुरेश्वर

मिति २०६५।१०।१८

जीवनका असी बसन्त पार गरिसक्नु भएका यहाँले अफ्नो जीवनमा संगाल्नु भएका अनुभवहरु र सत्कार्यबाट समाजलाई पुऱ्याउनु भएको योगदानको आदर गर्दै यो समिति यहाँलाई सादर सम्मान पत्र अर्पण गर्दछ ।

प्रा. डा. माधव भट्टराई
(नायब बडागुरुज्यू)

राधाकृष्ण श्रेष्ठ
(सचिव-मन्दिर निर्माण समिति)

शम्भुप्रसाद भट्टराई
(अध्यक्ष-मन्दिर निर्माण समिति)



# श्रीरामजानकी मन्दिर

## श्रीमद्भागवत ज्ञान महायज्ञ

पड्सरी-१, रूपन्देही

२०६६

# सम्मान-पत्र

रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा./गा.वि.स. वडा नं. ९ निवासी तपाईं श्रीमान्/श्रीमती लिलाराम न्यौपाने ले यस मन्दिरको निर्माण सहयोगार्थ २०६६ मार्ग ३ गतेदेखि १० गतेसम्म सञ्चालित श्रीमद्भागवत ज्ञान महायज्ञ मा रू. ३,०१,०००। बराबर नगद/जिन्सी नगद (अक्षरेपी तीन लाख एक हजार मात्र) प्रदान गर्नु भई उल्लेखनीय सहयोग गर्नुभएकोमा यहाँलाई हार्दिक कृतज्ञतापूर्वक यो सम्मान-पत्र प्रदान गरिएको छ।

इति सम्वत् २०६६ साल मार्ग ७ गते रोज १ शुभम्।

| | | | | | |
|---|---|---|---|---|---|
| रामशरण दास | कमलनयन [illegible] | रुद्रप्रसाद [illegible] | लालबहादुर श्रेष्ठ | डी. आर. शर्मा | गजेन्द्रप्रसाद पन्थी |
| | | अध्यक्ष | अध्यक्ष | प्रबन्धक | महासचिव |


न्यौपाने बन्धु समाज, नेपाल

न्यौपाने बन्धु समाज, ठमेल, काठमाडौँ

अभिनन्दन-पत्र

श्री लीलाराम न्यौपाने ज्यू ।

न्यौपाने कुल वंशमा जन्मी पुजनीय कौण्डिन्य ऋषिका अनुकम्पाले आफ्नै पौरखमा गर्व गर्दै उद्योग/व्यापार/सरकारी/गैर सरकारी/सामाजिक सेवा मार्फत नेपाल र नेपाली जनताप्रति उल्लेखनीय अनुकरणीय योगदानको कदर स्वरुप तपाइलाई यो न्यौपाने बन्धु समाज हार्दिक अभिनन्दन गर्दछ ।

सदा उज्ज्वल भविष्यका साथै यो समाज तपाईको दीर्घ जीवनको हार्दिक कामना समेत गर्दछ ।

| | | | |
|---|---|---|---|
| गणेश न्यौपाने | तोयानाथ न्यौपाने | माधवप्रसाद न्यौपाने | लीलाराम न्यौपाने |
| कार्यक्रम संयोजक | अध्यक्ष | केन्द्रीय अध्यक्ष | प्रमुख अतिथि |
| न्यौपाने बन्धु समाज, ठमेल | न्यौपाने बन्धु समाज, ठमेल | न्यौपाने बन्धु समाज | न्यौपाने बन्धु समाज |

# न्यौपाने वंश समाज, नेपाल

केन्द्रीय कार्यालय
नयाँ मिल, रूपन्देही
(स्था. २०६०)

# अभिनन्दन-पत्र

**श्रीमान् लिलाराम न्यौपाने तथा कुन्ती देवी न्यौपाने ज्यू,**

*कौडेण्य गोत्रीयहरुका सृष्टिकर्ता परब्रम्हा शिवको करुणामय प्रशादका रुपमा वि.सं. १९८५ मा न्यौपाने थरका गुल्मी, ठूलोपाखरा गा.वि.स. मा बुवा शिवराम न्यौपाने र माता गायत्री न्यौपानेको गर्भबाट यस पवित्र स्थान नेपालले यहाँको जन्म पाउनु हामी न्यौपानेहरुको लागि साथै हाम्रा पितृदेव एवं कुलदेवका लागि प्रकाशमय ज्योतिपुञ्ज सावित भएको छ । किनकी प्रथमतः यहाँको सदिक्षा, प्रेरणा, तन-मन-धन, जनको अमूल्य निर्देशन र महादान सहयोगले सर्वप्रथम १४,००,००० न्यौपानेहरुका नाममा यो संस्था स्थापित भै आम कौडेण्य गोत्रीय कुलपितृहरु एकै ठाउँमा एकत्रित हुने धर्मस्थल न्यौपानेहरु समेतको सहयोगमा बनिराखेको छ । आफ्नो वंशप्रति यस्तो अतुलनीय अगाध प्रेम मात्र होइन, नेपालको त्यो विकट ठाउँमा जन्मेर पनि नेपाल र विदेशका विभिन्न ठाउँमा विशेषतः बर्मा (म्यानमार) मा अहोरात्र उचित योजना र व्यवस्थापनसहित कठिन संघर्ष गरी आफूद्वारा प्राप्त कुलदेवका उपहार सन्तान हरि प्रसाद, दुर्गा प्रसाद, विष्णु प्रसाद, टीकाराम (शशी) सावित्री र शोभाहरुलाई शिक्षा-दिक्षा, भरण-पोषण उचित व्यवस्थापनकासाथ गर्न सक्नुले गौरवमय उद्योगी, विद्वान एवं विदुषिका रुपमा समाजले समाजसेवी कुशल सन्तान पाउनु हाम्रो वंशलाई महागौरव भएको छ । अझ विशिष्ट गौरवको कुरा यो छ कि बुवालाई महालक्ष्मी सरस्वतीको वरदान प्राप्त भै न्यौपाने वंश समाजमा मात्र होइन विभिन्न धार्मिक, सामाजिक र शैक्षिक संघ-संस्थाहरुमा गर्नुभएको महादानहरु र समर्पणभावको कदरस्वरुप गोरखा दक्षिणबाहु-२०५६, वीरेन्द्र-ऐश्वर्य सेवापदक-२०५८, राष्ट्रिय शिक्षा पुरस्कार-२०५८ साथै सयौं राष्ट्रिय र अन्तर्राष्ट्रिय सामाजिक संघ-संस्था र संगठनद्वारा पुरस्कार तथा सम्मानले विभुषित गरे र गरिराखेका छन् । यी सबै हामी न्यौपानेहरुको ऐतिहासिक अमिट दस्तावेज बन्न पुगेको छ । अतः यी सबै पक्षको यथार्थ विवरण झल्कने गरी ''स्मारिका'' निकट भविष्यमै प्रकाशन गर्न केन्द्रीय समिति लागिपरेको छ ।*

*हाम्रो वंशका संरक्षक बुवाले गर्नुभएको योगदानको जति प्रशंसा गरेपनि अपूर्ण नै रहन्छ । वर्तमान अवस्थामा शारीरिक अस्वस्थताप्रति वंश अत्यन्त चिन्तित भै आराध्य कुलदेव समक्ष सभक्तिपूर्ण स्वास्थ्य लाभको कामना गर्दछौं । यहाँको अतुलनीय योगदानले हामीलाई प्रेरणा प्राप्त भएको छ । यहाँको स-परिवार साथै आफ्नो संरक्षणमा रहेका आम न्यौपानेहरुको सदा प्रगतिपूर्ण सदिक्षा पूरा होस् भन्दै बुवाको सेवा एवं समर्पणभावको उच्च मूल्याङ्कनकासाथ कदर गर्दै न्यौपाने वंश समाज, नेपाल यो अभिनन्दन-पत्र प्रदान गर्दछ ।*

*अभिनन्दन-पत्र प्रदान मितिः इति सम्वत् २०६६ साल ८ महिना २६ गते ६ रोजमा*

| | | |
|---|---|---|
| मेघराज न्यौपाने | कमलापति न्यौपाने | खगपति न्यौपाने |
| (मेघराज न्यौपाने) | प्रमुख अतिथि | (खगुपति न्यौपाने) |
| महासचिव | | केन्द्रीय अध्यक्ष |
| २०६६।८।१९ | | २०६६।०८।२६ |


श्री छपिया वहुमुखी क्याम्पस दयानगर संचालनार्थ

श्री मद्भागवत् एवं धन धान्याञ्चल ज्ञान महायज्ञ

( २०६६ पौष २३ गते देखि पौष २९ गते सम्म )

मनोनयन-पत्र

श्री मान्य लीलाराम न्यौपाने ज्यू, मितिः २०६६/८/११

त्रिपुरेश्वर, काठमाडौं

श्री छपिया वहुमुखी क्याम्पस दयानगर संचालनार्थ मिति २०६६ पौष २३ गते देखि पौष २९ गते सम्म **स्व०पं० नारायण प्रसाद पोखरेल** का सुपुत्र प्रखर युवा वाचक वाचन प्रवीण **पं० दीनवन्धु पोखरेलज्यू** को वाचकत्वमा संचालन गरिने **श्रीमद्भागवत् एवं धन-धान्याञ्चल** ज्ञान महायज्ञ सफलतापूर्वक सु-सम्पन्न गर्न का लागि यहाँ को पूर्ण सहयोग र क्रियाशीलता को अपेक्षा सहित हजुरलाई महायज्ञ **मूल समिति/उपसमिति** को गरिमामय संरक्षक पदमा मनोनयन गरिएको व्यहोरा सहर्ष जानकारी गराइन्छ।

कृष्ण प्रसाद भुसाल
सचिव
मूल महायज्ञ समिति

थानेश्वर घिमिरे
अध्यक्ष
मूल महायज्ञ समिति


॥श्री परमात्मने नमः॥
अन्नाद् भवन्ति भूतानि पर्जन्यादन्नसंभवः
यज्ञाद्भवति पर्जन्यो यज्ञः कर्मसमुद्भवः ॥

# देवदह आदर्श बहुमुखी क्याम्पस

देवदह, रुपन्देही

## सम्मान-पत्र

प्राचीन ऐतिहासिक पुण्यभूमि, बुद्धमावली क्षेत्र देवदह गा.वि.स. मा अवस्थित 'देवदह आदर्श बहुमुखी क्याम्पस' को शैक्षिक, भौतिक, व्यवस्थापन एवं प्राविधिक शिक्षालय स्थापनार्थ मिति २०६६ मार्ग १७ गतेदेखि २४ गतेसम्म सञ्चालित श्रीमद्भागवत महापुराण एवं [illegible] ज्ञान महायज्ञमा सिद्धार्थनगर न.पा. ६, भैरहवा निवासी श्री लिलाराम न्यौपाने ज्यूले नगद/जिन्सी/भूमि स्वरुप रु. ५०००००।- अक्षरेपी पाँचलाख रूपैया मात्र सहयोग प्रदान गरी अनुकरणीय कार्य गर्नुभएकोमा यो सम्मान-पत्र प्रदान गरिएको छ । शैक्षिक विकासको यस पावन कार्यमा अविस्मरणीय योगदान पुऱ्याई स्वयंलाई कृतकृत्य पार्नुहुने यहाँ र यहाँका सन्ततिहरुको श्रीबृद्धि, प्रगति र दिग्दिगन्त सु-यश फैलियोस् भन्ने हार्दिक मंगलमय कामना गर्दछौं ।

| | | | |
|---|---|---|---|
| (मित्रलाल न्यौपाने) | (नमराज पुरी) | (वाचन प्रवीण पं. दीनबन्धु पोखरेल) | (ध्रुवप्रसाद खरेल) |
| महासचिव | संयोजक | प्रमुख वाचक | अध्यक्ष |
| यज्ञ सम्पादन मूल समारोह समिति | आर्थिक समिति | | यज्ञ सम्पादन मूल समारोह समिति |